# नेपाल सरकार र संयुक्त राज्य अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता (मिलेनियम च्यालेञ्ज कम्प्याक्ट) र इण्डो-प्यासिफिक स्ट्राटेजीका सम्बन्धमा सुझावसहितको प्रतिवेदन

## १. कार्यदलको गठन

नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी)का बीच सेप्टेम्बर १४, २०१७ मा अनुदान सम्झौता भई त्यसको अनुमोदनका लागि प्रतिनिधिसभामा २०७६ सालको बर्षे अधिवेशनमा पेश भएपछि त्यसबारे सार्वजनिक बहस आरम्भ भयो । सम्झौतामा अन्तरनिहित कतिपय प्रावधानहरुका साथै त्यसको अमेरिकी हिन्द-प्रशान्त रणनीति (Indo-Pacific Strategy)- (आइपीएस्) संगको अन्तरसम्बन्धबारे सार्वजनिक रुपमा विभिन्न चर्चा-परिचर्चा आरम्भ भयो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी लगायत पार्टी पंक्तिमा पनि उक्त सम्झौताबारे गम्भीर चासो उत्पन्न भयो । यही पृष्ठभूमिमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को २०७६ साल माघ १५ देखि १९ गतेसम्म काठमाण्डौमा सम्पन्न केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकमा नेपाल सरकार र एमसीसीका बीच भएको सम्झौता र आइपीएसका सम्बन्धमा व्यापक छलफल भयो । यससम्बन्धमा गहन अध्ययन र विश्लेषण गरेरमात्र पार्टीले आवश्यक निर्णय गर्नुपर्छ र सोही निर्णय अनुरुप नेपाल सरकारले पनि निर्णय लिनुपर्छ भन्ने विचार बैठकमा व्यापकरुपमा प्रस्तुत भयो । सोही अनुरुप केन्द्रीय समितिको बैठकले नेपाल र अमेरिकाको एमसीसीका बीच सेप्टेम्बर १४, २०१७ मा भएको सम्झौता र आईपीएस्का सम्बन्धमा अध्ययन गरी सुझावसहित प्रतिवेदन पेश गर्न केन्द्रीय सचिवालयका सदस्य वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा कार्यदल गठन गऱ्यो । कार्यदलका सदस्यहरुमा स्थायी समितिका सदस्यहरु भीमबहादुर रावल र प्रदीपकुमार ज्ञवाली  रहनुभएको छ ।

## २. कार्यदलको कार्यक्षेत्र र उद्देश्य

नेपाल सरकार र एमसीसीका बीच सेप्टेम्बर १४, २०१७ मा  अनुदान सम्झौता भएको र एमसीसी अमेरिकाको सामरिक प्रकृतिको आइपीएस् संग अन्तरसम्बन्धित हो होइन भन्ने प्रश्न उठेकोले त्यसबारे अध्ययन गरी तथ्य निक्यौंल गर्ने कार्यदलको उद्देश्य र कार्यक्षेत्र रहेको छ । साथै नेपाल सरकार र एमसीसीका बीच भएको सम्झौतामा उल्लेखित कतिपय प्रवाधानहरु नेपालको संविधान र कानुन, स्वतन्त्र परराष्ट्र नीति, नेपालको राष्ट्रिय हीत र स्वाधीनता अनुकूल छन् कि छैनन् भन्ने विषय उठेकोले तत्सम्बन्धमा अध्ययन गरी वास्तविकता खुट्याउने पनि अध्ययनको कार्यक्षेत्र र उद्देश्य रहेको छ ।

## ३. कार्यदलको सीमा

२०७६ साल माघ २० गते कार्यदल गठन भएको पत्र प्राप्त भएपछि जम्मा १० दिनको कार्यावधि तोकिएको थियो । त्यस अवधिमा सम्बन्धित सामग्रीहरुको अध्ययन गरी प्रतिवेदन तयार गर्न सम्भव नभएकोले कार्यदलको तर्फबाट २०७६ साल माघ २९ गतेदेखि थप १० दिनको समय माग गरिएको थियो । सोही अनुरुप समय प्राप्त भएको थियो । तर यति छोटो अवधिमा निकै लामो समयको अभ्यासबाट भएको एमसीसी सम्झौता र त्यससंग सम्बन्धित अनेकौं दस्तावेजहरु तथा आइपीस्बारे अध्ययन-विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन दिने कार्य निकै चुनौतिपूर्ण रह्यो । नेपाल सरकार र एमसीसीका बीच भएको मूल सम्झौताका साथै सम्झौताको अनुसूची ६ तथा कार्यक्रम कार्यान्वयन सम्झौताको अनुसूची १ मा उल्लेखित विद्युत प्रसारण योजना (यसको विस्तृत परियोजना प्रतिवेदन सहित), सडक मरम्मत योजना (विस्तृत परियोजना प्रतिवेदन सहित), योजना सहयोग सम्झौता (प्रोग्राम कोअपरेशन अग्रिमेण्ट), सीडीएफ् अग्रिमेण्ट, वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना, फिजकल एजेण्ट सम्झौता, कार्यान्वयन योजना, एमसीसी जेन्डर इन्टिग्रेशन गाइडलाइन (लैङ्गिक एकीकरण निर्देशिका), प्रोक्युरमेण्ट एजेण्ट अग्रिमेण्ट, पुनर्वास कार्ययोजना (रिसेटलमेण्ट एक्शन प्लान), सामाजिक तथा लैङ्गिक एकीकरण योजना र

सहायक सम्झौता जस्ता कतिपय दस्तावेजहरु प्राप्त नभएका वा ढिलोमात्र उपलब्ध भएकाले तिनको अध्ययन गर्ने स्थिति रहेन । चर्चामा आएको नेपाल  संयुक्त राज्य अमेरिका बीच भएको साझेदारी सम्झौता ९एबचतलभचकजष्उ ब्नचभझभलत० बारम्बार आग्रह गर्दा पनि उपलब्ध नभएकोले त्यसको एमसीसीसंग सम्बन्ध रहे वा नरहेको कुरा पनि हेर्न सकिएन ।  यस्तो अध्ययनको अभावमा विद्युत प्रसारण लाइनको संचालन कसले, कसरी र विद्युत प्रसारण वापत कति रकम उठाउने उद्देश्य राखेको छ भन्न सकिने स्थिति रहेन । त्यस्तै मरमत सम्भार गरिने सडकहरुको संचालन कसले कसरी गर्ने हो भन्ने विषयमा पनि विवेचना गर्नसकिने स्थिति रहेन ।

अमेरिकी आइपीएस् झनै विस्तृत विषयको रुपमा छ । यससम्बन्धी धेरैजसो दस्तावेज र सामाग्रीहरु विद्युतीय माध्यमबाट कम्प्युटरमा भेटिन्छन् । तर कार्यदलको कार्यक्षेत्र र उद्देश्य समग्र आइपीएस्को अध्ययन गर्ने नभई एमसीसीसंग त्यसको सम्बन्धको विषय मात्र हो । यस  सन्दर्भमा अमेरिकी रक्षा मन्त्रालयद्वारा प्रकाशित सेप्टेम्बर २००२ को राष्ट्रिय सुरक्षा रणनीति ९त्जभ ल्बतष्यलबा क्भअगचष्तथ क्तचबतभनथ०, डिसेम्बर २०१७ को राष्ट्रिय सुरक्षा रणनीति ९ल्बतष्यलबा क्भअगचष्तथ क्तचबतभनथ०, २०१८ को राष्ट्रिय रक्षा रणनीतिको सारांश, जून १, २०१९ को आइपीएस् रणनीति प्रतिवेदन, नोभेम्बर ४, २०१९ को अमेरिकी विदेश मन्त्रालयद्वारा प्रकाशित स्वतन्त्र र खुला हिन्द-प्रशान्त क्षेत्र (A Free and Open Indo-Pacific) भन्ने दस्तावेजहरुको अध्ययन गरिएको छ । संयुक्त राज्य अमेरिकाको रक्षा र परराष्ट्र मन्त्रालयद्वारा प्रकाशित यी आधिकारिक दस्तावेजहरुलाई एमसीसीबारे के भनिएको छ भन्ने सीमाभित्र राखेर अध्ययन गरिएको छ । यसरी समय र कतिपय साम्रगीको अनुपलब्धताको सीमाभित्र रहनुपरेपनि मूलभूत दस्तावेजहरु तथा केही उल्लेखनीय औपचारिक धारणाहरुको  गहन अध्ययन तथा विषयवस्तुको विश्लेषण गरी वस्तुतथ्यको आधारमा सुझाव प्रतिवेदन तयार गरिएको छ । समयको सीमाका कारण सम्बन्धित सरकारी कार्यालयबाट उपलब्ध हुननसकेका या ढिलोगरी प्राप्त दस्तावेज र पत्रहरु तथा आइपीएस्सम्बन्धी कतिपय दस्तावेजहरुको थप अध्ययन हुनु आवश्यक छ ।

## ४. नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता (मिलेनियम च्यालेञ्ज कम्प्याक्ट) ।

### ४.१. मिलेनियम च्यालेञ्ज कर्पोरेशन र मिलेनियम च्यालेञ्ज एक्ट, २००३

संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेञ्ज एक्ट, २००३ अन्तर्गत एमसीसीको संचालनका लागि एउटा बोर्ड रहने व्यवस्था छ । यसको अध्यक्षमा विदेश मन्त्री (सेक्रेटरी अफ स्टेट) र प्रमुख कार्यकारी अधिकृतमा राष्ट्रपतिबाट नियुक्त व्यक्ति रहन्छन् (दफा ६० (५) । बोर्ड सदस्यहरुमा अर्थमन्त्री, युएस्एआइडीका प्रशासक, प्रमुख कार्यकारी अधिकृत र वाणिज्य प्रतिनिधि सहित राष्ट्रपतिबाट मनोनित हुने चारजना (बहुमतले सिफारिस गरेका मध्येबाट एक, तल्लो सदनको अल्पमतका नेताले सिफारिस गरेको मध्ये एक, सिनेटको बहुमत प्राप्त पार्टीले सिफारिस गरेको मध्ये एक र अल्पमतबाट सिफारिस मध्ये एक) रहने प्रावधान छ ।

सेप्टेम्बर २००२ मा पहिलो पटक अमेरिकी राष्ट्रपतिबाट हस्ताक्षरित राष्ट्रिय सुरक्षा रणनीतिको प्रस्तावना तथा पृष्ट २१ र २२ मा मिलेनियम च्यालेञ्ज अकाउण्टबारे उल्लेख गरिएको पाइन्छ । यसबारे तल उपशीर्षकमा चर्चा गरिएको छ । एमसीसी यही कानून अन्तर्गत सञ्चालित छ । एमसीसी अन्तर्गत मिलेनियम च्यालेञ्ज कम्प्याक्ट नामक कार्यक्रम निश्चित मापदण्डका आधारमा विभिन्न देशमा संचालन गरिने प्रावधान छ । यो कार्यक्रम संचालन गर्ने देशले पूर्ण कर छुटको प्रबन्ध गर्नुका साथै यस्ता मापदण्ड पूरा गर्नुपर्छ : बहुलवाद, समानता र कानूनी शासन, पारदर्शिता, मानव अधिकार, भ्रष्टाचार नियन्त्रण, महिला र बालबालिकाका क्षेत्रमा लगानी, जैविक विविधताको संरक्षण र प्राकृतिक स्रोतहरुको पारदर्शी र दिगो व्यवस्थापनका साथै नीजि सम्पत्तिको अधिकारको रक्षा । यसका साथै जनतामा लगानीलाई सुदृढ गर्ने तत्परता, नागरिकहरुलाई विश्व व्यापार र अन्तर्राष्ट्रिय पूँजी बजारमा सहभागी हुन प्रोत्साहन गरेको, नीजि क्षेत्रको विकासको प्रवर्द्धन गरेको र अर्थतन्त्रमा बजार शक्तिहरुलाई बलियो बनाएको हुनुपर्ने, सरकारको पारदर्शिता र जवाफदेहितालाई प्रोत्साहन गर्ने जस्ता कुरा उल्लेख गरिएका छन् । उक्त ऐनले एमसीसी

अमेरिकी संसदबाट कानुनद्वारा स्थापित एउटा संस्थानको रुपमा रहेको देखिन्छ । यस सहायता अन्तर्गत अनुदान प्राप्त गर्ने देशको लागि सैनिक सहायता वा सैनिक तालिम नपर्ने कुरा उल्लेख छ ।

दफा ६०७ (बी) (१) र (२) । एमसीसी अन्तर्गत संयुक्त राज्य अमेरिकाको कानून वा नीति उल्लंघन हुने तथा सेना, प्रहरी, मिलिसिया वा अर्धसैन्य संगठन वा इकाईको प्रशिक्षण वा सहयोगका रकम खर्च नपाइने व्यवस्था छ । राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुलाई निर्वाध संचालन गर्न दिइएको (दफा ६०७ (डी) हुनुपर्ने जस्ता प्रावधान ऐनमा रहेका छन् । दफा ६११ (ए) मा अमेरिकाको राष्ट्रिय हितको सुरक्षा विपरीतको कुनै क्रियाकलापमा संलग्न रहेको भन्ने लागेमा प्रमुख कार्यकारी अधिकृतले बोर्डसंग परामर्श गरी सहयोगलाई आंशिक वा पूर्ण रुपमा स्थगित वा खारेज गर्नसक्ने प्रावधान छ ।

धारा ६०५ दिगो आर्थिक वृद्धि र गरिबी न्यूनीकरणमा सहयोग गरिने, सहयोग अनुदानका रुपमा सहयोगात्मक सम्झौता या करारद्वारा दिइने व्यवस्था छ । ऋण निषेध गरिएको छ । अमेरिकामा रोजगारीको अभाव सिर्जना गर्ने या अमेरिकी उत्पादनलाई विस्थापन गर्ने, वातावरणीय, स्वास्थ्य र सुरक्षा संकट निम्त्याउने जस्ता क्षेत्रमा पनि सहयोग निषेध गरिएको छ । धारा ६०६ ले सहयोगका लागि सन् २००४ लाई आधार वर्ष मानेर देशहरुको आयस्तरका आधारमा वर्गीकरण गरेको छ ।

## ४.१.१ प्रक्रिया

उपर्युक्त मापदण्डका आधारमा कार्यक्रम छनोट हुने तथा यो छनोट यस्तो प्रक्रियाबाट अघि बढाइने प्रावधान एमसीसीसम्बन्धी ऐनमा उल्लेखित छन्: आर्थिक वृद्धिको संभाव्यता र रकमको उपलव्धताका आधारमा सहयोग गर्ने । सहयोग प्राप्त गर्ने देशको छनोट गर्नु पूर्व सम्बन्धित देशमा नागरिक समाजका संगठन, विशेषतः विदेशी नागरिक समाजका संगठनलाई नियन्त्रण गर्नेसम्बन्धी, अभिव्यक्ति र सभासंगठन गर्नपाउने स्वतन्त्रता, इन्टरनेटको प्रयोग, विशेषतः विदेशी नागरिक समाजका संगठन, सम्बन्धी  कानुनी व्यवस्थाको मूल्याङ्क र विश्लेषण गरिने ।  बोर्डको प्रतिवेदन तथा अमेरिकी कांग्रेसको

सम्बन्धित समितिमा आवश्यक छलफल र निर्णयको प्रक्रियाबाट निर्णय गरिने । कम्प्याक्ट अन्तर्गतको कार्यक्रम अन्य दातृ संस्थाहरुको सहयोगलाई समन्वय गरी संचालन हुने । सहायता प्राप्त गर्ने देशले पनि निश्चित प्रतिशत बजेट विनियोजन गर्नु पर्ने ।

- कार्यक्रमको सम्पूर्ण कार्यमा कर छुट, ग्रामीण र शहरी गीरब र महिलाका लागि विशेष प्रबन्ध तथा निजी र स्वयंसेवी संस्था एवं व्यवसायी समुदायसँग परामर्श हुनुपर्ने ।
- कार्यक्रम बोर्डबाट अनुमोदन हुनुपर्ने र यसको अवधि पाँच बर्ष हुने तथा अन्तरसीमा सम्पर्क (कनेक्टिभिटी) जस्ता विषयमा थप सम्झौता पनि हुनसक्ने । यससम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्रपतिले सदन समक्ष पेश गर्ने ।
- सम्बन्धित अमेरिकाको राष्ट्रिय सुरक्षाहित विरुद्धका गतिविधिमा संलग्न भएको या मापदण्ड पूरा नगरेको या अन्य दायित्वबाट पन्छिएको पाइएमा सम्झौता खारेज या स्थगन गर्नसकिने । तर पछि स्थिति सुध्रिएमा पुनःस्थापित हुनसक्ने (धारा ६११) ।

## ४.२ Nepal Growth Diagnostic (नेपालको आर्थिक बृद्धिको चिरफार)

नेपाल सरकार र एमसीसीका बीच सम्झौता हुनु अघि विभिन्न चरणमा विभिन्न कार्यहरु भएका देखिन्छन् । त्यस मध्ये मई १४, २०१४ मा नेपाल सरकार, अर्थमन्त्रालय र एमसीसीले संयुक्त रुपमा नेपालको समग्र आर्थिक विकासको अध्ययन गरी Nepal Growth Diagnostic (नेपालको आर्थिक बृद्धिको चिरफार) नामक प्रतिवेदन तयार पारेको देखिन्छ । यद्यपि यो अध्ययनको नेतृत्व एमसीसी र त्यसबाट खटाइएका अमेरिकीहरुले नै गरेको देखिन्छ । एकसय एघार पृष्ट लामो त्यस प्रतिवेदनले नेपालको आर्थिक बृद्धिका बाधकहरु, समस्याहरु, आर्थिक विकास र बृद्धिको विगत र वर्तमान, लगानी गतिविधि, विप्रेषण, प्राकृतिक स्रोत, विद्युतिकरण, सिंचाई, जनशक्ति, स्वास्थ्य, पर्यटन, योजना कार्यान्वयन, पूँजीगत खर्चको स्थिति आदिलाई समेटेको छ । यसमा आधारित भएर सम्झौता अन्तर्गत योजना छनोटको कार्य गरिएको देखिन्छ । मुख्य बाधकमा नीतिगत अस्थीरता, नीतिगत कार्यान्वयन अनिश्चितता, उर्जाको अप्रयाप्त आपूर्ति महंगो यातायात तथा चुनौतीपूर्ण औद्योगिक सम्बन्ध र पुराना भइसकेका श्रम कानुनलाई लिइएको छ ।

## ४.३ सम्झौता तथा अनुदान सहायता र कार्यक्रम

नेपाल र संयुक्त राज्य अमेरिका बीच विगत ७० वर्षदेखि  मैत्रीपूर्ण सम्बन्ध कायम भई नेपालले आर्थिक सहायता प्राप्त गर्दै आएको छ । एमसीसी अन्तर्गतको सम्झौता  तथा पूर्वाधारका लागि अनुदान सहायता भने पहिलो पटक हुनलागेको हो । यस अघि यूएस्एआइडीको माध्यमद्वारा अमेरिकाले आर्थिक सहायता उपलब्ध गराउँदै आएको थियो । नेपालमा सशस्त्र द्वन्द्व शान्ति प्रक्रियाको माध्यबाट रुपान्तरित हुने चरण आरम्भ भएपछि एमसीसी अन्तर्गत अमेरिकी आर्थिक सहायताको प्रक्रिया आरम्भ भएको देखिन्छ । अत्यन्त छोटो समयका लागि प्रधानमन्त्री हुनुभएका झलनाथ खनालसंग अमेरिकी दूतावासका अधिकारीहरुले नेपालको पूर्वाधार विकासको सम्बन्धमा सामान्य कुरा गरेका थिए । तर हाल एमसीसीसंग गरिएको सम्झौतामा उल्लेख भएजस्ता कुनै कुरा भएको थिएन ।  सन् २०१० देखि नै यस प्रक्रियामा विभिन्न चरणका वार्ता र सम्झौता अगाडि बढाइएको, विभिन्न अर्थविद् र विज्ञहरु सम्मिलित टोलीको अध्ययनका आधारमा पारस्परिक सहमतिबाट पहिचान गरिएका नेपालको प्राथमिकताका क्षेत्र-उर्जा र सडक, मा सहायता गर्ने  सम्झौता भएको देखिन्छ । यस प्रक्रियामा  जनवरी १९, २०१२ (माघ ५, २०६८) मा प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई एमसीसीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डेनियल डब्ल्यु योहानेसले लेखेको पत्रमा पहिलो पाइलाको रुपमा थ्रेसहोल्ड कार्यक्रम हुने कुरा उल्लेख गर्दै समन्वयको लागि एकजना उच्च अधिकृतलाई खटाउन आग्रह गरिएको देखिन्छ । सोही समयदेखि कार्यक्रमले औपचारिक रुप ग्रहण गरेको देखिन्छ । तत्पश्चात् निरन्तर विभिन्न चरण र तहमा आयोजनाबारे छलफल, वार्ता र सहमति गरिएको पाइन्छ । नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता (मिलेनियम च्यालेञ्ज कम्प्याक्ट) मा नेपाल सरकारको तर्फबाट अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की र संयुक्त राज्य अमेरिका मिलेनियम च्यालेञ्ज कर्पोरेशनको तर्फबाट कायम मुकायम प्रमुख कार्यकारी अधिकृत जोनाथन जि. नाशद्वारा सेप्टेम्बर १४, २०१७ मा वासिङ्गटन डि.सी. मा हस्ताक्ष गरिएको थियो । सात धारा, सात अनुसूची र ११

परिशिष्ट रहेको यो सम्झौतामा एमसीए-नेपाल, सञ्चालक समिति, सरकोकारवालाको समितिको गठन, सम्झौताको अनुगमन र मूल्याङ्कन, कर छुटका व्यवस्थाहरु लगायत उल्लेख गरिएका छन् । सम्झौता अन्तर्गत कार्यक्रम कार्यान्वयन सम्झौता लगायत अनेकौं थप सम्झौता हुने व्यवस्था गरिएको छ ।सम्झौता अनुरुप अमेरिकाबाट नेपालले ५०० मिलियन अमेरिकी डलर (रु.५५ अर्ब) अनुदान सहायता उलपलब्ध गराउने र नेपाल सरकारको तर्फबाट १३० मिलियन अमेरिकी डलर (रु.१४ अर्ब) विजियोजन गर्नुपर्ने व्यवस्था छ । यो रकमले काठमाण्डौको लप्सीफेदीदेखि रातमाटे, रातमाटेदेखि हेटौंडा, रातमाटेदेखि दमौली, दमौलीदेखि बुटवल हुँदै भारतीय सीमा (गोरखपुर) सम्मको ४०० के.भी.क्षमताको विद्युत प्रसारण लाइन तथा सडक मर्मत सम्भारसम्बन्धी परियोजनाको संचालन हुनेछ ।

उर्जा व्यापारलाई सहजीकरण गरी तथा नेपालको विद्युत ग्रिडमा विद्युत आपूर्तिको उपलब्धता तथा स्थीरतामा सुधार गरी उपभोग वृद्धि गर्ने र रणनीतिक सडक सञ्जालमा सडकको गुणस्तर कायम राख्ने परियोजनाको उद्देश्य रहेको छ । पाँच बर्ष संचालन गरिने भनिएको यो कार्यक्रमका लागि विद्युत नियमन आयोग ऐन लागु भइसकेको हुनुपर्ने, विद्युत प्रसारण लाइन निर्माण परियोजना राष्ट्रिय गौरवको परियोजना सूचीमा समावेश गरिनु पर्ने तथा एमसीसीलाई सार र रुपमा चित्त बुझ्दो गरी योजना तयार पारी पठाउनु पर्ने र त्यस्तो योजनामा भारत सरकारको समर्थन हुनुपर्ने पूर्व शर्तहरु राखिएका छन् । यी पूर्वशर्तहरु नेपाल सरकारको तर्फबाट पूरा गरिएका छन् । यद्यपि यस सम्झौताको धारा ७ मा प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ भन्ने प्रावधान भएकोले यसको कार्यान्वयनका लागि नेपाल सन्धि ऐन, २०४७ को व्यवस्था अनुसार प्रतिनिधिसभाबाट अनुमोदन हुनुपर्ने छ ।

धारा ७ को दफा ७.२ मा सम्झौता लागू हुनुपूर्व पक्षहरुले सम्झौता कार्यान्वयनमा हस्ताक्षर गरेको तथा नेपाल सरकारले सरकारको प्रमुख प्रतिनिधि वा एमसीसीलाई स्वीकार्य रीतपूर्वक अख्तियार प्राप्त प्रतिनिधिले सम्झौता लागू गर्न माथि उल्लेख गरिएका पूर्वशर्तहरुका साथै आवश्यक आन्तरिक शर्तहरु पूरा गरेको हुनुपर्ने कुरा उल्लेख छ ।

सम्झौताको धारा ५, दफा ५.१ को (४) मा अमेरिकाको राष्ट्रिय सुरक्षाहित विपरीत क्रियाकलाप हुनुनहुने कुरा उल्लेख छ, सम्झौता स्वयंमा कुनै सामरिक वा सैन्य सहयोग

वा गठजोडको विषय उल्लेख गरिएको छैन । तर संयुक्त राज्य अमेरिकाको समग्र राष्ट्रिय रक्षा, सुरक्षा तथा हिन्द-प्रशान्त रणनीतिसम्बन्धी दस्तावेजहरुमा एमसीसी त्यस्तो रणनीतिको अंग भएको कुरा उल्लेख गरिएको देखिन्छ ।

यस सन्दर्भमा २०७६ साल माघ ३ गते काठमाण्डौ स्थित अमेरिकी दूतावासद्वारा जारी १० बुँदे स्पष्टिकरणमा नेपालको आग्रहमा सन् २०१२ मा एमसीसी कम्प्याक्टको योजना विकास थालनी गरिएको, प्रत्येक सरकार र राजनीतिक दलद्वारा सत्तामा छँदा उक्त कार्यक्रम संचालन गर्न इच्छा व्यक्ति गरिएको, विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नति मार्फत विशुद्ध आर्थिक विकासमा सघाउने, कुनै सैन्य मामिलामा नजोडिएको, नेपालले कतैपनि सम्मिलित हुनुनपर्ने, ५० करोड डलर अनुदानमा कुनै स्वार्थ नरहेको र रकम पारदर्शी रुपमा नेपालको प्राथमिकताका क्षेत्रमा खर्च गरिने, परियोजनाहरुको कार्यान्वयनको नेतृत्व गर्न नेपालले नेपालीलाई नै काममा लगाउने, टेण्डर खुला र पारदर्शी हुने र संसदीय अनुमोदन आवश्यक हुने उल्लेख गरिएको छ । अमेरिकी एशिया-प्रशान्त रणनीतिको अंग भए, नभएको भन्ने खुलाइएको छैन ।

## ४.४. सम्झौताका समीक्षा गरिनुपर्ने प्रावधानहरु

**४.४.१** धारा ५ (२) को ३ र ४ मा अमेरिकाको वर्तमान वा भविष्यमा लागु हुने कानुन उल्लंघन गरेमा र राष्ट्रिय सुरक्षाहित विपरीतका क्रियाकलाप गरेमा भन्ने कुरा उल्लेख छ । यसको अर्थ स्पष्ट किसिमले खुलाउनु पर्छ । धारा ५ को बुँदा (३) मा अमेरिकी सरकारको वर्तमान र भविष्यमा लागु हुने प्रचलित कानून वा संयुक्त राज्य अमेरिकाको नीति, राष्ट्रिय सुरक्षाहित विपरीतका क्रियाकलाप र एमसीसी ऐनले अयोग्य ठहरिने कार्य गरेमा अमेरिकाले सम्झौता रद्द गर्नसक्ने प्रावधान राखिएको छ । भविष्यमा बन्ने कानुन समेत मान्नु पर्ने लगायत खुला र व्यापक अर्थ लाग्ने गरी सम्झौता गर्न मिल्दैन ।

**४.४.२** धारा ५.१ को अन्त्य, निलम्बन शीर्षकमा (क), (ख) तथा (ख) अन्तर्गत निलम्बन र अन्त्यका आधार सातवटा बुँदामा यसरी उल्लेख गरिएको छ :

एमसीसी वित्तीय व्यवस्थाको उपयोगका दौरानमा वर्तमान वा भविष्यमा लागु हुने प्रचलित कानुन वा संयुक्त राज्य अमेरिकाको नीति उल्लंघन भएमा, कार्यक्रमको सम्पत्ति प्रयोग गर्ने कुनै व्यक्ति वा निकाय संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षा हित विपरीतका क्रियाकलापमा संलग्न भएमा, सम्झौताको अवधिमा कुनै घटना वा घटनाक्रमहरु घटेको कारणले सम्झौता अवधिमा कुनैपनि परियोजना उद्देश्यहरु प्राप्त नहुने अवस्था उत्पन्न भएमा, कार्यक्रमले संयुक्त राज्य अमेरिकाको वर्तमान वा भविष्यमा लागु हुने प्रचलित कानुन वा सरकारको नीति उल्लंघन गरेमा, संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षा हित विपरीतका क्रियाकलापमा संलग्न भएमा ।

तर अनुसूची ४ को (२) (छ) मा "प्रस्तुत सम्झौताको दफा ५.१ बमोजिम एमसीसीले प्रस्तुत सम्झौता वा यस सम्झौताको कुनै व्यवस्था वा एमसीसी कोषलाई निलम्बन वा समाप्त गर्ने कुनैपनि कार्य वा अवस्थालाई निर्धारण गरेको छैन" भनिएको छ । यसरी धारा ५.१ को अन्त्य, निलम्बन शीर्षकका (क), (ख) तथा (ख) को व्यवस्था र अन्तर्गत निलम्बन र अन्त्यका आधार तथा अनुसूची ४ को (२) (छ) परस्पर बाझिने देखिन्छ । अतः यसलाई स्पष्ट पारिनुपर्छ ।

**४.४.३** धारा ६ को (ग) मा कुनै अनुसूचीमा संशोधन गर्नुपरेमा नेपालको कानून बमोजिम कुनै प्रक्रिया (संसदमा पेश गर्ने लगायतका) को अवलम्बन गर्नुनपर्ने प्रावधानको स्थानमा त्यस्तो प्रक्रिया अवलम्बन गर्नुपर्ने प्रावधान राखिनु पर्छ ।

**४.४.४** धारा ६ को दफा ६.३ (ख) मा अन्य कुनै सम्झौता बाझिएमा वा परस्पर असंगत भएमा यो सम्झौता लागु हुने भनिएकोमा अन्य सम्झौता भन्नाले (दुईपक्षीय वा नेपालको अन्य देशसंगको सम्झौता) केलाई भन्न खोजिएको हो स्पष्ट हुनुपर्छ ।

**४.४.५** धारा ७ को दफा ७.१ मा "प्रस्तुत सम्झौता र नेपालको कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ" भनी सम्झौतामा उल्लेखित कुनै कुराका सम्बन्धमा स्पष्ट गर्नुपर्ने भएमा "पक्षहरुले वार्ताद्वारा समानताको सिद्धान्त अनुरुप न्यायसंगत र उचित निर्णय लिनेछन्" भन्ने प्रावधान राखिनु पर्छ ।

**४.४.६** अनुसूची १ को २ (घ) मा महिला र सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्नको लागि परियोजनालाई ठेकेदार र सडक विभागलाई प्रोत्साहित गर्ने भन्ने विषय नेपालको कानुन अनुरुप हुने स्पष्ट पारिनुपर्छ ।

**४.४.७** अनुसूची १ को ग. १. (क) मा एमसीए-नेपालको गठन गर्ने र त्यसले अन्य सम्झौता गर्नसक्ने प्रावधान रहेको छ । यस्तो सम्झौता गर्ने अधिकार नेपाल सरकारमा रहने व्यवस्था हुनुपर्छ ।

**४.४.८** धारा ३, दफा ३.२. (च) मा "सरकारले आफ्नो तर्फबाट एमसीसीलाई बौद्धिक सम्पत्तिको कुनै अंश वा अंशहरु वा यस पश्चात् विकसित हुने एमसीसीले उपयुक्त देखेको कुनै माध्यममा जुनसुकै प्रयोजन (उत्पादन, पुनःउत्पादन, प्रकाशन, परिवर्तन, प्रयोग, सञ्चय, रुपान्तरण वा उपलब्ध गराउने अधिकार समेत) का लागि अविच्छिन्न, अपरिवर्तनीय, रोयल्टीरहित, विश्वव्यापी, पूर्णरुपमा भुक्तान गरिएको, हस्तान्तरण गर्नसक्ने अधिकार तथा प्रयोग गर्न वा गरेको हुन अनुमति प्रदान गर्दछ" भन्ने प्रावधान संशोधन गरी अमेरिकाले पाउनु पर्ने वौद्धिक सम्पत्तिको अधिकार अमेरिकाले र नेपालले पाउनु पर्ने वौद्धिक सम्पत्तिको अधिकार नेपालले पाउनु पर्ने प्रावधान राख्नुपर्छ । किनकि यो योजना नेपालमा लागु हुने हो र नेपालले पनि १४ अर्ब रुपैयाँ लगानी गर्नुपर्ने शर्त रहेको छ ।

**४.४.९** अनुसूची १, ग. २. मा परियोजनामा नेपाल सरकारले राज्यका कुनै निकायलाई संलग्न गराउनु परेमा एम्सीसीको स्वीकृति लिनुपर्ने कुरा हटाउनु पर्छ र नेपाल सरकारले कुनैपनि निकायको आवश्यकता परेमा समन्वय गरी खटाउन सक्ने राज्यको अधिकारलाई सुरक्षित राख्नुपर्छ ।

**४.४.१०** सम्झौता ५ बर्षको लागि भनी प्रचार गरिएतापनि सम्झौताको दफा ५.५ मा कायम रहने (सर्भाइवल) मा दफाहरु २.७, २.८, ३.२ (एफ्), ३.७, ३.८, ५.२, ५.३, ५.४, र ६.४ सम्झौताको म्याद सकिएपछि पनि कायम रहने तथा २.८ सम्झौताको म्याद सकिएको १२० दिनसम्म कायम रहने कुरा उल्लेख छ । यसको स्थानमा आयोजनाको अवधि पाँच बर्षमात्र हुने स्पष्ट हुनुपर्छ ।

**४.४.११** एमसीसी अन्तर्गत नागरिक समाज, गैरसरकारी संस्थाका प्रतिनिधिहरु अनिवार्य रुपमा नीतिनिर्माण प्रक्रियामा समावेश हुने तर तिनको छनौट सरकारले गर्न नपाउने र एमसीसी

सम्झौताले तोकेको प्रक्रियाबाट हुने । यसै बमोजिम अनुसूचि १ ग (१) (ख) मा सञ्चालक समितिमा सदस्य रहने व्यवस्था छ ।

## ५. सम्झौताका सन्दर्भमा विभिन्न समयमा नेपाल सरकार र एमसीसीका बीच भएका पत्राचार, कुराकानी तथा त्यसमा उल्लेख गरिएका प्रमुख विषय र बुँदा

**५.१** जनवरी १९, २०१२ (माघ ५, २०६८) मा प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई एमसीसीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डेनियल डब्ल्यु योहानेसले लेखेको पत्रमा पहिलो पाइलाको रुपमा थ्रेसहोल्ड कार्यक्रम हुने कुरा उल्लेख गर्दै समन्वयको लागि एकजना उच्च अधिकृतलाई खटाउन आग्रह गरिएको पाइन्छ । अक्टुवर १९, २०१२ (कार्तिक ७, २०६९) मा अर्थमन्त्री वर्षमान पुन र अमेरिकी दूतावासका आर्थिक प्रमुख माइकल गोल्डम्यानका बीच एमसीसीबारे छलफल भएको थियो ।

**५.२** मई २१, २०१३ मा एमसीसीको तर्फबाट डेभिड एटबेरीले अर्थसचिव शान्तराज सुवेदीलाई जून ९ देखि २१ सम्म चार सदस्यीय अमेरिकी प्रतिनिधि मण्डलले एमसीसीबारे छलफल गर्न नेपालको भ्रमण गर्ने र सो अवसरमा उच्चस्तरीय निर्देशक समिति र अर्थशास्त्रीहरुको टोलीसंग वार्ताको प्रबन्ध गर्न आग्रह गरिएको देखिन्छ । नेपाल सरकारले ६ सदस्यीय उच्चस्तरीय निर्देशक समिति र ६ सदस्यीय अर्थशास्त्रीको टोली गठन गरेको जानकारी अप्रिल २९, २०१२ मा यूएस्आइडीका डेभिड सी. एटबेरीलाई लेखेको पत्रमा उल्लेख भएको देखिन्छ ।

**५.३** जून ११, २०१९ मा एमसीसीको क्म्प्याक्ट संचालन विभागका उपाध्यक्ष अन्थोनी बी. वेच्चरले अर्थमन्त्री डा. युवराज खतिवडालाई लेख्नुभएको पत्रमा सम्झौताको अनुसूची १ को (बी) (१) (एच्) को व्यवस्थामा संशोधन र परिवर्तन गरिएको जानकारी गराइएको भेटिएको छ । त्यस संशोधनमा संसदमा पेश गरिएको सम्झौतामा उक्त स्थानमा रहेको उर्जा मन्त्रालयको नाम नै हटाइनुका साथै नयाँ कानूनद्वारा विद्युत क्षेत्रको नियमनका लागि एउटा स्वतन्त्र संरचना बनाईने कुरा राखिएको छ ।

**५.४ सेप्टेम्बर २९, २०१९ मा अर्थमन्त्रालयका सहसचिव श्रीकृण नेपालद्वारा हस्ताक्षरित एमसीसीलाई पठाइएको पत्र**

**५.४.१** फेब्रुअरी ८, २०१९ मा नेपाल सरकार, मन्त्री परिषद्ले एमसीसी सम्झौतालाई अनुमोदनका लागि संसदमा पेश गर्ने निर्णय गरेको कुरा उल्लेख छ ।

**५.४.२** बुँदा नं. ३.४.३ मा संसदले एमसीसी सम्झौता अनुमोदन गर्न नदिएको अर्थ लाग्ने गरी आकस्मिक वाह्य परिस्थितिका कारण सरकारले सम्झौताको अनुमोदन गराउन नसकेकोमा अमेरिकी सरकारले नेपाल सरकारको सीमा बुझिदिने कुरा लेखिएको छ ।

**५.४.३** बुँदा नं.३.४.६ मा संसदबाट अनुमोदन गर्न ढिलो हुँदैमा परराष्ट्र मन्त्रालयले एमसीसीको कुनैपनि काम रोकिन नदिने कुरा गरिएको छ ।

**५.४.४** बुँदा नं. ४ मा विद्युत प्रसारण लाइनको बारेमा भारतसंग कुरा भइरहेको र दुईपक्षीय विषय भएकोले समय सीमामा लचिलो हुन आग्रह गरिएको छ ।

**५.५ सेप्टेम्बर १०, २०१९ मा एमसीसी, अमेरिकाका कार्यवाहक उपाध्यक्ष क्यारोलाइन टी. नुयनले लेख्नुभएको पत्र**

**५.५.१** बुटवल-गोरखपुर अन्तरदेशीय विद्युत प्रसारण लाइनबारे नेपाल र भारतका बीचको सहमतिबारे चासो राखिएको र संयुक्त कार्य समूहको बैठकको निर्णयको माग गरिएको देखिन्छ ।

**५.६ जनवरी ३, २०१९ मा अर्थ मन्त्रालयले एमसीसीलाई पठाएको पत्रका यी कुराहरुबारे जानकारी र स्पष्ट हुनु आवश्यक छ :**

**५.६.१** पत्रको बुँदा नं.२.४ मा गोप्यता र संवेदनशील सूचना भंग भएकोप्रति मन्त्रालय र एमसीसीले गम्भीर रुपमा लिएको र त्यसलाई रोक्ने प्रबन्ध गर्ने कुरा उल्लेख गरिएको छ, यसलाई स्प्टरुपमा परिभाषित गरिनुपर्छ ।

**५.६.२** पत्रको बुँदा नं. ६.२ मा डिसेम्बर २८, २०१८ मा नै कार्यकारी निर्देशक र मानव श्रोत व्यवस्थापन प्रशासनको कार्यकारी निर्देशकको नियुक्ति गरिनुका साथै अन्य ६ जना कर्मचारीको दरवन्दीबारे निर्णय गरिएको कुरा उल्लेख छ । यी कर्मचारीहरु, सम्झौता संसदबाट अनुमोदन नै नभई नियुक्त गरिएका देखिन्छन् ।

**५.६.३** पत्रको अन्तमा एमसीसीलाई उच्च प्राथमिकता दिइएको भन्नेसम्मको भनाइलाई मान्न सकिने भएपनि  हामी सम्भव भएको सबै काम गर्छौ भन्ने भाषा बढि देखिन्छ ।

**५.७ डिसेम्बर २१, २०१८ मा एमसीसी, अमेरिकाको तर्फबाट सहायक उपाध्यक्ष क्यारोलिन टी. नुयनले लेखेको पत्र**

**५.७.१** बुँदा नं. २ मा सप्लीमेण्ट अग्रिमेण्ट (सहायक सम्झौता) को कुरा उल्लेख  छ । त्यस्तो सम्झौताको जानकारी आवश्यक छ । ७.४.२ पत्रको पृष्ट २ मा एमसीए- नेपाल बोर्डसंग गरिएका गोप्य सूचनाको आदानप्रदानलाई राम्ररी व्यवस्थापन गर्नुपर्ने कुरा स्पष्ट गरिनुपर्छ ।

**५.७.२.** नेपालले कार्यक्रम कार्यान्वयन सम्झौता (पीआइए) मा हस्ताक्षर गर्नुपर्ने कुरा गरिएको छ ।

**५.८.** अक्टुवर २, २०१८ मा एमसीसी, अमेरिकाको तर्फबाट क्यारोलिन टी. नुयनले अर्थसचिव डा. राजन खनाललाई लेखेको पत्रमा एमसीसी सम्झौता नेपालको संसदबाट अनुमोदन नभएसम्म अमेरिकाले दिने भनिएको रकम नदिइने कुरा उल्लेख छ । यस सन्दर्भमा सम्झौता नहुँदै परियोजना कार्यान्वयनको काम प्रारम्भ हुँदा प्रश्न उठ्ने स्थिति बनेको छ ।

**५.९**  अगस्त ३, २०१७ मा अर्थ मन्त्रालयले अमेरिकाको एमसीसीका कन्ट्री डाइरेक्टर हिमेश ढुंगेललाई  पठाएको पत्रमा एमसीसीलाई नेपालको मन्त्रिपरिषद्ले स्वीकृति दिएको कुरा उल्लेख छ ।

**५.१०** जून १२, २०१९ मा एमसीसी, अमेरिकाका हिमेश ढुंगेललाई अर्थमन्त्रालयले लेखेको पत्रमा अर्थ मन्त्रालयका सहसचिव बैकुण्ठ अर्यालको नेतृत्वमा नौ सदस्यीय वार्ता टोली गठन गरिएको जानकारी गराइएको छ । मिति २०७४।२।१८ मा वार्ता टोली गठनसम्बन्धी प्रस्ताव अर्थमन्त्रालयको तर्फबाट मन्त्रिपरिषद्मा पेश गरी २०७४।२।१९ (जून २, २०१७) मा स्वीकृत गरियो ।

**५.११** अगस्त २९, २०१७ मा अमेरिकी एमसीसीका कार्यवाहक मुख्य कार्यकारी अधिकृत जोनाथन जी. नाशले अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई अमेरिका भ्रमणका लागि लेखेको पत्रमा तीन बर्षको कडा परिश्रम पछि सेप्टेम्बर १४, २०१७ मा वाशिंगटनमा सम्झौतामा हस्ताक्षर गरिने कुरा उल्लेख छ ।

**५.१२** जुलाई २१, २०१७ मा एमसीसी, अमेरिकाको तर्फबाट हिमेश ढुंगेलले अर्थ मन्त्रालयका सहसचिव बैकुण्ठ अर्याललाई लेखेको पत्रमा नेपालका प्रधानमन्त्री, अर्थमन्त्री र परराष्ट्र मन्त्री तथा अमेरिकी एमसीसीका सहायक उपाध्यक्ष फतेमा समरका बीच भएको छलफल अनुसार दुबै देश सम्झौतामा हस्ताक्षर गर्न तयार भएको कुरा उल्लेख छ । यसै पत्रसाथ संलग्न एमसीसी सम्झौतामा केवल दुई अनुसूचि मात्र छन् ।

**५.१३** मई ३१, २०१७ मा एमसीसी, अमेरिकाको तर्फबाट हिमेश ढुंगेलले लेखेको पत्रमा वाशिंगटन डी.सी. मा जून २६ देखि ३० सम्म एमसीसीबारे सम्झौता हुने, त्यसको लागि नेपाललाई मस्यौदा र कार्यसूची पठाइने, सम्झौताका लागि पठाइने टोली पूर्ण रुपमा अधिकार सम्पन्न हुनुपर्ने, सम्झौता अन्तिम हुने र त्यसमा पछि कुनै परिवर्तन नगरिने कुरा उल्लेख गरिएको छ । नौ वटा कार्यसूची पठाइएको थियो ।

**५.१४** मार्च २३, २०१७ मा एमसीसीका हिमेश ढुंगेलले अर्थ मन्त्रालयका सहसचिव डिल्लिराज घिमिरेलाई लेखेको पत्रमा कम्प्याक्टको कानूनी हैसियत र अनुमोदनबारे कानुनी प्रबन्ध ( लिगल ड्यु डिलिजेन्स) बारे लेखिएको छ । त्यसमा नेपालको कानून बमोजिम कानूनी हैसियत दिने, व्यवस्थापिका वा सर्वोच्च अदालतबाट अनुमोदन गर्नुपर्ने वा नपर्ने, सम्झौता नेपालको घरेलु कानूनभन्दा माथि हुने, कम्प्याक्टको घोषणा वा प्रकाशन गर्नुपर्ने वा नपर्नेबारे सुनिश्चित गर्न भनिएको छ । यस संगै प्रश्नावली पठाइएको थियो भने अर्थ मन्त्रालयले मिति २०७३।११।३० मा एमसीसीको नयाँ बानेश्वर स्थित कार्यालयलाई पाँच पृष्ठ लामो प्रश्नावली भरेर पठाएको थियो ।

**५.१५** नोभेम्बर २०, २०१६ मा एमसीसी, अमेरिकाको तर्फबाट मार्गारेट विलियम्स र क्याथरिन ओनिलले नेपाल सरकारलाई पठाएको पत्रमा कानूनी प्रबन्धका सम्बन्धमा सात पृष्ठ लामो प्रश्नावली समेत रहेको थियो । सो पत्रमा भियाना अभिसन्धि अनुरुपको अन्तर्राष्ट्रिय सम्झौता हुनुपर्ने प्रस्ताव गरिएको र सम्झौताका प्रावधानहरु नेपालको कानुनभन्दा माथि हुने कुरा उल्लेख छ । सम्झौतामा रहनसक्ने विभिन्न विषयहरु समावेश छन् ।

**५.१६** मार्च ८, २०१६ मा एमसीसी, अमेरिकाको तर्फबाट सहायक उपाध्यक्ष फतेमा जेड समरले अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई लेखेको पत्रमा आयोजना छनौटका लागि विस्तृत समीक्षा गरिने कुरा उल्लेख गरिएको छ ।

**५.१७** अगस्त १०, २०१५ मा फतेमा जेड समरले अर्थमन्त्री डा. रामशरण महतलाई पठाएको पत्रमा अत्यन्त अनुभवी हिमेश ढुंगेललाई राष्ट्रिय निर्देशकका रुपमा नियुक्त गरी काठमाण्डौ पठाउने रणनीतिक निर्णय गरिएको र पल कैजर सेप्टेम्बरसम्म राष्ट्रिय टोलीको रुपमा नेपालमा रहने कुरा उल्लेख गरिएको छ ।

**५.१८** मई ७, २०१५ मा एमसीसीका निमित्त सहायक उपाध्यक्ष जोनाथन ब्रुक्सले अर्थमन्त्री डा. रामशरण महतलाई पठाइएको पत्रमा विभिन्न सुझावहरु दिँदै तिनको कायान्वयन गर्न आग्रह गरिएको छ र कृष्ण ज्ञवालीलाई राष्ट्रिय संयोजक नियुक्त गरेकोमा खुशी व्यक्त गरिएको छ ।

**५.१९** मार्च ४, २०१४ मा एमसीसीका सहायक उपाध्यक्ष थोमस केलीले अर्थसचिव शान्तराज सुवेदीलाई लेखेको पत्रमा संयुक्त रुपमा थ्रेसहोल्ड कार्यक्रम बनाउने र त्यसमा विद्युत प्रसारण लाईन र सडकलाई प्राथमिकतामा राख्ने कुरा गरिएको छ ।

## ६. मन्त्रिपरिषद्मा पेश गरिएका प्रस्ताव र गरिएका निर्णय

**६.१** एमसीसीको आग्रह अनुरुप मिति २०७५।६।१ मा लप्सीफेदी-बुटवल-भारतको सीमासम्मको विद्युत प्रसारण लाइनलाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा मान्यता दिन मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको र २०७५।६।५ मा सोही अनुरुप मन्त्रिपरिषद्बाट निर्णय भएको ।

**६.२** मिति २०७४। १२।१४ मा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४ स्वीकृत गर्ने प्रस्ताव अर्थमन्त्रालयबाट मन्त्रिपरिषद्मा पेश भई २०७४।१२।२० मा स्वीकृत भएको ।

**६.३** नेपाल सरकार र एमसीसी बीच भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट अनुमोदनका लागि संघीय संसदमा पेश गर्ने निर्णयका लागि मिति २०७५।१०।११ मा मन्त्रिपरिषद्मा प्रस्ताव पेश भई मिति २०७५।१०।२५ मा सोही अनुरुप निर्णय भएको ।

**६.४** मिति २०७४।५।१८ मा एमसीसीसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न अर्थमन्त्री, अर्थमन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा र कानुन तथा पारमर्श माहाशाखाका सहसचिवले अमेरिका भ्रमणमा जाने सम्बन्धमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश

भई सोही दिन स्वीकृत प्रस्तावमा पावर ट्रान्सपोर्टेशन सेक्टरका विभिन्न आयोजनाहरु कार्यान्वयनका लागि र विभिन्न सडकहरुको मर्मतका लागि ५०० मिलियन डलर प्राप्त हुने सम्झौतामा हस्ताक्षर गर्न जाने भनिएको र कुनै आयोजनाको नाम उल्लेख नगरिएको ।

**६.५** मिति २०७४।४।१५ मा मन्त्रिपरिषद्मा एमसीसीसम्बन्धी अनुदान सहायतालाई स्वीकृतिका लागि प्रस्ताव पेश गरिएको र मिति २०७४।४।१९ मा त्यसलाई स्वीकृत गरिएको । त्यस प्रस्तावमा केवल उर्जा र प्रसारण लाइन तथा विभिन्न सडकहरुको मरमत र स्तरोन्नति गरिने कुरा मात्र उल्लेख भएको । आयोजनाहरुको नाम उल्लेख नभएको ।

**६.६** एमसीसीका राष्ट्रिय संयोजक सहसचिव सूर्य प्रसाद आचार्य सचिव पदमा बढुवा भई पद रिक्त हुन आएकोले मिति २०७३।६।६ मा एमसीसीमा विज्ञको रुपमा कार्यरत तुलसी प्रसाद सिटौलालाई मासिक रु.२५०,००० पाउने गरी अर्थमन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको र सोही मितिमा प्रस्ताव स्वीकृत भएको ।

**६.७** मिति २०७१।२।१ मा मन्त्रिपरिषद्मा पेश गरिएको प्रस्तावमा राष्ट्रिय संयोजकमा पूर्व सचिव कृष्ण ज्ञवाली रहनुभएकोमा त्यसको साटो अर्थमन्त्री संयोजक रहने गरी नौ सदस्यीय निर्देशक समिति गठन गर्ने कुरा उल्लेख गरिएको । यस अन्तर्गत निजी क्षेत्र र नागरिक समाजको तर्फबाट रहने सदस्य मताधिकार प्राप्त सदस्य हुने तथा विषयगत मन्त्रालयका सचिवहरु र लगानी बोर्डका कार्यकारी निर्देशक आमन्त्रित सदस्यका रुपमा रहने प्रावधान राखिएको । यस प्रस्तावलाई मन्त्रिपरिषद्ले २०७२।२।७ मा स्वीकृत गरेको ।

## ७. मन्त्रालयका आन्तरिक पत्र र निर्णयहरु

**७.१** २०७५।९।१३ मा अर्थ मन्त्रालयले एमसीसी सम्झौता संसदबाट अनुमोदन गरिनुपर्ने सम्बन्धमा राय माग गरे अनुरुप कानून तथा संसदीय मामिला मन्त्रालयले अर्थ मन्त्रालयलाई मिति २०७५।९।२६ मा लेखेको पत्रमा एमससी सम्झौतालाई संसदको सामान्य बहुमतबाट अनुमोदन गरिनुपर्ने भनी सचिवस्तरीय निर्णय गरी पठाएको ।

**७.२** २०७३।२।१३ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार प्रवर्द्धनको तर्फबाट लेखिएको पत्रमा विकास समिति गठन गर्न नमिल्ने निर्णय कार्यान्वन गर्न कानून,

न्याय तथा संसदीय मामिला मन्त्रालयलाई पत्र लेखिएको । सोही पत्रसंग व्यवस्थापिका संसद अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको मिति २०७३।१।१२ को निर्णयको छाया प्रति संलग्न छ भनिएको ।

**७.३** डिसेम्बर १३, २०१३ मा आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपाल, सहसचिव डा. नारायण ढकाल र एमसीसीका जेरेमी इ.जे. स्ट्रेटफिल्ड र यूएस्एआइडीका रेभ औलाकका बीच बैठक भई थ्रेसहोल्ड विकास प्रक्रियाका बारेमा बैठक भएको ।

**७.४** २०७० साल कार्तिक (नोभेम्बर १, २०१३) मा एमसीसीको सहयोग प्राप्त गर्न नेपाल योग्य भएको प्रेस वक्तव्य अर्थ मन्त्रालयबाट जारी गरिएको ।

## ८. अर्थमन्त्रालय मार्फत संघीय गणतन्त्र नेपाल र एमसीसी मार्फत संयुक्त राज्य अमेरिका बीच भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (Millennium Challenge Compact between The United States of America acting through The Millennium Challenge Corporation and The Federal Democratic Republic of Nepal acting through The Ministry of Finance).

सन् २०१७ को सेप्टेम्बर महिनामा नेपाल सरकार तथा एमसीसी बीच भएको Millennium Challenge Compact (कम्प्याक्ट) का मूलभूत प्रावधानहरु नेपाल सरकार तथा एमसीसी बीच भएको सम्झौता तथा कार्यान्वयन सम्झौताका जस्तै नै छन् । केही नयाँ प्रकारका थप प्रावधानहरु यस प्रकार छन् :

**८.१** धारा २, दफा २.७- सरकारले कम्प्याक्टमा उल्लेखित तथा पछि सरकारलाई लिखित रुपमा सूचित गरिने संयुक्त राज्य अमेरिकाको कानून वा नीति उल्लंघन हुने काममा उपयोग नहुने सुनिश्चित गर्ने ।

**८.२** धारा ३, दफा ३.५- एमसीसीले समय-समयमा सरकारलाई लिखित सल्लाह दिनसक्ने र सरकारले कार्यक्रम कार्यान्वयनमा त्यस्तो सल्लाह उपयोग गर्नुपर्ने ।

**८.३** धारा ५, दफा ५.२ (सी)- कार्यक्रम स्थगित वा रद्द भएमा वा म्याद सकिएमा कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिम हुने ।

**८.४** धारा ७, दफा ७.३- नेपाल सरकारले सबै आन्तरिक आवश्यकताहरु पूरा गरेको सुनिश्चित भएको पत्र एमसीसीले नेपाल सरकारलाई पठाएपछि सम्झौता लागू हुने ।

**८.५** परिशिष्ट १, ए १ ए- एमसीसीको बोर्डले नेपालको कानूनी शासन र लोकतान्त्रिक संस्थाहरुको विकासमा गरेका प्रयत्नलाई स्वीकार्दै राजनीतिक स्थायित्व तथा आर्थिक बृद्धि भएको नेपाल संयुक्त राज्य अमेरिका र दक्षिण एसियाका लागि महत्वपूर्ण रहेको ।

**८.६** परिशिष्ट १, बी, १, ए (iii) - एउटा स्वतन्त्र विद्युत नियमन आयोग गठन गर्नुका साथै स्वतन्त्र प्रसारण कम्पनीको स्थापना गर्ने । बी, १, एच्, (iii) - त्यस्तो निकायलाई नयाँ कानून ल्याई संचालन अनुमति (लाइसेन्स), प्रमाणपत्र दिने, विद्युत महसूल तोक्ने र नियम बनाउनसक्ने अधिकार दिने । बी, १, ई- नेपाल सरकार र एमसीसी संयुक्त राज्य अमेरिकी सरकार, नेपाली समुदाय र प्रमुख नीजि क्षेत्र, गैरसरकारी पात्रहरु र बहुपक्षीय लगायतका अन्य दातृ संस्थाहरु संगको परामर्श समेतको समावेशी प्रक्रियामा संलग्न रहने ।

**८.७** बी, २, ए (ii) - सडक मर्मतका लागि नेपाल सरकारले एक भाग र अमेरिकी सरकारले दुई भाग रकम व्यहोर्ने । बी, २, एच् - आवश्यक परेमा सडक बोर्ड ऐन परिवर्तन गर्ने ।

**८.८** सी, २- कुनैपनि परियोजना साझेदारको नियुक्तिलाई एमसीसीको स्वीकृति आवश्यक हुने र उसले पुनरावलोकन गर्ने ।

## ८.९ कम्प्याक्टका समीक्षा गरिनुपर्ने प्रावधानहरु

**८.९.१** संयुक्त राज्य अमेरिकाको कानून वा नीति उल्लंघन हुने काममा रकमको उपयोग नहुने सुनिश्चित गर्ने तथा एमसीसीले समय-समयमा सरकारलाई लिखित सल्लाह दिनसक्ने र सरकारले कार्यक्रम कार्यान्वयनमा त्यस्तो सल्लाह उपयोग गर्नुपर्ने भन्ने प्रावधान धेरै व्यापक अर्थ लाग्नसक्ने देखिन्छ । यसलाई स्पष्ट भाषामा उल्लेख गरिनु उपयुक्त हुन्छ । त्यस्तै नेपाल सरकारले सबै आन्तरिक आवश्यकताहरु पूरा गरेको सुनिश्चित भएको पत्र एमसीसीले नेपाल सरकारलाई पठाएपछि सम्झौता लागू हुने भन्ने प्रावधान, नेपालको संसदबाट सम्झौता अनुमोदन भएपछि लागु हुने भन्ने प्रावधानसंग बाझिएको देखिन्छ ।

**८.९.२** एमसीसीको बोर्डले नेपालको कानूनी शासन र लोकतान्त्रिक संस्थाहरुको विकास, राजनीतिक स्थायित्व तथा आर्थिक बृद्धि संयुक्त राज्य अमेरिका र दक्षिण एसियाका लागि महत्वपूर्ण रहेको भन्ने प्रावधान कार्यक्रम शुद्ध आर्थिक चरित्रको हुनेभएको सन्दर्भमा यहाँ आवश्यक पर्छ र भन्ने प्रश्न उत्पन्न  हुन्छ ।

**८.९.३.** विद्युत उत्पादन, वितरण र महसूल निर्धारण समेत एउटा स्वतन्त्र निकाय र कम्पनीको जिम्मा लगाउने प्रावधान नेपालको संविधानको समाजवाद उन्मुख प्रणालीको मान्यतासंग मेल खाँदैन । साथै त्यस्तो कम्पनी स्वदेशी वा विदेशी कस्तो हुने हो भन्ने कुरा स्पष्ट नहुँदा नेपाल सरकारको ठूलो लगानी रहेको प्रसारण लाइन कुनै विदेशी कम्पनीको हातमा जानसक्ने सम्भावना हुन्छ । विद्युत प्रसारण र महसूल निर्धारण जस्तो विषय कुनै नीजि कम्पनीको जिम्मा लगाउने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नीति अनुकूल पनि देखिदैन ।

**८.९.४** कुनैपनि परियोजना साझेदारको नियुक्तिलाई एमसीसीको स्वीकृति आवश्यक हुने र उसले  पुनरावलोकन गर्ने प्रावधानले नेपाल सरकारको निर्णयाधिकारलाई सीमित तुल्याउने देखिन्छ ।

## ९. कार्यक्रम कार्यान्वयन सम्झौता

नेपाल सरकार र एमसीसी बीच भएको मूल सम्झौताको कार्यान्वयनका लागि गरिएको कार्यक्रम कार्यान्वयन सम्झौताले थप व्याख्या र प्रबन्ध गरेको छ ।  एमसीसी सम्झौता अनुमोदनका लागि प्रतिनिधिसभामा पेश भइरहेको र सम्झौताको अनुमोदन हुन बाँकि रहेको बेला अर्थमन्त्री डा.युवराज खतिवडा र कम्प्याक्ट अपरेशनका उपाध्यक्ष अन्थोनी वेलचरद्वारा सेप्टेम्बर २०१९ मा कार्यान्वयन सम्झौतामा हस्ताक्षर भयो । यस सम्झौताले मूल सम्झौतामा उल्लेख गरिएका परियोजनाहरुको कार्यान्वयन तथा त्यससंग सम्बन्धित समग्र व्यवस्थापन पक्ष लगायतका विषयहरु समेटेको छ । सम्झौता संसदबाट अनुमोदन नभई त्यसको कार्यान्वय गर्ने विस्तृत सम्झौता स्वयं विरोधाभासपूर्ण देखिन्छ । यस सम्झौताका विभिन्न धारा, दफा र उपदफाहरुमा गरिएका महत्वपूर्ण प्रावधानहरु यस प्रकार छन् :

**९.१** धारा १ को १.२ (ए) मा नेपाल सरकारले सहायक सम्झौता (सप्लीमेण्ट अग्रिमेण्ट) (कार्यक्रम सकिएपछि कम्प्याक्टका गतिविधिसम्बन्धी शर्त, लेखपरीक्षण लगायतका अन्य जिम्मेवारीहरु) पूरा गनुपर्ने तथा  आफ्नो अधिकार र जिम्मेवारी एमसीसी नेपाल लगायतका निकाय (इन्टिटीहरु) लाई सुम्पिनु पर्ने प्रावधान छ । सोही धाराको उपदफा (बी) (i) मा कार्यक्रमको सम्पत्ति (यासेट) जफत, बदर र नियन्त्रण गर्न र लियन (अन्य काममा प्रयोग गर्न) नपाइने कुरा सरकारले सुनिश्चित गर्नुपर्ने, (ii) मा कार्यक्रमको सम्पत्ति कसैलाई करार भाडामा दिन (लिज), एमसीसीको लिखित अनुमति बिना बेच्न, दिन नपाइने, आयोजना अवधिभर कार्यक्रम अन्तर्गत रहेको जग्गा नेपाल सरकारले बेच्न चाहेमा एमसीसीलाई यसको ब्याज स्वरुप बजार मूल्य समान क्षतिपूर्ति दिनुपर्ने । पाँच वर्षमा कार्यक्रम समाप्त भएपछि, कार्यक्रमका सम्पत्तिको रुपमा रहेका बस्तुहरु कम्प्याक्टले अर्को पाँच वर्ष आफ्नो अधीनमा राख्न पाउने, त्यसपछि पनि त्यस्तो सम्पति सरकारले सुधार गर्नुपरेमा एमसीसीको स्वीकृति लिनुपर्ने र बेच्न चाहेमा एम.सी.सी. लाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ ।

(iii) मा पर्यावरणीय सुरक्षा र पुनर्वास लगायतका सामाजिक समस्या व्यवस्थापनका लागि सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नु पर्ने, (iv) मा सरकारले लैंगिक र सामाजिक समावेशिता सुनिश्चित गर्नुपर्ने (v) मा रणनीति सडक सञ्जालबारे कम्प्याक्टका शर्त अनुरुप प्रत्येक बर्षको अक्टुवर ३१ भित्र हेरफेर (डिफ्लक्शन) र सडकको अवस्थाबारे सरकारले एमसीसीलाई जानकारी गराउनु पर्ने र कार्यक्रम अन्तर्गत मरमतको काम शुरु नहुँदासम्म सरकारले प्रयाप्त मरमत गरिरहनु पर्ने कुरा उल्लेख छ ।

दफा १.२ (बी) (आई) ले यस सम्झौता अन्तर्गत संचालित कार्यक्रमका वस्तु सामग्रीहरु सरकारले अधीनमा लिन, जफत गर्न वा प्रयोग गर्न नपाउने र  तत्सबन्धमा कुनै कानुनको प्रयोग गर्न नसक्ने अवस्था स्थापित गरेको छ । यस्ता सबै सम्पत्ति तथा सामग्री एमसीसीका अधीनमा रहने व्यवस्था गरिएको छ ।

**९.२** धारा १, दफा १.३ (ए) मा  सरकारले विकास बोर्डलाई कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनका लागि असीमित रुपमा आफ्नो अधिकार र जिम्मेवारी दिने तर सम्झौता अनुरुपको दायित्व निर्वाह गर्ने अन्तिम जिम्मेवारी सरकारले पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**९.३** धारा १ को १.३ (बी)- एमसीए-नेपाललाई प्रदत्त अधिकार र जिम्मेवारीद्वारा नेपाल सरकारलाई पूर्ण रुपमा प्रतिबन्धन वा निग्रह (बाइन्ड) गर्ने शक्ति र अख्तियारी छ । सरकारले सम्झौता, कम्प्याक्ट, सहायक सम्झौता र कार्यक्रम निर्देशिकाका सबै दायित्व निर्वाह गर्नुपर्ने प्रवधान छ । सोही धाराको १.३ (ए) (ii) मा नेपाल सरकार र एमसीसी बीच जुलाई २०, २०१६ मा भएको एमेण्डेड एण्ड रिस्टेटेड इनिसियल इङ्गेजमेण्ट टेक्निकल एसिसटेन्स ग्रान्ट अग्रिमेण्ट, मूल सम्झौता र अन्य सहायक सम्झौता अनुरुप नेपाल सरकारले काम गर्नुपर्ने तथा लेखा परीक्षण र सामानहरुको लागि हुने ठेक्का प्रक्रियामा संलग्न हुने वाहेक प्रदत्त अधिकार र जिम्मेवारी एमसीसीको लिखित अनुमति बिना नेपाल सरकारले कसैलाई पनि दिन नपाउने व्यवस्था छ । सोही धाराको दफा १.३ (बी) (i) ले एमसीए- नेपाललाई दिईएका अधिकारहरु र जिम्मेवारी पूरा गराउन सरकारलाई बन्धित तुल्याउने (To bind) भनिएको छ । दफा १.३ (बी)(ii) को व्यवस्थाले संझौता अन्तर्गतका सबै कार्यक्रम तथा परियोजनामा एमसीए-नेपालको एकलौटी निर्वाध अधिकार रहने, त्यसमा नेपाल सरकारको कुनै भूमिका नहुने र एमसीए-नेपालले एमसीसीको लिखित पूर्व अनमति/सहमति बमोजिम गर्नुपर्ने व्यवस्था गरेको छ । दफा १.३ (बी) (iii) अुनसार परियोजनाका सवै किसिमका काम कार्वाईमा एमसीए-नेपालले नेपाल सरकारको प्रतिनिधित्व गर्ने व्यवस्था गरिएको छ । प्रमाणिकरण गर्ने, प्रमाणपत्र जारी गर्ने तथा संरचना डिजाइन अनुमोदन गर्ने सवै कार्य एमसीए-नेपालले गर्ने व्यवस्था गरेको छ ।

दफा १.३ (बी) (viii) मा एमसीए- नेपालले त्रुटी वा गल्ती कमजोरी गरी कुनै नोक्सानीको लागि क्षतिपूर्ति तिर्नुपर्ने अवस्था आयो भने, एमसीए- नेपालका तर्फबाट त्यस्तो क्षतिपूर्ति नेपाल सरकारले तिर्नुपर्ने प्रावधान राखिएको छ । यस्तो क्षतिपूर्ति तिर्दा एमसीसी कोषको रकम चलाउन नपाइने व्यवस्था छ ।

(iv) मा स्वायत्तता भन्ने उपशीर्षक अन्तर्गत यस्तो प्रावधान छः कुनै पुनरावेदन नलाग्ने न्यायिक निर्णयले वाहेक सरकारको कुनैपनि निकायले एमसीए-नेपालमा कुनै कुरा परिवर्तन गर्न, जोड्न, अनुचित किसिमले प्रभावित गर्न र हटाउन नपाउने तथा सम्झौता र कम्प्याक्टको प्रावधान अनुरुप बाहेक एमसीए-नेपालको विस्तार, रोक, परिवर्तन गर्न नपाइने । एमसीए-नेपालले आन्तरिक नियमावली वा नियम (वाइलज) एमसीसी सन्तुष्ट

हुनेगरी बनाउने र गभर्निङ्ग डकुमेण्टस् (निर्देशिका) र गभर्नान्स गाइडलाइन्स (संचालन निर्देशिका) अनुरुप एमसीए-नेपालको संचालन गर्ने । यसै दफामा परियोजनाका सवै कर्मचारीहरु एमसीए-नेपालले नियुक्ति गर्ने प्रावधान छ । तर नियुक्ति गर्दा नागरिकता कुन देशको हो भनी हेर्नु नपर्ने व्यवस्था गरिएको छ ।

(vi) मा सम्झौता र एमसीसीको निर्देशन समकक्षीले पालन नगरे कोष सम्झौता (फन्डेड अग्रिमेण्ट) लाई खारेज गर्ने अधिकार एमसीए-नेपालसंग रहने, (vii) मा एमसीसी सन्तुष्ट हुनेगरी उसको पूर्व स्वीकृति लिई एमसीए-नेपालले कार्यक्रमको सबै सम्पत्तिको बीमा गर्न एमसीसीको कोष प्रयोग गर्नसक्ने, (viii) मा एमसीए-नेपालमा कार्यरत कसैलाई चोटपटक लागे वा कुनै नोक्सानी भए नेपाल सरकारले क्षतिपूर्ति दिनुपर्ने, (ix) मा एमसीए-नेपालले अधिकृत र कर्मचारीहरुमा जुनसुकै राष्ट्रियता र नागरिकता भएको व्यक्तिको भर्ति गर्नपाउने, र (x) मा कम्प्याक्टका लागि वस्तु, काम वा सेवा दिने विदेशी कर्मचारी (व्यक्ति वा फर्मका कर्मचारी) लाई निर्वाध प्रवेशाज्ञा र काम गर्ने अनुमति दिने ।

९.४ धारा २ दफा २.१- कार्यान्वयन कार्यक्रम कार्ययोजना, विस्तृत वित्तीय योजना, लेखापरीक्षण योजना र सामाग्री प्राप्ती योजनासम्बन्धी दस्तावेजहरुको श्रृङ्खलाद्वारा पुनः विस्तृत बनाइने । यी सबै दस्तवेजहरु एमसीसीको चित्त बुझ्ने गरी बनाइने । सबै ठेक्कापट्टासम्बन्धी काम कार्वाईमा एमसीसीको स्वीकृति आवश्यक हुने । परियोजनाको अनुमोदन एमसीसीले गर्ने, (क) कार्य योजना, (ख) विस्तृत वीत्तय योजना, (ग) लेखा योजना, (घ) सामग्री खरीद योजना जस्ता सवै योजना एमसीसीले पारीत गर्ने । एमसीए-नेपालले यस्ता योजनाका प्रस्ताव सिधै एमसीसीमा प्रस्तुत गर्ने । यी कुनै पनि योजना तर्जुमा गर्दा वा पारीत गर्दा नेपाल सरकारको सहमति आवश्यक नपर्ने । परियोजना कार्ययोजना (दफा २.१.(a), विस्तृत वित्तीय योजना (दफा २.१.(b), लेखा परीक्षण योजना (दफा २.१.(c), सामग्री खरीद योजना (दफा २.१.(d), वित्तीय जवाफदेहिता योजना (दफा २.२), वातवरणीय तथा सामाजिक कार्यसम्पादन योजना (दफा २.४), सामाजिक लैङ्गिक समावेशी योजना (दफा २.५) लगायत

कुनै पनि योजना तर्जुमा र पारीत गर्दा नेपाल सरकारको संलग्नता र सरोकार नरहने व्यवस्था गरिएको छ ।

दफा २.३ - एमसीसीको नीति अनुरुप अनुगमन हुने । दफा २.५- एमसीसीको नीति अनुरुप लैंङ्गिक एकीकरण मार्गनिर्देशन बमोजिम एमसीए-नेपालले विस्तृत सामाजिक समावेशिता र लैंङ्गिक एकीकरण योजना बनाउने । यसले न्यूनतम्, महिला र अन्य कमजोर तथा प्रतिनिधित्वविहीन समूहसंग नियमित, अर्थपूर्ण र समावेशी परामर्श र योजनाको सामाजिक समावेशिता र लैंङ्गिक समानतासम्बन्धी उद्देश्यका लागि सुनिश्चित कार्ययोजना निर्माण गर्ने ।

दफा २.६ (ए)-सबै ठेक्कापट्टा एमसीसी निर्देशिका अनुसार हुने । दफा २.८ (ए)- एमसीए-नेपालले एमसीसीलाई चित्त बुझ्ने गरी प्रतिवेदन निर्देशिका (रिपोर्टिङ्ग गाइडलाइन) अनुसार नियमित प्रतिवेदन पठाउने । दफा २.८ (बी) (ई)- एमसीसीको आग्रह अनुरुप एमसीए-नेपालले समय-समयमा प्रतिवेदन, दस्तावेज र सूचना पठाउने ।

दफा २.९ - रकमको निकासा, कार्यान्वयन योजना, बैंक, आयोजना साझेदार, साम्राग्रीको प्राप्ति, म्याटेरियल सम्झौता, गभर्निङ्ग दस्तावेज, एमसीए-नेपालमा र बोर्ड निर्देशकमा हेरफेर गर्न एमसीसीको लिखित स्वीकृति हुनुपर्ने ।

दफा २.९ (जी) - कुनै आदेश जारी गर्नुपर्दा, कुनै कानुन निर्माण गर्दा, कुनै नियमावली जारी गर्दा, कुनै वडापत्र (चार्टर) जारी गर्दा, करार संझौता गर्दा तथा एमसीए-नेपालको स्थापना, संरचना तथा प्रशासकीय ढाँचा निर्माण गर्दा, एमसीसीको पूर्व स्वीकृति लिनुपर्ने । दफा २.९ (जे) ले एमसीए- नेपालको बोर्ड सदस्य, अवलोकनकर्ता, बहालमा रहेको अध्यक्ष परिवर्तन गर्नुपर्दा, बोर्डको संख्या फेरवदल गर्दा, तथा एमसीए-नेपालको कर्मचारी परिवर्तन गर्दा एमसीसीको पूर्व सहमति लिनुपर्ने व्यवस्था गरेको छ ।

दफा २.१० (ए)-एमसीए- नेपालले फिजकल एजेन्ट एण्ड बैंक अग्रिमेण्ट अनुरुप फिजकल एजेण्ट राख्ने र कुनै अन्यथा सहमति गरेमा बाहेक त्यस्तो एजेण्ट सरकारबाट स्वतन्त्र तेस्रो पक्ष हुने ।

दफा २.११ (ए)- एमसीए-नेपालले अमेरिकाले कम्प्याक्ट कार्यक्रममा दिएको योगदानबारे उपयुक्त प्रचार गर्ने तथा कार्यक्रमस्थल र कार्यक्रमको सम्पत्तिमा एमसीसीको ग्लोबल

मार्किङ्ग मापदण्ड अनुरुप लेखिने र त्यसलाई आयोजना समाप्त भएपछि एमसीसीको आग्रहमा सरकारले हटाउने । दफा (बी) (सी)- गोप्य भनिएको सूचना सार्वजनिक  नगर्ने ।

दफा २.१२ (ए)- एमसीसीको प्रतिकचिन्ह (लोगो) र नाम एमसीए-नेपालको लागि नभई पूर्णतया एमसीसीको फाइदाको लागि प्रयोग गरिने । दफा २.१२ (बी) (सी)- एमसीसी, एमसीए-नेपालको प्रतिकचिन्हले अधिकतम् कानूनी संरक्षण प्राप्त गर्ने ।

**९.५** धारा ३ दफा ३.१ (बी) (i) - एमसीसीले  रकमको निकासा अस्वीकृत गर्न र  घटाउन सक्ने । (ii) - रकमको निकासा सोझै  पठाउने वा वस्तु, काम र सेवा उपलब्ध गराउने भन्ने कुरा पूर्णतया एमसीसीमा निर्भर रहने । (सी) (i) -एमसीसीलाई मान्य बैंकमा स्थानीय खाता खोल्ने । यही दफाको  (iii) अनुसार स्वीकृत वैक खातामा रहेको निक्षेपबाट प्राप्त ब्याज एमसीसीको खातामा दाखिल गरिने ।

**९.६** धारा ४ को दफा ४.२ अन्तर्गतका विभिन्न बुँदाहरुमा कम्प्याक्ट कार्यक्रम पूरा वा आंशिकरुपमा बदर भएमा तथा कार्यक्रमको अवधि समाप्त भएमा बैंकमा मौज्दात रकम एमसीसीलाई फर्काउनु पर्ने तथा कुनै वस्तु किनेको भए सो को बजार मूल्य बराबर नेपाल सरकारले अमेरिकी डलरमा नगद तिर्नुपर्ने प्रावधान छ ।

सोही दफाको उपदफा (ए)- कुनै कारणबस परियोजना खारेज भए वा निलम्बित भए वा समाप्त भएमा आँशिक वा समग्र जेसुकै भएपनि खर्चलाई निलम्वित गरिने । यस अन्तर्गतका सवै व्यवस्थाहरुले परियोजनाको पुन:संचालन वा मूल्याङ्कनका संम्बन्धमा निर्णय गर्ने अख्तियारी एमसीसीलाई मात्र दिएको छ ।

दफा ४.२ (एच्)- सरकार र एमसीसीले कम्प्याक्टको गरिवी न्यून गर्ने प्रभाव कार्यक्रम सकिएको लामो समयपछि मात्र देखिने, कार्यक्रम पछिको अनुगमन र मूल्याङ्कन योजना बनाइने र यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सबै खर्च नेपाल सरकारले व्यहोर्नुपर्ने । दफा ५.३- एमसीसीको लिखित अनुमतिबिना नेपाल सरकारले सम्झौता अन्तर्गतका अधिकार र दायित्व कसैलाई दिन, प्रत्यायोजन गर्न वा सम्झौता कार्यान्वयन गर्न दिन नपाउने ।

दफा ५.४ सम्झौतालाई पक्षहरु (सरकार र एमसीसी) ले लिखित सम्झौताद्वारा संशोधन गर्नसक्ने । गरिने परिवर्तनलाई संसदमा र नेपालको अन्य घरेलु प्रशासनिक प्रक्रियामा

लैजानु  नपर्ने । दफा १०.७ एमसीसीले सम्झौतालाई कुनै कारण नदिई आंशिक वा पूर्ण रुपमा खारेज गर्नसक्ने । साथै अमेरिकी हित र कानूनसम्मत नभएमा एमसीसी सहयोग रोकिने र सम्झौताको ५.१ (बी) आकर्षित हुने भएमा पनि सम्झौता तत्काल खारेज हुने ।

दफा ५.६- एमसीसीको नियम र यस संझौतामा रहेका व्यवस्था बाझिएमा एमसीसीको नियम लागु हुने व्यवस्था गरिएको छ । यसबाट एमसीए-नेपालको बोर्ड एमसीसीका नियम मातहतमा रहेको  देखिन्छ ।

दफा ५.७ - एमसीसीले कुनै कारण दिई वा नदिई यो संझौता ३० दिनको सूचना दिई रद्ध गर्नसक्ने व्यवस्था छ । तर सरकारले भने एमसीसीको नियम ५.१ (ए) बमोजिम मात्र रद्ध गर्नसक्ने व्यवस्था छ, र त्यस अन्तर्गत अनेकौ दायित्वहरु नेपालले बहन गर्नुपर्छ ।

एमसीसीले संझौता रद्ध गर्दा हुने नोक्सानीको क्षतिपूर्तिका बारेमा केही उल्लेख छैन । दफा ५.१० - यो अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त अनुसारको अन्तरराष्ट्रिय सम्झौता हुने भनी घोषणा गरिएको छ । तसर्थ कम्प्याक्टका सिद्धान्त बमोजिम व्याख्या हुने बताइएको छ र साथै अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तबाट शासित हुने भनिएको  छ ।

**९.७** अनुसूची २ मा कार्यक्रमका लागि एमसीसीले रकम उपलब्ध गराउनु अघि नेपाल सरकारले पूरा गर्नुपर्ने शर्तहरु राखिएका छन् । ती शर्तहरुमा नेपालले यी कामहरु गरेको हुनुपर्ने भन्ने उल्लेख छ :

**९.७.१** खण्ड ए- विस्तृत सामाजिक र लैङ्गिक एकीकरण योजना र अनुगमन र मूल्याङ्कनको विकास एवं स्वीकृति, एमसीसीको चित्त बुझ्ने गरी वातवरण तथा सामाजिक व्यवस्थापन प्रणाली, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन र वातावरण तथा सामाजिक व्यवस्थापन योजना, स्वास्थ्य र सुरक्षा व्यवस्थापन योजना, एमसीसी समापनको योजना र योजना सहयोग सम्झौता ।

खण्ड बी-एमसीसीलाई सार र रुपमा चित्त बुझ्दो गरी सरकारले सम्झौताको अनुसूचीमा नेपाल-भारत सीमा र गोरखपुर लगायतका स्थानमा निर्माण हुने  विद्युत प्रसार लाइनका बारेमा सुनिश्चित भएको हुनुपर्ने, आवश्यक जंगल कटानको लागि स्वीकृति दिइसकेको हुनुपर्ने र एमसीसीलाई चित्त बुझ्दो हुनेगरी हेटौडा-लप्सीफेदी ४०० केभीए प्रसारण लाइनअनुरुप आवश्यक पर्ने सबस्टेशनको स्तरोन्नतिका लागि रकम विनियोन गरिएको

हुनुपर्ने । खण्ड सी- एमसीसीलाई चित्त बुझ्ने गरी आगामी बर्षमा सडक मरमतको लागि ४ करोड ७५ लाख अमेरिकी डलर विनियोजन गरिएको हुनुपर्ने र त्यसपछिको बर्षमा क्रमशः ५ करोड ५० लाख र ६ करोड २५ लाख अमेरिकी डलर विनियोजन गरिएको हुनुपर्ने ।

**९.७.२** अनुसूची ४ ए सामान्य सिद्धान्त- नेपाल सरकारले विनियोजन गर्ने रकम एमसीसीको अनुदान जस्तै हुनेछ । नेपाल सरकारले त्यसलाई कम्प्याक्ट शर्त अनुसार खर्च गर्न निःशर्त अनुदानका रुपमा उपलब्ध गराउने ।

## ९.८ कार्यान्वयन सम्झौताका सम्बन्धमा उत्पन्न प्रश्न र स्पष्ट हुनुपर्ने प्रावधानहरु

**९.८.१** नेपाल सरकारले आफ्नो अधिकार र जिम्मेवारी एमसीसी नेपाल लगायतका निकाय (इन्टिटीहरु) लाई सुम्पिनु पर्ने । सरकारले जिम्मेवारी पूरा गर्ने प्रयोजनका लागि सबै किसिमका आवश्यक कार्यहरु तदारुकताका साथ गर्नुपर्ने , तर एमसीसीलाई कुनै त्यस्तो दायित्व छैन । सरकारको तर्फबाट गर्नुपर्ने कार्यहरु प्रत्यायोजित गर्नुपर्ने दायित्व यस दफाले तोकेको छ । यस प्रावधानको व्याख्या सरकारलाई सवै किसिमका अख्तियारबाट बेहक गर्ने प्रयोजनका लागि गर्नसकिने तथा सार्वभौम राज्यको अधिकारमाथि नियन्त्रण हुनसक्ने भन्ने प्रश्न उठ्नसक्ने हुन्छ ।

**९.८.२** यस कार्यक्रम अन्तर्गतका सम्पत्तिमा नेपालको कुनै हकदावी र स्वामित्व नरहने देखिन्छ । त्यस्तो सम्पति कहिलेसम्म कार्यक्रमका सम्पति रहने हुन् भन्ने उल्लेख छैन । सम्पत्ति भन्नाले जायजेथा, मालवस्तु वा सम्पत्ति (वास्तविक, भौतिक, अभौतिक) भनी परिभाषित गरिएको छ । आयोजनाले चर्चने जग्गा, प्रसारण लाईन, खम्बाहरु, सव स्टेसनमा जडित मेसिनहरु सबै सम्पत्तिको परिभाषामा समेटिने देखिन्छ । यस प्रावधानले राज्यको कानुन प्रणालीलाई निस्क्रिय बनाउने त होइन भन्ने प्रश्न उब्जिएको छ ।

**९.८.३** नेपाल सरकारप्रति एमसीए-नेपाल उत्तरदायी हुने, नेपाल सरकारको निर्देशन, सुपरिवेक्षण, अनुगमन र समन्वयको प्रावधान हुनुपर्छ र कार्यान्वयनमा अनावश्यक नियन्त्रण र हस्तक्षेप नगर्ने व्यवस्था उचित नै हुने भएपनि उक्त कुनै काम गर्ननपाउने गरी

सरकारलाई बन्धित तुल्याउने प्रावधान उपयुक्त हुँदैन । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि एमसीसीसंग समन्वय गर्ने तथा सरकारले सहजिकरण एवं सहयोग गर्नुका साथै निम्नलिखित प्रावधानहरुलाई सोही अनुरुप पुनः व्यवस्थित गर्नुपर्छ :

**९.८.३.१** एमसीए-नेपालले असीमित अधिकार र जिम्मेवारी प्राप्त गर्ने तथा नेपाल सरकारलाई बन्धित (Bind) गर्ने प्रावधानले एमसीए- नेपाललाई विकास वोर्डको नामाकरण गरी, नेपाल सरकारको कार्यक्रम संचालन गर्ने मुख्य (प्राईमरी) एजेन्ट घोषित गर्दै, कार्यक्रम संचालन गर्ने, प्रबर्धन गर्ने र अनुगमन गर्ने लगायत सरकारका सवै अधिकार दिईएको छ । सरकारले आफ्नो अधिकार यस निकायलाई प्रत्यायोजन गर्न सक्छ तर सरकारका अधिकारहरु संझौताद्वारा गठित निकायलाई दिने व्यवस्था नेपाल कानुनमा छैन । यस व्यवस्थाले एमसीए- नेपाल सरकारका तर्फबाट काम गर्ने निकाय भन्दा सरकारका अधिकार प्रयोग गरी सरकार सरह काम गर्ने निकायको रुपमा रहने स्थिति सिर्जना हुनसक्ने देखिन्छ । संविधान अन्तर्गत कार्यकारी अधिकार प्रयोग गर्ने सरकारलाई संझौता बमोजिम गठन हुने निकायले बन्धनमा राख्ने अधिकार प्राप्त गर्नसक्दैन । सम्झौतामा यस्ता प्रावधान राखिदैन । यस्तो प्रावधान नेपालको संविधान र कानूनसंग मेल पनि खाँदैन ।

**९.८.३.२** सबै कार्यक्रम तथा परियोजनामा एमसीए-नेपालको एकलौटी निर्वाध अधिकार रहने, त्यसमा नेपाल सरकारको कुनै भूमिका नहुने र एमसीए-नेपालले एमसीसीको लिखित पूर्व अनमति/सहमति बमोजिम गर्नुपर्ने व्यवस्था एमसीए-नेपाल, नेपाल सरकारप्रति नभई एमसीसीप्रति उत्तरदायी हुने स्थिति सिर्जना हुने देखिन्छ ।

**९.८.३.३** परियोजनाहरुमा प्रमाणिकरण गर्ने, प्रमाणपत्र जारी गर्ने तथा संरचनाको खाका (डिजाइन) अनुमोदनको सवै कार्य एमसीए-नेपालले गर्ने व्यवस्थाले नेपाल सरकारको सवै किसिमको संलग्नतालाई विस्थापित गर्नसक्ने देखिन्छ ।

**९.८.३.४** एमसीए-नेपालबाट कुनै त्रुटी वा गल्ती कमजोरी भई कुनै नोक्सानीको लागि क्षतिपूर्ति तिर्नुपर्ने अवस्था आयो भने, एमसीए- नेपालका तर्फबाट त्यस्तो क्षतिपूर्ति नेपाल सरकारले तिर्नुपर्ने प्रावधान रहेको छ । काम सवै एमसीए-नेपालले गर्ने, ती परियोजनामा नेपाल सरकारको अनुगमन र सुपरिवेक्षणको अधिकार पनि नहुने, तर एमसीए-नेपालले गरेका नोक्सानीमा नेपाल सरकारले क्षतिपूर्ति दिनुपर्ने दायित्व हुने व्यवस्था न्यायोचित देखिन्न।

**९.८.३.५** स्वायत्तता भन्ने उपशीर्षक अन्तर्गतको प्रावधानले एमसीए-नेपालले गरेका कुनै निर्णयलाई परिवर्तन र फेदवदल गर्न नपाउने, दुषित तवरले प्रभावित गर्न र हटाउन नपाउने भनी सरकारको भूमिकालाई स्वीकार गरिएको छैन । कार्यकारी सरकारले संभ्कौतामा यस्तो प्रावधान स्वीकार गरी सार्वभौम हक त्याग गर्ने कार्य कुनैपनि देशले गर्दैन ।

९.८.३.६ परियोजनाका सवै कर्मचारीहरु एमसीए-नेपालले नियुक्ति गर्ने र नियुक्ति गर्दा नागरिकता कुन देशको हो भनी हेर्नु नपर्ने व्यवस्थाको तात्पर्य परियोजनाबाट सरकार बाहिरिने र परियोजनाको संचालन विदेशी बाटै गरिने देखिन्छ । खण्ड (५) मा विदेशी कामदारलाई सहज ढंगबाट प्रवेशाज्ञा उपलब्ध गराउने दायित्व सरकारमा राखिएको छ । यस्ता विदेशीहरु परियोजना अवधिभर नेपालमा बस्न पाउने व्यवस्थाबाट  कामदारहरु विदेशी हुने देखिन्छ । परियोजनामा काम गर्ने मानिसको सम्बन्धमा नेपाल कानून बमोजिम हुने व्यवस्था हुनुपर्छ ।

**९.८.३.७** कार्यान्वयन कार्यक्रम कार्ययोजना, विस्तृत वित्तीय योजना, लेखापरीक्षण योजना र सामाग्री प्राप्ति योजनासम्बन्धमा नेपाल सरकारले जानकारी माग गर्न नसक्ने, योजनामा फेरवदल गर्न नपाउने, एमसीसीको अनुमतिमा एमसीए-नेपालले कार्यन्वयन गर्ने प्रावधानले सरकारको भूमिका नरहने   देखिन्छ ।

**९.८.३.८** ठेक्कापट्टा, कार्यान्वयन योजना, आयोजना साझेदार, सामग्रीको प्राप्ति र बोर्ड निर्देशिकामा हेरफेर गर्नुपर्दा एमसीसीको लिखित स्वीकृति लिनुपर्ने जस्ता प्रावधानले सरकार एमसीसीद्वारा निर्देशित हुनुपर्ने देखिन्छ ।

**९.८.३.९** कुनै आदेश, कानुन, नियमावली जारी गर्दा, करार सम्झौता गर्दा एमसीए-नेपालको ढाँचा, तथा संरचना निर्माण गर्दा एमसीसीको पूर्वस्वीकृति लिनुपर्ने शर्तहरु रहेका छन् । विद्युत प्रसारण लाइनको स्थापना, सव स्टेसन निर्माण गर्दा तथा विद्युत किनबेच गर्दा, विद्युत परियोजना संभ्कौता गर्दा, तथा विद्युत कानुन निर्माण गर्दा एमसीसीको पुर्व सहमति लिनुपर्ने प्रावधान छ । नेपालले एमसीए-नेपालमा कुनै परिवर्तन गर्ननसक्ने अवस्था यस प्रावधानले गरेको छ ।  यसबाट परियोजनाको समग्र प्रक्रियामा नेपाल सरकारको भूमिका नरहने त होइन भन्ने उठेको छ ।

**९.८.३.१०** सामान्यतया बोर्ड अध्यक्ष, सदस्य, संख्या, अवलोकनकर्ता र एमसीए-नेपालको कर्मचारी परिवर्तन नगरिने प्रावधान परियोजनाको प्रभावकारी कार्यान्वयन र निर्वाध संचालनका लागि स्वाभाविक हुने भएतापनि फिजकल एजेण्ट कुनै अन्यथा सहमति गरेमा बाहेक सरकारबाट स्वतन्त्र तेस्रो पक्ष हुने व्यवस्थाका साथै उक्त कार्यमा नेपाल सरकारसंग कुनै परामर्श नगरिने कुरा उचित हुनसक्छ र?

**९.८.३.११** एमसीसीको प्रतिकचिन्ह (लोगो) र नाम एमसीए-नेपालको लागि नभई पूर्णतया एमसीसीको फाइदाको लागि प्रयोग गरिने, त्यसले अधिकतम् कानूनी संरक्षण प्राप्त गर्ने प्रावधानले एमसीए-नेपाल विकास ऐन अन्तर्गत सरकारको मातहतमा गठन नभएको निकाय भन्ने अर्थ लाग्छ। परियोजनामा नेपाल सरकारको पनि प्रतिकचिन्ह राखिने व्यवस्था किन नगर्ने ?

**९.८.३.१२** एमसीसीको नीति अनुरुप लैंङ्गिक एकीकरण मार्गनिर्देशन बमोजिम एमसीए-नेपालले विस्तृत सामाजिक समावेशिता र लैंङ्गिक एकीकरण योजना बनाउने विषय नेपालको कानून बमोजिम हुनुपर्छ।

**९.८.३.१३** रकमको निकासा अस्वीकृत गर्न र घटाउन, भुक्तानी दिन एमसीसीलाई मान्य बैंकमा स्थानीय खाता खोल्न पूर्णतया एमसीसीमा निर्भर रहने तथा वैक खातामा रहेको निक्षेपबाट प्राप्त व्याज एमसीसीको खातामा दाखिल गर्ने प्रावधान रहेको छ तर सामान्यतः अनुदानको रकम सम्पूर्णरुपमा आयोजनामा खर्च हुनुपर्ने हो। कम्प्याक्ट कार्यक्रम पूरा वा आंशिकरुपमा बदर वा  कार्यक्रमको अवधि समाप्त भएमा बैंकमा मौज्दात रकम एमसीसीलाई फर्काउनु पर्ने तथा कुनै वस्तु किनेको भए सो को बजार मूल्य बराबर नेपाल सरकारले अमेरिकी डलरमा नगद तिर्नुपर्ने प्रावधान छ। परियोजनाको पुनःसंचालन वा मूल्याङ्कनका संम्बन्धमा निर्णय गर्ने अख्तियार एमसीसीलाई मात्र दिएको छ। नेपाल सरकारको अनुदान पनि एमसीए-नेपालद्वारा निलम्बित हुने व्यवस्था छ। यस्तो रकम एमसीसीको निर्णयबिना नेपाल सरकारले फिर्ता लिन पनि कठीन हुने देखिन्छ। यसमा नेपाल सरकारले उपलब्ध गराउने रकम खर्च नहुने अवस्थामा स्वतः नेपाल सरकारले प्राप्त गर्ने व्यवस्था हुनुपर्ने होइन र ?

**९.८.३.१४** एमसीसीको पूर्व स्वीकृतिबिना नेपाल सरकारले यस संझौता अन्तर्गतका अधिकार वा दायित्वलाई अरु कसैलाई दिन, प्रत्यायोजित गर्न वा करार गर्न पाउने छैन भन्ने प्रावधान

परियोजनाको प्रभावकारी कार्यान्वयनको सन्दर्भमा उचित देखिएपनि पारस्परिक समानताको मान्यता अनुरुप आपसी परामर्शबाट त्यसको तय किन नगरिने ?

**९.८.३.१५** सम्झौतामा गरिने परिवर्तनलाई संसदमा र नेपालको अन्य घरेलु प्रशासनिक प्रक्रियामा लैजानु नपर्ने प्रावधान रहेको छ । आयोजना कार्यान्वयन सम्झौताको संशोधनको विषय नेपाल कानूनलाई प्रभावित नगर्ने अवस्थामा संसदमा पेश गरिरहनु नपर्ने प्रावधान उचितै देखिएपनि घरेलु प्रशासनिक प्रक्रियामा लैजानु नपर्ने व्यवस्था उचित ठहऱ्याउन सकिन्न । एमसीसीले सम्झौतालाई कुनै कारण नदिई आंशिक वा पूर्ण रुपमा ३० दिनको सूचना दिई रद्द गर्नसक्ने तर सरकारले एमसीसीको नियम ५.१ (ए) बमोजिम मात्र रद्द गर्नसक्ने र जसअनुसार अनेकौं दायित्वहरु नेपालले बहन गर्नुपर्ने, अमेरिकी हित र कानूनसम्मत नभएमा एमसीसी सहयोग रोकिने, एमसीसीको नियम लागु हुने भन्ने मूल सम्झौताको व्यवस्था यस सम्झौतामा पनि दोहोरिएको छ ।

**९.८.४** सम्झौतालाई अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तबाट शासित हुने भन्ने प्रावधान यहाँ पनि दोहोरिएको छ । तर यो एउटा परियोजनासँग सम्बन्धित दुईपक्षीय करार वा संझौता हो । भियना कन्भेन्सन अन ल अफ ट्रिटी अनुसार यो सन्धी अन्तर्राष्ट्रिय संस्थाहरुको निर्माण गर्ने संझौता तथा अन्तर्राष्ट्रिय संस्थाहरु मातहतका संझौतापत्रमा मात्र लागु हुन्छ (धारा ५) । एमसीसी अन्तर्राष्ट्रिय संस्था होइन, राष्ट्रिय संस्थान हो । अतः यस्तो संस्थानले गरेको संझौता अन्तर्राष्ट्रिय कानुनबाट शासित हुँदैन । संसदले नेपालको सार्वभौम अधिकार कटौती गर्ने प्रावधानहरुलाई वैधानिकता प्रदान गर्नसक्दैन ।

**९.८.५** नेपाल सरकारले विनियोजन गर्ने रकम एमसीसीको अनुदान जस्तै हुने र नेपाल सरकारले त्यसलाई कम्प्याक्ट शर्त अनुसार खर्च गर्न निःशर्त अनुदानका रुपमा उपलब्ध गराउने प्रावधान समेत राखिएको छ । परियोजना नेपालको लागि संचालन हुने तर यस्तो प्रवधान किन भन्ने प्रश्न उत्पन्न हुन्छ ।

## १०. एमसीए-नेपाल, आन्तरिक संचालन नियम, २०७५ (इन्टरनल कन्डक्ट बाइलज, २०१९)

धारा २, दफा २.२- एमसीए-नेपाललाई निम्नलिखित अधिकार र कानूनी क्षमता हुने :

**१०.१** निर्धारित अधिकार र जिम्मेवारी पूरा गर्न नेपाल सरकारलाई ती अधिकार र जिम्मेवारीमा पूर्णतया बाध्यकारी (वाइन्ड) तुल्याउने, आफ्नो नाममा सम्पत्ति राख्ने र हटाउने, मुद्दा गर्ने, अरुसंग सम्झौता गर्ने र आयोजना सहयोग सम्झौता गरी आयोजना साझेदार ल्याउने ।

**१०.२** धारा ३ दफा ३.१ एमसीए-नेपाल बोर्डबाट परिचालित हुने । बोर्ड स्वतन्त्र र अधिकारसम्पन्न हुने । बोर्डको निर्णय उचित न्यायिक अख्तियारी भएको न्यायिक अधिकारीले बाहेक कुनै सरकारी निकायले पुनरावलोकन गर्ननसक्ने । दफा ३.७ (बी)- एमसीसीको आवासीय निर्देशक मताधिकारबिनाको बोर्ड सदस्यका रुपमा रहने । दफा ३.८ (बी)- निजी क्षेत्र र नागरिक समाजबाट प्रतिनिधित्व गर्ने दुईजना सम्बन्धित गैरसरकारी नागरिक समाज र निजीक्षेत्रका संगठनद्वारा स्थापित पारदर्शी प्रक्रियाद्वारा चयन गरिने । दफा ३.१०- बोर्डको अध्यक्ष अर्थसचिव हुने । दफा ३.१२ (iv)- अत्यन्त जरुरी विषयमा बोर्डले औपचारिक बैठकबिना निर्णय गर्नसक्ने ।

**१०.३** धारा ५ दफा ५.१ देखि ५.५- सरोकारवाला (स्टेकहोल्डर) कमिटी निर्माण गर्ने । यसमा आयोजना क्षेत्रका प्रदेश र स्थानीय सरकारका प्रतिधिहरु रहने । त्यसमा रहने गैरसरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरुको छनौट सरकारले नगरी एमसीसीको सहमति अनुरुप सरोकारवालाहरुको समितिले गर्ने ।

**१०.४** धारा ६ दफा ६.१ (बी)- सबै बोर्ड सदस्य, कर्मचारी र सरोकारवालहरुको एमसीए-नेपाल प्रति अविभाज्य निष्ठा (लोयल्टी) हुनुपर्ने । दफा ६.२- सार्वजनिक हुने भनिएका बाहेक अन्य सबै कुरा गोप्य राख्नुपर्ने । दफा ६.३ सार्वजनिक हुने सामाग्री वेभ साइटमा राखिने र ईमेल सुझाव पेटिका राखिने । दफा ६.४ एमसीए-नेपालद्वारा नियुक्त र एमसीसीद्वारा स्वीकृत एउटा स्वतन्त्र वाह्य लेखा परीक्षकले लेखापरीक्षण गर्ने तर यो प्रावधानले नेपालको महालेखापरीक्षकको कार्यालयलाई लेखापरीक्षण गर्नबाट बाहिर नराख्ने ।

**१०.५** धारा ७ दफा ७.१- पचहत्तर प्रतिशत बोर्ड सदस्यको सहमतिबाट बोर्ड बैठकले सम्झौता, कम्प्याक्ट र कार्यान्वयन सम्झौतासंग नबाझिने गरी नियम (वाइलज) र अन्य कुनै संचालक (गर्भनिङ्ग) दस्तावेज परिवर्तन, संशोधन र खारेज गर्नसक्ने तर त्यसमा एमसीसीको स्वीकृति हुनुपर्ने ।

## १०.६ ध्यान दिनु र सुधार गर्नुपर्ने प्रावधानहरु

**१०.६.१** निर्धारित अधिकार र जिम्मेवारी पूरा गर्न नेपाल सरकारलाई पूर्णतया बन्धित (वाइन्ड) तुल्याउने तथा अरुसंग आयोजना सहयोग सम्झौता गरी आयोजना साझेदार ल्याउने प्रावधान सरकारको निर्णयाधिकार र राष्ट्रिय हितको प्रतिकूल देखिन्छ ।

**१०.६.२.**एमसीए-नेपालको बोर्ड नेपाल सरकारबाट स्वतन्त्र हुने, त्यसको निर्णय न्यायालयबाहेक कुनै सरकारी निकायले पुनरावलोकन गर्ननसक्ने, बोर्ड तथा प्रदेश र स्थानीय तहमा गठन हुने सरोकारवालाहरुको समिति सदस्यमा रहने निजि र गैरसरकारी संगठन क्षेत्रका प्रतिनिधिहरुको चयन सरकारले गर्ननपाउने र एमसीसीको सहमति अनुरुप हुने, पचहत्तर प्रतिशत बोर्ड सदस्यको सहमतिबाट बोर्ड बैठकले सम्झौता, कम्प्याक्ट र कार्यान्वयन सम्झौतासंग नबाझिने गरी नियम (वाइलज) र अन्य कुनै संचालक (गर्भनिङ्ग) दस्तावेज परिवर्तन, संशोधन र खारेज गर्नसक्ने तर त्यसमा एमसीसीको स्वीकृति हुनुपर्ने व्यवस्थाले नेपाल सरकारको भूमिका तथा नेपाल राज्यको निर्णयाधिकारलाई कमजोर तुल्याउने देखिन्छ ।

## ११.अमेण्डेड एण्ड रिइस्टेटेड इनिसियल इङ्गेजमेण्ट टेक्निकल असिस्टेन्स ग्राण्ट अग्रिमेण्ट, जुलाई २०, २०१६ - कार्यान्वयन संक्षेप *(एमसीसीको तर्फबाट निमित्त उपाध्यक्ष काइ किम - Kyeh Kim र नेपाल सरकारको तर्फबाट अर्थमन्त्रालयका सहसचिव बैंकुण्ठ अर्यालद्वारा हस्ताक्षरित)*

**११.१** धारा १ दफा १.१- अमेरिकाले १ करोड ७५ लाख डलर अनुदान दिने र नेपालले २ लाख २० हजार ५०० डलर त्यसमा राख्नु पर्ने । दफा ३.१- सामान, काम र सेवा अमेरिकी सरकारको संघीय वस्तु प्राप्ति नियम अनुसार एमसीसीले व्यवस्थापन गर्ने । रकम उर्जा, सडक यातायात, आयोजना व्यवस्थापन र कम्प्याक्ट विकास योजना तथा कर्मचारी, कार्यालय र भ्रमणमा खर्च गरिने ।

**११.२** धारा ४ मा अनुदानको व्यवस्थापन, नियन्त्रण तथा निकासासम्बन्धी सम्पूर्ण अधिकार एमसीसीमा निहित गरिएको ।

**११.३** धारा ५ दफा ५.१ (बी)- यो सम्झौता कुनै अन्तर्राष्ट्रिय सम्झौता वा नेपाल सरकारको कुनै प्रतिवद्धता (अब्लिगेशन) वा कुनै नेपाली कानूनसंग बाझिएको छैन र बाझिने छैन । (यो व्यवस्था एमसीसी सम्झौतामा हटाइएको छ) । दफा ५.२ (सी)-सम्झौताको कार्यान्वयन अन्तरगत गर्नुपर्ने कुनै कामलाई सरकारले गैरकानूनी बनाए वा त्यसमा अवरोध भए सम्झौता भंग गर्नसक्ने एकलौटी अधिकार एमसीसीमा रहने । दफा ५.२ (एफ्)- पुनरावेदन नलाग्ने गरी कुनै न्यायिक निर्णय भएकोमा बाहेक कुनैपनि सरकारी निकायले स्वीकृत निकायको निर्णय परिवर्तन, परिमार्जन, अनुचित रुपमा प्रभावित, नियन्त्रण नगर्ने कुरा नेपाल सरकारले सुनिश्चित गरेको । दफा ५.२ (के) सबै प्रकारका करबाट मुक्ति ।

**११.४** धारा ७ दफा ७.१ र ७.२ मा अनुदानको स्थगन र खारेजीको सम्पूर्ण अधिकार एमसीसीलाई दिइएको । दफा ७.२ (iv) - आंशिक वा पूर्ण अनुदान रकम प्राप्त गर्ने सरकार वा कुनै निकाय अमेरिकाको सुरक्षा स्वार्थ विपरीतका क्रियाकलापमा संलग्न भएको देखिए सहायता खारेज हुने ।

**११.५** धारा ८ दफा ८.१ (ए)- कानुनका कुनै सिद्धान्तमा असर नपर्ने गरी यो सम्झौतामा न्यूयोर्क राज्यको कानून लागु हुने (यसलाई सम्झौतामा परिवर्तन गरी अमेरिकी कानुन बनाइएको छ) । दफा ८.६ - एमसीसीका सबै बहालवाला र भूतपूर्व कर्मचारीहरु सम्झौताका गतिविधि वा गर्नुपर्ने तर नगरिएका कार्यबाट सिर्जना हुने दावी वा क्षतिबाट नेपालका सबै अदालतहरुको क्षेत्राधिकारबाट उन्मुक्त हुने । दफा ८.९ (ए) - प्रमुख प्रतिनिधिका बीचको लिखित सम्झौताद्वारा यस सम्झौतामा संशोधन हुनसक्ने । दफा ८.१२ - सम्झौताको अवधि समाप्त भएपछि पनि नौ वटा प्रावधानहरु कायमै रहने ।

## ११.६ ध्यान दिनुपर्ने प्रावधानहरु

**११.६.१** सामान, काम र सेवा अमेरिकी सरकारको संघीय वस्तुको प्राप्ति नियम अनुसार एमसीसीले व्यवस्थापन गर्ने, अनुदानको व्यवस्थापन, नियन्त्रण तथा निकासासम्बन्धी सम्पूर्ण अधिकार एमसीसीमा निहित रहने । नेपाल सरकारको भूमिका किन नरहने ?

**११.६.२** एमसीसीमा सम्झौता भंग गर्नसक्ने एकलौटी अधिकार, अमेरिकाको सुरक्षा स्वार्थ विपरीतका क्रियाकलापमा संलग्न भएको देखिए सम्झौता खारेज हुने, एमसीसीका सबै बहालवाला र भूतपूर्व कर्मचारीहरु सम्झौताका गतिविधि वा गर्नुपर्ने तर नगरिएका कार्यबाट सिर्जना हुने दावी वा क्षतिबाट नेपालका सबै अदालतहरुको क्षेत्राधिकारबाट उन्मुक्त हुने र सम्झौताको अवधि समाप्त भएपछि पनि नौ वटा प्रावधानहरु कायमै रहने व्यवस्थाको सम्बन्धमा थप स्पष्टता र व्याख्या आवश्यक देखिएको छ ।

**११.६.३** कानुनका कुनै सिद्धान्तमा असर नपर्ने गरी यो सम्झौतामा न्यूयोर्क राज्यको कानुन लागु हुने भन्ने प्रावधानले नेपालको कानून लागु हुनुपर्ने सम्बन्धमा अन्योल उत्पन्न हुनसक्ने भएकोले यसबारे स्पष्ट हुनुपर्ने देखिन्छ ।

## १२. मिलेनियम च्यालेञ्च कर्पोरेशन (एमसीसी) तथा हिन्द-प्रशान्त रणनीति

नेपाल सरकार र एमसीसी बीच भएको सम्झौतामा सेना, प्रहरी, मिलिसिया, राष्ट्रिय सुरक्षा वा अन्य अर्धसैनिक सङ्गठन वा इकाईको प्रशिक्षण वा सहयोगमा अनुदानको रकम खर्च गर्ननपाइने भन्ने उल्लेख छ । त्यस्तै एमसीसीसम्बन्धी ऐनमा पनि सैनिक सहयोग वा सैन्य तालिममा खर्च गर्न निषेध गरिएको तथा आर्थिक बृद्धि, गरिवी उन्मुलन, सुशासन, आर्थिक स्वतन्त्रता र जनतामा लगानीका लागि रकम खर्च गरिने कुरा रहेको माथि नै उल्लेख भइसकेको छ । तर सैनिक सहयोग र सैन्य तालिममा रकम खर्च गर्ननपाउने भन्नु र सैनिक रणनीतिको अंग हुनु वा नहुनु एउटै विषय होइन । एमसीसी अन्तर्गका कार्यक्रमहरुलाई अमेरिकी रक्षा मन्त्रालयका रक्षा र सुरक्षा रणनीतिसम्बन्धी प्रतिवेदनहरुमा यसरी उल्लेख गरिएको छ :

१२.१ सन् १९८६ मा रक्षा मन्त्रालयको पुनःसंरचनासम्बन्धी (Department of Defense of Reorganization Act, 1986) ऐनद्वारा निर्देशित हुँदै सर्वप्रथम ४३औं अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुशद्वारा सेप्टेम्बर २००२ मा अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिसम्बन्धी प्रतिवेदन प्रकाशित भयो । राष्ट्रपतिद्वारा हस्ताक्षरित त्यसको भूमिकामा भनिएको छ, "संयुक्त राज्य अमेरिकाले मिलेनियम च्यालेञ्ज अकाउण्ट मार्फत न्यायोचित किसिमले शासन गर्ने, जनतामा लगानी गर्ने र आर्थिक स्वतन्त्रतालाई प्रोत्साहन दिने देशहरुलाई ठूलो विकास सहायता दिनेछ ।" ("The United States will deliver greater development assistance through the New Millennium Challenge Account to nations that govern justly, invest in their people, and encourage economic freedom.")

सोही रणनीतिको पृष्ट २१ र २२ मा मिलेनियम च्यालेञ्ज अकाउण्टबारे चर्चा गरिएको छ र पृष्ट २२ मा भनिएको छ, "मिलेनियम च्यालेञ्ज अकाउण्टले साँचो अर्थमा नीतिगत परिवर्तन गरेर देखाउने देशहरुलाई पुरस्कृत गर्नेछ र सुधार नगर्नेहरुलाई चुनौती दिनेछ"("The Millennium Challenge Account will reward countries that have demonstrated real policy change and challenge those that have not to implement reforms" ).

(हेर्नुहोस्, **https://georgewbushwhitehouse.archives.gov/nsc/nss/2002/nss7.html**)

समग्रतामा रणनीतिको मूल उद्देश्य अमेरिकी राष्ट्रिय दृष्टिकोण र हित अनुकूल विश्वव्यापी रुपमा स्वतन्त्रता, लोकतन्त्र र स्वतन्त्र व्यवसायमा जोड दिनुका साथै अमेरिकालाई सैनिक र आर्थिक रुपमा सुदृढ तुल्याउनु रहेको देखिन्छ ।

१२.२.अमेरिकी विदेश मन्त्रालय (Department of State) द्वारा नोभेम्बर ४, २०१९ मा प्रकाशित स्वतन्त्र र खुला हिन्द-प्रशान्त (A FREE AND OPEN INDO-PACIFIC: Advancing a Shared Vision) भन्ने दस्तावेजको पृष्ट १३ मा एमसीसी हिन्द-प्रशान्त रणनीतिको अंग भएको कुरा यसरी खुलाइएको छः "हालसम्म, ट्रम्प प्रशासनको आरम्भदेखि हिन्द-प्रशान्त रणनीतिको आर्थिक खम्बाको निम्ति विदेश मन्त्रालय र यूएस्एआइडीको माध्यमबाट २.९ अर्ब डलर तथा यूएस् मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) र

ओभरसिज निजी लगानी संस्थान (Overseas Private Investment Corporation - OPIC) लगायतका संस्थाहरुको माध्यमबाट करोडौं सहायता राखिएको छ")।

("To date, support has included $2.9 billion through the Department of State and USAID for the economic pillar of the Indo-Pacific strategy since the beginning of the Trump Administration, and hundreds of millions more through other agencies, including the U.S. Millennium Challenge Corporation (MCC) and the Overseas Private Investment Corporation (OPIC").

http..//www.state.gov/wp-content/upload/2019/Free-and-Open-Indo-Pacific-4Nov2019.pdf.

**१२.३** अमेरिकी रक्षा मन्त्रालयद्वारा डिसेम्बर २०१७ मा प्रकाशित राष्ट्रिय सुरक्षा रणनीतिको पृष्ठ ३९ मा एमसीसीबारे यस्तो लेखिएको छ :

"संयुक्त राज्य कूटनीति र सहयोगलाई राज्यहरुले शासकीय र कानुनी शासनको सुधार तथा दिगो विकासका लागि छनौट गर्न उपयोग गर्नेछ। यो हामीले पहिलेदेखि नै मिलेनियम च्यालेञ्ज कर्पोरेशन मार्फत गरेका छौं। यस अन्तर्गत सुधारप्रति प्रतिबद्ध र आयोजनाहरुको अनुगमन र मूल्याङ्कन गर्ने देशहरुको छनौट हुन्छ।" (The United States will use diplomacy and assistance to encourage states to make choices that improve governance, rule of law, and sustainable development. We already do this through the Millennium Challenge Corporation, which selects countries that are committed to reform and then monitors and evaluates their projects").

**१२.४** जून १, २०१९ मा अमेरिकी रक्षा मन्त्रालयद्वारा प्रकाशित इन्डो-प्यासिफिक रणनीति प्रतिवेदनको पृष्ट ३८ मा यस अन्तर्गतको राज्य साझेदारी कार्यक्रममा संलग्न हुने देशमा नेपाल सबभन्दा पछिल्लो रहेको कुरा उल्लेख छ। सोही प्रतिवेदनको पृष्ट ३६ मा यसो भनिएको छ :

"सयुक्त राज्य अमेरिका नेपालसंग रक्षा सम्बन्धको विस्तार चाहन्छ । यो मानवाधिकार/लोकतान्त्रिक सुधार, शान्ति स्थापना कार्य, रक्षा व्यवसायिकरण, स्थल शक्ति क्षमता र प्रति आतंकवादमा केन्द्रीत छ । हाम्रो बढ्दो रक्षा साझेदारी जून २०१८ मा संयुक्त राज्यको प्यासिफिक नेतृत्व रहेको स्थल सैन्य वार्ता र नेपालसंगको उच्चस्तरीय सैनिक संवादमा देख्न सकिन्छ । हाम्रो रक्षा सम्बन्धलाई अझ अघि बढाउन यो वर्ष नेपालमा संयुक्त राज्यको हिन्द-प्यासिफिक कमाण्डर तथा दक्षिण र दक्षिणपूर्व एशियाका लागि उपसहायक रक्षामन्त्रीको उच्च तहका भ्रमण भइसकेका छन् ।" ("The United States seeks to expand our defense relationship with Nepal, focused on HA/DR, peacekeeping operations, defense professionalization, ground force capacity, and counter-terrorism. Our growing defense partnership can be seen in the establishment of the U.S. Army Pacific-led Land Forces Talks in June 2018, our senior-most military dialogue with Nepal. This year has already seen several senior-level visits to Nepal by the USINDOPACOM Commander and Deputy Assistant Secretary of Defense for South and Southeast Asia to further advance our defense relationship".)

यही प्रतिवेदनको "क्षेत्रीय सन्दर्भमा रणनीति" भन्ने शीर्षक अन्तर्गत पृष्ट ४५ देखि विस्तृत रुपमा कुन देशसंग कस्तो व्यवहार गर्ने भन्ने बारे स्पष्ट पारिएको छ ।

**१२.५** एमसीसी अन्तर्गत भएको सम्झौता अमेरिकी इण्डो-प्यासिफिक रणनीतिको अंग भएको अमेरिकी मन्त्री र अधिकारीहरुको भनाई सार्वजनिक भएको छ । मई १४, २०१९ मा नेपाल भ्रमणमा आउनुभएका अमेरिकाको स्टेट डिपार्टमेण्टका दक्षिण एशियाका लागि निमित्त उपसहायक मन्त्री (सेक्रेटरी) डेभिड जे रान्ज (David J. Ranz) ले नेपालका लागि एम्सीसी कार्यक्रम इण्डो-प्यासिफिक रणनीतिको अत्यन्त महत्वपूर्ण थालनी भएको कुरा केही छानिएका पत्रकारहरुसंगको अन्तरक्रिया कार्यक्रममा भन्नुभएको थियो । उहाँले भन्नुभएका अन्य कुराहरु यस्ता थिए: यस कार्यक्रमले नेपालको उर्जा क्षेत्रको विकास मात्र होइन क्षेत्रीय सम्पर्क (कनेक्टीभिटी) मा अभिबृद्धि गर्नेछ । यस्तो क्षेत्रीय सम्पर्क

इण्डो-प्यासिफिक रणनीतिको अत्यन्त महत्वपूर्ण पक्ष हो । नेपाल समेत हिन्द-प्रशान्त क्षेत्रमा स्वतन्त्र, खुला र नियम आधारित प्रणाली सुनिश्चित गर्न अमेरिकी सरकारको सम्पूर्ण प्रयास रहेको छ । यस्तो प्रयास आर्थिक, सुरक्षा र शासकीय मामिलामा केन्द्रित छ । यही पहलको आधारमा हिन्द-प्रशान्त सोच अनुरुपको प्राप्तिको लागि अमेरिकाले विभिन्न कार्यक्रम आरम्भ गरेको छ । (**हिमालयन टाइम्स,** मई १५, २०१९) http://thehimalayantimes,com/nepal/millennium-challenge-corporation-compact-programme-important-initiative-under...

अर्का अमेरिकी विदेश सहायक राज्यमन्त्री एलिस वेल्स (Alice Wells) ले भियतनाम भ्रमणको क्रममा भन्नुभएको थियो, "मिलेनियम च्यालेन्ज कर्पोरेशन (एम्सीसी) अन्तर्गत नेपाललाई प्रदान गरिने ५०० मिलियन डलरको अनुदान समग्र हिन्द-प्रशान्त रणनीतिको भाग हो" (**अन्नपूर्ण पोष्ट**, फेब्रुअरी १०, २०१९) । त्यस्तै हालै काठमाण्डौ स्थित अमेरिकी दूतावासका अधिकारी कार्ल रोजर्सले एमसीसी हिन्द-प्रशान्त रणनीतिको अंग भएको स्पष्ट गर्नुभएको थियो ।

उपर्युक्त कुराहरुले नेपालको स्वतन्त्र परराष्ट्र नीतिमा के प्रभाव पार्छ र नेपाल जस्तो संवेदनशील भूराजनीतिमा रहेको देश अमेरिका जस्तो शक्तिशाली देशको सामरिक वृत्त र स्वार्थमा परेमा भविष्यमा कस्ता प्रभावहरु उत्पन्न हुन्छन् भन्ने कुराको गहिरो विश्लेषण र मूल्याङ्कन अत्यावश्यक छ । कुनैपनि सैनिक वा राजनीतिक शक्ति गठबन्धनमा सामेल हुने वा कसैको सुरक्षा छाता अन्तर्गत रहने कुरा नेपालको संविधान तथा नेपाल कम्युनिष्ट पार्टीको नीति र सिद्धान्त अनुसार अमान्य छ ।

## १३. सान्दर्भिक वाह्य अनुभवहरु

एमसिसीले हालसम्म ४९ देशहरुमा लगानी गरेको र त्यसमा अफ्रिकाका १३, एसिया प्रशान्त क्षेत्रका २६ र ल्याटिन अमेरिकाका १० देश रहेका छन् । ती मध्ये ३२ देशमा कम्प्याक्ट कार्यक्रम संचालन गर्नु पूर्वको थ्रेस होल्ड कार्यक्रम संचालन गरिएको देखिन्छ । यस कार्यक्रम अन्तर्गत ४७ कम्प्याक्ट कार्यक्रम सम्पन्न र दुई बन्द भएका, १३

प्रक्रियामा र ११ कार्यान्वयनको अवस्थामा रहेका, तीनमा हस्ताक्षर भएको, एक स्थगित र दुई रद्द भएका छन् ।

एमसीसी अन्तर्गतका कार्यक्रमको स्वरुप विभिन्न देशहरुमा फरक-फरक देखिन्छ । तर अमेरिकाको लक्ष्य र रणनीति भने समान देखिन्छ । नेपालका लागि ध्यान दिन उचित केही देशहरुको अनुभव यसप्रकार छः

**१३.१** एमसीसीसंग सबभन्दा पहिले सम्झौता गर्ने देश अफ्रिकी महादेशमा रहेको अल्पविकसित देश मडागास्कर हो । हिन्द महासागरमा अवस्थित टापु देश माडागास्कर कृषि तथा प्राकृतिक भ्यानिला , टिटानियम र पेट्रोलियम जस्ता स्रोतले धनी छ । मडागास्करले अप्रिल २००४ मा चार वर्षका लागि ११० मिलियन डलरको बजेट लगानी हुनेगरी भूमि, कृषिव्यवसाय र वित्तीय आयोजनासंचालन गर्न सम्झौता गरेको थियो । कृषिमा लगानी गर्ने भन्दै भूमिसुधार आरम्भ गरिएको थियो । यस अन्तर्गत जग्गा विदेशी कम्पनीलाई दिने विषयमा जनआक्रोश फैलियो र सैनिक विद्रोह भयो । फलस्वरुप २००९ मा एमसीसीसंगको सम्झौता रद्द भयो ।

**१३.२** सुन लगायतका बहुमूल्य खनीज रहेको अल्पविकसित अफ्रिकी देश माली र एमसीसीका बीच सन् २००६ मा त्यहाँ प्रमुख सिंचाई आयोजना अन्तर्गत भूमि व्यवस्था नीति लागू गरियो । त्यस नीतिलाई देशको प्रचलित नियम-कानूनभन्दा माथि राखिएको थियो । यस अन्तर्गत विक्री नहुँदासम्म सबै जग्गा एमसीए-मालीको स्वामित्वमा रहने र विभिन्न चरणमा जग्गाको क्षेत्रफल तोकी बिक्री गर्ने योजना थियो । प्रथम चरणमा त्यही जग्गामा बस्ने व्यक्तिहरुले एमसीए-मालीसंग जग्गा किन्नु पर्ने व्यवस्था गरियो । जग्गा किन्न नसक्ने जनता विस्थापित हुनेभएपछि व्यापक विरोध भयो । तेस्रो चरणमा जग्गा किन्ने व्यक्ति मालीको नागरिक हुनुनपर्ने व्यवस्थाले देशको जग्गा ठूला विदेशी पूँजीपतिको स्वामित्वमा रहने तथा साना र विपन्न किसानरुले जग्गा पाउन नसक्ने स्थिति उत्पन्न भयो । अन्ततः सैनिक विद्रोह भई २०१२ मा कार्यक्र रद्द भयो ।

निकारागुवा (२००५), बेनिन (२००६), घाना (२००६), लेसोथो (२००७), मोजाम्बिक (२००७), मंगोलिया (२००७), बुर्किनाफासो (२००८) र एमसीसीका बीच

भएका सम्झौताहरुमा पनि भूमिसुधार र सम्पत्तिको स्वामित्व सहितको कार्यक्रम रहेको पाइन्छ । यी देशहरुमा भूमिको निजीकरण गरी विदेशी पूँजीपतिहरुको स्वामित्व स्थापित हुने कार्यक्रमको स्वरुप रहेको देखिन्छ ।

घानाले सन् २०१४ मा एमसीसीसंग हस्ताक्षर गरेको विद्युत् प्रसारण लाईनसम्बन्धी सम्झौता राष्ट्रिय हित अनुकूल नभएको भन्दै २०१९ मा रद्द गरेको थियो । लगानीकर्ताले ८० प्रतिशत नाफा खोजेकोमा घानाले आफ्नो हिस्सा ५१ माग गरेको तर एमसीसीले सो कुरा नमानेकोले उक्त कार्यक्रम रद्द भएको थियो ।

बेनिनमा एमसीसीसंगको सम्झौता अन्तर्गत भूमिसम्बन्धी नयाँ नीति ल्याइयो र जग्गाको भूउपग्रहमार्फत नापी गरियो । त्यसपछि लगानीकर्ताहरुले विदेशबाट समेत जग्गा किन्नसक्ने व्यवस्था भई साना किसानहरु विस्थापित हुने स्थिति उत्पन्न भयो ।

**१३.३.** श्रीलङ्कामा एमसीसीसंगको सम्झौता कार्यक्रमबारे विरोध र विवाद भएपछि प्रधानमन्त्री महिन्दा राजापाक्साद्वारा कोलोम्बो विश्व विद्यालयका प्राध्यापकको संयोजकत्वमा अध्ययन टोली बनाई कार्यक्रम स्थगित गरिएको थियो । हालै त्यहाँको मन्त्रिपरिषद्ले सम्झौता खारेज गरी अमेरिकाले सम्झौतामा संशोधन गरी नयाँ प्रस्ताव पठाएमा वार्ता गर्नसकिने कुरा गरेको छ । उक्त विरोध र विवाद एमसीसी सम्झौतासंगै पारित हुनुपर्ने भनिएका National Physical Plan 2050 (NPP), Counter Terrorism Act (CTA), Acquisition and Cross Servicing Agreement (ACSA), Status of Forces Agreement (SOFA) सम्झौता तथा विधेयकहरुसँग पनि सम्बन्धित छ । श्रीलंकाली राष्ट्रपति सिरिसेनाले आफु समक्ष उक्त सम्झौताको जम्मा आठ पृष्टमात्र पेश गरिएको र हाल ५० भन्दा बढी अनुसूचीहरु भएको ८३ पृष्ट लामो सम्झौताबारे आफुलाई थाहा नभएको भनी भन्नुभएको कुरो सार्वजनिक भएको छ । श्रीलङ्कामा एमसीसी सम्झौताले ४८ करोड अमेरिकी डलर खर्च हुने गरी भूमि व्यवस्थापन र सडक पूर्वाधार क्षेत्रमा परियोजना प्रस्ताव गरेको थियो । यसमा भूमिको विषय सबैभन्दा विवादित बन्यो । भूमि व्यवस्थापनको मूल उद्देश्य जग्गाजमिनको स्थानिक (Spatial) अर्थात् अवस्थिति र नापीसम्बन्धी र स्वामित्वसम्बन्धी जानकारीलाई सर्वसुलभ बनाई ओझेलमा परेकाजग्गाबाट पनि आर्थिक लाभ लिने र सबैका लागि जग्गाको किनबेच प्रक्रियालाई सहज बनाउने रहेको थियो ।

यसका लागि देशभरीको जग्गाको नापनक्साको विद्युतीय तथ्याङ्क तयार गर्ने, जग्गाको मूल्य निर्धारण विधि विकास गर्ने, जग्गाको स्वामित्व सरकारमा दर्ता हुने विद्यमान सामान्य प्रणाली (Deeds system) बाट विस्तृत विवरण सहितको दर्ता प्रणाली (Title registration system) मा रुपान्तरण गर्ने र राष्ट्रिय भूमि व्यवस्थापन नीति निर्माण गर्ने भन्ने रहेको देखिन्छ । यसका लागि जग्गाको विवरणसम्बन्धी कानुन तथा जग्गासम्बन्धी विशेष प्रावधान- State Land Bank Bill and a Land (Special Provisions), ल्याइने, सार्वजनिक जग्गा कुनै एउटा निकाय अन्तर्गत आउने र त्यसलाई विदेशी लगायत निजी लगानीकर्तालाई उपलब्ध गराइने भन्ने छ ।

जब विपन्नवर्गका जग्गाधनी सामु जग्गा बिक्री गर्ने विकल्प आउँछ, ढिलो चाँडो उनीहरु जग्गा बिक्री गरी भूमिहीनमा परिणत हुने कुरा विश्वभरकै अनुभवले देखाउँछन् । किनभने प्रायः उनीहरु आर्थिक अभाव र ऋणसँग संघर्षरत हुन्छन् । तसर्थ, नियत जेसुकै भएपनि परिणामतः एमसीसीले प्रस्तावित गरेजस्तो उक्त भूमि नीतिले जग्गाको स्वामित्व केही सीमित देशी विदेशी पूँजीपतिको हातमा पुऱ्याउने देखिन्छ ।

**१३.४** सन् २००७ मा एमसीसी र मंगोलियाका बीच भएको सम्झौतामा रेल यातायातमा सहायता गर्ने भनिएकोमा मंगोलियाको उलानबटोर रेल्वेमा ५० प्रतिशत रुसको स्वामित्व भएकोले रुसको विरोध पश्चात् उक्त रकम सम्पत्तिको हक, स्वास्थ्य, व्यवसायिक शिक्षा, उर्जा, वातावरणमा खर्च गर्न सम्झौतामा संशोधन गरिएको थियो ।

सारमा, एमसिसी लागू भएका ४९ देशका अनुभवहरु मिश्रित खालका छन् । कुनै मुलुकका परियोजना सफल भएर त्यसले अर्थतन्त्रमा सकारात्मक योगदान गरेको देखिन्छ भने कहीँ यसले विवाद सिर्जना गरेको देखिन्छ । दुईवटा मुलुकमा भने यो रद्द भएको छ ।

## १४. निष्कर्ष र सुझावहरु

उपर्युक्त विभिन्न प्रकरणमा एमसीसी, एमसीए-नेपाल तथा आइपीएस्सम्बन्धी दस्तावेज र सामाग्रीको अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ :

**१४.१** नेपालको परराष्ट्र नीति, संयुक्त राष्ट्र संघको बडापत्र, पञ्चशील र असंलग्नताका सिद्धान्तहरु तथा नेपालको संविधानद्वारा निर्दिष्ट राष्ट्रिय हितका आधारभूत मान्यताहरुबाट निर्देशित हुँदै आएको छ । आर्थिक सहायता लिने लगायत नेपालको वाह्य सम्बन्ध सबैसँग मित्रता कायम गर्ने, कसैसँग वैरभाव नराख्ने, विश्व शान्तिका मान्यताहरुलाई सहयोग र प्रवर्द्धन गर्ने, कुनै पनि सैन्य गठबन्धन या शक्ति राष्ट्रहरुको प्रतिष्पर्धाबाट अलग रहने नेपालको अविचलित नीतिमाथि आधारित रहनु पर्दछ । स्वतन्त्र र सन्तुलित नीतिमाथि आधारित रहेर छिमेकी मित्र राष्ट्रहरु, अन्य मित्र एवं विकास साझेदार राष्ट्र र संस्थाहरुसँग सम्बन्ध कायम गर्दै त्यसलाई विस्तार र सुदृढ गर्ने नेपालले अवलम्बन गर्दै आएको नीति अनुरुप हुनुपर्दछ ।

**१४.२** नेपालले आर्थिक समृद्धिको लागि मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट आर्थिक ऋण र अनुदान लिदै आएको छ । नेपाल जस्तो आर्थिक विकासका लागि पूँजीगत र प्राविधिक स्रोतको न्यूनता रहेको देशका निम्ति यस्ता सहायताहरु धेरै महत्वपूर्ण हुने गर्छन् । यस्तो सहायताले राष्ट्रिय आवश्यकता र स्रोतको न्यूनताबीचको अन्तर कम गर्न, देशको विश्वसनीयता वृद्धि गर्न तथा लगानी र व्यवसायका लागि अनुकूल स्थिति रहेको सन्देश सम्प्रेषण गर्न र आधुनिक प्रविधिमार्फत् विकास कार्यमा गति दिन पनि सहयोग पुऱ्याउँछ । यस्तो सहायता कुनै देशको राजनीतिक मान्यता वा शासन व्यवस्थाको स्वरुप हेरेर निर्धारण गर्ने वा आफुसंग समान धारणा राख्नेहरुसंग मात्र त्यस्तो सम्बन्ध कायम गर्ने भन्ने मान्यता नेपालले राखेको छैन । नेपाल कम्युनिष्ट पार्टीले पनि त्यस्तो विचार र मान्यता राख्दैन । तर यस्तो सहायता दाताहरुको इच्छा या प्राथमिकतामाथि आधारित नभएर राष्ट्रिय हित र आवश्यकता तथा प्राथमिकताका क्षेत्र अनुकूल हुनुपर्दछ । नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख र आत्मनिर्भर अर्थतन्त्र एवं दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई सघाउने हुनुपर्दछ । सार्वभौमिक समानताको मान्यता अनुरुप हुनुपर्दछ । विगतमा यस्तो मान्यता खण्डित वा कमजोर हुने गरी भएका सम्झौता र सहमतिका नकारात्मक परिणाम एवं अनुभवहरुबाट पाठ सिक्नु पर्छ ।

**१४.३** नेपाल र संयुक्त राज्य अमेरिकाबीच घनिष्ठ मित्रतापूर्ण सम्बन्ध रहँदै आएको छ । नेपालको सामाजिक आर्थिक विकासमा अमेरिकाले दुईपक्षीय र वहुपक्षीय संयन्त्रहरुमार्फत्

महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ । एमसीसीसंगको सम्झौताबाट नेपालको उर्जा र सडक पूर्वाधारको क्षेत्रमा प्रस्तावित ५० करोड डलरको आर्थिक सहायता पूर्वाधारका क्षेत्रमा अहिलेसम्म अमेरिकाको सबैभन्दा ठूलो सहायता हो । यद्यपि यो अनुदान सामान्य दुईपक्षीय अनुदान नभई अमेरिकाको विश्वव्यापी रणनीति र कार्यक्रम अन्तरगत रहेको देखिन्छ । यस्तो सहायताको बारेमा निर्णय गर्दा यसको पृष्ठभूमि, सम्झौता र सहमतिका समग्र पक्ष तथा सम्बन्धका सबै आयामलाई ध्यान दिइनु पर्छ ।

**१४.४** कुनैपनि वाह्य ऋण र अनुदान राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान र हित अनुकूल हुनुपर्छ भन्नु कुनै देशप्रति कुनै पूर्वाग्रह राखिएको अर्थ लाग्दैन । आफ्नो देशको हित र सुरक्षाको कुरा गर्नु कुनै देशसंगको सम्बन्ध बिगार्न खोजेको भन्ने तर्क गर्नु अनुचित हुन्छ । संसारका सबै देशहरुले वाह्य पूँजी र प्रविधि आफ्नो हितका लागि उपयोग गर्दछन् । यसो गर्नु वाह्य पूँजी, प्रविधि र सहयोगलाई अस्वीकार वा हतोत्साही गर्नखोजेको भन्ने अर्थ लाग्दैन । समाजवाद उन्मुख राजनीतिक व्यवस्था, स्वतन्त्र परराष्ट्र नीति, आत्मनिर्भर अर्थतन्त्रको परिकल्पना गरेको नेपालको शासन व्यवस्थाले वाह्य एकाधिकार तथा कुनैपनि किसिमको शक्ति राष्ट्रहरुसंगको सामरिक वा राजनीतिक गठबन्धन र हस्तक्षेपलाई स्वीकार गर्दैन । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को लक्ष्य, उद्देश्य र कार्यक्रम पनि त्यस्तै रहेको छ । वर्तमान विश्वमा सबै देशहरुले आफ्नो हित अनुकूल नै अन्य देशहरुसंग सम्बन्ध कायम र कारोबार गर्दछन् । राष्ट्रिय स्वाधीनता र स्वाभिमान सबैको लागि सर्वाधिक महत्वको हुन्छ । नेपाल सरकार र एमसीसीका बीच भएको आर्थिक अनुदान सहायता सम्झौता पनि नेपालले हालसम्म अवलम्बन गर्दै आएको स्वतन्त्र परराष्ट्र नीति तथा सबै राष्ट्रहरुसंग मित्रता र सार्वभौमिक समानताको मान्यता अनुरुप नै हुनुपर्छ । यससंग मेल नखाने मूल सम्झौता र सहायक सम्झौताका प्रावधानहरु संशोधन वा परिवर्तन हुनुपर्छ ।

**१४.५** नेपाल सरकार र एमसीसी बीचको सम्झौता र नेपालको कानुनको अन्तरसम्बन्धबारे सम्झौतामा उल्लेख गरिएका कतिपय व्यवस्था अन्योल उत्पन्न गर्ने किसिमका र त्रुटिपूर्ण छन् । सम्झौता अन्तरगतको कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सम्झौताका प्रावधानहरु प्रभावी हुने र त्यस हदसम्म सम्बन्धित मुलुकका कानुनहरु लागू नहुने विषय स्वाभाविक नै भएपनि यसबाट नेपालका अन्य कानुनी प्रबन्धहरु प्रभावित नहुने कुरा सुनिश्चित गरिनुपर्छ

तथा वर्तमान र भविष्यमा बन्ने अमेरिकी कानुन लागू हुने भनी गरिएको त्रुटिपूर्ण व्यवस्था सच्याइनु पर्दछ ।

सम्भौताका प्रावधानहरु नेपालको कानूनसंग बाभिएमा वा असंगत भएमा राष्ट्रिय कानूनभन्दा माथि हुने तथा नेपालमा अमेरिकी कानून लागु हुने कुरा हटाई सम्भौतामा लेखिएका कुराका हकमा सोही बमोजिम र सम्भौतामा नलेखिएका कुराका हकमा नेपालको कानुन बमोजिम हुनेछ भन्ने स्पष्ट प्रावधान हुनु पर्छ ।

विभिन्न देश तथा संस्थाहरुका बीच हुने करार र सम्भौतामा उल्लेखित प्रावधानको कानुनी व्याख्या र विवाद उत्पन्न हुने स्थितिमा मध्यस्थता वा विवादको समाधान गर्ने प्रयोजनका लागि कुनै अन्य देशको कानून बमोजिम गरिने प्रचलन भएपनि त्यस्ता सम्भौतामा कुनै एक पक्ष देशको विद्यमान तथा भविष्यमा बन्ने कानुन मान्नु पर्ने र कुनै अर्को पक्ष देशको कानून पूर्णतः निस्क्रिय हुने भन्ने प्रावधान कुनैपनि सार्वभौम देशको लागि मान्य हुँदैन । सम्भैतामा अमेरिकी कानून भूतप्रभावी हुने कुरा समेत उल्लेख छ ।

**१४.६** सन् २००२ देखि नै एमसीसी तथा त्यस अन्तर्गत संचालन हुने मिलेनियम च्यालेञ्ज कम्प्याक्ट र मिलेनियम च्यालेञ्ज अकाउण्ट अमेरिकी राष्ट्रिय सुरक्षा र रक्षानीति अन्तर्गत बगाडि बढाइएको देखिन्छ । विभिन्न समयमा अमेरिकी रक्षा मन्त्रालयद्वारा प्रकाशित सुरक्षा र रक्षा रणनीतिसम्बन्धी प्रतिवेदनहरुमा उक्त कुरा उल्लेख गरिएको छ । साथै अमेरिकी अधिकारीहरुबाट त्यस्ता अभिव्यक्तिहरु सार्वजनिक भएका छन् । सुरक्षा र रक्षा नीति अन्तर्गत नै हिन्द-प्रशान्त रणनीति ल्याइएको पाइन्छ । यो अमेरिकाको तीब्र प्रतिस्पर्धा रहेका देशहरुतर्फ परिलक्षित रहेको कुरा स्पष्ट रुपमा उल्लेख छ । यसरी अमेरिकी राष्ट्रिय सुरक्षा र रक्षा रणनीतिको एउटा मत्वपूर्ण अंगको रुपमा हिन्द-प्रशान्त रणनीति ल्याइएको देखिन्छ भने यी सबै रणनीतिको अंगको रुपमा एमसीसी अन्तर्गतको कार्यक्रम संचालन गरिएको देखिन्छ । यस अर्थमा यी सबै अन्तरसम्बन्धित देखिन्छन् । कुनै देशले नेपाललाई दिने आर्थिक सहायता वा ऋणको बृहत्तर उद्देश्य दातृ राष्ट्रको सामान्य राष्ट्रिय सुरक्षा नीति वा हितसंग गाँसिएको भन्ने मात्र नभई सम्भौताका विभिन्न प्रावधानहरु नेपाललाई बन्धित र निर्देशित गर्ने किसिमका छन् ।

एमसीसीको कार्यक्रम आर्थिक योजनासंग सम्बन्धित देखिएपनि यो अमेरिकी सरकारको सुरक्षा लक्ष्य र कार्यक्रमसंग घनिष्ठ रुपमा जोडिएको देखिन्छ। नेपालको संविधान र स्वतन्त्र परराष्ट्र नीतिले सामरिक रुपमा कुनै मित्र राष्ट्रका विरुद्ध वा विरुद्ध गएको अर्थ लाग्ने किसिमले कुनै अर्को देशसंग सामरिक र रणनीतिक लगायतको गठजोड वा संलग्नतामा सरिक हुने अनुमति दिदैन । देशको संवेदनशील भूराजनीति तथा नेपाल र नेपाली जनताको हितको दृष्टिबाट पनि त्यस्तो संलग्नता उचित हुँदैन । अतः एमसीसी अन्तर्गत नेपाललाई प्राप्त हुने अनुदान अमेरिकी सामरिक र रणनीतिक लक्ष्य अन्तर्गत आईपीएस्संग सम्बन्धित नभएको र नहुने कुरा सुनिश्चित हुनेगरी नेपाल र अमेरिकाका बीच औपचारिक पत्राचारद्वारा प्रष्ट गरिनुपर्छ। यस विषयमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयले आवश्यक पहल गर्नुपर्छ।

**१४.७** नेपालमा उत्पादन हुने विद्युत उर्जालाई राष्ट्रिय आवश्यकता पूरा गरी वचत भएको परिमाण विदेशमा बेच्न सकिनेमा कसैको विमति हुनसक्दैन । तर यस्तो व्यापार राष्ट्रिय हीतलाई सर्वोपरी राख्दै पारदर्शी किसिमले गरिनु पर्छ । तर सम्झौतामा विद्युत प्रसारण लाइनको संचालन के-कसरी हुन्छ भन्ने कुरा स्पष्ट छैन । सन् २०१५ मा नेपाल विद्युत प्राधिकरण अन्तर्गत विश्व बैंकको सहयोगमा राष्ट्रिय प्रसारण लाईनको गुरुयोजनालाई एमसीसीसंगको सम्झौता हुने प्रक्रिया अगाडि बढ्‌पछि संशोधन गरी सम्झौतामा उल्लेखित प्रसारण लाइनको प्रस्ताव समावेश गरिएको देखिन्छ। यसरी संशोधन गर्दा प्रसारण लाइन निकै घुमाइएको छ । त्यस्तै प्रसारण लाइनबाट विद्युत उर्जा भारत निर्यात गरिए वापत शुल्क कसले, कसरी र कति उठाउने भन्ने स्पष्ट छैन । स्वतन्त्र निजी कम्पनी खोलेर त्यसलाई विद्युत उत्पादन र वितरणको अनुमतिपत्र दिनपाउने र महसूल निर्धारणको अधिकार हुने अर्थ लाग्ने किसिमका प्रावधानहरु रहेका छन् । यस्तो संवेदनशील राष्ट्रिय सरोकारको विषयलाई स्पष्ट र सुनिश्चित तुल्याइनु पर्छ । निर्मित विद्युत प्रसारण लाईन नेपाल सरकारलाई हस्तान्तरण गरी राष्ट्रिय आवश्यकता अनुरुप संचालन हुने स्पष्ट प्रावधान हुनुपर्छ। त्यस्तै मरमत सम्भार गरिने भनिएका सडकहरु त्यस्तो मरमत सम्भार पछि तुरन्तै नेपाल सरकारलाई हस्तान्तरण गरी संचालन गरिने कुरा प्रष्ट हुनु आवश्यक छ । पूर्वाधार विकासको नाममा राष्ट्रिय हित र स्वाधीनतामा पर्नसक्ने प्रभावलाई सदैव

ध्यान दिइनु पर्छ । किनकि पूर्वाधारको विकास पनि देशलाई सुदृढ बनाउनकै लागि आवश्यक हुन्छ ।

१४.८ निर्धारित परियोजनामा नेपाललाई दिइने अनुदान र नेपालले गर्ने योगदानमा पारस्परिक समानताको आधारमा नेपालको स्वामित्व रहनेगरी मूल सम्झौता र त्यसको आधारमा गरिएका सबै सम्झौताहरुलाई संशोधन गरिनु पर्छ । मूल सम्झौतामा नै सबै नीतिगत र निर्णायक विषय समावेश गरी त्यसको आधारमा कार्यान्वयनको प्रक्रियासंग सम्बन्धित विषयमा मात्र अन्य व्यवस्थाहरु हुनुपर्छ । एउटा सम्झौता संगै अनेकौं सम्झौता गरी ती सम्झौताहरुमा नयाँ कुराहरु समावेश हुने स्थिति रहनु हुँदैन ।

१४.९ एमसीसी अनुदान अन्तर्गत नेपालमा संचालन हुने आयोजना पाँच बर्षको लागि भएकाले निर्मित संरचनाहरु आयोजना पूरा हुनेवित्तिकै सम्पूर्ण रुपमा नेपाललाई हस्तान्तरण गर्ने प्रावधान सुनिश्चित गरिनुपर्छ । मूल सम्झौता र त्यस अन्तर्गत भएका सबै सम्झौताहरुमा पारस्परिक समानता अनुरुपको भाषा प्रयोग गरिनुपर्छ ।

१४.१० अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र दुईपक्षीय आर्थिक सहायता सम्बन्धी करार सम्झौताको स्पष्ट व्याख्यासहित कस्ता विषय संसदको दुई तिहाई बहुमतले पारित गर्ने, कस्ता विषय प्रतिनिधिसभाको सामान्य बहुमतले पारित गर्ने र कस्ता विषयमा मन्त्रिपरिषद्को निर्णय पर्याप्त हुने विषय संविधानमा नै उल्लेख गरिएको छ । यसमा कुनै द्वीविधा रहनु हुँदैन । आवश्यक परे पार्टीमा छलफल गरिनुपर्छ । सामान्यतः नेपालको कानून अन्तर्गत नेपालले दुई पक्षीय रुपमा विकास आयोजनाका लागि गर्ने सम्झौता निश्चित अवधिको लागि हुने करार सम्झौताका रुपमा रहेका हुन्छन् । नेपाल र एमसीसी बीच भएको सम्झौतालाई अन्तर्राष्ट्रिय कानून अन्तर्गत भएको सम्झौताका रुपमा संसदबाट अनुमोदन गराउनु पर्ने व्यवस्था गरिएको छ । यो सम्झौता नेपालको कानूनभन्दा माथि रहने प्रावधानको कारण संसदमा पेश गर्नुपर्ने अवस्था उत्पन्न भएको देखिन्छ । यसले भविष्यमा अन्य दातृ राष्ट्रहरुसँग गरिने सबै विकास सहायता सम्झौतालाई अन्तर्राष्ट्रिय सम्झौता मान्नुपर्ने र ती सबैमा नेपालको कानून निस्क्रिय हुनसक्ने नजिर स्थापना हुनसक्ने र यसले नेपाललाई अतिरिक्त दायित्व थपिदिने र देशको शासन प्रणाली लगायतका विषयमा जटिलता उत्पन्न गर्ने हुनसक्छ । यस्ता कुराहरुलाई समयमै स्पष्ट पारिनु पर्छ ।

**१४.११** कार्यक्रम अन्तर्गतका आयोजनाहरुमा नेपाली कम्पनीहरुले कर्मचारी र कामदार भर्तिको लागि काम गर्नपाउने तथा विदेशी नागरिकहरुका लागि केवल नेपालमा उपलब्ध नहुने जनशक्ति आवश्यक हुने स्थानमा मात्र काम गर्नपाउने व्यवस्था गरिनु पर्छ । त्यस्तै नेपालमा प्राप्त हुने आवश्यक निर्माण र अन्य सामग्री नेपालकै प्रयोग हुने व्यवस्था हुनुपर्छ । विदेशबाट आयात हुने वस्तुहरुमा कर र भन्सार छुट हुने भएतापनि आयातित मालसामानलाई नेपाल सरकारको सम्बन्धित निकायले भन्सार विन्दुमा आवश्यक जाँचबुझ गर्ने व्यवस्था हुनुपर्छ ।

**१४.१२** सम्झौता प्रतिनिधिसभामा अनुमोदनका लागि पेश भइरहेको र अनुमोदन भइनसकेको अवस्थामा अर्थमन्त्री डा. युवराज खतिवडा र एमसीसीको क्म्प्याक्ट संचालन विभागका उपाध्यक्ष अन्थोनी बी. वेल्चरका बीच सेप्टेम्बर २०१९ मा कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको छ । यसका साथै जून ११, २०१९ मा एमसीसीको क्म्प्याक्ट संचालन विभागका उपाध्यक्ष अन्थोनी बी. वेल्चरले अर्थमन्त्री डा. युवराज खतिवडालाई लेख्नुभएको पत्रमा सम्झौताको अनुसूची १ को (बी) (१) (एच्) को व्यवस्थामा संशोधन र परिवर्तन गरिएको कुरा उल्लेख गर्दै त्यसमा संसदमा पेश गरिएको सम्झौतामा रहेको उर्जा मन्त्रालयको नाम हटाइनुका साथै नयाँ कानुनद्वारा विद्युत क्षेत्रको नियमनका लागि एउटा स्वतन्त्र संरचना बनाइने कुरा राखिएको छ । यस प्रकारको संरचनाको औचित्य वा अनौचित्य आफैमा छलफलको विषय हो । सम्झौता संसदमा अनुमोदनलागि पेश भइरहेको अवस्थामा उक्त प्रकारको कार्यले निर्णय प्रक्रियाका दृष्टिबाट संसदको विशेषाधिकारको हनन हुने र अर्कोतर्फ भविष्यमा यसरी नै नेपालको संसद र प्रशासनिक प्रक्रियामा नगई सम्झौतामा संशोधन गर्नसकिने व्यवस्था नेपालका लागि हितकर नहुने देखिन्छ ।

**१४.१३** नेपाल सरकार र एमसीसी सम्झौता संसदबाट अनुमोदन हुने वा नहुने विषयको अन्तिम टुंगो नलाग्दै आयोजना कार्यान्वयनको काम अगाडि बढाइनु कानूनी र व्यवहारिक दुबै दृष्टिले अनुचित हुन्छ । नेपालको शासन प्रशासनलाई नै असक्षम र अनुपयुक्त भन्ने अर्थ लाग्नेगरी सम्झौताबारे अन्तिम निर्णय नहुँदै त्यस अन्तर्गत गरिनुपर्ने कार्य पहिले नै आरम्भ गर्ने काम कुरा गर्नु झनै देशलाई अरुले भने बमोजिम गर्न बाध्य तुल्याउनु ठहरिन्छ । नेपालले कुनैपनि देशसंग कुनै आयोजनाबारे सम्झौता गर्दा त्यस्तो सम्झौतामा अन्तिम

निर्णय नहुँदै कार्यान्वयनमा लैजाने नीति र कामले अनुपयुक्त नजीर स्थापित गर्दछ । यस्तो कहीं पनि गरिदैन । अतः सम्झौताबारे अन्तिम निर्णय नहुँदासम्म कम्प्याक्टका कुनैपनि कार्य अगाडि बढाइनु हुन्न । साझेदार र तिनको संलग्नतातथा सहायक सम्झौता गर्दै जाने भनिएकोमा त्यसमा के विषय वा प्रावधान रहने भन्ने कुरा स्पष्ट हुनुपर्छ । साथै प्राप्त हुननसकेका वा ढिलो गरी प्राप्त दस्तावेजहरुको थप अध्ययन गरिनुपर्छ ।

**१४.१४** प्रस्तुत सम्झौताहरु र यसका कतिपय सहायक सम्झौताहरु हेर्दा नेपालको तर्फबाट पर्याप्त तयारी, अध्ययन अनुसन्धान र आफ्ना दृष्टिकोणहरु स्पष्ट राख्नमा कमी रहेको देखिन्छ । फलस्वरुप सम्झौतामा प्रयुक्त कतिपय भाषा, शब्द, शब्दावली र प्रावधानहरुमा कमजोरीहरु रहन गएका छन् । मुलुकको आर्थिक सामाजिक क्षेत्रमा दूरगामी प्रभाव पार्ने यस्ता सम्झौताहरुमा नेपालको तर्फबाट वार्ताका लागि पर्याप्त पूर्व तयारी गर्नुपर्ने देखिन्छ ।

नेपालले अब उप्रान्त कुनैपनि देशसंग आर्थिक अनुदान र ऋण प्राप्त गर्दा सर्वप्रथम संविधान, कानुन र राष्ट्रिय स्वाधीनता र स्वाभिमान अनुकूल भएको नभएको कुरा गम्भीर रुपमा विश्लेषण गरेर मात्र स्वीकार गर्ने प्रणाली र परिपाटीलाई बलियो बनाउँदै त्यसको दुढतापूर्वक अनुशरण गर्नुपर्छ । दीर्घकालीन रुपमा प्रभाव पार्ने वाह्य आर्थिक सहायता र ऋणबारे निर्णय गर्नु पूर्व राष्ट्रिय हितलाई केन्द्रभागमा राख्दै पार्टीको उच्च तहमा समेत गम्भीर परामर्श र छलफल गरी सुविचारित निर्णय गर्ने परिपाटी अवलम्बन गरिनु पर्छ । यस्तो छलफल पश्चात् निर्णय गरिसकेपछि त्यसको दृढतापूर्वक कार्यान्वयन गर्ने प्रणालीको विकास गरिनु पर्दछ । नेपालले कहाँबाट कति रकम प्राप्त गर्छ भन्ने कुरामा सर्वप्रथम त्यसले नेपालको नीति र हितको कति साधना गर्छ भन्ने कुरामा राम्ररी ध्यान दिइनु पर्छ । यसतर्फ विचार नपुऱ्याई वाह्य सहयोगको चक्रमा परेका देशहरुको स्थितिबाट शिक्षा लिइनु पर्छ । यस्ता संवेदनशील विषयहरुलाई अगाडि बढाउँदा राष्ट्रिय हित, स्वाधीनता, स्वाभिमान तथा मित्र राष्ट्रहरुसँगको सम्बन्ध र कुटनीतिक मर्यादालाई गम्भीर रुपमा लिइनु पर्दछ ।

**१४.१५** एमसीए-नेपाल सोझै एमसीसीबाट निर्देशित र परिचालित नभई नेपाल सरकारद्वारा संचालित र निर्देशित हुने व्यवस्था गरिनु पर्छ । नेपाल सरकारको अधिकार र भूमिकालाई यथोचित स्थान दिदै त्यसलाई कुनैपनि अर्थमा निषेध गरिनु हुन्न । कार्यक्रमका सबै

गतिविधिहरु नेपाल सरकारको सहभागिता, अनुगमन र निरीक्षणको दायरामा रहनु पर्छ । नेपाल सरकार र अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता तथा त्यस अन्तर्गत गरिएका कार्यक्रम कार्यान्वयन सम्झौता लगायतका सम्झौताहरुमा माथि प्रकरण ४.४, ५.६, ८.९, ९.८, १०.६, ११.६ र १२ मा लेखिएका कुरामा गम्भीर ध्यान दिई त्यस सम्बन्धमा आवश्यक संशोधन, सुधार र परिमार्जन गर्नु आवश्यक छ । यसो गरेर मात्र सम्झौतालाई संसदबाट अनुमोदन गर्ने वा अगाडि बढाउने कार्य गरिनु पर्छ ।

**१४.१६** कुनैपनि देशले अन्तर्राष्ट्रिय सम्बन्ध संचालनका सबै पक्षमा अन्तर्राष्ट्रिय सम्बन्ध संचालनको जिम्मेवारी प्राप्त परराष्ट्र्य मन्त्रालयको जानकारी, विश्लेषण, परामर्श र निर्णयको आधारमा काम गर्दछन् । यो अत्यन्त स्वाभाविक हो । तर नेपालमा वाह्य आर्थिक सहायता लगायत कतिपय अन्तर्राष्ट्रिय सहायता तथा सम्बन्धका विषयमा परराष्ट्र मन्त्रालयको संलग्नता नहुने मात्र होइन त्यस मन्त्रालयलाई जानकारी समेत नहुने स्थिति रहँदै आएको छ । यस्तो स्थिति रहनु उचित हुँदैन । अतः अब उप्रान्त वाह्य सम्बन्धका सबै विषयमा परराष्ट्र मन्त्रालयको भूमिका र संलग्नता हुनपर्ने व्यवस्था गरिनु पर्छ ।

## १५. कार्यदलका सदस्य प्रदीपकुमार ज्ञवालीको फरक मत

प्रस्तुत विषयका कतिपय विश्लेषण र निष्कर्षहरु लगायत प्रश्नहरुमा मेरा आफ्ना पृथक बुझाइ, अध्ययन र मान्यता रहेको तथा त्यसलाई स्पष्ट पार्नु आवश्यक ठानेकोले कतिपय प्रश्नमा मेरा भिन्न रायसहित समग्र विषयमा आफ्नो दृष्टिकोण देहाय बमोजिम प्रस्तुत गरेको छु।

१. सन्दर्भ

नेपालले असंलग्नता, पञ्चशीलता एवं संयुक्त राष्ट्र संघको बडापत्रले निर्दिष्ट गरेका सिद्धान्तहरुमाथि आधारित स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ। नेपालको संविधानमा राष्ट्रिय हितका आधारभूत मान्यताहरूलाई निर्दिष्ट गरिएसँगै परराष्ट्र नीति सञ्चालनका लागि स्पष्ट संवैधानिक दिशा निर्देश समेत प्राप्त भएको छ। राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राख्दै सबैसँग मित्रता कायम गर्ने, कसैसँग वैरभाव नराख्ने, विश्व शान्तिका मान्यताहरूलाई सहयोग र प्रवर्द्धन गर्ने, कुनै पनि सैन्य गठबन्धन या शक्ति राष्ट्र-प्रतिष्पर्धाबाट अलग रहने र अन्तरराष्ट्रिय सम्बन्धहरुको आधार न्याय एवं अन्तर्राष्ट्रिय उत्तरदायित्वमाथि आधारित हुनु पर्ने मान्यतामाथि उभिएर हामीले छिमेकी मित्र राष्ट्रहरू, विकास साझेदारहरू र अन्य मित्र राष्ट्रहरूसँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गर्दै आएका छौं। आर्थिक सहायता लगायत हाम्रा सबै वाह्य सम्बन्धहरुका मूल आधार पनि यिनै सिद्धान्तहरु नै हुन्।

अल्पविकसित एवं विकासशील मुलुकहरुले सामना गर्नु परिरहेको स्रोतको न्यूनतालाई संवोधन गर्न वाह्य आर्थिक सहयोगको भूमिका महत्वपूर्ण हुन्छ। आधिकारिक विकास सहायता (ओडिए), वित्तीय र प्राविधिक अनुदान, सहुलियतपूर्ण ऋण र प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) लगायत विभिन्न स्वरुपका वाह्य स्रोतहरुले सम्बन्धित मुलुकको आवश्यकता र स्रोतको न्यूनता बीचको अन्तरलाई पूर्ति गर्न, उच्चस्तरको प्रविधि र व्यवस्थापन मार्फत् सम्बन्धित मुलुकको क्षमता अभिवृद्धि गर्न, आर्थिक वृद्धिलाई तीव्रता दिन र विश्व आर्थिक वृत्तमा पहुँचलाई प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछन्।

यसै दृष्टिकोणका आधारमा नेपालले विभिन्न मित्र राष्ट्रहरु एवं वहुपक्षीय दातृ संस्थाहरुबाट आर्थिक एवं प्राविधिक सहायता लिँदै आएको छ । यस्ता राष्ट्र एवं संस्थाहरुबाट सहायता प्राप्त गर्ने क्रममा कतिपय अनावश्यक शर्तहरु राखिने गरिएको एवं त्यस्तो सहायताको सही उपयोग हुन सकेन र अपेक्षित मात्रामा प्रभावकारी हुन सकेन भन्ने जस्ता प्रश्नहरु उठ्ने गरेको भएतापनि यस्तो सहायता आवश्यक छ भन्ने बारेमा भने कुनै दुई मत रहेको पाइँदैन । वाह्य सहायताको प्राथमिकता, स्वरुप र प्रभावकारिताका सम्बन्धमा नेपाल सरकारले विभिन्न नीति, शर्त र मापदण्ड तर्जुमा गर्दै आएको छ । यस्तो सहायता दाताहरूको इच्छा या प्राथमिकतामाथि आधारित नभएर मुलुकको राष्ट्रिय आवश्यकता, प्राथमिकता निर्धारण गरिएको क्षेत्र र राष्ट्रिय हित अनुकूल हुनु पर्ने र नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख र आत्मनिर्भर अर्थतन्त्र एवं दिगो शान्ति, सुशासन, विकास र समृद्धिलाई सघाउने खालको हुनु पर्दछ भन्ने कुरामा भने कुनै विवाद हुन सक्दैन । संयुक्त राज्य अमेरिका नेपालको महत्वपूर्ण विकास साझेदार हो । दौत्य सम्बन्ध कायम भए यताको सात दशकभन्दा लामो अवधिमा अमेरिकाले द्विपक्षीय र वहुपक्षीय संयन्त्रहरूमार्फत् नेपालको शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, औलो उन्मूलन, कृषि, वन र उर्जा लगायत क्षेत्रमा महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ । नेपालका लागि पर्यटकहरुको तेस्रो ठूलो स्रोत मुलुकका रुपमा रहेको अमेरिकाले विभिन्न नेपाली वस्तुहरुलाई सहुलियतपूर्ण बजार सुविधा पनि उपलब्ध गराउँदै आएको छ । मिलेनियम च्यालेन्ज कर्पोरेशन मार्फत् नेपालको उर्जा र सडक पूर्वाधारको क्षेत्रमा प्रस्तावित ५० करोड डलरको आर्थिक सहायता अमेरिकाले पूर्वाधारका क्षेत्रमा अहिलेसम्म गरेको सबैभन्दा ठूलो आर्थिक सहायता हो ।

२. मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)

एमसिसी स्थापनाको पृष्ठभूमि हेर्दा अल्पविकसित र विकासशील मुलुकहरुको आर्थिक विकासमा विकसित मुलुकहरुले सहयोग बढाउनु पर्ने भनी निरन्तर उठेको आवाज, सेप्टेम्बर ११ को घटनापछि सिर्जित विशेष परिस्थिति र अन्तरराष्ट्रिय सहयोगका प्रचलित स्वरुप र ढाँचाभन्दा फरक ढङ्गले क्रियाशील हुने अमेरिकी चाहना मुख्य देखिन्छन् । अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुशले सन् २००२ को मार्च १४ मा वासिङ्टन डिसीमा आयोजित 'इन्टर अमेरिकन डेभलपमेन्ट बैङ्क' को कार्यक्रममा एमसिसी स्थापनाको घोषणा गर्दै

भनेका थिए: आज म विश्वव्यापी विकासका लागि नयाँ सम्झौताका निम्ति आह्वान गर्छु, जसमा धनी र गरिब दुबै राष्ट्रका लागि नयाँ उत्तरदायित्व परिभाषित भएको हुने छ । विकसित मुलुकबाट हुने अझ ठूलो सहयोग विकासशील मुलुकहरुको अझ ठूलो जवाफदेहितासँग जोडिनु पर्छ । संयुक्त राज्य (अमेरिका) ले उदाहरणद्वारा अगुवाइ गर्नेछ । हामीले हाम्रो विकास सहायतालाई आगामी तीन बजेट शृङ्खलामा पाँच अरब डलरले वृद्धि गर्नेछौँ । यो सहयोग मैले सदनसमक्ष प्रस्तुत गरेको बजेटमा रहेको विद्यमान सहयोग अनुरोधभन्दा माथि र परको विषय हो ।.....यो कोष नयाँ मिलेनियम च्यालेञ्ज एकाउन्टमा जानेछ । यस अकाउण्टमा, अरु प्रयाशका अतिरिक्त हामी एड्स विरुद्धको हाम्रो सङ्घर्षलाई अझ विस्तार गर्नेछौं, हामी विकासशील राष्ट्रहरुका युवाहरुका लागि कम्प्युटर शिक्षा ल्याउने छौं, हामीले अफ्रिकी व्यवसाय र जनतालाई तिनीहरुका वस्तु विदेशमा व्यापारका लागि सहयोग गर्ने छौं, इस्लामिक र अफ्रिकी मुलुकका विद्यार्थीहरुलाई पाठ्य पुस्तक र तालिम प्रदान गर्नेछौं, जहाँ सर्वाधिक भोकभरी छ, त्यहाँ विज्ञान र प्रविधिको शक्ति लागू गरेर उत्पादन वृद्धि गर्न सघाउने छौं ।....यस थप प्रतिवद्धताका बदलामा विकासशील देशहरुले सुधार र विकासलाई प्रभावकारी र दिगो बनाउने खालका नीतिहरु अवलम्बन गरुन् भन्ने अपेक्षा गर्दछौं ।' त्यसमा उनले विकासशील देशहरुमा सुशासन, भ्रष्टाचारको उन्मूलन, मानव अधिकारको सम्मान, विधिको शासनको परिपालन, शिक्षा, स्वास्थ्य र खोपमा थप लगानी हुनु पर्नेमा जोड दिएका छन् ।

एमसिसीको सन्दर्भ त्यसै वर्षको अन्त्यतिर जारी अमेरिकी प्रतिरक्षा रणनीति, २००२ मा पनि उल्लेख भएको देखिन्छ ।

राष्ट्रपतिको त्यसै घोषणामाथि आधारित भएर एमसिसी सम्बन्धी ऐन, २००३ बनेको देखिन्छ । अमेरिकी संसदबाट पारित 'मिलेनियम च्यालेञ्ज कर्पोरेशन एक्ट' द्वारा स्थापित भएको एमसिसी विशेष संरचनाको रूपमा रहेको छ । उक्त ऐन अनुसार एमसिसीको अध्यक्षमा अमेरिकी विदेशमन्त्री रहने, यसको सञ्चालक समितिमा अमेरिकी संसदका दुबै सदनका सत्ता र प्रतिपक्ष (बहुमत र अल्पमत) का प्रतिनिधि रहने व्यवस्था छ । त्यसमा रक्षा मन्त्रालय या रक्षा सम्बद्ध कुनै पदाधिकारी नरहने एवं ऐन स्वयंले एमसिसीको कुनै पनि

स्रोत सैन्य तालिम या गतिविधिमा प्रयोग गर्न निषेध गरेको व्यवस्थाबाट यसलाई आर्थिक सहायता संयन्त्रका रूपमा स्थापना र विकास गर्न खोजेको स्पष्ट देखिन्छ ।

एमसिसीले हालसम्म कुल ४९ राष्ट्रमा लगानी गरेको एमसिसीको आधिकारिक वेभपेजमा उल्लेख छ । यसमध्ये अफ्रिकी मुलुकहरु -१३, एसिया प्रशान्त क्षेत्रका मुलुकहरु- २६ र ल्याटिन अमेरिकी मुलुकहरु १० वटा रहेका छन् । तीमध्ये थ्रेस होल्ड कार्यक्रम ३२ वटा र कम्प्याक्ट ४७ वटा रहेका छन् । सम्झौता भएकामध्ये सम्पन्न भएका परियोजना ४७ वटा, बन्द भएका २ वटा, प्रक्रियामा रहेका १३ वटा, कार्यान्वयनको क्रममा रहेका ११ वटा, हस्ताक्षर मात्र भएका ३ वटा र स्थगन भएका १ एवं रद्द भएका २ वटा रहेका छन् । कार्यक्रमको विस्तार हेर्दा यसले हिन्द- प्रशान्त क्षेत्र मात्र नभएर विश्वका विभिन्न भूभागहरु समेटेको, पूर्वाधार लगायत विभिन्न क्षेत्रमा लगानी भएको र धेरै जसो मुलुकमा कार्यक्रम सम्पन्न भएको देखिन्छ भने केही ठाउँमा विवाद भएको एवं मदागास्कर र मालीमा रद्द भएको देखिन्छ । सम्झौता भएको पहिलो मुलुक मदागास्कर (जसले अप्रिल २००५ मा भूमि, कृषि व्यवसाय र वित्तीय प्रोजेक्टका लागि ४ वर्षका लागि ११० मिलियनको सम्झौता गरेको थियो र पछि सम्झौता संशोधन गरेर ५ वर्षे बनाइएको थियो) मा निर्वाचित राष्ट्रपतिलाई अपदस्थ गर्दै सैन्य विद्रोह भएपछि २००९ मा कार्यक्रम रद्द गरिएको देखिन्छ । अफ्रिकाकै अर्को देश मालीमा कृषिमा उत्पादकत्व वृद्धि र व्यापार र बजारसम्म पहुँचका लागि अलातोना सिचाइ आयोजना र बामाको सेनाउ विमानस्थलका लागि खर्च गर्ने गरी ४६० मिलियन डलरको सम्झौता भएको र २००६ देखि २०१२ सम्म गरेर ६ वर्षसम्म कार्यक्रम चलेको देखिन्छ । तर सैनिक विद्रोह पश्चात् २०१२ मा कार्यक्रम रद्द भयो ।

३. नेपाल र एमसिसी

सशस्त्र द्वन्द्वको समाप्ति र नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नेपालले विकासका लागि विभिन्न अन्तरराष्ट्रिय सहायताहरुको खोजी र परिचालन गर्ने क्रममा सन् २०१० देखि एमसिसीसँग प्रत्यक्ष/परोक्ष सम्पर्क राखेको देखिन्छ । यस क्रममा अमेरिका स्थित नेपाली राजदूतावासले एमसिसी मुख्यालयसँग सम्पर्क गरेको र तत्कालीन प्रधानमन्त्री श्री झलनाथ खनालको कार्यकालमा एमसिसीको टिमसँग भएको छलफलमा नेपालको पूर्वाधार क्षेत्र,

विशेष गरेर विद्युत् प्रसारण (ट्रान्समिशन लाइन) निर्माणमा अमेरिकी सहायता परिचालन गर्ने विषयमा प्रारम्भिक कुराकानी भएको देखिन्छ ।

एमसिसी परियोजनामा सहभागी हुन विभिन्न मापदण्डहरु पूरा गर्नु पर्ने व्यवस्था छ । विभिन्न मापदण्डहरु पूरा गर्दै नेपाल सन् २०११ मा थ्रेस होल्ड कार्यक्रमका लागि योग्य ठहरिएको र २०१२ को सुरुमै त्यस सम्बन्धी औपचारिक पत्राचार भएको देखिन्छ । त्यस यता झण्डै ६ वर्ष विभिन्न सरकारहरुको कार्यकालमा विभिन्न चरणका वार्ताहरु भएर सम्झौता प्रक्रिया अगाडि बढेको छ । परियोजनाको छनोट सम्बन्धित मुलुकको आवश्यकताका आधारमा गरिने र आर्थिक वृद्धिमा सहयोग पुग्ने क्षेत्रमा मात्रै सहायता रकम परिचालन गरिने व्यवस्था अनुसार नेपालको आर्थिक विकास र वृद्धिका मुख्य वाधक पक्षहरु पहिचान गर्न विभिन्न अर्थविद् र विज्ञहरू सम्मिलित टोली गठन गरिएको थियो । उक्त विज्ञ टोलीको स्वतन्त्र अध्ययनको निष्कर्षका रुपमा मई १४, २०१४ मा प्रकाशित गरिएको प्रतिवेदन …Nepal Growth Diagnostic' ले नेपालको विकासको मुख्य वाधक विषयका रुपमा नीतिगत अस्थिरता र कार्यान्वयन अनिश्चितता, उर्जाको अपर्याप्त आपूर्ति, महङ्गो यातायात र चुनौतीपूर्ण श्रम सम्बन्ध एवं पुराना श्रम कानुनहरुलाई पहिचान गरेको थियो । अन्य वाधक पक्षहरु राजनीतिक प्रकृतिका भएका र उर्जा नै नेपालको आर्थिक विकासको मुख्य पक्ष हुन सक्ने अध्ययन-प्रतिवेदनको निष्कर्षका आधारमा एमसिसी अन्तरगत सम्पन्न गर्ने भनिएको ३०० किमी हाइभोल्टेज ट्रान्समिशन लाइन र केही महत्वपूर्ण सडक सुधारको कार्यक्रम छनोट भएको देखिन्छ ।

सन् २०१७ सेप्टेम्बरमा एमसिसीसँग सम्झौता गर्नु पूर्व नेपालले विभिन्न प्रक्रियाहरु पार गरेको छ । परियोजनामा छनोट हुन पूरा गर्नु पर्ने विभिन्न मापदण्डहरु पूरा गरेको छ । यस क्रममा थ्रेसहोल्ड कार्यक्रम त लागू समेत भइसकेको छ । सम्झौताका बारेमा कुनै पनि निष्कर्षमा पुग्नु पूर्व यसको पृष्ठभूमि, यस क्रममा विभिन्न सरकारहरुले खेलेका भूमिका र मुलुकको आवश्यकताको आलोकमा समेत राखेर विश्लेषण गरिनु पर्छ ।

४. वाह्य सहायता सम्झौता, परराष्ट्र सम्बन्ध र मुलुकको विश्वसनीयता

कुनै पनि द्विपक्षीय या बहुपक्षीय दातृ निकाय या विकास साझेदार मुलुकसँग समझदारी गर्नु पूर्व लामो प्रक्रियाबाट गुज्रिनु पर्ने हुन्छ । कुनै पनि दातृ निकाय या मुलुकले हाम्रो

जस्तो मुलुकसँग व्यवहार गर्दा नीतिगत निरन्तरता, निर्णयको सुसङ्गति र भविष्यमा अन्यथा नगरिने कुराको अपेक्षा गरेका हुन्छन् नै । सामान्यतया सरकार परिवर्तनले यस्ता सहयोग सम्झौताहरुमा तात्विक अन्तर पर्दैन र पर्नु पनि हुँदैन । वर्षौं लगाएर तयार गरिएका या सम्झौता गरिएका विषयहरुलाई कार्यान्वयनमा जाने बेलामा विवादित बनाइयो, विलम्ब या व्यवधान खडा गरियो र मित्र राष्ट्रहरुसँगको सम्बन्धबारे नै अन्यौल उत्पन्न हुने गरी वहस गरियो भने त्यसले मुलुकको विश्वसनीयतामाथि नै गंभीर प्रश्नचिह्न खडा हुने स्थिति पैदा हुन्छ । हिजो आफैले प्राथमिकता निर्धारण गरेर छनोट गरेको परियोजनामा आज प्रश्नचिह्न खडा हुन्छ भने आज हामीले गरेका सहमति भोलिका दिनमा कार्यान्वयन हुन्छन् भन्ने विश्वास कसरी दिलाउन सकिन्छ ?

एमसिसीको विषयलाई लिएर कतिपय नेताहरुले दिएका अभिव्यक्तिहरुले हाम्रो परराष्ट्र सम्बन्ध, हाम्रा आर्थिक नीति र कुटनीतिक मर्यादामाथि नै प्रश्न उठ्ने स्थिति बनेको छ । अमेरिकाले अवलम्बन गरेका सबै नीति, मान्यता या गतिविधिमा हाम्रो समान दृष्टिकोण हुनु पर्छ भन्ने छैन । स्वतन्त्र र सार्वभौम राष्ट्रका हैसियतमा हामी स्वतन्त्र परराष्ट्र नीति र वाह्य सम्बन्ध अवलम्बन गर्छौं । सबैसँग मित्रता कायम गर्ने, कसैसँग वैरभाव नराख्ने नीतिका आधारमा हामी सम्बन्धहरुलाई परिचालन गर्छौं । इस्यु विशेषमा मतभिन्नता हुन सक्छ, तर 'समान सोच राख्ने' (लाइक माइण्डेड) हरुसँग मात्रै सम्बन्ध राख्ने र अरुसँग दूरी कायम गर्ने नीति अनुचित मात्रै छैन, हानीकारक पनि छ । चलिरहेका कतिपय वहस, आक्षेप र अतिरञ्जित प्रचारहरुले विविधीकरण, विस्तारीकरण र सन्तुलित बन्दै गएको हाम्रो कुटनीतिक सम्बन्धलाई समेत असहज बनाइरहेको छ । हामीले हिँड्न खोजेको बाटोकै बारेमा अन्यौल सिर्जना गरेको छ ।

विगतमा खास-खास परियोजनामा चालिएका हाम्रा अपरिपक्व कदमले नेपालको उर्जा विकासलाई वर्षौं पछाडि धकेलेको यथार्थबाट हामीले पाठ सिक्नै पर्छ । आज फर्केर हेर्दा देख्न सक्छौं- त्यतिबेलाका हाम्रा कतिपय तर्क तथ्यसम्मत कम, भावनात्मक बढी थिए । हामीले फेरि त्यस्तो गल्ती दोहोऱ्याउनु हुँदैन ।

हाम्रो विकासका लागि हाम्रा आफ्नै स्रोतहरु पर्याप्त छन्, किन चाहियो वाह्य सहयोग ? भन्ने तर्क त गर्न सकिन्छ । अर्को तर्क पनि गर्न सकिन्छ- उर्जा व्यापार गर्ने चीज होइन,

आन्तरिक खपत गर्न चीज हो । तर यस्ता तर्कले हाम्रो विकास प्रयाशलाई सहयोग पुऱ्याउँदैनन् । मुलुकको विकासका लागि आन्तरिक स्रोतहरुको परिचालन नै मुख्य आधार हो भन्ने कुरामा द्विविधा छैन । तर वाह्य पुँजी, प्रविधि र सहायताको सहयोगी भूमिकालाई अस्वीकार या निरुत्साहित गर्नु अनुचित मात्रै होइन, हानीकारक पनि छ । विश्वव्यापीकरण र अन्तरआवद्धताको यस एक्काइसौं शताब्दीमा यस्ता सोचहरु प्रत्युत्पादक हुने कुरा विभिन्न देशको उदाहरणबाट स्पष्ट हुन्छ । राष्ट्रिय हित भने सर्वोपरि हुनुपर्छ र यसमा कुनै सम्झौता हुन सक्दैन ।

५. विकसित देशहरुका रणनीति र आधिकारिक विकास सहायता (ओडिए)

सम्झौताका बारेमा सर्वाधिक वहस र विवादमा ल्याइएको विषय अमेरिकाको हिन्द प्रशान्त रणनीति (इण्डो प्यासेफिक स्ट्राटेजी) सँग यसको अन्तरसम्बन्धको विषय हो । यस विषयमा निष्कर्षमा पुग्नु अघि केही तथ्यहरुलाई विश्लेषण गरिनु पर्छ ।

एमसिसीको अवधारणाको घोषणा सन् २००२ को मार्चमा अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुशले अमेरिकी 'इन्टर अमेरिकन डेभलपमेन्ट बैङ्क' को कार्यक्रममा गरेको सन्दर्भ माथि नै उल्लेख भइसकेको छ,जबकि इण्डो प्यासेफिक स्ट्राटेजीको अवधारणा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबाट सन् २०१७ को नभेम्बरमा भियतनामको दा नाङ्गमा आयोजित 'एसिया प्यासिफिक इकोनोमिक फोरम' का प्रतिनिधिहरुका बीचमा औपचारिक रुपमा प्रस्तुत भएको थियो । औपचारिक रुपमा यो अवधारणा अगाडि सारिनु भन्दा दुई महिना अगावै सन् २०१७ को सेप्टेम्बरमा नेपाल र एमसिसीबीच सम्झौता भएको थियो ।

पछि तर्जुमा गरिएको कुनै एक देशको रणनीतिले अर्को देशसँग यस अघि नै सम्पन्न भएको द्विपक्षीय सम्झौतामाथि भूतप्रभावी परिणाम ल्याउन सक्छ भन्ने आशंकाको कुनै वस्तुनिष्ठ आधार देखिँदैन । त्यस पछाडि अमेरिकासँग गरिएका कुनै पनि पूरक सम्झौता या वार्ताको क्रममा नेपाललाई उक्त रणनीतिसँग आवद्ध हुन, रणनीतिमा उल्लेख भएको अमेरिकी दृष्टिकोण अनुसार नेपाललाई आफ्ना मित्र राष्ट्रहरुसँगको सम्बन्धमा पुनर्विचार गर्न या सम्झौतामा उल्लेख भएभन्दा बढी र परका कुनै जिम्मेवारी बहन गर्न भनिएको छैन । नेपाललाई त्यसो भनिन सक्ने कुरा पनि भएन या नेपालले तदनुरुप गर्नु पर्ने वाध्यता आइपर्ने विषय पनि भएन ।

अमेरिकाको कुनै नीति या रणनीतिले एमसिसीसँग गरिएको सम्झौताभन्दा बाहिर गएर नेपालमाथि कुनै थप कानुनी दायित्व सिर्जना गर्न सक्दैन । नेपालको जवाफदेहिता त्यति विषयमा मात्रै सीमित हुन्छ, जसमा हामीले सम्झौतामार्फत्  प्रतिवद्धता जनाएका छौं । एमसिसी अन्तरगतको सहायता रकमलाई अमेरिकी राष्ट्रिय सुरक्षा हित विपरीत प्रयोग गरिने छैन भन्ने सम्झौताको व्यवस्थालाई हामी सुरक्षा रणनीतिको अङ्ग भयौं या हुने छौं भन्ने अर्थ लाग्ने गरी व्याख्या गर्न मिल्दैन । त्यसैले यस विषयलाई अनावश्यक रुपमा अतिरञ्जित गर्नु आवश्यक देखिँदैन ।

राष्ट्रिय सुरक्षा या सुरक्षा रणनीति एउटा वृहद् अवधारणा हो । परिवर्तित सन्दर्भमा यसभित्र सामरिक पक्षहरुका अतिरिक्त मानवीय सुरक्षा, जनस्वास्थ्य, वातावरणीय सुरक्षा र जलवायु परिवर्तन, प्राकृतिक स्रोत साधनहरुको संरक्षण र विकास जस्ता पक्षहरु समेत समेटिएका हुन्छन् । नेपालको राष्ट्रिय सुरक्षा नीतिमा पनि प्रायः यी सबै विषयहरु समेटिएका छन् । विकसित देश या दातृ राष्ट्रहरुले आफूहरुले गर्ने विकास सहायतालाई पनि राष्ट्रिय सुरक्षा रणनीति या नीतिको व्यापक दायरामा समेटेको देखिन्छ ।

उदाहरणका लागि, संयुक्त अधिराज्य (बेलायत) को ‘राष्ट्रिय सुरक्षा रणनीति र रणनीतिक प्रतिरक्षा एवं सुरक्षा पुनरावलोकन’ मा भनिएको छ- ‘संयुक्त अधिराज्यको विकास सहायताले हाम्रो दीर्घकालीन राष्ट्रिय सुरक्षा र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । विदेशमा गरिबी र अस्थिरताको सामना गर्नु भनेको हामीले सामना गरिरहेका रोग, आप्रवासन र आतङ्कवाद लगायतका विश्वव्यापी चुनौतीका मूलभूत कारणलाई सामना गर्नु भनेको हो । अन्तर्राष्ट्रिय विकास नियोग (डिएफआइडी) ले आफ्नो बजेटको कम्तीमा ५० प्रतिशत हाम्रो राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएका नाजुक राज्य र क्षेत्रहरु एवं दक्षिण एसिया, मध्यपूर्व र अफ्रिकाका मुलुकहरुमा खर्च गर्ने छ । बेलायतको आधिकारिक विकास सहायतासम्बन्धी नयाँ रणनीतिले हाम्रा प्राथमिकताहरुलाई थप विस्तृत रुपमा निर्धारण गर्ने छ र हाम्रो सहायता विश्वका सबैभन्दा गरिबहरुका लागि एवं बेलायतको राष्ट्रिय हितका लागि उपलब्ध गराउने कुरा सुनिश्चित गर्ने छ ।

त्यस्तै, जापानको राष्ट्रिय सुरक्षा रणनीतिको अध्याय ५ मा रहेको ‘विश्वव्यापी मुद्दाहरुको समाधानका लागि सर्वव्यापी मूल्यमाथि आधारित सहयोगको सुदृढीकरण‘ शीर्षकमा ‘गरिबी,

उर्जा समस्या, फराकिलो बन्दै गएको विषमता, जलवायु परिवर्तन, प्राकृतिक विपत्ति, खाद्य सम्बन्धी समस्या जस्ता अन्तर्राष्ट्रिय समुदायको शान्ति र स्थायित्वलाई अवरोध गर्न सक्ने विषयको समाधानका लागि आधिकारिक विकास सहायता (इम्ब) को सक्रिय र रणनीतिक उपयोग गर्ने’ कुरा उल्लेख गरिएको छ । यसमा सहस्राब्दी विकास लक्ष्य र त्यसपछिका विकास लक्ष्य हासिल गर्न गरिबी निवारण, विश्व स्वास्थ्य, शिक्षा र खानेपानी जस्ता विषयमा योगदान गर्ने कुरालाई राष्ट्रिय सुरक्षा अवधारणाभित्र समेटिएको छ ।

त्यसैगरी, भारतको मार्च २०१९ मा प्रकाशित राष्ट्रिय सुरक्षा रणनीतिको ‘छिमेकसँग सहयोग शीर्षकमा ‘आपसी हितहरुको राम्रो सामञ्जस्यता सिर्जना गर्न सकियो भने दिगो सम्बन्ध हासिल हुन सक्नेछ । भारतले आफ्नो सफ्ट पावरलाई राम्रो सदुपयोग गर्नु पर्छ, रेल र सडक सम्पर्क सञ्जाल (कनेक्टिभिटी)मा उल्लेख्य सुधार गर्नु पर्छ र क्षेत्रीय व्यापार वृद्धि गर्नु पर्छ । शिक्षा, वाणिज्य र पर्यटनका लागि जनताको आवागमनलाई सहज तुल्याउने कुरालाई सुरक्षाको साँघुरो दृष्टिबाट हेरिनु हुँदैन, परन्तु यसलाई समग्र क्षेत्रलाई नै सँगै तुल्याउने हिसाबले ग्रहण गरिनु पर्छ । जलवायु परिवर्तन जस्तो सबै देशलाई प्रभावित गर्ने मुद्दालाई साझा विषय बनाइनु पर्छ ।

भन्नुको तात्पर्य- सुरक्षाको परिवर्तित सन्दर्भभित्र अहिले विकास सहायता पनि जोडिने गरिएको छ । त्यसैले सुरक्षा रणनीति सम्बन्धी दस्ताबेजमा उल्लेख भएकै कारणले त्यसरी प्राप्त हुने सहायतालाई कुनै मुलुकको सामरिक रणनीतिको अङ्ग मान्ने कुरा सान्दर्भिक हुन सक्दैन । मूल कुरा, त्यससँग कुनै सामरिक स्वार्थ र शर्तहरु जोडिएका छन् कि छैनन् भनेर छुट्याउने, यसले कुनै अतिरिक्त दायित्व सिर्जना गर्छ कि गर्दैन भनेर सजग हुने र आफ्नो राष्ट्रिय प्राथमिकतामा केन्द्रित गर्ने कुरा सुनिश्चित गर्ने हो ।

निश्चय नै, अमेरिकी सुरक्षा रणनीतिसँग सम्बन्धित दस्ताबेजहरुमा एमसिसीको चर्चा गरिएको पाइन्छ । त्यसो त, ती दस्ताबेजहरुमा ‘हालसम्म, ट्रम्प प्रशासनको आरम्भदेखि हिन्द-प्रशान्त रणनीतिको आर्थिक खम्बाको निम्ति विदेश मन्त्रालय र यूएस्एआइडीको माध्यमबाट २.९ अर्ब डलर तथा यूएस् मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) र ओभरसिज निजी लगानी संस्थान (Overseas Private Investment Corporation (OPIC) लगायतका संस्थाहरूको माध्यमबाट करोडौं सहायता राखिएको छ ।’ भनेर

एमसिसी मात्रै होइन, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को पनि उल्लेख गरिएको छ । यत्तिकै आधारमा सन् १९५९ देखि नै नेपालको विकासमा क्रियाशील युएसएआइडीलाई पनि हिन्द-प्रशान्त रणनीतिको अङ्ग मान्ने र त्यसमार्फत् प्राप्त सहायतामा पुनर्विचार गर्ने भन्ने प्रश्न उत्पन्न हुन्छ र ? यदि कुनै मुलुकको राष्ट्रिय सुरक्षा रणनीतिमा उल्लेख भएकै कारण द्विपक्षीय या बहुपक्षीय सहायतालाई रणनीतिको अङ्ग मानेर अग्राह्य ठहऱ्याउने नीति लिने हो भने हामीले अन्य विकसित मुलुकको आर्थिक सहयोगमाथि पनि पुनर्विचार गर्नु पर्ने हुन्छ । जुन अनुचित मात्रै होइन, गलत पनि हुने छ । अमेरिकाको स्टेट डिपार्टमेण्टका दक्षिण एशियाका लागि निमित्त उपसहायक मन्त्री (सेक्रेटरी) डेभिड जे रान्ज र अमेरिकी विदेश सहायक राज्यमन्त्री एलिस वेल्स सहित कतिपय अमेरिकी पदाधिकारीहरुले हिन्द-प्रशान्त रणनीति र एमसिसीलाई अन्तरसम्बन्धित भनेर अभिव्यक्ति दिएको पाइन्छ भने अमेरिकी विदेश मन्त्रालयका दक्षिण तथा केन्द्रीय मामलाका सार्वजनिक कुटनीतिक ब्युरोका उपसहायक मन्त्री जोनाथन हारिक र नेपालका लागि अमेरिकी राजदूत ऱ्याण्डी बेरी लगायत अन्य कतिपय पदाधिकारीहरुले यी दुई विषय भिन्न हुन् भनेको पनि सार्वजनिक भएको छ । त्यसैले व्यक्ति व्यक्तिका टिप्पणीहरुलाई आधार बनाएर कुनै धारणा बनाउनुको साटो हामीले गरेको सम्झौतालाई आधार बनाएर निष्कर्षमा पुग्नु उचित हुने छ । यस सम्बन्धमा नेपाल स्थित अमेरिकी राजदूतावासले सार्वजनिक गरेको स्पष्टीकरणलाई ध्यान दिनु बाञ्छनीय हुने छ ।

६. एमसिए र अन्य सम्झौताहरु

एमसिसीसँग गरिएको सम्झौतामा भएको बहसमा एउटा विषय मुख्य सम्झौताका साथै अन्य धेरै उपसम्झौताहरु किन गरिएको हो भन्ने पनि रहेको छ । मूल सम्झौताहरुको कार्यान्वयनका लागि परियोजना वित्तीय सम्झौताका अतिरिक्त अन्य सहायक सम्झौताहरु हुने प्रचलन अन्य सम्झौताहरुको हकमा पनि रहँदै आएको छ । आयोजना कार्यान्वयनमा सङ्लग्न हुने पक्षहरुको जिम्मेवारी र विस्तृत कार्यान्वयन प्रक्रिया र विधि उल्लेख गरी विस्तारित स्वरुपमा कार्यान्वयन सम्झौता गर्ने सबै दातृ निकायको अभ्यास रहँदै आएको छ । यस्ता सम्झौता मूल सम्झौताको भाव र आशयसँग फरक नपर्ने गरी गरिने भएका कारणले यसले मूल सम्झौतालाई प्रभावित गर्न सक्दैन भन्ने कुरा स्पष्ट नै देखिन्छ ।

७. सम्झौता संसदबाट अनुमोदन नहुदै कार्यक्रम अगाडि बढेको विषय

सम्झौता संसदबाट अनुमोदन नहुँदै किन कतिपय कार्यक्रमहरु अगाडि बढेको हो भन्ने प्रश्न पनि उठाइएको छ । एमसिसीको मुख्य विशेषता नै सम्पूर्ण पूर्व तयारी पूरा गरेर मात्र कार्यान्वयनमा जाने हो । निश्चित समयमा सुरु भएर निश्चित समयभित्रै सकिनु पर्ने वाध्यात्मक व्यवस्था रहेको एमसिसी परियोजनाको स्वरुप नेपालमा लागू अन्य परियोजनाभन्दा भिन्न छ । आम रुपमा नेपालमा कुनै पनि परियोजना समयमा सम्पन्न नहुने, यसले गर्दा परियोजनाको लागत बढ्ने, त्यसबाट प्राप्त हुने लाभ पर धकेलिँदै जाने, निर्माण व्यवसायीहरुले भेरिएसन अर्डर गराएर अनुचित लाभ लिने, नेपालको सार्वजनिक निर्माणको क्षमता कमजोर देखिने र राष्ट्रको छवि पनि प्रभावित हुने गरेको परिप्रेक्ष्यमा समयमा सुरु भएर समयमै सम्पन्न गर्ने प्रावधान सहितको यस व्यवस्थालाई अन्यथा ठान्नु गलत हुन जान्छ । सुरु हुँदाको दिनदेखि नै परियोजनाको 'काउण्ट डाउन' सुरु हुने भएकाले परियोजना सुरु हुनु पूर्व पूरा गर्नु पर्ने कतिपय व्यवस्थालाई स्वाभाविक रुपमै लिनु पर्छ ।

८. एमसिए नेपाल, सरकारको भूमिका र एमसिसी

वाह्य सहायतामा सञ्चालित परियोजनामा अत्यधिक प्रशासनिक हस्तक्षेप हुने गरेको, त्यहाँका सवारी साधन लगायतका स्रोतहरुको दुरुपयोग हुने गरेको, बीच-बीचमा परियोजना प्रमुख, कर्मचारी र नियम समेत परिवर्तन गरेर परियोजनाको कार्यान्वयन प्रक्रिया प्रभावित हुने गरेको तीतो अनुभव हामीसँग छ । यसले पनि परियोजनाको लागत बढाउन, निर्माणमा ढिलाइ हुन र नेपालको कार्यान्वयन क्षमतामाथि प्रश्नचिह्न उठ्ने स्थिति सिर्जना भएको छ । यस्ता कमीहरु दोहोरिन नदिन एमसिसी कम्प्याक्टमा एउटा छुट्टै संयन्त्र (नेपालको हकमा एमसिए नेपाल) गठन गरेर त्यसलाई सरकारले पूर्ण अख्तियारी सुम्पने र त्यसले स्वतन्त्र ढङ्गले काम गर्ने, बीचमा कुनै नियमहरु परिवर्तन गर्न नपाइने र कर्मचारी लगायतको छनोट स्वतन्त्र निकायबाट हुने व्यवस्था गरिएको छ । एमसिए नेपाल नेपाल सरकारको निर्णय (गठन आदेश) बाट गठित निकाय हो, जसमा अर्थसचिव सञ्चालक समितिको अध्यक्ष रहने व्यवस्था छ । आफ्नै विशिष्ट श्रेणीको कर्मचारीले नेतृत्व गर्ने र सरकारको आदेशद्वारा गठित संस्थालाई स्वायत्त ढङ्गले काम गर्न र सहयोग, परामर्श, सार्वजनिक खरिद जस्ता

करारजन्य सम्झौता गर्न दिइएको अधिकारलाई नेपाल सरकारलाई सबै भूमिकाबाट अलग गरेको भन्ने विश्लेषण गर्नु तथ्यसम्मत देखिँदैन ।

एमसिए नेपाल स्वयंले द्विपक्षीय सम्झौता गर्ने अधिकार राख्दैन । निर्णय प्रक्रियामा सङ्लग्न पदाधिकारीहरुले सार्वजनिक उत्तरदायित्वबाट उन्मुक्ति पाउने भन्ने पनि हुँदैन । ठाउँ-ठाउँमा उल्लेख गरिएको एमसिसीको पूर्व सहमति भन्ने प्रसङ्गलाई No Objection को अर्थमा प्रयोग र त्यतिमै सीमित गरिनु पर्छ । उदाहरणका लागि कार्यक्रम कार्यान्वयन सम्झौतामा रहेको 'कुनै आदेश, कानुन, नियमावली जारी गर्दा, करार सम्झौता गर्दा एमसीए-नेपालको ढाँचा, तथा संरचना निर्माण गर्दा एमसीसीको पूर्वस्वीकृति लिनुपर्ने' प्रावधानका बारेमा स्पष्ट पार्दै Negotiation Minutes मा भनिएको छ- This provision (g) requires MCC prior approval on items that relate specifically to establishing, organizing, or governing MCA-Nepal and does not relate to laws of general application to all public institutions. Given the central role the MCA-Nepal plays in managing the compact program and MCC funding, any change to how MCA-Nepal is organized or run must be subject to MCC approval.

९. क्रस-बोर्डर ट्रान्समिशन लाइन र भारतको सहमति

परियोजनामा भारत सरकारको सहमति लिनु पर्ने व्यवस्थालाई लिएर टिप्पणी भएको छ । कुनै पनि परियोजना छनोट र कार्यान्वयन गर्ने नेपाल सरकारको सार्वभौम अधिकारमाथि कतैबाट अङ्कुश लाग्ने कुरा कल्पना पनि गर्न सकिँदैन । तर सीमा वारपार ट्रान्समिशन लाइन परियोजनाको छनोट नेपाल स्वयंले गरेको हो । ध्यान दिनु पर्ने विषय हो- यदि आर्थिक वृद्धिको मुख्य वाधक यातायात पूर्वाधारलाई मानेर नेपालले पूर्व-पश्चिम रेलमार्ग निर्माण, राजमार्ग विस्तार या मध्यपहाडी लोकमार्ग छनोट गरेको हुन्थ्यो भने त्यसमा अन्य देशको सहमति जुटाउनु पर्ने प्रावधान सम्झौतामा रहने थिएन । तर उर्जा सङ्कटलाई आर्थिक वृद्धिको वाधक ठहर्‍याएर उर्जाको विकास गरी आन्तरिक माग पूरा गर्ने र अधिक हुने उर्जाको वाह्य व्यापार मार्फत् आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने कुरालाई प्राथमिकता दिइएपछि र यसका लागि भारतसँग सीमा वारपार ट्रान्समिशन लाइन बनाउने परियोजना छनोट गरिए पछि यसमा भारतको सहमति जुटाउने विषय सम्मिलित हुनु स्वाभाविकै हो । यसलाई अन्यथा विश्लेषण गर्नु आवश्यक देखिँदैन । यस्तो सहमति यही

परियोजनामा सीमित हुने हो, अन्य विषयमा लागू हुने होइन । यसै निष्कर्षका आधारमा नेपालले भारतसँग विद्युत् व्यापार सम्झौता गरेको हो, त्यसपछि भारत सरकारका निर्देशिकाका कतिपय प्रावधानहरु सच्याउन पहल गरेको हो, बङ्गलादेशसँग उर्जा सहयोग समझदारी गरेको हो । यस अघि नै पनि, ढल्केबर-मुजफ्फरपुर सीमा वारपार ट्रान्समिशन लाइन निर्माण भएर हामीले आफूलाई अपुग विद्युत भारतबाट मगाइरहेको र पछिल्लो समय 'इनर्जी बैङ्किङ्' अवधारणा अनुरुप तिनै लाइनहरुबाट बर्खायाममा बढी भएको विद्युत् भारतमा निर्यात गर्न सुरु गरेको परिप्रेक्ष्यमा यस्ता परियोजनाको महत्वलाई बुझ्न सकिन्छ ।

१०. एमसिए, राष्ट्रिय कानुन र अमेरिकी कानुनको प्रसङ्ग

दुई मुलुकहरुबीच हुने अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनमा सम्बन्धित मुलुकका कानुनहरु वाधक बन्न नहुने तथा बाझिएको हदसम्म सम्झौताकै प्रावधानहरु प्रभावी हुने व्यवस्था स्थापित अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास नै हो । एमसिसी कम्प्याक्टको हकमा पनि यही व्यवस्था लागू हुन्छ । यसको व्याख्या यसै गरी नै गरिनु पर्छ । कहीं कतै स्पष्ट भए पत्राचारद्वारा स्पष्ट पार्न र यसको दायरा त्यही हदसम्म सीमित हो, यसले नेपालका अन्य कुनै कानुनी प्रवन्ध र कानुनको सर्वोच्चतालाई प्रभावित गर्न सक्दैन भन्ने कुरा स्थापित गर्न सकिन्छ ।

द्विपक्षीय सम्झौताहरुमा कतिपय प्रसङ्गमा अन्य देशको कानुनको प्रसङ्ग उल्लेख गर्ने गरिएका दृष्टान्त छन् । कानुनको व्याख्या या आर्बिटेशन लगायत कतिपय प्रश्नमा धेरै अभ्यास गरेका र अन्तर्राष्ट्रिय रुपमा स्थापित या स्वीकार्य भएका कानुनहरुको चर्चा यसै सन्दर्भमा गरिने गरिएको छ । नेपालकै कतिपय सम्झौताहरुमा पनि विदेशी कानुनहरुको उल्लेख गरेको देखिन्छ । उदाहरणका निम्ति General Terms and Conditions for Japanese ODA Loans, 2014 को दफा ९.०१ मा Applicable Laws शीर्षकमा 'The validity, interpretation and performance of the loan agreement and the guarantee, if any, shall be governed by the laws and regulations of Japan' उल्लेख गरिएको देखिन्छ । त्यसै गरी Assistance Agreement Between the Government of Nepal and The Government of the United States of America for USAID Foreign Assistance Programs, 2014 मा Grantee को सरहदभित्र प्रचलित कानुन प्रभावी हुने उल्लेख छ । त्यसरी नै नेपाल र युरोपेली लगानी बैङ्कसँग

भएको सम्झौतामा द नेदरल्याण्ड्सको कानुन अनुसार हुने उल्लेख गरिएको छ भने अरुण तेस्रोसँग सम्बन्धित परियोजना विकास सम्झौतामा यस सम्झौताको कुनै पनि विषयको व्याख्या या विवाद निरुपण इङ्गल्याण्ड र वेल्सको कानुन अनुसार हुने उल्लेख गरिएको छ । तनहुँ जलविद्युत् आयोजनाका सम्बन्धमा नेपाल र युरोपेली लगानी बैङ्कबीच सन् २०१३मा भएको वित्तीय सम्झौतामा पनि इङ्गल्याण्ड र वेल्सको कानुनलाई Governing Laws का रुपमा उल्लेख गरिएको छ । यस्तो सन्दर्भ अदालतहरुको हकमा पनि देखिन्छ । कतिपय कानुनी सिद्धान्तहरुको व्याख्याका लागि अन्य मुलुकका अदालती व्याख्या या फैसलालाई सन्दर्भ सामग्री या नजीरका रुपमा लिएको पाइन्छ । सम्झौतामा उल्लेख भएका कानुनहरुको सन्दर्भ पनि यही हुनु पर्छ, यसभन्दा बढी हुन सक्दैन । यसलाई स्पष्ट पारेर जानु पर्छ ।

११. सर्भाइबल क्लजहरु

सम्झौताका केही 'सर्भाइबल क्लजहरु' का सन्दर्भमा पनि टिप्पणी हुने गरेको छ । परियोजना पूरा भएपछि या कथंकदाचित कुनै कारणले परियोजना रद्द भएमा पनि त्यतिञ्जेल सिर्जित कतिपय दायित्वहरु फरफारक गर्न, लेखा परीक्षण गर्न, बरबुझारथ र हक हस्तान्तरण गर्न केही सङ्क्रमणकालीन व्यवस्थाहरु राखिएको देखिन्छ । यस व्यवस्थाले एमसिसी नेपालमा अनन्तकालसम्म रहन खोजेको अर्थ पनि लाग्दैन, त्यस्तो संभव पनि छैन । स्पष्ट छ, पाँच वर्षमा परियोजना सम्पन्न भएपछि एमसिए नेपालको पनि कार्यावधि सकिन्छ, परियोजना नेपालको स्वामित्वमा हस्तान्तरण हुन्छ र परियोजना कार्यान्वयनका लागि गरिएका सबै प्रबन्धहरु र यससँग जोडिएका कानुनी र अन्य व्यवस्थाहरु पनि स्वतः निष्प्रभावी या असान्दर्भिक हुन पुग्छन् । यस सम्बन्धी नेपालको बुझाइ यही हो र सम्झौताको आशय पनि ।

१२. वौद्धिक सम्पत्ति

नेपालले परियोजनामा १३ करोड डलर लगानी गरेको हुनाले त्यसबापत् सिर्जना हुने वौद्धिक सम्पत्तिमा नेपालको स्वतः हक सिर्जना हुने कुरामा नेपालले स्पष्ट पारेर जानु पर्छ ।

१३. अतिरञ्जित प्रचार

यसका अतिरिक्त, परियोजनामा नेपालले लेखा परीक्षण नै गर्न नपाउने, परियोजनाको सुरक्षाका नाममा अमेरिकी सेनाको प्रवेश हुने, शिबिरहरु खडा हुने, यसले भूराजनीतिक द्वन्द्व सिर्जना हुने, यस परियोजनाले अन्य छिमेकी मुलुकहरुसँग नेपालले गरेका सम्झौताहरु अवरुद्ध हुने, सम्झौता अमुक सम्झौता भन्दा पनि बढी 'राष्ट्रघाती' भएको आदि भनेर गरिएका प्रचारहरु अतिरञ्जित, भ्रामक र दुई मुलुकबीचको सम्बन्धलाई तिक्त बनाउने गलत आशयबाट प्रेरित छन् । यथार्थ तथ्य नबुझी पार्टीका कतिपय नेताहरु यस्ता प्रचारमा सङ्लग्न हुनु बिडम्बनाको विषय हो ।

१४. पार्टीभित्रका वहस र विषयको संवेदनशीलता

पार्टीभित्र समय-समयमा विभिन्न विषयमा मतभिन्नता, अन्तरविरोध या असमझदारी उत्पन्न हुन सक्छन् । तर कुनै मित्र राष्ट्रसँगको सहयोग, कुटनीतिक सम्बन्ध या मुलुकको दीर्घकालीन छविसँग जोडिएका प्रश्नहरुलाई पार्टीभित्रको अन्तरविरोधका रुपमा उपयोग या प्रयोग गर्नु बिडम्बनापूर्ण हुन जान्छ । वामपन्थी आन्दोलन आम रुपमा प्रतिरक्षात्मक रहेको अवस्था र जटिल भूराजनीति र विश्व सन्दर्भमा काम गरिरहेको हाम्रो जस्तो पार्टी यस्ता विषयमा अझ बढी संवेदनशील हुनु जरुरी हुन्छ । तर कतिपय नेताहरुका अभिव्यक्ति एमसिसी कम्प्याक्टका अन्तरवस्तुमा कम, पार्टीभित्र को चाहिँ राष्ट्रवादी र को चाहिँ अराष्ट्रवादी भन्ने कित्ताकाट गर्ने प्रश्नमा बढी केन्द्रित हुनु दुर्भाग्यपूर्ण छ ।

१५. थप प्रसङ्ग

धेरै प्रयाशहरु गर्दा पनि नेपाल र नेपाली जनताका लागि भनेर आएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निकायहरुको सहयोग पूर्ण रुपमा नेपालको राष्ट्रिय प्राथमिकता, बजेट प्रणाली र लेखा व्यवस्थामा समेटिन नसकेको यथार्थ हामीसँग छ । यसका लागि पछिल्ला समयमा गरिएका प्रयाशले केही सुधार भने पक्कै भएको छ । मुलुकको राष्ट्रिय बजेटमा समेटिन नमान्ने, राष्ट्रिय प्राथमिकतामा केन्द्रित हुन नचाहने र 'अफ बजेट' का माध्यमबाट मुलुकको सामाजिक संवेदनशीलताका क्षेत्रमा लगानी गर्न उद्यत् हुने सहयोगका बारेमा हामी बढी गंभीर हुनु पर्दछ, हाम्रो बहस त्यसमा केन्द्रित हुनु पर्दछ । यस्ता सहयोगका तुलनामा एमसिसी कम्प्याक्ट जस्ता पारदर्शी र समयवद्ध लगानीहरु सहज

हुन्छन् । सहयोग मात्र होइन, कतिपय एक्जिम बैङ्कहरुबाट लिइने ऋण सहायतामा लगानीकर्ताकै दुई तिहाईभन्दा बढी सामग्री र निर्माण व्यवसायी सङ्लग्न हुन पाउने जस्ता असमान शर्तहरु समेत देखिएको/स्वीकारिएको परिप्रेक्ष्यमा यस्तो सहयोग तुलनात्मक रुपमा अनुकूल भएको कुरा सहजै देख्न सकिन्छ ।

नेपालको जलविद्युत् क्षेत्रमा प्रसारण लाइनमा लगानी तुलनात्मक रुपमा कम छ । उत्पादनमा निजी क्षेत्र पनि सहभागी हुँदै गएकोले उर्जा उत्पादनमा राम्रो प्रगति भएको छ, तर ट्रान्समिशन लाइन जस्तो तत्काल मुनाफा नदिने क्षेत्रमा लगानीको कमीले गर्दा कतिपय ठाउँमा उत्पादित बिजुली खेर गइरहेको या भविष्यमा पनि खेरा जान सक्ने यथार्थलाई पनि हामीले देखिरहेका छौँ । यस्तो पृष्ठभूमिमा, नेपालका मुख्य उत्पादन करिडोरहरुलाई जोडेर प्रभावकारी राष्ट्रिय प्रसारण प्रणाली निर्माण हुने र विद्युत्को क्षेत्रीय व्यापारको पनि संभावनाको ढोका उघार्ने यस्ता परियोजनालाई सफल बनाउनै पर्छ । सरकारले १० वर्षमा १० हजार मेगावाटभन्दा बढी उर्जा उत्पादन गर्ने र भारत लगायत दक्षिण एसियाका विभिन्न मुलुकसँग विद्युत् व्यापार गर्ने राष्ट्रिय लक्ष्य राखेको छ । यसलाई सफल बनाउन अन्तरदेशीय ट्रान्समिशन लाइन अपरिहार्य छ । त्यसैले नै सरकारले यसलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको हो । ट्रान्समिशन लाइनलाई निजीकरण गर्ने या त्यसमा विदेशी कम्पनी भित्र्याउने सरकारको कुनै नीति छैन र हुन पनि सक्दैन ।

अन्त्यमा,

यस प्रसङ्गमा पार्टीमा जुन ढङ्गले विवाद सिर्जना भयो, यस क्रममा जस्ता अभिव्यक्तिहरु सार्वजनिक भए र यसले जस्तो अन्यौल सिर्जना गऱ्यो- हाम्रो जस्तो पार्टीका लागि निकै गंभीर र विचारणीय विषय हो । हामी जस्तो विश्व परिस्थिति र भूराजनीतिमा बाँचिरहेका छौं; हाम्रो पार्टीको नाम, कार्यदिशा र बाटोको विषयलाई लिएर समाजको एउटा तप्का र विश्वका कतिपय शक्तिहरुका जस्तो खालको आग्रहपूर्ण दृष्टि छ र हाम्रा अगाडि जस्ता खालका चुनौती र संभावनाहरु छन्- यस्तो पार्टीका लागि मित्र राष्ट्रहरुसँग सम्बन्ध नै प्रभावित हुने, हाम्रो परराष्ट्र नीतिका आधारभूत मान्यतामै प्रश्न उठ्ने र राष्ट्रले लिएका परिपक्व नीतिहरुको ठाउँमा व्यक्तिका अपरिपक्व अभिव्यक्तिका कारण भ्रम सिर्जना हुने स्थिति आउनु निश्चय नै राम्रो होइन । सम्झौता भएको साढे दुई वर्षपछि अध्ययनका लागि

कार्यदल बन्नु र सार्वजनिक बहस हुनुले हाम्रो कार्यशैलीमा रहेका गंभीर कमजोरीहरुलाई प्रदर्शित गर्छन् । यतिमात्र नभएर, हिजो सरकारमा हुँदा निर्णय गरेर हस्ताक्षर गर्ने, त्यसलाई ठूलो उपलब्धिका रुपमा चित्रित गर्ने र यतिबेला यसैलाई राष्ट्रियताको मापक जस्तो बनाएर ध्रुवीकरणको शैलीको वहसमा उत्रिनु असङ्गति र अस्थिरताको अभिव्यक्ति हो । यस्ता व्यवहारले दातृ समुदायसमक्ष हाम्रो मुलुकको नीति, छवि र विश्वसनीयतामाथि नै प्रश्नचिह्न खडा गर्न सक्छ ।

त्यसैले अस्पष्ट भएका केही विषयलाई स्पष्ट पार्दै, प्रतिनिधिसभा मार्फत् नेपालका नीतिहरुका बारेमा स्पष्ट दृष्टिकोणको पुनर्पुष्टि गर्दै यसलाई छिटोभन्दा छिटो अनुमोदन गरेर जानु पर्छ भन्ने आफ्नो दृष्टिकोण दर्ज गर्न चाहन्छु ।

प्रदीपकुमार ज्ञवाली

# अनुसूची १

## नेपाल सरकार र संयुक्त राज्य अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्च कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता (मिलेनियम च्यालेञ्ज कम्प्याक्ट)

# मिलेनियम च्यालेन्ज सम्झौता

## प्रस्तावना

प्रस्तुत मिलेनियम च्यालेन्ज सम्झौता (***"सम्झौता"***) संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल ***"नेपाल"***) को तर्फबाट अर्थ मन्त्रालय (***"सरकार"***) तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट संयुक्त राज्य अमेरिकाको सरकारी निगम मिलेनियम च्यालेन्ज कर्पोरेसन (***"एमसिसि"***) बीच सम्पन्न भयो। (यस सम्झौतामा एमसिसि तथा सरकारलाई एकल रूपमा (***"पक्ष"***) र सामूहिक रुपमा (***"पक्षहरू"***) भनी सम्बोधन गरिएको छ। यस सम्झौतामा प्रयोग भएका शब्दहरूको अर्थ अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ।

नेपालको आर्थिक विकास र गरिबी निवारण प्रवर्द्धन गर्ने साझा लक्ष्यप्रति पक्षहरू प्रतिबद्ध रहेका तथा यस सम्झौता अन्तर्गत एमसिसिको सहायताले नेपालको सुशासन, आर्थिक स्वतन्त्रता तथा जनतामा गरिने लगानी सुदृढ गर्ने प्रतिबद्धतालाई सहयोग पुग्ने कुरालाई स्वीकार गर्दै;

सरकारले एमसिसिको सहायताको उपयोगका सम्बन्धमा प्राथमिकता निर्धारण गर्न निजी क्षेत्र र नागरिक समाजसँग परामर्श गरी दिगो आर्थिक समृद्धि हासिल गर्न तथा गरिबी न्यूनीकरण गर्न एमसिसिको सहायताको लागि प्रस्ताव बनाई पेश गरेको कुरालाई स्मरण गर्दै;

एमसिसिले नेपाललाई प्रस्तुत सम्झौतामा उल्लेख गरिएका लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सम्झौतामा उल्लेख गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्न इच्छुक रहेको कुरालाई स्वीकार गर्दै;

पक्षहरू देहाय बमोजिम गर्न सहमत भएका छन्:

## धारा १.

## लक्ष्य र उद्देश्य

दफा १.१ सम्झौताको लक्ष्य. आर्थिक विकास मार्फत नेपालमा गरिबी न्यूनीकरण गर्ने प्रस्तुत सम्झौताको लक्ष्य (***"सम्झौताको लक्ष्य"***) रहेको छ। एमसिसिको सहायता नेपालको सुशासन, आर्थिक स्वतन्त्रता र नेपाली जनतामा गरिने लगानीलाई सबल बनाउन उपलब्ध हुनेछ।

दफा १.२ परियोजनाको उद्देश्य. अनुसुची १ मा उल्लेख भए बमोजिमका परियोजनाहरू (प्रत्येकको हकमा ***"परियोजना"*** र सामूहिक रुपमा ***"परियोजनाहरू"***) कार्यक्रममा समावेश छन्। प्रत्येक परियोजनाको उद्देश्य
(प्रत्येकको हकमा***"परियोजना उद्देश्य"*** र सामूहिक रुपमा ***"परियोजना उद्देश्यहरू"***) देहाय बमोजिम रहेका छन्:

क) उर्जा व्यापारलाई सहजीकरण गरी तथा नेपालको विद्युत ग्रिडमा विद्युत आपूर्तिको उपलब्धता तथा स्थिरतामा सुधार गरी विद्युतको उपभोग वृद्धि गर्ने,

ख) रणनीतिक सडक सञ्जालमा सडकको गुणस्तर कायम राख्ने।

# धारा २.

## वित्तीय व्यवस्था र स्रोत

दफा २.१ कार्यक्रम वित्तीय व्यवस्था. दफा ७.३ बमोजिम यो सम्झौता लागू भए पछि, यस सम्झौताका शर्तहरू बमोजिम एमसिसिले सरकारलाई पैतालिस करोड पन्चानब्बे लाख (४५,९५,००,०००) अमेरिकी डलर भन्दा बढी नहुने गरी (***"कार्यक्रम वित्तीय व्यवस्था"***) सरकारको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि रकम उपलब्ध गराउनेछ। कार्यक्रम वित्तीय व्यवस्थाको विनियोजन अनुसूची २ मा सामान्य रुपमा उल्लिखित छ।

दफा २.२ सम्झौता सिडिएफ.

(क) प्रस्तुत सम्झौतामा हस्ताक्षर भए पछि, एमसिसिले सरकारलाई यस सम्झौताका शर्तहरू बमोजिम दफा २.१ मा उल्लेख गरिएको कार्यक्रम वित्तीय व्यवस्थाका अतिरिक्त थप चार करोड पाँच लाख ( ४,०५,००,०००) अमेरिकी डलर भन्दा बढी नहुने गरी ("सम्झौता सिडिएफ") मिलेनियम च्यालेन्ज ऐन, २००३ को दफा ६०९ (छ), संशोधन समेत ("एमसिए ऐन") अन्तर्गत देहायका प्रयोजनको लागि एवं यस सम्झौता कार्यान्वयनलाई सहज बनाउन सरकारले उपयोग गर्ने गरी रकम उपलब्ध गराउनेछः

(१) वित्तीय व्यवस्थापन र खरिद सम्बन्धी कार्य;

(२) प्रशासनिक कार्यहरू (कर्मचारीको तलब जस्ता प्रारम्भिक खर्च समेत) र बहाल, कम्प्युटर र अन्य सूचना प्रविधि वा पूँजीगत उपकरण जस्ता अन्य प्रशासनिक सहायक खर्चहरू;

(३) अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यहरू;

(४) सम्भाव्यता, डिजाइन, र अन्य परियोजना तयारी अध्ययन कार्यहरू; र

(५) एमसिसिले स्वीकृत गरेका सम्झौता कार्यान्वयनलाई सहज बनाउने अन्य कार्यहरू।

सम्झौता सिडिएफको विनियोजन अनुसूची २ मा सामान्य रुपमा उल्लिखित छ।

(ख) यो दफा २.२ तथा सम्झौता सिडिएफका हकमा लागू हुने यस सम्झौताका अन्य व्यवस्थाहरू दफा ७.५ बमोजिम सम्झौता सिडिएफको प्रयोजनका लागि मात्र यस सम्झौतामा एमसिसि र सरकारले हस्ताक्षर गरेको मितिदेखि लाागू हुनेछन्।

(ग) सम्झौता सिडिएफको प्रत्येक भुक्तानी अनुसूची ४ मा उल्लेख भए बमोजिमका त्यस्तो भुक्तानी सम्बन्धी पूर्व शर्तहरूको परिपालनाको अधिनमा रहनेछ।

(घ) एमसिसिले दफा २.२ (क) अन्तर्गत उपलब्ध सम्झौता सिडिएफको कुल रकम दफा २.२(क) मा उल्लेख गरिएका प्रयोजनका लागि मुनासिब रुपमा उपयोग हुन सक्ने रकम भन्दा बढी भएको भनी निर्धारण गरेमा सरकारलाई लिखित सूचना दिएर एमसिसिले दफा २.२ (क) अन्तर्गत उपलब्ध सम्झौता सिडिएफको रकमलाई कम गरी बढी भएको रकम (***अधिक सम्झौता सिडिएफ रकम***") फिर्ता गर्न सक्नेछ। यस्तो अवस्थामा दफा २.२ (क) अन्तर्गत सरकारलाई उपलब्ध गराइने सम्झौता सिडिएफको रकमबाट अधिक सम्झौता सिडिएफ रकम घटाइनेछ र उक्त अधिक सम्झौता सिडिएफ रकमका सम्बन्धमा एमसिसिको कुनै थप दायित्व रहने छैन।

(ङ) एमसिसिले चाहेमा सरकारलाई लिखित सूचना दिएर सरकारलाई त्यस्तो अधिक सम्झौता सिडिएफ रकमको कुल रकम वा केही हिस्सा बराबरको रकम कार्यक्रम वित्तीय व्यवस्थामा थप हुने गरी उपलब्ध गराउने विकल्प छनौट गर्न सक्नेछ, र त्यस्तो थप कार्यक्रम वित्तीय व्यवस्थाको हकमा लागू हुने कार्यक्रम वित्तीय व्यवस्थामा लागू हुने प्रस्तुत सम्झौताका शर्त तथा बन्देजहरू लागू हुनेछन् ।

दफा २.३ एमसिसि वित्तीय व्यवस्था. प्रस्तुत सम्झौतामा कार्यक्रम वित्तीय व्यवस्था र सम्झौता सिडिएफलाई सामूहिक रुपमा ***"एमसिसि वित्तीय व्यवस्था"*** भनिएको छ र यसले प्रस्तुत सम्झौता अन्तर्गत सरकारले भुक्तानी दिएको कार्यक्रम वित्तीय व्यवस्था र सम्झौता सिडिएफको फिर्ता वा सोधभर्ना समेत जनाउँछ ।

दफा २.४ भुक्तानी. एमसिसिले प्रस्तुत सम्झौता तथा कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिम कार्यक्रमको कार्यान्वयनको क्रममा भएका खर्चको लागि एमसिसि वित्तीय व्यवस्थाको भुक्तानी (**"**भुक्तानी**"**) गर्नेछ । लागू हुने सबै पूर्व शर्तहरूको परिपालना भएमा एमसिसिले सरकारलाई उपलब्ध हुने भुक्तानीको रकम (क) नेपाल सरकारले खोलेको र एमसिसिद्वारा स्वीकृत एक वा एक भन्दा बढी बैंक खाता (प्रत्येकलाई ***"स्वीकृत खाता"*** भनिने) मा जम्मा गरी वा (ख) कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित वस्तु, कार्य वा सेवाको प्रदायकलाई प्रत्यक्ष भुक्तानी गरी दिइनेछ । एमसिसि वित्तीय व्यवस्था कार्यक्रम सम्बन्धी खर्चमा मात्र उपयोग गर्न सकिनेछ ।

दफा २.५ ब्याज. एमसिसि वित्तीय व्यवस्थालाई कार्यक्रम प्रयोजनका लागि उपयोग गर्नु पूर्व उक्त एमसिसि वित्तीय व्यवस्थामा प्राप्त हुने कुनै पनि ब्याज वा अन्य आय कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिम सरकारले एमसिसिलाई भुक्तानी दिने वा हस्तान्तरण गर्नेछ ।

दफा २.६ सरकारी स्रोत; बजेट.

(क) सरकारले प्रस्तुत सम्झौता अन्तर्गत सरकारको दायित्व परिपालनाका लागि आवश्यक सम्पूर्ण आर्थिक तथा अन्य स्रोतहरू उपलब्ध गराउनुका साथै आवश्यक सम्पूर्ण कार्य गर्नेछ । यसका अतिरिक्त, सरकारले प्रस्तुत सम्झौताका कार्यक्रमका परियोजना उद्देश्यहरू प्राप्त गर्न अनिवार्य योगदान (**"सरकारको योगदान**") गर्नेछ । अनुसूची २ मा सरकारको योगदानको बारेमा थप उल्लेख गरिएको छ ।

(ख) कार्यक्रम अवधिभर सरकारले आफ्नो वार्षिक बजेटमा प्रत्येक आर्थिक वर्षमा सरकारलाई प्राप्त भएको वा हुने अनुमानित एमसिसि वित्तीय व्यवस्थाको पूर्ण रुपमा लेखा राखिएको सुनिश्चित गर्न सर्वोत्तम प्रयत्न गर्नेछ ।

(ग) प्रस्तुत सम्झौता तथा कार्यक्रम अन्तर्गत लक्षित गरिएका क्रियाकलापहरूका लागि सरकारले एमसिसि बाहेक अन्य श्रोतबाट प्राप्त हुने सामान्य र अपेक्षित स्रोतहरू वा बजेट घटाउने छैन ।

(घ) सरकारले एमसिसिलाई लिखित रुपमा अन्यथा सूचना दिएकोमा बाहेक, प्रस्तुत सम्झौता तथा कार्यक्रम अन्तर्गत लक्षित गरिएका क्रियाकलापहरूका सम्बन्धमा एमसिसि वित्तीय व्यवस्था सरकारले अन्य तवरले प्राप्त गर्ने वा बजेट विनियोजन गर्ने स्रोतहरूको अतिरिक्त हुनेछ ।

दफा २.७. एमसिसि वित्तीय व्यवस्थाको उपयोगको सीमा. प्रस्तुत सम्झौतामा उल्लेख गरिएको वा सरकारलाई लिखित रुपमा सूचित गरिएको संयुक्त राज्य अमेरिकाको कानून वा नीति उल्लंघन गर्न सक्ने देहाय बमोजिमका प्रयोजन समेतका कुनै पनि प्रयोजनको लागि एमसिसि वित्तीय व्यवस्थाको उपयोग नगरिएको सरकारले सुनिश्चित गर्नेछः

(क) सेना, प्रहरी, मिलिसिया, राष्ट्रिय सुरक्षा वा अन्य अर्धसैन्य सङ्गठन वा इकाईको प्रशिक्षण वा सहयोगको लागि;

(ख) संयुक्त राज्य अमेरिकाको रोजगारीमा सारभूत क्षति पुऱ्याउन सक्ने वा संयुक्त राज्यको उत्पादनमा मूलभूत विस्थापन गर्न सक्ने कुनै पनि क्रियाकलापको लागि;

(ग) एमसिसिको वातावरणीय निर्देशिका तथा तत् सम्बन्धमा जारी भएका अन्य निर्देशिकाहरू (सामूहिक रूपमा ***"एमसिसि वातावरणीय निर्देशिकाहरू"***) मा थप उल्लेख गरिएका वातावरण, स्वास्थ्य वा सुरक्षामा सारभूत जोखिम हुन सक्ने किसिमका कुनै पनि क्रियाकलाप गर्ने वा सो सम्बन्धमा खर्च गर्ने वा त्यस्ता क्रियाकलाप सम्बन्धी अन्य कुनै पनि तवरले सहयोग गर्नका लागि; वा

(घ) परिवार नियोजनको साधनको रुपमा गर्भपतन गर्न लगाउन वा कुनै पनि व्यक्तिलाई गर्भपतन गर्न उक्साउने वा जबरजस्ती गर्ने, परिवार नियोजनको साधनका रुपमा अस्वेच्छिक बन्ध्याकरण गर्न लगाउने वा जबरजस्ती गरी वा आर्थिक प्रलोभन देखाई कुनै पनि व्यक्तिलाई बन्ध्याकरण गर्न लगाउने वा परिवार नियोजनको साधनको रुपमा गर्भपतन वा अस्वेच्छिक बन्ध्याकरण गर्ने कार्य, वा विधिसँग, पूर्ण वा आंशिक, रुपमा सम्बन्धित कुनै बायोमेडिकल अनुसन्धान कार्यका भुक्तानी दिन ।

दफा २.८ कर.

(क) पक्षहरू लिखित रूपमा विशेषत: अन्यथा सहमत भएकोमा बाहेक, सम्पूर्ण एमसिसि वित्तीय व्यवस्थाबाट नेपालको वा नेपालमा सामान्यतया लागू हुने कुनै पनि प्रचलित वा भावी कर, शुल्क, लेभी, अनिवार्य भुक्तानी वा अन्य समान किसिमका दस्तुरहरू (नेपालमा सामान्यतया प्रचलित मुनासिब तथा गैरविभेदकारी रुपमा सेवा वापतको शुल्क बाहेक) ("**कर**"),(जसमा नेपालको वा नेपालस्थित राष्ट्रिय, संघीय, प्रदेश वा स्थानीय सरकारी वा कर लगाउने निकायले लगाउने कर समेत समावेश हुने) बाट मुक्त रहने सरकारले सुनिश्चित गर्नेछ । उल्लिखित व्यवस्थाको सर्वसामान्यतालाई सीमित नगरी तथा विशेषत: एमसिसि वित्तीय व्यवस्था देहायका भुक्तानीबाट मुक्त हुनेछ; (१) कार्यक्रमसँग सम्बन्धित नेपालभित्र ल्याइएका कुनै वस्तु, कार्य वा सेवामा लाग्ने कुनै महसुल, भन्सार शुल्क, पैठारी कर, निकासी कर र यस्तै प्रकृतिका अन्य दस्तुर; (२) कार्यक्रमसँग सम्बन्धित वस्तु, कार्य वा सेवा सम्बन्धी कारोबारमा लाग्ने मूल्य अभिवृद्धि कर, बिक्री कर, अन्त:शुल्क, सम्पत्ति खरिद बिक्री कर, वा अन्य कारोवारमा लाग्ने यस्तै प्रकृतिका दस्तुर; (३) कार्यक्रमसँग सम्बन्धित कुनै सम्पत्तिको स्वामित्व, कब्जा, उपभोगमा लाग्ने कर वा अन्य यस्तै प्रकृतिका दस्तुर; तथा (४) कार्यक्रमका सम्बन्धमा गरिएका कार्यहरू सम्बन्धी आय, मुनाफा, वा कुल (ग्रस) प्राप्तिमा लाग्ने कर वा अन्य समान दस्तुर तथा कार्यक्रमसँग सम्बन्धित कार्य गर्ने देहायमा उल्लेख भए बाहेकका प्राकृतिक व्यक्ति वा कानूनी व्यक्तिलाई लाग्ने सम्बन्धित सामाजिक सुरक्षा कर तथा यस्तै प्रकृतिका अन्य दस्तुर: (१) नेपाली नागरिक वा नेपालका स्थायी बासिन्दा प्राकृतिक व्यक्ति, (२) नेपालको कानून बमोजिम स्थापित कानूनी व्यक्ति (तर एमसिए-नेपाल र यस सम्झौता अन्तर्गतका सरकारको दायित्व कार्यान्वयन गर्ने उद्देश्यले स्थापित अन्य कुनै निकाय बाहेक) ।

(ख) दफा २.८ (क) अन्तर्गतको कर छुटको व्यवस्था कार्यान्वयन गर्न निश्चित मुख्य करका सम्बन्धमा सरकारले अवलम्बन गर्ने कार्यविधि अनुसूची ७ मा उल्लेख गरिएको छ । सो कार्यविधि अन्तर्गत प्रचलित कानून बमोजिम करको भुक्तानीमा दिइएको छुट, सरकारले एमसिसिलाई एमसिए-नेपाल वा करदातालाई दिने कर फिर्ता वा सोधभर्ना, वा सरकारले कार्यक्रमको हितको लागि एमसिए-नेपाल वा एमसिसिलाई भुक्तान गर्ने दफा २.८(क) मा उल्लेख गरिएका विषयमा लाग्ने करको सहमति बमोजिमको रकम समेत समावेश हुन सक्नेछन् ।

(ग) दफा २.८(क) वा अनुसूची ७ मा उल्लेख भएको व्यवस्था विपरित कर भुक्तानी भएमा सरकारले अविलम्ब एमसिसि (वा एमसिसिले तोकेको अन्य पक्ष) लाई उक्त कर वापतको रकम अमेरिकी डलर वा नेपाली रूपैयाँमा सो बमोजिम कर भुक्तान भएको लिखित (एमसिसि वा एमसिए-नेपालबाट) सूचना सरकारले पाएको ३० दिन (वा पक्षहरू बीच लिखित रुपमा सहमति भएको अवधि) भित्र फिर्ता गर्नेछ । त्यस्तो रकम तोकिएको समयभित्र फिर्ता गर्न नसकेमा फिर्ता नगरिएको रकममा दफा ५.४ बमोजिम ब्याज लाग्ने छ ।

(घ) सरकारले दफा २.८ (ग) अन्तर्गतको आफ्नो दायित्व परिपूर्तिका लागि एमसिसि वित्तीय व्यवस्था वा सो को प्रतिफल वा कार्यक्रमको सम्पत्ति प्रयोग गर्न पाउने छैन ।

## धारा ३.

## कार्यान्वयन

दफा ३.१ कार्यक्रम कार्यान्वयन सम्झौता. पक्षहरूले एमसिसि वित्तीय व्यवस्थाको कार्यान्वयन सम्बन्धी व्यवस्था, वित्तिय जवाफदेहिता, र भुक्तानी तथा उपयोगको थप विवरण समेत समेटिएको एक सम्झौता (***"कार्यक्रम कार्यान्वयन सम्झौता"***वा***"पिआईए"***) सम्पन्न गर्नेछन्; र सरकारले यस सम्झौता, पिआईए तथा अन्य कुनै पूरक सम्झौता एवं अन्य कार्यान्वयन पत्र अनुसार कार्यक्रमको कार्यान्वयन गर्नेछ ।

दफा ३.२ सरकारको जिम्मेवारी.

(क) कार्यक्रमको कार्यान्वयन पर्यवेक्षण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी सरकारको हुनेछ ।

(ख) सरकारले एमसिसिको लिखित रुपमा पूर्व स्वीकृति लिई परियोजना तथा परियोजनाका क्रियाकलापहरूको कार्यान्वयनको व्यवस्थापन गर्ने, स्रोतको विनियोजन गर्ने तथा खरिद व्यवस्थापन गर्ने लगायतका सरकारको कार्यक्रम पर्यवेक्षण, व्यवस्थापन र कार्यान्वयन गर्ने अधिकार तथा दायित्व पूरा गर्न तथा कार्यक्रम कार्यान्वयन गर्ने उत्तरदायित्व भएको नेपालको मन्त्रिपरिषद्बाट जारी गरिएको गठन आदेशको माध्यमबाट स्थापित हुने एउटा निकाय तोक्नेछ । सो निकायलाई यसमा***"एमसिए-नेपाल"*** भनी सम्बोधन गरिनेछ, र एमसिए-नेपाललाई सरकारको तर्फबाट कार्यक्रम सम्बन्धी क्रियाकलापका सम्बन्धमा सम्पूर्ण कार्य गर्ने अख्तियारी हुनेछ । सरकारले यसै सम्झौताबाट एमसिए-नेपाललाई मिति जुलाई २०, २०१६ को संशोधित र प्रतिस्थापित प्रारम्भिक अनुबन्धन सम्बन्धी प्राविधिक सहयोग अनुदान सम्झौता [Amended and Restated Initial Engagement Technical Assistance Grant Agreement, dated July 20, 2016] मा परिभाषित क्रियाकलापहरूको पर्यवेक्षण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने सरकारको अधिकार तथा जिम्मेवारी पूरा गर्न निर्दिष्ट गरेको छ । प्रस्तुत दफा ३.२ (ख) बमोजिम निकाय तोकेको कारणबाट सरकारले यस सम्झौता बमोजिम वा अन्य कुनै सम्बन्धित सम्झौता बमोजिम पूरा गर्नुपर्ने जिम्मेवारी वा दायित्वबाट उन्मुक्ति पाउने छैन र सोको लागि सरकार पूर्ण रुपमा उत्तरदायी रहनेछ । एमसिसिले दफा ३.२ (ख) बमोजिमको निकाय तोक्ने सम्बन्धमा यसै सम्झौता बमोजिम स्वीकृति तथा सहमति जनाएको छ ।

(ग) एमसिसि लिखित रुपमा अन्यथा सहमत भएको अवस्थामा बाहेक सरकारले एमसिसि वित्तीय व्यवस्थाद्वारा पूर्ण वा आंशिक (प्रत्यक्ष वा अप्रत्यक्ष) रुपमा वित्त व्यवस्था गरिएको कुनै पनि कार्यक्रमको सम्पत्ति वा सेवा प्रस्तुत सम्झौता तथा कार्यक्रमलाई अगाडी बढाउने प्रयोजनका लागि मात्र उपयोग गरिएको सुनिश्चित गर्नेछ ।

(घ) प्रस्तुत सम्झौता अवधिमा सरकारले परियोजना उद्देश्यहरू प्राप्तिका लागि सबै आवश्यक तथा उपयुक्त कदमहरू (दफा २.६(क) लाई सिमित नराखी, एमसिसि लिखित रुपमा अन्यथा सहमत भएको अवस्थामा बाहेक एमसिसि वित्तीय व्यवस्था भन्दा अधिक तथा यससँग सम्बन्धित शर्तहरू पालना गर्न तथा त्यस्ता उद्देश्यहरू प्राप्तिका लागि आवश्यक सम्पूर्ण लागतको वित्तीय व्यवस्था समेत) चाल्नेछ ।

(ङ) सरकारले मुनासिब रेखदेख, कार्यदक्षता तथा लगनशीलताका साथ प्राविधिक, आर्थिक र व्यवस्थापनका मुनासिब अभ्यासहरू अनुसरण गरी प्रस्तुत सम्झौता, कार्यक्रम कार्यान्वयन सम्झौता, प्रत्येक पूरक सम्झौता र कार्यक्रम निर्देशिका अनुरूप कार्यक्रम कार्यान्वयन तथा प्रस्तुत सम्झौता बमोजिमको आफ्नो जिम्मेवारी पूरा गरेको सुनिश्चित गर्नेछ ।

(च) सरकारले आफ्नो तर्फबाट एमसिसिलाई बौद्धिक सम्पत्तिको कुनै अंश वा अंशहरू हाल ज्ञात भएको वा यस पश्चात विकसित हुने एमसिसिले उपयुक्त देखेको कुनै माध्यममा जुनसुकै प्रयोजन (उत्पादन, पुनः उत्पादन, प्रकाशन, परिवर्तन, प्रयोग, सञ्चय, रुपान्तरण वा उपलब्ध गराउने अधिकार समेत) का लागि अविच्छिन्न, अपरिवर्तनीय, रोयल्टीरहित, विश्वव्यापी, पूर्णरुपमा भुक्तान गरिएको, हस्तान्तरण गर्न सक्ने अधिकार तथा प्रयोग गर्न वा गरेको हुन अनुमति प्रदान गर्दछ ।

दफा ३.३ <u>नीतिगत कार्यसम्पादन.</u> <u>अनुसूची १</u> (यदि कुनै) मा उल्लेख भएका नीति, कानूनी तथा नियामक सुधार प्रतिबद्धताका अतिरिक्त, सरकारले एमसिए ऐनको दफा ६०७ मा निर्धारित नीतिगत मापदण्ड, र एमसिसिले प्रयोग गरेको छनौट मापदण्ड र कार्यविधि अनुसार आफ्नो कार्यसम्पादनको स्तर कायम तथा सुधार गर्न प्रयत्न गर्नेछ ।

दफा ३.४ <u>सूचनाको यथार्थता.</u> सरकारले प्रस्तुत सम्झौतामा हस्ताक्षर गरेको मितिसम्म एमसिसिलाई सरकारले वा सरकारको तर्फबाट प्रस्तुत सम्झौताका सम्बन्धमा सहमतिमा पुग्ने क्रममा उपलब्ध गराइएका सम्पूर्ण जानकारी वस्तुगत रुपमा सत्य, साँचो तथा पूर्ण रहेको भनी प्रत्याभूत गर्दछ ।

दफा ३.५ <u>कार्यान्वयन पत्र.</u> एमसिसिले सरकारलाई समय समयमा यस सम्झौता, एमसिसि वित्तीय व्यवस्था, वा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कुनै पनि विषयमा लिखित रुपमा (प्रत्येकलाई, "***कार्यान्वयन पत्र***" भनिएको) मार्फत परामर्श दिन सक्नेछ । सरकारले उक्त परामर्शलाई कार्यक्रम कार्यान्वयन गर्दा अवलम्बन गर्नेछ । पक्षहरूले यस सम्झौता, पिआईए, वा अन्य सम्बन्धित सम्झौताको कार्यान्वयन सम्बन्धी विषयहरूमा आपसी सहमतिको विषय एकीन गरी अभिलेखका लागि संयुक्त रुपमा कार्यान्वयन पत्रहरू जारी गर्न समेत सक्नेछन् ।

दफा ३.६ <u>खरिद तथा अनुदान.</u>

(क) सरकारले कार्यक्रम कार्यान्वयनका लागि सम्पूर्ण वस्तु, कार्य तथा सेवाको परिपूर्ति सरकार वा प्रदायकले एमसिसि कार्यक्रम खरिद निर्देशिका (***"एमसिसि कार्यक्रम खरिद निर्देशिका"***) बमोजिम गर्ने सुनिश्चित गर्नेछ । एमसिसि कार्यक्रम खरिद निर्देशिकामा अन्य कुराका अतिरिक्त देहायका शर्तहरू समेत समावेश हुनेछन्:

(१) वस्तु, कार्य तथा सेवा खरिदका लागि तथा खरिद सम्झौता आह्वान, सम्पन्न र प्रशासन गर्न खुला, निष्पक्ष र प्रतिस्पर्धी विधिहरू पारदर्शी ढङ्गले प्रयोग गनुपर्ने,

(२) आह्वान गरिने वस्तु, कार्य तथा सेवा प्राप्त गरिने वस्तु, कार्य तथा सेवाको स्पष्ट र यथार्थ विवरणमा आधारित हुनुपर्ने,

(३) सम्झौताहरू सम्झौता बमोजिम कार्य गर्न योग्यता एवं तत्परता भएका योग्य ठेकेदारहरूलाई मात्र उनीहरूको मितव्ययिता तथा सामयिक रुपमा पूरा गर्न सक्ने शर्त बमोजिम प्रदान गर्नुपर्ने, र

(४) वस्तु, कार्य तथा सेवाको पूर्तिका लागि निर्धारित, उदाहरणका लागि मूल्य उद्धरण (कोटेशन) तथा बजार मूल्यको तुलना गरी निर्धारण गरिएको, व्यापारिक रुपमा मुनासिब मूल्य भन्दा बढी मूल्य भुक्तानी नगर्ने ।

(ख) सरकारले, एमसिसिले लिखित स्वीकृति दिएको अवस्थामा बाहेक, कार्यक्रम कार्यान्वयनलाई अगाडि बढाउन जारी गरिने अनुदान (प्रत्येकलाई ***"अनुदान"*** भनिएको) एमसिसिलाई स्वीकार्य पारदर्शी तवरले खुल्ला, निष्पक्ष र प्रतिस्पर्धी विधि अपनाएर प्रदान, कार्यान्वयन तथा व्यवस्थापन गरिएको सुनिश्चित गर्नेछ । यस शर्तको थप परिपालनाको लागि, तथा कुनै अनुदान जारी गर्नु पूर्व, सरकार र एमसिसिले उपयुक्त योग्यता र छनौट विधि तथा अनुदान प्रदान गर्ने कार्यविधिसहित सम्भावित अनुदान प्राप्तकर्ताको पहिचानको निर्धारणका लागि लिखित कार्यविधिमा सहमत हुनेछन् । यसरी सहमति गरिएकोमा कार्यविधि एमसिए-नेपालको वेब साइटमा प्रकाशन गरिनेछ ।

दफा ३.७ <u>अभिलेख, लेखाङ्कन, आवृत प्रदायकहरू, पहुँच.</u>

(क) <u>सरकारी हिसाब (किताब) र अभिलेख.</u> सरकारले सम्पूर्ण एमसिसि वित्तीय व्यवस्थाको उपयोग तथा कार्यक्रमको परिणाम तथा कार्यान्वयन प्रतिविम्बित गर्न पर्याप्त लेखाङ्कन सम्बन्धी हिसाब, अभिलेख, कागजपत्र र अन्य कार्यक्रम सम्बन्धी प्रमाणको अभिलेख (**"सम्झौता अभिलेखहरू"**) एमसिसि सन्तुष्ट हुने गरी राख्नु पर्नेछ तथा समेटिएका सम्पूर्ण प्रदायकहरूले सोही बमोजिम सम्झौता अभिलेख राख्ने सम्बन्धमा सुनिश्चित गर्न सर्वोत्तम प्रयत्न गर्नेछ । यसका अतिरिक्त, सरकारले एमसिसिको अनुरोधमा एमसिसिलाई यस्ता सम्झौता अभिलेखहरूको सक्कल वा प्रतिलिपि उपलब्ध गराउनेछ ।

(ख) <u>लेखाङ्कन.</u> सरकारले संयुक्त राज्यको प्रचलित सामान्यतया स्वीकृत लेखा सिद्धान्तहरू बमोजिम, वा सरकारले चाहेमा एमसिसिको लिखित पूर्व स्वीकृति लिएर, अन्य लेखा सिद्धान्तहरू, जस्तै (१) अन्तर्राष्ट्रिय लेखाङ्कन मानक बोर्डले निर्धारण गरेका, वा (२) नेपालमा प्रचलित लेखा सिद्धान्तहरू बमोजिम सम्झौता अभिलेखहरू राख्नेछ तथा समेटिएका सम्पूर्ण प्रदायकहरूले सोही बमोजिम सम्झौता अभिलेख राखेको सुनिश्चित गर्न सर्वोत्तम प्रयत्न गर्नेछ । सम्झौता अभिलेखहरू सम्झौता अवधि समाप्त भए पछि कम्तीमा पाँच वर्षसम्म वा कुनै मुद्दा, दावी वा लेखापरीक्षणको निष्कर्षको निरुपणका लागि वा प्रचलित कानूनको आवश्यकता बमोजिम सो भन्दा बढी समयसम्म सुरक्षित राख्नुपर्नेछ ।

(ग) <u>पहुँच.</u> एमसिसिले अनुरोध गरेमा, सरकारले, प्रत्येक मुनासिब समयमा, एमसिसिका आधिकारिक प्रतिनिधिहरू, एमसिसिका महानिरीक्षक (***"महानिरीक्षक"***), संयुक्त राज्य सरकारको अकाउन्टेबिलिटि कार्यालय, प्रस्तुत सम्झौतामा वा यस सम्झौतालाई अगाडि बढाउने सम्बन्धमा लेखा परीक्षण गर्न जिम्मेवारी पाएको कुनै पनि लेखापरीक्षक, र एमसिसि वा सरकारबाट कार्यक्रमको कुनै आँकलन, पुनरावलोकन वा मूल्याङ्कन गर्नका लागि नियुक्त गरिएको कुनै एजेन्ट वा प्रतिनिधिलाई, एमसिसि वित्तीय व्यवस्थाद्वारा आंशिक वा पूर्ण रुपमा वित्त उपलब्ध गराइएको सुविधा, सम्पत्ति, तथा क्रियाकलापहरूको लेखापरीक्षण, पुनरावलोकन, मूल्याङ्कन वा निरीक्षण गर्ने अनुमति दिने वा उपलब्ध गराउनेछ ।

दफा ३.८ <u>लेखापरीक्षण, पुनरावलोकन.</u>

(क) <u>सराकारी लेखापरीक्षण.</u> पक्षहरूले लिखित रुपमा अन्यथा सहमति गरेको अवस्थामा बाहेक, सरकारले प्रस्तुत सम्झौताको अवधिको अन्त्यसम्म कम्तीमा अर्धवार्षिक रुपमा, यस सम्झौतामा हस्ताक्षर भएदेखि सो पछिको सेप्टेम्बर ३० वा मार्च ३१, जुन अगाडि हुन्छ, सो समयावधि समावेश हुने गरी तथा सो पश्चात् सेप्टेम्बर ३० वा मार्च ३१ सम्मको प्रत्येक अर्ध वार्षिक अवधिको लागि एमसिसि वित्तीय व्यवस्थाको वित्तीय लेखापरीक्षण, गर्ने, वा गराउने छ । यसका अतिरिक्त, एमसिसिको अनुरोधमा, सरकारले उक्त लेखापरीक्षण एमसिसिले नियुक्त गरेको तथा महानिरीक्षकले स्वीकृत गरेको स्थानीय लेखापरीक्षकहरूको सूचीमा सूचीकृत स्वतन्त्र लेखापरीक्षकबाट वा महानिरीक्षकले जारी तथा समय समयमा संशोधन गरेको एमसिसिका मिलेनियम च्यालेन्ज कर्पोरेसनका उत्तरदायी निकायहरूले वित्तीय लेखापरीक्षण सम्झौता गर्ने निर्देशिका (**"लेखा परीक्षण निर्देशिका"**) बमोजिम छनौट गरिएको संयुक्त राज्य अवस्थित मान्यता प्राप्त सार्वजनिक लेखाङ्कन गर्ने फर्मबाट भएको सुनिश्चित गर्नेछ । लेखापरीक्षण निर्देशिका बमोजिम तथा महानिरीक्षकको गुणस्तर प्रत्याभूति निरीक्षणको अधीनमा रही लेखापरीक्षण

गरिनेछ। प्रत्येक लेखापरीक्षण सम्पन्न गरी उपयुक्त लेखापरीक्षण अवधि समाप्त भएको बढीमा ९० दिनभित्र वा पक्षहरू बीच लिखित सहमति भए बमोजिमको अन्य अवधिभित्र एमसिसिलाई लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ। प्रस्तुत दफा ३.८ (क) मा उल्लेख भए बमोजिमको शर्तले नेपालको महालेखापरीक्षकको कार्यालयलाई एमसिए-नेपालको लेखापरीक्षण गर्न रोक लगाउने छैन।

(ख) अन्य निकायको लेखापरीक्षण. सरकारले (१) सरकार वा कुनै प्रदायक तथा संयुक्त राज्यको गैरनाफामूलक संस्था बीच हुने एमसिसिद्वारा वित्त उपलब्ध गराउने सम्झौताहरूमा त्यस्तो संयुक्त राज्यको गैरनाफामूलक संस्थाले संयुक्त राज्यको व्यवस्थापन तथा बजेट कार्यालयले जारी गरेको यूनिफर्म एडमिनिस्ट्रेटिभ रिक्वायरमेन्ट्स, कस्ट प्रिन्सिपल्स एण्ड अडिट रिक्वायरमेन्ट्स फर फेडरल अवार्ड्समा रहेका प्रचलित लेखापरीक्षण सम्बन्धी शर्तहरूको अधीनमा रही लेखापरीक्षण गराउने, (२) सरकार वा कुनै सेवा प्रदायक तथा संयुक्त राज्यको नाफामूलक संस्था बीच हुने एमसिसिद्वारा वित्त उपलब्ध गराउने सम्झौताहरूमा त्यस्तो संयुक्त राज्यको नाफामूलक संस्थाले, एमसिसि र सरकारले लिखित रुपमा अन्यथा सहमति गरेको अवस्थामा बाहेक, संयुक्त राज्यको सम्बद्ध सरकारी निकायबाट सरकारी बाट लेखापरीक्षण गराउने, तथा (३) सरकार वा कुनै सेवा प्रदायक तथा गैर संयुक्त राज्यमा समेटिएका प्रदायक बीच हुने एमसिसिद्वारा वित्त उपलब्ध गराउने सम्झौताहरूमो गैर संयुक्त राज्यमा समेटिएका प्रदायकले लेखापरीक्षण निर्देशिका बमोजिम लेखापरीक्षण गराउने शर्त उल्लेख भएको सुनिश्चित गर्नेछ।

(ग) सुधारात्मक कार्य. सरकारले समेटिएका प्रत्येक प्रदायकलाई (१) लेखापरीक्षणको प्रत्युत्तरमा, आवश्यक परेमा, उपयुक्त तथा सामयिक सुधारात्मक कार्यहरू अबलम्बन गरिएको, (२) समेटिएका प्रदायकको लेखापरीक्षणबाट सरकारको अभिलेखहरूमा समायोजन गर्न आवश्यक भएमा सोको अबलम्बन गरिएको तथा

(३) आवश्यकता अनुसार त्यस्तो प्रदायकका अभिलेख तथा वित्तीय विवरणमा स्वतन्त्र लेखापरीक्षकलाई पहुँचका लागि अनुमति दिइएको सुनिश्चित गर्न सर्वोत्तम प्रयत्न गर्नेछ।

(घ) एमसिसिद्वारा लेखापरीक्षण. एमसिसिलाई सरकारद्वारा एमसिसि वित्तीय व्यवस्थाको उपयोगको लेखापरीक्षणको व्यवस्था गर्ने अधिकार हुनेछ।

(ङ) लेखापरीक्षण, पुनरावलोकन वा मूल्याङ्कनको लागत. यस सम्झौता अन्तर्गत आवश्यक पर्ने लेखापरीक्षण, पुनरावलोकन वा मूल्याङ्कनको लागि एमसिसि वित्तीय व्यवस्थाबाट खर्च गर्न सकिनेछ।

## धारा ४.

## सञ्चार

दफा ४.१ सञ्चार.

प्रस्तुत सम्झौता अन्तर्गत कुनै एक पक्षले अर्को पक्षलाई पेश गर्ने वा माग गर्ने कुनै कागजपत्र वा सञ्चार लिखित रुपमा तथा, एमसिसिसँग अन्यथा सहमत भएको अवस्थामा बाहेक, अंग्रेजीमा हुनेछ। यस्ता सबै कागजपत्र वा सञ्चार प्रत्येक पक्षको देहाय बमोजिम उल्लेख गरिएको ठेगाना वा लिखित सूचनामा अर्को पक्षलाई तोके बमोजिमको त्यस्तो अन्य ठेगानामा पेश गर्नु पर्नेछ।

सरकारलाईः

अर्थ मन्त्रालय

ध्यानाकर्षणः श्री अर्थ सचिव

(बोधार्थ- सहसचिव, अन्तर्राष्ट्रिय आर्थिक सहायता, समन्वय महाशाखा)

सिंहदरबार

काठमाडौं

नेपाल

फ्याक्सः +९७७-१-४२११११६१

टेलिफोनः+९७७-१-४२१११६४

ईमेलः secretary@mof.gov.np

एमसिसिलाईः

मिलेनियम च्यालेन्ज कर्पोरेसन

ध्यानाकर्षणः उपाध्यक्ष, कम्प्याक्ट अपरेशन्स

(वोधार्थ-उपाध्यक्ष र जनरल काउन्सल)

१०९९, फोर्टिन्थ स्ट्रिट एन डब्लु

वाशिंगटन, डिसि २०००५

संयुक्त राज्य अमेरिका

फ्याक्सः +१ (२०२) ५२१-३७००

टेलिफोनः+१ (२०२) ५२१-३७००

ईमेलः VPOperations@mcc.gov (उपाध्यक्ष, कम्प्याक्ट अपरेशन्स)

VPGeneralCounsel@mcc.gov (उपाध्यक्ष र जनरल काउन्सल)

दफा ४.२ प्रतिनिधि.

प्रस्तुत सम्झौताको सबै प्रयोजनको लागि, सरकारको प्रतिनिधित्व संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको, अर्थ मन्त्रीको रुपमा कार्यरत, वा सो पदमा बहाल रहेको व्यक्ति, तथा एमसिसिको प्रतिनिधित्व एमसिसिको उपाध्यक्ष-कम्प्याक्ट अपरेशन्सको रुपमा कार्यरत, वा सो पदमा बहाल रहेको व्यक्ति, ( प्रत्येकलाई यसपछि ***"प्रमुख प्रतिनिधि"*** भनिएको) ले गर्नेछन्। प्रत्येक पक्षले, अर्को पक्षलाई लिखित सूचना दिई, एक वा बढी प्रतिनिधिहरू (प्रत्येकलाई, ***"अतिरिक्त प्रतिनिधि"*** भनिएको) दफा ६.२ (क) बाहेकको सम्झौताको सबै प्रयोजनको लागि नियुक्त गर्न सक्नेछ। सरकारले यस सम्झौताबाट एमसिए-नेपालका भावी कार्यकारी निर्देशकलाई अतिरिक्त प्रतिनिधिको रुपमा नियुक्त गरेको छ। एमसिसिले यसरी सहायक उपाध्यक्ष, कम्प्याक्ट अपरेशन्स विभाग, युरोप, एशिया, प्यासिफिक तथा ल्याटिन अमेरिकालाई अतिरिक्त प्रतिनिधिको रुपमा नियुक्त गरेको छ। एक पक्षले अर्को पक्षलाई लिखित सूचना दिएर आफ्नो प्रमुख प्रतिनिधिलाई सोही पद वा सो भन्दा उच्च पदस्थ नयाँ प्रतिनिधिमा परिवर्तन गर्न सक्नेछ।

दफा ४.३ हस्ताक्षर. प्रस्तुत सम्झौता तथा यस सम्झौताको कुनै संशोधनमा हुने हस्ताक्षर सोही पृष्ठमा वा आदान प्रदान हुने पत्र वा कूटनीतिक पत्रमा गरिने हस्ताक्षर हुनेछ ।

## धारा ५

## अन्त्य; निलम्बन; समाप्ति

दफा ५.१ अन्त्य; निलम्बन.

(क) एक पक्षले अर्को पक्षलाई ३० दिनको लिखित पूर्व सूचना दिई पूर्णरुपमा बिना कुनै कारण यो सम्झौता अन्त्य गर्न सक्नेछ । एमसिसिले सरकारलाई ३० दिनको लिखित पूर्व सूचना दिई आंशिक रुपमा बिना कुनै कारण यो सम्झौता वा एमसिसि वित्तीय व्यवस्था अन्त्य गर्न सक्नेछ ।

(ख) एमसिसिद्वारा निलम्बन वा अन्त्यको आधारको रुपमा पहिचान गरिएको (सरकारलाई लिखित रुपमा सूचित गरिएको) कुनै परिस्थिति सृजना भएमा एमसिसिले नेपाल सरकारलाई लिखित सूचना दिई तत्काल पूर्ण वा आंशिक रुपमा प्रस्तुत सम्झौता वा एमसिसि वित्तीय व्यवस्था र यससँग सम्बन्धित कुनै पनि दायित्व अन्त्य वा निलम्बन गर्न सक्नेछ । त्यस्तो परिस्थितिमा देहायको परिस्थिति समेत समावेश हुनेछः

(१) प्रस्तुत सम्झौता सरकारले सम्पन्न गरेको अन्य कुनै सम्झौता वा व्यवस्था अन्तर्गतका आफ्ना दायित्वहरू परिपालन गर्न सरकार असफल भएमा;

(२) प्रस्तुत सम्झौताको अवधिमा कुनै घटना वा घटनाक्रमहरू घटेको कारणले सम्झौता अवधिमा कुनै पनि परियोजना उद्देश्यहरू प्राप्त नहुने वा सरकारले प्रस्तुत सम्झौता अन्तर्गतका आफ्ना दायित्वहरू परिपालना गर्न नसक्ने भएमा;

(३) एमसिसि वित्तीय व्यवस्थाको उपयोग वा प्रस्तुत सम्झौताको निरन्तर कार्यान्वयन वा कार्यक्रमले वर्तमान वा भविष्यमा लागू हुने प्रचलित कानून वा संयुक्त राज्य अमेरिकाको सरकारको नीति उल्लङ्घन गरेमा;

(४) सरकार वा एमसिसि वित्तीय व्यवस्था प्राप्त गर्ने वा कार्यक्रमको सम्पत्ति प्रयोग गर्ने कुनै व्यक्ति वा निकाय संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षा हित विपरितका क्रियाकलापमा संलग्न भएमा;

(५) विदेशी सहायता ऐन, १९६१ (Foreign Assistance Act of 1961) संशोधित रुपमा (22 U.S.C. 2151 et seq.), को भाग १ अनुसारे संयुक्त राज्य अमेरिकाबाट प्राप्त हुने आर्थिक सहयोग प्राप्त गर्न अयोग्य ठहरिने गरी कुनै कार्य गरिएमा वा कुनै अकर्मण्यता भएमा वा कुनै घटना घटेमा;

(६) एमसिए ऐन अन्तर्गत सहायताको लागि नेपालको योग्यता निर्धारण गर्न प्रयोग भएका मापदण्डसँग असङ्गत हुने किसिमका क्रियाकलापमा सरकार संलग्न भएमा; तथा

(७) सरकार वा एमसिसि वित्तीय व्यवस्था प्राप्त गर्ने वा कार्यक्रम सम्पत्ति प्रयोग गर्ने कुनै व्यक्ति वा निकाय लागूऔषध अपराधमा दोषी भएको पाइएमा वा लागूऔषध ओसारपसारमा संलग्न भएको पाइएमा ।

दफा ५.२ अन्त्य, निलम्बन, वा समाप्तिको परिणाम.

(क) दफा ५.१ (क) बमोजिम सम्झौता समाप्त भएको अवस्थामा अर्को पक्षसँग असल विश्वासका साथ परामर्श गर्ने प्रयत्न गर्ने कुरामा पक्षहरू सहमत भएका छन् ।

(ख) एमसिसिले नेपाल सरकार वा अन्य सम्बद्ध व्यक्ति वा निकाय जुन अवस्थाको कारणले एमसिसि वित्तीय व्यवस्था निलम्बन वा अन्त्य गर्नु परेको हो त्यस्तो अवस्थामा सुधार गर्न प्रतिबद्ध रहेको भनी निर्धारण गरेमा निलम्बन वा अन्त्य गरिएको प्रस्तुत सम्झौता बमोजिमको एमसिसि वित्तीय व्यवस्था एमसिसिले पुनर्बहाली गर्न सक्नेछ ।

(ग) प्रस्तुत सम्झौता वा एमसिसि वित्तीय व्यवस्था पूर्ण वा आंशिक रुपमा निलम्बन वा अन्त्य भएमा वा सम्झौताको अवधि समाप्त भएमा, निलम्बन पश्चात्, अन्त्य पश्चात् वा समाप्ति पश्चातको एमसिसि वित्तीय व्यवस्था, अन्य भूक्तानि तथा कार्यक्रम सम्पत्तिको प्रबन्धका सम्बन्धमा कार्यक्रम कार्यान्वयन सम्झौताको दफा ४.२ लागू हुनेछ । प्रस्तुत सम्झौता, एमसिसि वित्तीय व्यवस्था, कार्यक्रम कार्यान्वयन सम्झौता वा अन्य कुनै पूरक सम्झौताको निलम्बन वा अन्त्य नगरिएको अंश भने पूर्ण रुपमा प्रभावकारी तथा कार्यान्वयनमा रहनेछ ।

दफा ५.३ फिर्ता, उल्लंघन.

(क) कुनै एमसिसि वित्तीय व्यवस्था, त्यसको कुनै ब्याज वा आर्जन, वा कुनै कार्यक्रम सम्पत्तिको प्रयोग यस सम्झौताको शर्त विपरितको कुनै प्रयोजनमा भएमा, एमसिसिले सरकारलाई दुरुपयोग गरिएको एमसिसि वित्तीय व्यवस्था, ब्याज, आर्जन वा सम्पत्तिमा ब्याज थप गरी हुन आउने रकम अमेरिकी डलरमा एमसिसिको रकम फिर्ता गर्ने अनुरोध पाएको ३० दिनभित्र एमसिसिलाई फिर्ता गर्न लगाउन सक्नेछ । सरकारले त्यस्तो भुक्तानीको लागि एमसिसि वित्तीय व्यवस्था, त्यसको आर्जन वा कार्यक्रम सम्पत्ति प्रयोग गर्ने छैन ।

(ख) प्रस्तुत सम्झौतामा अन्य जुनसुकै व्यवस्था गरिएको वा अन्यथा व्यवस्था हुने गरी अन्य कुनै सम्झौता गरिएको भए तापनि, एमसिसिको दफा ५.३ (क) अन्तर्गतको फिर्ता पाउने अधिकार यस सम्झौताको अवधि भरि र (१) तत्पश्चात् पाँच वर्षको अवधि, वा (२) एमसिसिले त्यस्तो उल्लंघनको सम्बन्धमा यथार्थ जानकारी प्राप्त गरे पश्चात् एक (१) वर्षको अवधि मध्ये जुन पछि हुन्छ त्यस्तो अवधिभर कायम रहिरहनेछ ।

दफा ५.४ ढिलो भुक्तानीमा ब्याज. नेपाल सरकारले प्रस्तुत सम्झौता वा कार्यक्रम कार्यान्वयन सम्झौता अन्तर्गत भुक्तानी गर्नुपर्ने कुनै रकम (दफा २.८ (ग) तथा ५.३(क) अन्तर्गतको रकम समेत) भुक्तानी गर्न असफल भएमा, त्यस्तो भुक्तानी हुन बाँकी रकममा ब्याज भुक्तान गरिनेछ । त्यस्तो भुक्तानी हुन बाँकी रकममा त्यस बखत प्रचलनमा रहेको संयुक्त राज्य ट्रेजरीको करेण्ट भ्यालु अफ फन्ड्स रेट बराबर ब्याज सो रकम भुक्तानी गर्नुपर्ने मितिदेखि पूर्ण रुपमा भुक्तानी नभएसम्मको ३६० दिनको एक वर्ष मानी दैनिक रुपमा हिसाब गरिनेछ । यस्तो कुनै भुक्तानी सर्वप्रथम बक्यौता ब्याज वापत र ब्याजको बक्यौता रकम पूर्ण रुपमा चुक्ता भए पश्चात, बाँकी साँवा वापत भुक्तानीलाई जम्मा गरिनेछ ।

दफा ५.५ कायम रहने. सरकारका यस दफा तथा दफा २.७, २.८, ३.२(च), ३.७, ३.८, ५.२, ५.३, ५.४ तथा ६.४ अन्तर्गतका जिम्मेवारीहरू प्रस्तुत सम्झौताको समाप्ति, निलम्बन वा अन्त्य पछि पनि कायम रहिरहनेछन् । तर दफा २.८ का शर्तहरू प्रस्तुत सम्झौताको समाप्ति पछि १२० दिनसम्मका लागि मात्र लागू हुनेछन् ।

## धारा ६.

## सम्झौताका अनुसूचीहरू, संशोधन, लागू हुने कानून

दफा ६.१ अनुसूची. प्रस्तुत सम्झौताका प्रत्येक अनुसूची यस सम्झौताका अभिन्न अंग हुन्, र स्पष्ट रुपमा अन्यथा उल्लेख गरेको अवस्थामा बाहेक ***"अनुसूची"***को उद्धरणको अर्थ यसै सम्झौताको अनुसूची हो ।

दफा ६.२ <u>संशोधन र परिमार्जन.</u>

(क) पक्षहरूले लिखित सम्झौताद्वारा मात्र प्रस्तुत सम्झौतामा संशोधन गर्न सक्नेछन् । त्यस्तो सम्झौता कसरी लागू हुन्छ भन्ने व्यवस्था सोही सम्झौतामा उल्लेख गरिनेछ ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि, हस्ताक्षर भएपछि लागू हुने सरकार तथा एमसीसी बीच लिखित सम्झौता गरी: (१) कुनै परियोजना, वा क्रियाकलाप निलम्बन, अन्त्य वा परिमार्जन गर्न, (२) अनुसूची २ मा उल्लेख गरिको वित्तीय व्यवस्थाको विनियोजनलाई परिवर्तन गर्न, (३) अनुसूची १ मा व्याख्या गरिएको कार्यान्वयनको ढाँचा परिमार्जन गर्न, (४) एमसिसिको अनुगमन तथा मूल्याङ्कन (एम एण्ड ई) नीति बमोजिम अनुसूची ३ मा उल्लेख गरिएका कुनै सूचक, आधार रेखा, वा लक्ष्य वा अन्य कुनै जानकारी थप गर्न, परिमार्जन गर्न वा हटाउन, (५) अनुसूची ४ मा उल्लेख गरिएका कुनै प्रारम्भिक शर्त थप गर्न, हटाउन वा छुट दिन, वा (६) अनुसूची ७ मा उल्लेख गरिएका एमसिसि वित्तीय व्यवस्थालाई करबाट मुक्त गर्ने संयत्रलाई परिमार्जन गर्न कुनै पनि अनुसूची संशोधन गर्न सक्ने कुरामा पक्षहरू सहमत भएका छन्; तर यस्तो संशोधन, प्रत्येक अवस्थामा, (१) वस्तुगत रुपमा परियोजना उद्देश्यहरू अनुरुप, (२) दफा २.१ मा उल्लेखित कुल रकममा (दफा २.२ (ङ) को प्रचलन बमोजिम परिमार्जन भए बमोजम) कार्यक्रम वित्तीय व्यवस्था भन्दा अधिक नहुने, (३) सम्झौता सिडिएफको रकम दफा २.२(क)मा तोकिएको कुल रकम भन्दा अधिक नहुने, (४) दफा २.६ (क) अन्तर्गत सरकारको उत्तरदायित्व तथा आवश्यक स्रोतको योगदान नघटाउने, तथा (५) सम्झौता अवधि नलम्ब्याउने किसिमको हुनु पर्दछ ।

(ग) दफा ६.२ (ख) बमोजिम कुनै अनुसूचीमा कुनै संशोधनको लागि सरकारले नेपालका कुनै थप आन्तरिक आवश्यकताको पालना वा थप प्रकृया (कुनै संसदीय प्रकृया समेत) पूरा नगरिकनै सम्पन्न गर्न सक्नेछ भन्ने पक्षहरूको बुझाई रहेको छ ।

दफा ६.३ <u>बाझिएमा लागू हुने व्यवस्था.</u>

(क) कुनै पनि अनुसूची तथा १ देखि ८ सम्मका धारा बाझिएमा वा परस्पर असङ्गत भएमा लागू हुने हदसम्म त्यस्तो धारा १-८ लागू हुनेछन्, वा

(ख) कार्यक्रमका सम्बन्धमा प्रस्तुत सम्झौता र अन्य कुनै सम्झौता बाझिएमा वा परस्पर असङ्गत भएमा प्रस्तुत सम्झौता लागू हुनेछ ।

दफा ६.४ <u>लागू हुने कानून.</u> प्रस्तुत सम्झौता एक अन्तर्राष्ट्रिय सम्झौता हो र सोही अनुरुप यो सम्झौताका हकमा अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तहरू लागू हुनेछन् ।

दफा ६.५ <u>थप व्यवस्थाहरू.</u> प्रस्तुत सम्झौता अन्तर्गत वा सोको कार्यान्वयन गर्दा सम्पादित वा ग्रहण गरिएका, वा सम्पादन वा ग्रहण हुने कुनै पनि क्रियाकलाप, दायित्व वा अधिकारको सन्दर्भ वा त्यस्तै भाषाले प्रस्तुत सम्झौता तथा कार्यक्रमसँग सम्बन्धित कुनै पनि सम्झौता, दस्तावेज वा लिखत अन्तर्गत सम्पादित वा ग्रहण गरिएका वा सम्पादन वा ग्रहण हुने क्रियाकलाप, दायित्व वा अधिकार समेतलाई जनाउनेछ ।

दफा ६.६ <u>एमसिसि वेबसाइटको उद्धरण</u>. प्रस्तुत सम्झौता, कार्यक्रम कार्यान्वयन सम्झौता वा यस सम्झौताका सम्बन्धमा गरिएका अन्य कुनै पूरक सम्झौतामा एमसिसि वेबसाइटमा प्रकाशन गरी सूचित गरिएको वा उपलब्ध दस्तावेज तथा जानकारीको सन्दर्भले समय समयमा एमसिसि वेबसाइटमा अद्यावधिक वा प्रतिस्थापन गरिएको त्यस्तो दस्तावेज वा जानकारीलाई जनाएको मानिनेछ ।

दफा ६.७ कानून, नियम, नीति वा निर्देशिकाको सन्दर्भ, सम्झौताको समाप्ति तथा अन्त्यको सन्दर्भ.

(क) प्रस्तुत सम्झौता, पिआईए वा प्रस्तुत सम्झौताका सम्बन्धमा सम्पन्न गरिएको अन्य कुनै सम्झौतामा उल्लेख गरिएको कुनै कानून, नियम, नीति, निर्देशिका वा त्यस्तै दस्तावेजको प्रत्येक सन्दर्भले समय समयमा संशोधित, परिमार्जित, पुनर्स्थापित वा विस्तारित त्यस्ता कानून, नियम, नीति, निर्देशिका वा त्यस्तै दस्तावेज तथा ती कानून, नियम, नीति, निर्देशिका वा समान दस्तावेज अन्तर्गत जारी गरिएका वा अन्यथा लागू हुने वा सोसँग सम्बन्धित कुनै पनि कानून, नियम, नीति, निर्देशिका वा त्यस्तै दस्तावेज समेतलाई जनाएको मानिनेछ ।

(ख) प्रस्तुत सम्झौता, पिआईए वा प्रस्तुत सम्झौताका सम्बन्धमा सम्पन्न गरिएको अन्य कुनै सम्झौतामा, सम्झौताको "समाप्ति" को प्रत्येक सन्दर्भले, प्रस्तुत सम्झौता अगाडि नै अन्त्य नभएकोमा, सम्झौता अवधि, जुन दफा ७.४ बमोजिम प्रस्तुत सम्झौता लागू भए पश्चात् पाँच वर्ष हुनेछ, समाप्त हुने मितिलाई जनाउनेछ। उल्लिखित दस्तावेजमा सम्झौताको "अन्त्य" को प्रत्येक सन्दर्भले दफा ५.१ बमोजिम सम्झौता समाप्ति हुनु पूर्व नै सम्झौता लागू हुन छोडेको अवस्थालाई जनाउनेछ ।

दफा ६.८ एमसिसिको हैसियत.

एमसिसि प्रस्तुत सम्झौताको कार्यान्वयनको लागि संयुक्त राज्य अमेरिकाको तर्फबाट कार्यरत संयुक्त राज्य अमेरिकाको सरकारी निगम हो। प्रस्तुत सम्झौता अन्तर्गत कुनै पनि क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुने कुनै पनि हानि वा दावी प्रति एमसिसि तथा संयुक्त राज्य अमेरिकाले दायित्व वहन गर्दैन । सरकारले एमसिसि वा संयुक्त राज्य सरकार वा एमसिसि वा संयुक्त राज्य सरकारका कुनै वर्तमान वा निवर्तमान अधिकारी वा कर्मचारी विरुद्ध प्रस्तुत सम्झौता अन्तर्गतका क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुन सक्ने कुनै पनि हानि, नोक्सानी, चोटपटक वा मृत्यु सम्बन्धी कुनै वा सम्पूर्ण दावीहरू परित्याग गरेको छ। सरकारले उल्लिखित कुनै पनि निकायका विरुद्ध त्यस्तो हानी, नोक्सानी, चोटपटक वा मृत्युका सम्बन्धमा कुनै प्रकारको दावी वा कानूनी प्रकृया अवलम्बन नगर्ने कुरामा सहमति जनाएको छ। प्रस्तुत सम्झौता अन्तर्गतका क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुने कुनै हानि वा दावीका सम्बन्धमा एमसिसि तथा संयुक्त राज्य सरकार वा एमसिसि वा संयुक्त राज्य सरकारका कुनै वर्तमान वा भूतपूर्व अधिकारी वा कर्मचारीहरू नेपालका कुनै पनि अदालत तथा न्यायाधिकरणको क्षेत्राधिकारबाट उन्मुक्त रहने छन् भनी सरकारले सहमत भएको छ ।

## धारा ७.

## सम्झौता लागू हुने

दफा ७.१ आन्तरिक शर्त. प्रस्तुत सम्झौता लागू गर्न आवश्यक आन्तरिक शर्तहरू पूरा गर्न सरकारले समयमै शुरुवात गर्नेछ। प्रस्तुत सम्झौता लागू भए पश्चात् प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ भन्ने पक्षहरूको बुझाई छ ।

दफा ७.२ लागू हुनका लागि पूर्व शर्तहरू. यस सम्झौता लागू हुनु पूर्वः

(क) पक्षहरूद्वारा कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरिएको हुनु पर्दछ,

(ख) नेपाल सरकारले एमसिसिलाई देहायका दस्तावेजहरू उपलब्ध गराएको हुनु पर्दछः

(१) सरकारको प्रमुख प्रतिनिधि वा एमसिसिलाई स्वीकार्य सरकारबाट रितपूर्वक अख्तियारी प्राप्त प्रतिनिधिले सम्झौता लागू गर्न आवश्यक आन्तरिक शर्तहरू पूरा गरेको र सम्झौता लागू हुनको लागि निर्दिष्ट गरिएको दफा ७.२ बमोजिमका पूर्व शर्तहरू पूरा गरिएको जानकारीसहित मिति उल्लेख गरी सहिछाप गरेको पत्र,

(२) एमसिसिलाई चित्त बुझ्ने ढाँचा तथा रुपमा नेपालको कानून तथा न्याय मन्त्री (वा एमसिसिलाई स्वीकार्य सरकारको अन्य कानूनी प्रतिनिधिले) सहिछाप गरेको कानूनी राय,

(३) प्रस्तुत सम्झौतालाई लागू गर्न आवश्यक पर्ने आन्तरिक आवश्यकतासँग सम्बन्धित सम्पूर्ण आदेश, कानून, नियमावली वा अन्य सरकारी कागजातको पूर्ण प्रमाणित प्रतिलिपिहरू, जसलाई एमसिसिले आफ्नो वेबसाइटमा प्रकाशित गर्ने वा अन्य तवरले सार्वजनिक रुपमा उपलब्ध गराउन सक्नेछ ।

ग) एमसिसिले प्रस्तुत सम्झौता लागू हुँदाका बखत, एमसिसि वित्तीय व्यवस्थाको योग्यता मापदण्डलाई उल्लङ्घन हुने किसिमका श्रृंखलाबद्ध क्रियाकलापमा सरकार संलग्न रहेको भनी निर्धारण नगरेको हुनुपर्छ; र

घ) अनुसूची ५ मा उल्लिखित अवस्थाहरू पूरा भएको हुनुपर्छ ।

दफा ७.३ सम्झौता लागू हुने मिति. एमसिसिले प्रस्तुत सम्झौता आदान प्रदान हुने पत्रको ढाँचामा एमसिसि र सरकारले सम्झौतालाई लागू गराउन आफ्ना आन्तरिक आवश्यकताहरू पूरा गरिसकेको र दफा ७.२ मा उल्लिखित सम्झौता लागू हुनको लागि आवश्यक पूर्वशर्तहरू एमसिसिको सन्तुष्टि बमोजिम पूरा भएको पुष्टि गर्दै सरकारलाई प्रेषित गरेको पत्रको मिति देखि लागू हुनेछ ।

दफा ७.४ सम्झौता अवधि. दफा ५.१ बमोजिम अगावै अन्त्य नगरिएमा प्रस्तुत सम्झौता लागू भएको मितिदेखि पाँच वर्षको अवधि (***“सम्झौता अवधि”***)सम्म बहाल रहनेछ ।

दफा ७.५ अस्थायी रुपमा लागू हुने. प्रस्तुत सम्झौतामा हस्ताक्षर भएपछि र दफा ७.३ बमोजिम प्रस्तुत सम्झौता लागू नभएसम्म, पक्षहरूले प्रस्तुत सम्झौताका शर्तहरू अस्थायी रुपमा लागू गर्नेछन् । तर प्रस्तुत सम्झौता लागू हुनु अगावै कम्प्याक्ट सिडिएफ बाहेक अन्य एमसिसि वित्तीय व्यवस्था (रकम) उपलब्ध हुने वा भुक्तानी गरिने छैन ।

## दफा ८.

## अतिरिक्त सरकारी प्रतिज्ञा

दफा ८.१ विद्युत प्रसारण परियोजना सम्बन्धी प्रतिज्ञाः सरकारले प्रस्तुत सम्झौता कार्यान्वयन गर्न आवश्यक सम्पूर्ण जग्गा अधिग्रहण, स्थलपहुँच र वन क्षेत्र प्रयोग सम्बन्धी स्वीकृतिको लागि सम्पूर्ण सम्बन्धित सरकारी निकायहरूको पूर्ण तथा शीघ्र सहयोग समयमै तथा एमसीसीको नीति अनुकूल हुने गरी उपलब्ध भएको सुनिश्चित गर्नेछ ।

हस्ताक्षर पृष्ठ यसपछि अर्को पृष्ठमा रहेको छ

जसको प्रमाणस्वरुप प्रत्येक पक्षले आफूले रितपूर्वक अख्तियारी दिएको प्रतिनिधि मार्फत यस सम्झौतामा हस्ताक्षर गरेका छन्।

ईति सम्वत् सन् २०१७ साल सेप्टेम्बर १४ विहिबारका दिन वासिङ्गटन डि.सी. शहरमा, अंग्रेजी भाषामा सम्पन्न भएको।

| | |
|---|---|
| संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट<br>अर्थ मन्त्रालय | संयुक्त राज्य अमेरिकाको तर्फबाट<br>मिलेनियम च्यालेन्ज कर्पोरेसन |
| /द./ | /द./ |
| ...................................... | ...................................... |
| नामः ज्ञानेन्द्र बहादुर कार्की | नामः जोनाथन जि. नाश |
| पदः अर्थ मन्त्री | पदः प्रमुख कार्यकारी अधिकृत (कायममुकायम) |

# अनुसूची १

# कार्यक्रमको विवरण

यस अनुसूची १ ले सम्झौता अवधिभर नेपालमा एमसिसि वित्तीय व्यवस्थाले समर्थन गर्ने कार्यक्रमको व्याख्या गर्दछ ।

## (क) कार्यक्रमको विवरण

### १. पृष्ठभूमि तथा परामर्शमूलक प्रकृया.

(क) पृष्ठभूमि.

सन् १९९६ देखि २००६ सम्मको राजनीतिक अस्थिरता पश्चात् एमसिसिको पोलीसी ईन्डिकेटर (नीति सूचक) मा नेपालको उल्लेखनीय परिणामको आधारमा एमसिसिको सञ्चालक समितिले नेपाललाई एक थ्रेसहोल्ड कार्यक्रमको विकासको लागि शुरुवाती अवस्थामा सन् २०११ मा छनौट गरेको थियो । थ्रेसहोल्ड कार्यक्रम निश्चित हुनु अघि सन् २०१४ मा एमसिसिको सञ्चालक समितिले सम्झौता विकास गर्नको लागि नेपाललाई छनौट गर्‍यो । यसरी छनौट गर्ने निर्णय गर्दा एमसिसिले नेपालको विधिको शासन र लोकतान्त्रिक निकायहरूको स्थापना गर्ने नेपालको प्रयत्नलाई उल्लेख गर्दै संयुक्त राज्य अमेरिका र दक्षिण एसियाको सामु राजनैतिक रुपले स्थिर र बढ्दो अर्थतन्त्र नेपालको महत्वलाई उजागर गर्‍यो । नेपाललाई सम्झौता विकास गर्न छानिएको केही समयमै थ्रेसहोल्ड कार्यक्रमका लागि तयार गरिएका अवरोध विश्लेषण, केही उर्जा तथा यातायातका नीतिहरू र संस्थागत विश्लेषण लगायतका अधिकांश कार्यहरू सम्पन्न भए र तत् पश्चात सम्झौताको विकास गर्न तिनको प्रयोग गरियो ।

सन् २०१४ डिसेम्बरदेखि नै पहिचान गरिएका नेपालको विकासका केही वाधा तथा अवरोधहरूलाई सम्बोधन गर्दै सम्झौता विकास गर्ने कार्यमा एमसिसि र नेपाल सरकारले जोड दिए । अन्ततः विभिन्न निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूसंगको परामर्श तथा छलफल पश्चात एमसिसि र नेपाल सरकार अन्ततोगत्वा नेपालको विकासका दुई अवरोधहरू- विद्युतको अपर्याप्तता र यातायात क्षेत्रको महंगी (हाइ कस्ट) सम्बोधन गर्ने विषयमा जोड दिन सहमत भए ।

अपर्याप्त आपूर्तिको असरको कारणले नेपालले दक्षिण एसियामा नै सबैभन्दा बढी विद्युतीय अभाव खपेको थियो र यसै कारणले गर्दा नेपालको विद्युत क्षेत्रमा गरिने लगानी विशेषतः महत्वपूर्ण छ । विद्युत्तीय मागलाई आन्तरिक विद्युत आपूर्तिले पूर्ति गर्न नसक्नाले खासगरी सुख्खायामहरूमा लोडसेडिङ हुने गर्दछ। उत्पादित विद्युतको वितरण तथा प्रसारणमा हुने उच्च तहको चुहावटले विद्युतको न्यून आपूर्तिलाई थप सघन बनाएको छ। विद्युतीय अभावका कारण विभिन्न व्यापारिक संघ संस्थाहरूले उल्लेख्य मात्रामा जेनेरेटर र आयातित पेट्रोलियम पदार्थहरूमा आफ्नो आम्दानी खर्चनु परेको छ । तसर्थ, नेपालको विद्युत्तीय क्षेत्रमा लगानी अत्यावश्यक भएको हो ।

महंगो यातायातका सम्बन्धमा, नेपालको भूपरिवेष्ठित र पर्वतीय प्रकृति एवम् सीमा पार व्यापारमा नेपालको निर्भरताको कारणले यस अवरोधले आर्थिक क्षेत्रमा उल्लेखनीय असर पारेको छ । सडक मर्मत सम्भारमा अपर्याप्त बजेट र अप्रभावकारी, प्राविधिक र व्यवस्थापकीय अभ्यास समस्याको रुपमा रहेको सन्दर्भमा कार्यक्रमले सडक मर्मत सम्भारमा जोड दिनेछ ।

(ख) परामर्श प्रकृया

सम्झौता विकास गर्नको लागि छनौट भए पश्चात सरकारले पहिचान गरिएका अवरोधहरूलाई सम्बोधन गर्दै सम्झौता निर्माण गर्ने कार्य शुरु गर्‍यो । सो अवधिभर नै सरकारले आयोजनाको डिजाइन र जोखिम न्यूनीकरणमा तिनको समर्थन, सल्लाह र पृष्ठपोषण प्राप्त गर्ने अभिप्रायले नागरिक समाज, ट्रेड युनियन, राजनीतिक दल, विकास साझेदार र विभिन्न समुदायसँग छलफल तथा अन्तरक्रिया गरेको थियो ।

सम्झौतामा हुने प्रस्तावित लगानीको लागि व्यापक राजनीतिक समर्थन रहेको र त्यसबाट अपेक्षित नतिजा प्राप्त गर्न एमसिसिले युएसएड (United States Agency for International Development ("USAID"), United States Department of State, भारत सरकार र विभिन्न विकास साझेदारहरूसँग निकट रुपमा कार्य गर्दै अनुसूची १ बमोजिमको लगानीको क्षेत्र पहिचान गरी सोको योजना तयार गऱ्यो ।

**(२) कार्यक्रमको विवरण तथा लाभग्राही:**

(क) कार्यक्रमको विवरण

विकासका मुख्य दुई अवरोधहरू (अपर्याप्त विद्युत आपूर्ति र महंगो यातायात) लाई लक्षित गर्दै यो कार्यक्रम तयार गरिएको छ । नेपालको उर्जा क्षेत्रमा देखा परेका समस्याहरूको प्रमुख कारण नै विद्युत क्षेत्रमा लगानी कम र अपर्याप्त हुनु हो । लगानी अपर्याप्त हुनाले नै आन्तरिक आपूर्ति अपुग हुने, प्रसारणका लागि आवश्यक पूर्वाधारहरूको अभावबाट सीमा पारी निर्यात गर्न कठीनाइ हुने र प्राविधिक चुहावट धेरै हुने गरेको छ । तसर्थ, यस कार्यक्रमले विद्युत उत्पादनमा वृद्धि गर्दै विद्युत आपूर्तिको समस्या न्यूनीकरण गर्न र भारतसँग विद्युत व्यापारको वातावरण तयार गर्न भूमिका खेल्नेछ । समग्रमा यसले विद्युत आपूर्तिमा हुने लोडसेडिङलाई घटाउने र घरेलु विद्युत उत्पादन वृद्धिका स्रोत तयार गर्ने लक्ष्य राखिएको छ । साथै, प्रस्तावित प्राविधिक सहकार्यले यस क्षेत्रमा निजी लगानीलाई प्रोत्साहन गर्नको लागि योजना र नीतिगत वातावरण तयार पार्न सहयोग गर्नेछ ।

भूपरिवेष्ठित र पहाडी प्रकृतिको नेपालमा यातायात महंगो हुनुबाट गम्भीर आर्थिक असर परेको छ । यसरी यातायात महंगो हुनुको मुख्य कारणहरूमध्ये सडक निर्माण, मर्मत तथा व्यवस्थापनमा अपर्याप्त लगानी हुनु, भन्सार र सीमानाकामा असहजता हुनु, ट्रक व्यवसाय अपर्याप्त हुनु र सडकको पहुँच नपुग्नु हो भनी निक्यौंल गर्न सकिन्छ । यो कार्यक्रम प्राविधिक र व्यावसायिक अभ्यासहरूमा सुधार ल्याई सडकको मर्मत सम्भारमा लगानी गर्न केन्द्रित हुनेछ । सो लगानी सडक मर्मत दस्तुर सङ्कलन गर्न जिम्मेवार सडक विभाग र सडक बोर्ड नेपाल ("**आरविएन**") लाई प्रदान गरिनेछ, जसले लगानीको प्राथमिकीकरण गर्न सहयोग गर्नेछ ।

(ख) लाभग्राही:

यस कार्यक्रमबाट सम्झौताको अन्त्यसम्ममा करिव ५० लाख घरधुरी (२ करोड ३० लाख जनसंख्या) लाई देहाय बमोजिम लाभ पुग्ने अपेक्षा गरिएको छ:

| परियोजना | इआरआर, केन्द्रीय अनुमान | लाभग्राही (०००)[१] | | लाभग्राही जनसंख्या[२] | | |
|---|---|---|---|---|---|---|
| | | घरधुरी | व्यक्तिहरू | प्रति दिन २ डलर भन्दा कम | प्रति दिन २ देखि ४ डलर | प्रति दिन ४ डलर भन्दा बढी |
| विद्युत प्रसारण परियोजना | १२% | ५,०३५ | २२,६५९ | ७% | ३१% | ६२% |
| सडक मर्मत परियोजना | २९% | २०५ | ९२५ | ८% | ३९% | ५३% |

विद्युत प्रसारण परियोजनाका लाभग्राहीहरू नेपालको ग्रिडमा जोडिएका घरधुरीका वासिन्दाहरू हुनेछन् । परियोजनाको कारणले उनीहरूलाई थप विद्युत उपलब्ध हुनेछ । सडक मर्मत परियोजनाका लाभग्राहीहरू भने मर्मत गर्न छानिएका सडक पर्ने गाउँपालिका र नगरपालिकाका वासिन्दाहरू हुनेछन् ।

### (ख) परियोजनाको विवरण

एमसिसि वित्तीय व्यवस्था प्रयोग गरेर सरकारले गर्ने वा गर्न लगाउने परियोजानहरूको विवरण निम्नानुसार रहेको छ । साथै, प्रत्येक परियोजना अन्तर्गत विशेष क्रियाकलाप (“**क्रियाकलाप**”) पनि सम्पन्न गरिनेछ ।

### १. विद्युत प्रसारण परियोजना

(क) परियोजना र क्रियाकलापको सारांश

विद्युत प्रसारण परियोजना (“**विद्युत प्रसारण परियोजना**”) को प्रमुख उद्देश्य नेपालको विद्युतीय ग्रिडमा खपतका लागि विद्युतको उपलब्धता र विश्वसनीयता बढाई विद्युतको आन्तरिक आपूर्ति वृद्धि गर्नु हो । यस उद्देश्य प्राप्त गर्नको लागि एमसिसि वित्तीय व्यवस्थाले निम्नानुसारका व्ययलाई समर्थन गर्नेछः १) नेपालभित्र उच्च भोल्टेज प्रसारणको पूर्वाधार विस्तार गर्न प्रसारण लाइन र नेपाल भारत सीमा पार ( क्रस बोर्डर) प्रसारण लाइनको निर्माण, २) एमसिसिको कोषद्वारा सञ्चालित प्रसारण लाइनसँगै निर्माण गरिने तीन सब स्टेसन, ३) उर्जा क्षेत्रको स्थिरता र एमसिसिको लगानीको स्थिरता बढाउनको लागि प्रदान गरिने प्राविधिक सहायता, र ४) परियोजना व्यवस्थापन, वातावरणीय र सामाजिक असर निर्धारण, र विद्युत प्रसारण परियोजना एमसिसि र नेपाल सरकारको नीति तथा मापदण्ड अनुकूल भएको सुनिश्चित गर्न प्रदान गरिने ईन्जिनियरिङ र प्राविधिक निरीक्षणको लागि आवश्यक खर्च ।

[१] केही लाभग्राहीहरू विद्युत प्रसारण परियोजना र सडक मर्मत परियोजना दुबैमा लाभग्राही बन्न सक्छन् । तसर्थ प्रत्येक परियोजनाका लाभग्राहीहरू जोडेर कुल सम्झौता लाभग्राहीहरू अनुमानित गर्न सकिँदैन ।

[२] आय श्रेणीहरू स्थिर २००५ पिपिपि डलरमा आधारित छ ।

(१) प्रसारण लाइन सम्बन्धी क्रियाकलाप

प्रसारण लाइन क्रियाकलाप मार्फत एमसिसि वित्तीय व्यवस्था नेपालभित्र डबल सर्किट ४०० किलो भोल्टको लगभग ३०० किलोमिटर प्रसारण लाइनको निर्माणमा प्रयोग गरिनेछ । यसमा निम्नानुसारका खण्डहरू पर्नेछन्: १) काठमाडौंको उत्तरपूर्वमा पर्ने लप्सिफेदीदेखि काठमाडौंको पश्चिममा पर्ने रातामाटेसम्म २) रातामाटेदेखि काठमाडौंको दक्षिणमा पर्ने हेटौंडासम्म, ३) रातामाटेदेखि पश्चिममा दमौलीसम्म, ४) दमौलीदेखि दक्षिण पश्चिम बुटवलसम्म, र ५) बुटवलदेखि भारतीय सीमासम्म ।

(क) विकास सहक्रियाकलापः प्रसारण लाइन निर्माण गर्नुका साथै प्रसारण लाइन क्रियाकलापले "वेनिफिट इन्टिग्रेसन थ्रु नलेज सेरिङ एण्ड सोसल एक्सेप्टेन्स" सहक्रियाकलाप वा "**विकास**" लाई पनि समेट्दछ । यस सहक्रियाकलापको उद्देश्य प्रभावित समुदायलाई प्रत्यक्ष फाइदाहरू दिने र विद्युत आपूर्तिमा सुधार ल्याई ती समुदायसँग सम्बन्ध विस्तार गर्नु रहेको छ । हालसम्मको प्रविधिलाई विचार गर्दा प्रसारण लाइन कुनै समुदाय भएर जाँदा सो समुदायलाई कुनै किसिमको प्रत्यक्ष फाइदाहरू पुगेको देखिँदैन । प्रत्यक्ष लाभ नहुनु, जग्गाको चित्त बुझ्दो मुआब्जा नदिनुले नेपालमा प्रायः यस्ता पूर्वाधार निर्माणको विरोध गर्दछन् । यस्ता चुनौतीहरूलाई पहिचान गर्दै विकास सहक्रियाकलापले समुदायलाई पुनर्वासका अतिरिक्त पनि सेवा दिन वातावरण व्यवस्थापनका अवधारणाहरूलाई अवलम्बन गर्नेछ । यसले समुदायलाई पनि लाभ पुऱ्याउँदछ भने अनुदानबाट सञ्चालित कार्यक्रमबाट सिकिएका पाठ ( समुदायलाई संलग्न गर्दा विद्युत प्रसारण परियोजनाको विरोध कम हुने र बाधाहरू पनि कम हुने) लाई पनि अंगीकार गर्दछ । सहक्रियाकलापको अन्तिम कार्यक्षेत्र भने सम्झौतामा हस्ताक्षर भए पश्चात् आपसी छलफलद्वारा निर्धारण गरिनेछ । सम्भाव्य लाभ हिस्सेदारी सेवामा समुदायलाई माइक्रो हाइड्रो टर्बाइन वा सोलार फोटोभाल्भिक प्यानल जस्ता प्रविधि प्रयोग गरेर विजुली ग्रिडमा र अफ ग्रिड समाधानमा जोड्ने समेतका सेवा समावेश हुनेछन् ।

(२) सब स्टेसन सम्बन्धी क्रियाकलाप

यो क्रियाकलाप प्रसारण लाइन क्रियाकलापका समपूरक कार्यहरू मध्येको एक हो । आवश्यकता अनुसार प्रसारण गरिने भोल्टेज घटाउन वा बढाउनको लागि तीन वटा सब स्टेसन एमसिसि वित्तीय व्यवस्था मार्फत निर्माण गरिनेछन् । यी सब स्टेसनहरू रातामाटे, दमौली र बुटवलमा वा यी शहरहरू नजिकै निर्माण गरिनेछन् । यो सम्झौता भन्दा बेग्लै पनि सरकारले दुई वटा सब स्टेसनहरू निर्माण गर्नेछ जसलाई लप्सिफेदी र हेटौंडामा वा ती शहरहरू नजिकै प्रसारण लाइन कार्यको सिलसिलामा बनाइएका प्रसारण लाइनमा रहेका विद्युत पुलिङ हवसँग जोडिनेछ । तर, लप्सिफेदी र हेटौंडामा सरकारले निर्माण गरेका सब स्टेसनलाई सरकारले यस कार्यक्रममा गरेको योगदानको रुपमा लिइने छैन ।

(३) उर्जा क्षेत्रमा प्राविधिक सहायता क्रियाकलाप

यो क्रियाकलापले एक स्वतन्त्र विद्युत क्षेत्र नियामक (विद्युत नियमन आयोग,"**इआरसी**") को स्थापना गर्नेछ भने नेपालको उर्जा क्षेत्रमा पारदर्शिता, दक्षता र प्रतिस्पर्धा ल्याउन प्राविधिक सहायता पनि उपलब्ध गराउनेछ । इआरसीको नीति निर्माण, विवाद समाधान, आर्थिक र प्राविधिक सञ्चालनमा क्षमता विकास गर्न विज्ञहरूलाई ल्याउन एमसिसि वित्तीय व्यवस्थाको प्रयोग गरिनेछ । त्यसैगरी, उर्जा मन्त्रालय र/वा विद्युत विकास विभागसँग समन्वय गर्नको लागि एक वा एक भन्दा बढी सल्लाहकारहरू राखिनेछन् । यस कार्यले नेपाल विद्युत प्राधिकरण ("**नेविप्रा**") लाई प्रसारणको स्तर र स्थितिमा सुधार ल्याउन सहयोग गर्नेछ । यसमा क) सिस्टम र मार्केट सञ्चालनको प्रशिक्षण, ख) प्रसारण खर्चमा हुने वित्तीय व्यवस्थापन प्रणालीमा सुधार गर्न र ग) दक्ष जनशक्ति विकास गर्न प्रयोग गरिनेछ । यस कार्यले सामाजिक समस्याहरू जस्तै सीमान्तकृत समुदायको विद्युतमा पहुँच र सो समुदायले विद्युतमा गर्न सक्ने

खर्चमा समेत अध्ययन गर्न सहयोग गर्नेछ । अन्त्यमा, यस कार्यले नेविप्राको वातावरणीय तथा सामाजिक विकास अध्ययनमा समेत सहयोग गर्नेछ ।

(४) कार्यक्रम व्यवस्थापन र प्राविधिक निरीक्षण क्रियाकलाप

कार्यक्रम व्यवस्थापन र प्राविधिक निरीक्षण क्रियाकलापले प्रसारण लाइन र सब स्टेसन क्रियाकलापमा सहयोग पुऱ्याउनेछ। प्रस्तावित विद्युत प्रसारण परियोजनाको पूर्वाधारमा गर्ने लगानीले एमसिसिको प्राविधिक, वातावरणीय र समाजिक स्तर कायम गर्नको लागि आवश्यक परियोजना व्यवस्थापन, वातावरणीय तथा सामाजिक असर निर्धारण तथा न्यूनीकरण र विद्युत प्रसारण परियोजनामा हुने व्ययलाई एमसिसि वित्तीय व्यवस्थाले सहयोग गर्नेछ।

(ख) लाभग्राही

यस विद्युत प्रसारण परियोजनाले नेपालको सम्पूर्ण ग्रिड उपभोक्ताहरूलाई लाभ पुऱ्याउनेछ। यस परियोजनाले नेपालको कम्तीमा ७२% घरधुरी, जो ग्रिडमा जोडिएको विश्वास गरिएको छ, लाई फाइदा पुऱ्याउने आँकलन गरिएको छ। परियोजनाको अन्त्यमा नेपालको जनसंख्या ३ करोड १५ लाख रहेको खण्डमा ५० लाख घरधुरीमा बस्ने करिब २ करोड ३० लाख जनसंख्या लाभान्वित हुने अनुमान गरिएको छ।

(ग) वातावरणीय तथा सामाजिक प्रभाव न्यूनीकरणका उपायहरू

एमसिसिको वातावरणीय निर्देशिकाका अनुसार विद्युत प्रसारण परियोजनालाई क वर्गमा वर्गीकरण गरिएको छ। प्रारम्भिक मूल्याङ्कनका आधारमा आठ वटा अन्तर्राष्ट्रिय वित्तीय कर्पोरेसन वातावरण तथा सामाजिक प्रगति मापदण्ड (International Finance Corporation Environment and Social Performance Standards) (“**आइएफसी पर्फमेन्स स्टेण्डर्ड**“) मध्ये एमसिसि वातावरणीय निर्देशिकामा समावेश गरिएका सातवटा मापदण्ड लागू हुनेछन्।

यस विद्युत प्रसारण परियोजनाका केही अपरिहार्य वातावरणीय तथा सामाजिक असरहरू छन् जस्तै रुख कटाई, जग्गा अधिग्रहण र पुनर्वास। एमसिसिको नीति अनुसार सम्पूर्ण जोखिमलाई उपयुक्त क्षतिपूर्ति दिई वा समाधान वा व्यवस्थापनका उपायहरू अवलम्बन गरी नियन्त्रण गरिनेछ। वातावरणीय तथा सामाजिक पक्षलाई प्रसारण लाइन क्रियाकलापको बाटो (मार्ग) छनौटको क्रममा परियोजना क्षेत्रका सामाजिक तथा संवेदनशील वातावरणीय विशेषतामा पुग्ने असर निवारण वा न्यूनीकरण गर्न ध्यान दिइएको छ। विद्युत प्रसारण परियोजनाले निर्माण शुरु गर्नु अघि आन्तरिक वातावरण प्रभाव मूल्याङ्कन स्वीकृति प्रकृया र वन क्षेत्र उपयोग अनुमति प्रक्रिया पनि पूरा गर्नेछ। विकास (BIKAS) सहक्रियाकलापहरू पनि त्यस्ता विद्युत प्रसारण परियोजनाले प्रभाव पारेका समुदायहरूमा वातावरणीय तथा सामाजिक जोखिम, असर र अवसरहरूलाई सम्झौताका सम्पूर्ण कार्यको लागि बनाइएको वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली मार्फत व्यवस्थापन गरिनेछ। एमसिसि वित्तीय व्यवस्थालाई यी वातावरणीय तथा सामाजिक असर निर्धारण, वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना र अन्य आवश्यक पुनर्वासका योजनामा प्रयोग गरिनेछ।

(घ) सामाजिक समावेशीकरण र लैङ्गिक संयोजन (एकीकरण)

विकास सहक्रियाकलाप मार्फत विद्युत प्रसारण परियोजनाले उल्लेखनीय सकारात्मक सामाजिक लाभ र फाइदा प्रदान गर्नेछ। लाभ साझेदारीको प्रमुख उद्देश्य भनेको सम्बन्धित समुदायको विद्युतको मागलाई पूरा गर्न बनाइएका पूर्वाधारका परियोजनाहरूको लाभ साझेदारी गर्नु हो। विकास सहक्रियाकलापले प्रभावित समुदायको जनसांख्यिक र सामाजिक परिस्थितिलाई मध्यनजर गर्दै विद्युत र अन्य सेवा प्रदान गरी प्रभावित समुदायको स्वीकृति प्राप्त गर्नेछ। अनुसुची १ को दफा ख.१.क.३ ले उर्जा क्षेत्रमा सामाजिक समावेशीकरण र लैङ्गिक संयोजन (एकीकरण) लाई सम्बोधन गर्न थप कार्यहरूको व्यवस्था गरेको छ।

(ङ) दातासँगको समन्वय

सम्झौताको तमाम बहुवार्षिक विकासमा एमसिसि र सरकारले समावेशी प्रकृयालाई अवलम्बन गरेका छन्। जसमा संयुक्त राज्य अमेरिकी सरकार, नेपाली समुदाय, निजी क्षेत्रका मुख्य पात्रहरू, गैरसरकारी निकायहरू, अन्य दाताहरू एवं बहुपक्षीय संस्थाहरूसँगको परामर्श समेत समावेश छ। एमसिसिले खासगरी विश्व बैंक र एसियाली विकास बैंकसँग मिलेर यी दुई बैंकहरूले नेपालमा गर्ने आगामी क्रियाकलापहरूको लागि नेपालको उर्जा क्षेत्रमा आवश्यक सुधारहरू बारे समीक्षा र सहमति गरेको थियो। एमसिसिले संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (**"डिएफआईडि"**) सँग पनि उर्जा क्षेत्र सुधारको लागि राजनीतिक आर्थिक विश्लेषणको तयारीको क्रममा विभिन्न पटक परामर्श गरेको थियो।

(च) युएसएड

विद्युत प्रसारण परियोजनालाई एमसिसि र युएसएडबीचको अन्तर एजेन्सी सहयोगबाट लाभ पुग्नेछ। खासगरी, एमसिसिले १ करोड डलरको चालू प्राविधिक सहयोग कार्यमा युएसएडसँग सहकार्य गरेको छ, जसले सरकारको नियामक निकायको समीक्षा गर्ने र सरकारलाई ठूला जलविद्युत परियोजानको लागि आर्थिक व्यवस्थापनमा सहायता गर्नेछ। युएसएडको सहायता विद्युतको क्षेत्रमा एमसिसिको प्रयत्नको परिपूरक हो।

(छ) दीगोपन

विद्युत बजारमा उच्च तहको पारदर्शिता, जवाफदेहिता र दक्षता कायम गर्न नियमनकारी संयन्त्रमा सुधार ल्याउने तथा प्रत्यक्ष रुपमा केन्द्रित प्राविधिक सहायतामा लगानी गरी विद्युत प्रसारण परियोजनाको दीगोपनलाई अभिवृद्धि गरिनेछ। साथै, प्रस्तुत सम्झौता अन्तर्गत प्राप्त प्राविधिक सहायताले सरकारको प्रसारणसँग सम्बन्धित सम्पत्ति समुचित रुपमा व्यवस्थापन र मर्मत सम्भार गर्ने क्षमतामा सुधार ल्याउने लक्ष्य राखिएको छ। भरपर्दो र सुपथ विद्युत आपूर्तिमा वृद्धि भएमा आर्थिक बृद्धि, रोजगारीको सिर्जना, आयमा वृद्धि, प्रवर्द्धन गर्नुका साथै अन्ततः गरिबी निवारण गर्नुपर्छ।

(ज) नीतिगत, कानूनी र नियामक सुधार

प्रस्तुत सम्झौताको दफा ८.१ को अतिरिक्त पक्षहरूले निम्नानुसारका नीतिगत, कानूनी, नियामक र संस्थागत सुधार एवं सरकारले परियोजनाको सहयोगमा गर्ने कार्यहरू पहिचान गरेका छन् । एमसिसि र सरकार विद्युत क्षेत्रको सुधारको लागि निम्नानुसार दुई वटा मुख्य आवश्यकताको सहमत भएका छन्: (१) एक स्वतन्त्र विद्युत क्षेत्र नियमकको संस्थापना, र (२) विद्युत क्षेत्रको नियमन गर्नको लागि नयाँ कानूनको निर्माण, जसले नियामक निकायलाई सो क्षेत्रका सञ्चालकहरूलाई इजाजतपत्र दिने, सञ्चालन प्रमाणपत्र दिने, सार्वजनिक हितको लागि दर तोक्ने र पारदर्शी रुपमा क्षेत्र सञ्चालनको लागि नियमहरू बनाउने सम्बन्धमा व्यवस्था गर्नेछ । नियामक निकाय स्थापना गर्ने र नियामकलाई उपयुक्त अधिकार प्रदान गर्ने कानूनको निर्माण भए पश्चात् मात्र प्रस्तावित नियामक र उर्जा मन्त्रालयलाई प्राविधिक सहयोग प्रदान गरिनेछ ।

## २. सडक मर्मत परियोजना

(क) परियोजना र क्रियाकलापको सारांश

सडक मर्मत परियोजना (“**सडक मर्मत परियोजना**”) को उद्देश्य नेपालको प्राथमिक वा रणनीतिक सडक नेटवर्क (“**एसआरएन**”) भर सडकको गुणस्तर कायम राख्नु हो । सडक मर्मत परियोजनाको उद्देश्य प्राप्तिको लागि एमसिसि वित्तीय व्यवस्थाले निम्नानुसारको सहयोग गर्नेछ: (१) नेपालको सडक विभाग ( डिओआर) र सडक बोर्ड (आरबिएन) लाई प्राविधिक सहायता र तिनको क्षमता विकासको लागि आर्थिक सहयोग र (२) नेपालको एसआरएनमा ३०५ किलोमिटरसम्म सडक मर्मत सम्भारको काममा सहयोग ।

१. प्राविधिक सहायता सम्बन्धी क्रियाकलाप

यो क्रियाकलापले सडक विभाग र सडक बोर्डको लागि प्रशिक्षण र क्षमता विकास सम्बन्धी कार्यक्रम गर्नेछ । सम्झौताको वित्तीय व्यवस्थाले निम्नानुसारका क्षेत्रहरूमा सडक विभाग र सडक बोर्डलाई प्रशिक्षण र क्षमता विकासको लागि सहयोग गर्नेछ: (१) तथ्याङ्क सङ्कलनका सुधारिएको विधि र प्रविधिहरू, (२) आर्थिक रुपमा न्यायोचित सडक मर्मत योजनाहरूको तयारी, (३) आवधिक मर्मत सम्भारको प्राथमिकतामा सुधार, (४) सुदृढ सडक सुरक्षाको एकीकरणसहितको सुधारिएको करार, र करारीय व्यवस्थापन, र (५) सुदृढ परियोजना व्यवस्थापन । उपलब्ध गराइएको प्रशिक्षण र क्षमता विकास सम्बन्धी सहयोगले यस क्रियाकलाप अन्तर्गत आधुनिक सडक मर्मत विधि, प्रविधिहरू, र व्यावसायिक प्रक्रियाहरूको हस्तान्तरण पनि गर्नेछ ।

२. रणनीतिक सडक मर्मत सम्बन्धी क्रियाकलाप

रणनीतिक सडक मर्मतका क्रियाकलाप प्राविधिक सहयोग क्रियाकलापको पूरकको रुपमा रहने छ । यसमा दुई अवयवहरू समावेश हुनेछन्: (१) पेभमेन्ट रिसाइक्लिङमा केन्द्रित एक प्रायोगिक सह-क्रियाकलाप (“**पेभमेन्ट रिसाइक्लिङ सहक्रियाकलाप**”), (२) आवधिक मर्मत सम्भार कार्यलाई वित्तीय सहयोग गर्ने एक मिलान कोष (म्याचिङ्ग फण्ड) । साँघुरो सडकमा काम गर्ने, खासगरी ट्राफिक जाम, कठिन कामको अवस्था र विस्तारित निर्माण समयलाई सम्बोधन गर्नसक्ने नयाँ प्रविधिद्वारा पेभमेन्ट रिसाइक्लिङ सहक्रियाकलाप सञ्चालन गरिनेछ । रणनीतिक सडक मर्मत सम्भार कार्यको लागि बाँकी कार्यक्रम डिजाइनलाई सूचना उपलब्ध गराउन सम्झौता लागू हुनु पूर्व नै यो सहक्रियाकलाप परीक्षण र मूल्याङ्कन गर्न प्रस्ताव गरिएको छ ।

सडक मर्मत सम्भारमा सरकारको थप खर्चलाई प्रोत्साहित गर्नको लागि, एमसिसि वित्तीय व्यवस्थालाई पूरा गर्न एक मिलान कोष स्थापित गर्न प्रयोग गरिनेछ, जुन कोषले सरकारले आवधिक रुपमा सडकको मर्मत सम्भारको लागि आफ्नो औषत वार्षिक खर्च भन्दा बढी खर्च गरेको प्रत्येक १ डलर बराबर २ डलर गरी वार्षिक १,५०,००,००० डलरसम्म तीन वर्षको लागि उपलब्ध गराउनेछ। नेपालको एसआरएनको २००० कि.मि. सडक मध्येबाट छनौट गरिएको ३०५ किलोमिटरसम्मको सडकको मर्मत सम्भार कार्य गर्न सो कोषको प्रयोग गरिनेछ। एचडिएम मोडेल प्रयोग गरेर सरकारले प्रारम्भिक रुपमा ५ वटा सडक खण्डहरूको आवधिक मर्मत सम्भारको लागि छनौट गरेको छ। कार्यान्वयन गर्ने बखतमा छनौट गरिएको सडक खण्डहरूमा आवधिक मर्मत सम्भार गर्न सम्भव नभएमा सरकारले एचडिएम ४ मोडेल प्रयोग गरी कुल ३०५ किलोमिटरसम्मको सडक मार्ग आवधिक मर्मत सम्भारको लागि छनौट गर्नेछ। कार्यको समग्र कार्यक्रम परियोजनाको प्राविधिक सहायताबाट सिर्जित बहुवर्षीय मर्मत योजनाको माध्यमबाट निश्चित गरिनेछ। योजना सुधारिएको डाटाको प्रयोग र कामको आर्थिक प्राथमिकतामा केन्द्रीकृत हुनेछ।

(ख) लाभग्राही

सडक मर्मत सम्भार परियोजना मार्फत प्रस्तावित पाँच सडक खण्डहरूले पार गर्ने स्थानीय प्रशासनिक इकाईहरूमा छरिएका करिब ९,२४,००० व्यक्तिहरू (करिब २,०५,००० घरधुरी ) लाई फाइदा पुऱ्याउने अनुमान गरिएको छ।

(ग) वातावरणीय र सामाजिक प्रभाव न्यूनीकरणका उपाय

सडक मर्मत सम्भार परियोजना एमसिसि वातावरण निर्देशिका अन्तर्गत ख श्रेणीमा वर्गीकृत छ जसमा प्रस्तावित कार्यहरूले वातावरणमा पार्ने प्रतिकूल असर, वा समाजमा उत्पन्न हुन सक्ने जोखिम, वा कम संख्यामा तर साईट केन्द्रित हुने स्थायी प्रभावहरूलाई नियन्त्रण गरिएको छ। यो परियोजना सडकको मर्मत सम्भार र पुनर्स्थापनामा सीमित भएको कारण वातावरण र समाजमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिंदैन तथा यसको स्तरीय व्यवस्थापन विधि पनि उपलब्ध छैन। निर्माण क्रियाकलापहरूको कारणले गर्दा वातावरण वा सामाजमा पर्ने प्रभाव जस्तै अस्थायी रुपमा सडक बन्द हुनु, उत्खनन, होहल्ला, धुलो, कामदारको र सामुदायको स्वास्थ्य र सुरक्षा आदिलाई वातावरणीय तथा सामाजिक असर निर्धारणका निष्कर्षहरूका आधारमा तयार गरिएको केन्द्रीकृत वातावरण र सामाजिक व्यवस्थापन योजनाहरू मार्फत व्यवस्थित गरिनेछ।

साथै, सडक मर्मत सम्भार परियोजनाले नेपालको रणनीतिक सडक सञ्जाल प्रयोग गर्ने सवारी चालक र गैरसवारी प्रयोगकर्ताहरूलाई सडकको जिम्मेवारीपूर्वक र सुरक्षित ढङ्गले प्रयोग गर्न सहयोग गर्नका लागि सुधारिएको सडक डिजाइन र सरकारको सूचना र जागरण अभियान मार्फत सडक सुरक्षालाई प्रोत्साहित गर्नेछ। ती जागरण अभियानले ट्रक र बस चालकहरूको जिम्मेवारी, सवारी व्यवस्थापन र राजमार्गको सुरक्षित र जिम्मेवारीपूर्ण प्रयोगको बारेमा जागरुकता बढाउनेछ। दुर्घटना जोखिमलाई न्यूनीकरण गर्न पैदलयात्री तथा मोटररहित सवारीका साधनहरूको दुर्घटना बढी हुने पहिचान गरिएका सडकको छेउछाउ पटरीहरू निर्माणमा यो परियोजनाले सहायता पुऱ्याउने छ।

(घ) सामाजिक र लैङ्गिक समावेशीकरण

सडक मर्मत सम्भार परियोजना अन्तर्गत एमसिसि वित्तीय व्यवस्थालाई दक्षता आवश्यक पर्ने र उच्च ज्यालादर भएका कामहरूमा महिला र सीमान्तकृत समुदायको उच्च सहभागिता सुनिश्चित गर्नको लागि परियोजनालाई ठेकेदार र सडक विभागलाई प्रोत्साहित गर्न प्रयोग गरिनेछ।

(ङ) दातासँगको समन्वय

एसआरएनमा मर्मत सम्भार सम्बन्धी कामका दुई प्राथमिक दाताहरू- एसियाली विकास बैंक र डिएफआईडिसँग एमसिसिले सम्झौता अन्तर्गत प्राविधिक सहायताका प्रयासहरूलाई बलियो बनाउन समन्वय गर्नेछ ।

(च) युएसएड

युएसएडले हाललाई नेपालको यातायात क्षेत्रमा कुनै पनि अनुदान दिएको छैन । सम्झौता कार्यान्वयन अवधिभरमा कुनै यातायात सम्बन्धी क्रियाकलापलाई युएसएडले सहायता गर्ने भएमा एमसिसिले युएसएडसँग समन्वय गर्नेछ ।

(छ) दीगोपन

सडक मर्मत सम्भारमा गरिएको लगानी दीर्घकालिन लगानी हो । एसआरएनमा लिइएको सुधारिएको तथ्याङ्क सङ्कलन, सुधारिएको मर्मत योजना, प्राथमिकीकरण, उपयुक्त आर्थिक स्रोतको प्रयोग र ठेकेदारको कार्यसम्पादन विधिको विकास मार्फत सडक मर्मत सम्भार परियाजनाले सरकारलाई दीर्घकालिन रुपमा सडक मर्मत सम्भार कार्यमा सहयोग पुऱ्याउने छ ।

(ज) नीतिगत, कानूनी र नियामक सुधारहरू

अपर्याप्त स्रोत र अन्तर्राष्ट्रिय अभ्याससँग मेल नखाने व्यवस्थापन अभ्यासका कारण सडक मर्मत सम्भार तथा व्यवस्थापन अस्तव्यस्त भएको देखिन्छ । सडक मर्मत सम्भार तथा व्यवस्थापनको लागि लगानीको स्रोत जुटाउन, पुनर्वास, पुनर्निर्माण, र सडक सुरक्षाको लागि लगानीको स्रोत जुटाउन सडक बोर्डको स्थापना भए तापनि सडक मर्मत सम्भार तथा व्यवस्थापनको लागि छुट्याइएको आर्थिक कोषको केही भाग मात्र सडकले पाउने गर्दछ । यी मुद्दाहरूलाई सम्बोधन गर्नको लागि विकासका साझेदारहरूले सरकार, सडक बोर्ड र सडक विभाग समेतलाई प्राविधिक सहयोग उपलब्ध गराउँदै आएका र सडक बोर्ड ऐनको संशोधन वा प्रतिस्थापन गने कार्य आवश्यक भएमा त्यसलाई समेत सहयोग पुऱ्याउँदै आएका छन् ।

सडक मर्मत सम्भार आयोजनाको प्राविधिक सहयोग र पूर्वाधारका पक्षहरूले सडक विभागको सडकको मर्मत क्षमतालाई बढाएर अन्तर्राष्ट्रिय स्तरको बनाउन सहयोग गर्नुपर्छ र कार्यसम्पादनमा आधारित सम्झौताहरू समेत गरी ३०५ किलोमिटरको सडक मर्मत सम्भार परियोजनाहरूबाट सिकिएका कुराहरूलाई प्रयोग गर्नुपर्नेछ । विशेषतः मिलान कोषले सरकारलाई सडक मर्मत सम्भार तथा व्यवस्थापनमा छुट्याउँदै आएको विगतको औसत भन्दा बढी बजेट निष्कासन गर्न प्रोत्साहित गर्नुपर्नेछ ।

**ग.कार्यान्वयन ढाँचा**

**१. एमसिए- नेपाल**

(क) संरचना र स्थापना

सरकारले मन्त्रिपरिषद्बाट एमसिए- नेपालको गठन आदेश पारित गरी सो आदेश नेपाल राजपत्रमा प्रकाशन गरी एमसिए-नेपाललाई एक विकास समितिको रुपमा स्थापना गर्नेछ । विकास समितिहरू स्वतन्त्र निकाय हुन् र नेपालमा सामान्यतया यस्ता समिति विभिन्न किसिमका परियोजना (विदेशी अनुदान र ऋणमा आधारित समेत) का लागि गठन गरिन्छन् । एमसिए-नेपाललाई निर्णय गर्ने पूर्ण

स्वायत्तता हुनेछ: जस्तैः अन्य कुनै पक्षको समर्थन वा स्वीकृति विना नै निर्णय लिनेः (१) आफ्नो नाममा सम्झौता गर्ने, (२) मुद्दा मामिला गर्ने (३) एमसिए-नेपालको नाममा बैंक खाता खोल्ने र सोही खाता मार्फत वित्तीय तथा बैंकिङ्ग कारोबार गर्ने, (४) एमसिसि वित्तीय व्यवस्था खर्च गर्ने, (५) ठेकेदारहरू, सल्लाहकारहरू, वा अनुदानदाताहरू, खरिद एजेन्ट, वित्तीय एजेन्ट आदिलाई काममा लगाउने, र (६) लेखापरीक्षण गर्न एक वा एक भन्दा बढी लेखापरीक्षकहरू नियुक्त गर्ने। एमसिए-नेपालको सञ्चालनको विस्तृत विवरण कार्यक्रम कार्यान्वयन सम्झौता, गठन आदेश र एमसिए-नेपालको आन्तरिक नियमहरू (**"आन्तरिक नियम"**) वा पक्षहरूले लिखित रुपमा सहमति गरे बमोजिम हुनेछ। आन्तरिक नियम भने प्रशासन मार्ग निर्देशिका बमोजिम हुनेछ।

एमसिए-नेपाल निम्नानुसारको सञ्चालक समिति (**"सञ्चालक समिति"**), व्यवस्थापन इकाई (**"व्यवस्थापन इकाई"**) र एक वा एक भन्दा बढी सरोकारवालाहरूको समितिद्वारा प्रशासित, व्यवस्थित र समर्थित हुनेछ। एमसिए-नेपालले परियोजना कार्यान्वयनको लागि विभिन्न सरकारी निकायहरूको सहयोग लिनेछ।

(ख) सञ्चालक समिति

एमसिए-नेपालको निरीक्षण, निर्देशन र निर्णयहरूको सम्पूर्ण जिम्मेवारी र सम्झौताको पूर्ण कार्यान्वयनको जिम्मेवारी सञ्चालक समितिको हुनेछ। सञ्चालक समितिमा मताधिकार सहितका सात जना सदस्य रहनेछन्। हाल सञ्चालक समितिमा मताधिकारसहितका सदस्यहरू देहाय बमोजिम रहेका छन् :

१) अर्थ सचिव, अर्थ मन्त्रालय,

२) सहसचिव, उर्जा मन्त्रालय,

३) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,

४) कार्यकारी निर्देशक, एमसिए-नेपाल,

५) प्रबन्ध निर्देशक, नेपाल विद्युत प्राधिकरण,

६) नागरिक समाजका एक जना प्रतिनिधि, र

७) निजी क्षेत्रको एक जना प्रतिनिधि।

एमसिसिको स्वीकृतिबाट आन्तरिक नियममा मतदान गर्ने सदस्यहरूको संख्या र पहिचान संशोधन गर्न सकिनेछ। एमसिए-नेपालको आन्तरिक नियम अनुसार सञ्चालक समितिका सदस्यहरूको प्रतिनिधित्व अन्य व्यक्तिद्वारा गर्न सकिनेछ। साथै, एमसिसिको नेपालको लागि आवासीय निर्देशक (रेजिडेन्ट कन्ट्री डाईरेक्टर) सञ्चालक समितिमा मतदान नगर्ने सदस्यको भूमिकामा रहनेछ। सञ्चालक समितिले निम्नानुसारका मन्त्रालय वा अन्य विशेषज्ञहरूलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ: (क) भूमिसुधार तथा व्यवस्था मन्त्रालय, (ख) गृह मन्त्रालय, (ग) वन तथा भू-संरक्षण मन्त्रालय, र (घ) जनसंख्या तथा वातावरण मन्त्रालय।

प्रशासन निर्देशिकाका आधारमा आन्तरिक नियम अनुसार सञ्चालक समितिका सदस्यहरूको छनौट सरकारी मार्गदर्शन बमोजिम हुनेछ।

(ग) व्यवस्थापन इकाई

निम्नानुसार व्याख्या गरिएको व्यवस्थापन इकाई सञ्चालक समितिप्रति जवाफदेही हुनेछ र सम्झौताको व्यवस्थापन तथा दैनिक क्रियाकलाप सञ्चालनको प्रमुख दायित्व व्यवस्थापन इकाईको हुनेछ ।

कार्यकारी निर्देशक व्यवस्थापन इकाईको प्रमुख हुनेछ र प्रशासन निर्देशिका अनुसार पक्षहरू बीच सहमति भए अनुसार सञ्चालकहरू र अधिकृतहरू यसका सदस्य हुनेछन् । व्यवस्थापन इकाईको छनौट खुल्ला, प्रतियोगितात्मक र निष्पक्ष छनौट विधि मार्फत गरिनेछ र प्रत्येक नियुक्ति एमसिसिको नो अब्जेक्सनका आधारमा मात्र हुनेछ । व्यवस्थापन इकाईको काम, कर्तव्यलाई पूरा गर्न अधिकृतहरूलाई सहायता आवश्यक भएमा थप कर्मचारी नियुक्त गर्न सकिनेछ । थप पदहरूमा नियुक्ति आवश्यक भएमा एमसिए-नेपालले एमसिसिलाई लिखित जानकारी दिनेछ र एमसिसिको नो अब्जेक्सनका आधारमा मात्र नियुक्ति गरिनेछ ।

(घ) सरोकारवालाको समिति

पक्षहरूले पारदर्शिता, सम्झौताका साझेदारहरूसँग हुने परामर्श र सम्झौताको उद्देश्य प्राप्तिका लागि एक वा एक भन्दा बढी सरोकारवालाहरूको समिति गठन गर्ने कुराको महत्व महसुस गर्दछन् (प्रत्येकलाई "**सरोकारवालाहरूको समिति**" भनिनेछ) । यस समितिलाई एमसिसिको प्रशासन निर्देशिका र सरोकारवाला संलग्नता योजना ("**एसईपी**") द्वारा सञ्चालन गरिनेछ । पक्षहरू देहाय बमोजिम सहमत भएका छन्: (क) एमसिए-नेपालले एसईपीलाई नियमित रुपमा अध्यावधिक जानकारी उपलब्ध गराउनेछ, (ख) एसईपीमा पहिचान गरिएका यी समितिहरूले एमसिए-नेपालसँग कम्तीमा अर्धवार्षिक रुपमा समन्वय गर्नेछन् भनी एमसिए-नेपालले सुनिश्चित गर्नेछ, (ग) एसईपीले एमसिए-नेपाललाई उल्लिखित समन्वय गर्न कार्यविधि उपलब्ध गराउनेछ, र (घ) एमसिए-नेपालले सञ्चालक समितिलाई नियमित रुपमा एसईपीको बारेमा जानकारी दिनेछ ।

## २. परियोजनाका साझेदारहरू

प्रस्तुत सम्झौताको शर्तहरू, कार्यक्रम कार्यान्वयन सम्झौता र प्रस्तुत सम्झौतासँग सम्बन्धित अन्य सम्बद्ध सम्झौताहरू बमोजिम सरकारले यस सम्झौता अन्तर्गतका कुनै पनि परियोजना वा कार्य गर्न सरकारका एक वा एक भन्दा बढी निकायहरू ("**परियोजनाका साझेदारहरू**") लाई सहायताका लागि संलग्न गर्न सक्नेछ । तथापि ती नियुक्तिहरू एमसिसिको समीक्षा र स्वीकृतिमा निर्भर रहनेछन् । एमसिसिलाई सन्तुष्टि हुने गरी ती प्रत्येक परियोजनाका साझेदारहरूको काम र कर्तव्य छुट्टै सम्झौतामा (प्रत्येक सम्झौतालाई "**परियोजना सहकारिता सम्झौता**") उल्लेख गरिनेछ र सोको सुनिश्चितता सरकारले गर्नेछ ।

## ३. वित्तीय एजेन्ट

एमसिसिले लिखित रुपमा अन्यथा स्वीकार गरेकोमा बाहेक सरकारले एक वित्तीय एजेन्ट ("**वित्तीय एजेन्ट**") लाई नियुक्त गर्नेछ र निजको जिम्मेवारी सरकारलाई वित्तीय व्यवस्थापनमा सहयोग गर्नु र एमसिसि वित्तीय व्यवस्थाको उपयुक्त वित्तीय जवाफदेहिता निश्चित गराउनु हुनेछ र निजको कर्तव्यमा कार्यक्रम कार्यान्वयन सम्झौतामा उल्लेख भए बमोजिमका कर्तव्य तथा सरकार र वित्तीय एजेन्ट बीच भएको सम्झौतामा उल्लेख भए बमोजिमका कर्तव्य समावेश हुनेछन् । त्यस्ता सम्झौताको सार र रुपमा एमसिसि सन्तुष्ट हुनुपर्नेछ ।

### ४. खरिद एजेन्ट

एमसिसिले लिखित रुपमा अन्यथा स्वीकार गरेकोमा बाहेक सरकारले एक वा एक भन्दा बढी खरिद एजेन्टहरू (“**खरिद एजेन्ट**”) नियुक्त गर्नेछ र त्यस्तो एजेन्टको जिम्मेवारी सम्झौता कार्यान्वयनको लागि उल्लेख गरे बमोजिम खरिद कार्य गर्नु हुनेछ। खरिद एजेन्टको काम, कर्तव्य र दायित्व कार्यक्रम कार्यान्वयन सम्झौता वा एमसिसिलाई मान्य हुने सरकार र खरिद एजेन्ट बीच भएको सम्झौता अनुसार हुनेछ। खरिद एजेन्टले एमसिसिको खरिद निर्देशिकामा उल्लेख गरेको खरिद स्तरलाई कायम गर्नेछ र एमसिसिले लिखित रुपमा अन्यथा स्वीकार गरेकोमा बाहेक सरकारले कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिम ग्रहण गरेको खरिद योजना बमोजिम खरिद कार्य गर्नेछ।

## अनुसूची २

## बहुवर्षीय वित्तीय योजनाको सारांश

प्रस्तुत अनुसूची २ कार्यक्रम सम्बन्धी बहुवर्षीय वित्तीय योजनाको सारसंक्षेप हो।

### १. सामान्य.

बहुवर्षीय वित्तीय योजनाको सारांश (यसपछि ***“बहुवर्षीय वित्तीय योजनाको सारांश”*** भनिएको) यस अनुसूची २ मा परिशिष्ट ए को रुपमा संलग्न रहेको छ। सरकारले एमसिसिको सहमति अनुसार र कार्यक्रम कार्यान्वयन सम्झौतामा तोकिए बमोजिम बहुवर्षीय वित्तीय योजना अवलम्बन गर्नेछ। बहुवर्षीय वित्तीय योजनामा एमसिसि कोषको बहुवर्षे अनुमानित खर्चको योजना र सरकारको योगदान बापत प्राप्त रकम तथा स्रोत, कार्यक्रमको लागि आवश्यक पर्ने वार्षिक तथा त्रैमासिक सहयोग ( प्रशासनिक खर्च) समेत प्रत्येक परियोजनाको प्रतिबद्धता व्यक्त गरिएको र नगद आवश्यकता अनुरुपको अनुमानित आवश्यक खर्च समावेश गरिएको छ।

### २. सरकारको योगदान.

सरकारको योगदानमा जिन्सी तथा आर्थिक योगदान र उक्त आर्थिक सहयोग अन्तर्गतको दायित्वमा हुन आउने ऋण समावेश गरिएको छ। उक्त दायित्व अन्तर्गत सरकारले एमसिसि वित्तीय व्यवस्थाको सहायताको लागि बजेट छुट्याएको छ। सरकारको योगदानको रुपमा उपलब्ध हुने रकम अमेरिकी डलर १३०,०००,००० रहेको छ। प्रस्तुत सम्झौता लागू हुनु पूर्व र हस्ताक्षर भए पश्चात सरकारको तर्फबाट सहयोगको रुपमा उपलब्ध हुने रकम अमेरिकी डलर ४०,०००,००० रहेको छ र बाँकी रहेको रकम अमेरिकी डलर ९०,०००,००० भने कार्यक्रमको प्रारम्भिक खर्च वितरण हुनु पूर्व र सम्झौता अवधिभर वितरण गरिनेछ। सरकारको योगदानमा खासगरी सरकारको सबै दायित्व र कर छुट सम्बन्धी व्यवस्था पर्दछ। सरकारको योगदानले सबै कानूनी प्रक्रिया र बजेट सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्नेछ। उक्त रकम संसदबाट स्वीकृत वार्षिक बजेट अनुरुपको हुनुपर्नेछ। पक्षहरूले कार्यक्रम कार्यान्वयन सम्झौता वा अन्य पूरक सम्झौतामा सरकारको योगदानको आवश्यकता र प्रक्रिया तोकेको हुनुपर्नेछ। उक्त व्यवस्था एमसीसी वित्तीय व्यवस्थाको भुक्तानीका लागि शर्त हुन सक्नेछ।

## अनुसूची २ को परिशिष्ट ए

# बहुवर्षीय वित्तीय योजनाको सारांश

| (यू एस डलर) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **घटक** | **सिडिएफ** | **१ वर्ष** | **२ वर्ष** | **३ वर्ष** | **४ वर्ष** | **५ वर्ष** | **जम्मा** |
| **१. प्रसारण लाइन परियोजना** | | | | | | | |
| (क) प्रसारण लाइन सम्बन्धी क्रियाकलाप | २,४८९,००० | ५५,६७७,००० | ४१,२३५,००० | ४१,२३५,००० | ५५,३२०,००० | ३२,२९१,००० | २२८,२४७,००० |
| (ख) सब स्टेशन सम्बन्धी क्रियाकलाप | २,०५०,००० | १९,७१२,००० | २२,१२२,००० | २२,१२२,००० | ३०,१२१,००० | १७,८९५,००० | ११४,०२२,००० |
| (ग) विद्युतीय क्षेत्रमा प्राविधिक सहायता सम्बन्धी क्रियाकलाप | ४३५,००० | ६,३९८,००० | ४,०५४,००० | २,८८६,००० | ४,३३१,००० | ४,३०१,००० | २२,४०५,००० |
| (घ) कार्यक्रम व्यवस्थापन र प्राविधिक निरीक्षण सम्बन्धी क्रियाकलाप | १७,३७५,००० | ४,११५,००० | ३,२०७,००० | ३,२०७,००० | ४,२०७,००० | १,४४८,००० | ३३,५५९,००० |
| **खण्ड (१) को जम्मा** | **२२,३४९,०००** | **८५,९०२,०००** | **७०,६१८,०००** | **६९,४५०,०००** | **९३,९७९,०००** | **५५,९३५,००** | **३९८,२३३,०००** |
| **२. सडक मर्मत सम्भार परियोजना** | | | | | | | |
| (क) प्राविधिक सहयोग सम्बन्धी क्रियाकलाप | २,६३२,००० | १,८४३,००० | १,२२७,००० | १,१४२,००० | १६५,००० | ३६,००० | ७,०४५,००० |
| (ख) रणनीतिक सडक मर्मत सम्भार सम्बन्धी क्रियाकलाप | ३,५२०,००० | १,०३३,००० | ११,६४५,००० | १६,०११,००० | १३,०३१,००० | …… | ४५,२४०,००० |
| **खण्ड (२) को जम्मा** | **६,१५२,०००** | **२,८७६,०००** | **१२,८७२,०००** | **१७,१५३,०००** | **१३,१९६,०००** | **३६,०००** | **५२,२८५,०००** |
| **३. अनुगमन र मूल्याङ्कन** | | | | | | | |
| अनुगमन र मूल्याङ्कन सम्बन्धी क्रियाकलाप | १९८,००० | ७३२,००० | १,९७७,००० | १,८९८,००० | १,३५५,००० | ३,३३२,००० | ९,४९२,००० |
| **४. कार्यक्रम व्यवस्थापन र प्रशासन** | | | | | | | |
| (क) एमसिए - नेपालको कार्यक्रम सम्बन्धी व्यवस्थापन | ९,२८१,००० | २,४८०,००० | २,५५०,००० | २,०२०,००० | २,५५३,००० | ४,४६६,००० | २३,३५०,००० |
| (ख) खरिद, आर्थिक, र लेखापरीक्षण सम्बन्धी सेवाहरू | २,५२०,००० | ४,११०,००० | २,३१०,००० | २,३१०,००० | २,३१०,००० | ३,०८०,००० | १६,६४०,००० |
| **खण्ड (४) को जम्मा** | **११,८०१,०००** | **६,५९०,०००** | **४,८६०,०००** | **४,३३०,०००** | **४,८६३,०००** | **७,५४६,०००** | **३९,९९०,०००** |
| **एमसिसिको लगानी** | **४०,५००,०००** | **९६,१००,०००** | **९०,३२७,०००** | **९२,८३१,०००** | **११३,३९३,०००** | **६६,८४९,०००** | ५००,०००,००० |
| **सरकारको योगदान** | **४०,०००,०००** | ................................९०,०००,०००.................... | | | | | १३०,०००,००० |
| **कूल जम्मा** | **८०,५००,०००** | | | | | | ६३०,०००,००० |

# अनुसूची ३

## सम्झौताको अनुगमन र मूल्याङ्कन सारांश

यो अनुसूची ३ ले सम्झौताको अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्ययोजनालाई संक्षिप्त रुपमा उल्लेख गरेको छ (यसपछि ***"एमएण्डई योजना"*** भनिएको)। यस अनुसूची ३ मा उल्लेख गरिएको भन्दा फरक संरचना र विषयसूचीको हकमा नेपाल सरकार र एमसिसिको ("Policy for Monitoring and Evaluation of Compacts and Threshold Programs) (यसपछि ***"एमसिसि एमएण्डई योजना"*** भनिएको) लागू हुनेछ। साथै, यस अनुसूची ३ मा संशोधन नगरी एमसिसि एमएण्डई नीतिमा उल्लेख भए बमोजिम समय समयमा संशोधन गर्न सकिनेछ। एमएण्डई योजनालाई सार्वजनिक रुपमा एमसिसिको वेबसाईट र अरू सञ्चार माध्यममा आवश्यकता अनुसार अध्यावधिक गरी सार्वजनिक रुपमा प्रकाशन गरिनेछ।

### १. उद्देश्य

एमसिसि र नेपाल सरकारले तर्जुमा र सहमति गरे बमोजिम, नेपाल सरकारले एमएण्डई योजनालाई कार्यान्वयन गर्ने वा गराउने सम्बन्धमा एम एण्ड ई योजनाको विस्तृत व्याख्या निम्न अनुसार गर्नेछ:

(क) परियोजनाहरू निर्धारित उद्देश्य प्राप्तिको मार्गमा भए वा नभएको अनुगमन गर्ने (यसपछि ***"अनुगमन अवयव"*** भनिएको)। (ख) कार्यान्वयन सम्बन्धी रणनीतिको मूल्याङ्कन सिकाइको आदानप्रदान, खर्चको प्रभावकारिता निर्धारण र प्रस्तुत सम्झौता अन्तर्गतका क्रियाकलापको प्रभाव अनुमान गर्ने ( यसपछि ***"मूल्याङ्कन अवयव"*** भनिएको)। एमसिसिलाई नियमित रुपमा दिनुपर्ने सूचकहरू र कार्यक्रम मूल्याङ्कनलाई चाहिने तथ्याङ्कहरू सम्बन्धमा एमएण्डई योजनाले संक्षिप्त रुपमा व्याख्या गर्दछ। एमएण्डई योजनामा अनुगमन र मूल्याङ्कनको आवश्यकता अनुसार एमसिए-नेपालले परियोजनामा खर्च भएको रकमहरू लिने व्यवस्था यसै एम एण्ड ई योजनामा समावेश गरेको छ। एम एण्ड ई योजनाले एमसिए-नेपालको कर्मचारी र सरोकारवालाहरू बीच सञ्चार माध्यमको काम गर्दछ जसले एमसिए-नेपालको उद्देश्य प्राप्तिको लागि सहयोग पुऱ्याउँदछ। अनुगमन र मूल्याङ्कन तथ्याङ्कले मापन गरेका अनुगमन र मूल्याङ्कन सम्बन्धी क्रियाकलापहरूको नतिजा एमसीए-नेपाल र एमसिसिको वेबसाईटमा सार्वजनिक रुपमा प्रकाशन गरिनेछ।

### २. कार्यक्रम लजिक (तर्क)

एम एण्ड ई योजनाले परियोजना लजिक मोडल (Project Level Logic Models) लाई संक्षिप्त रुपमा वर्णन गर्दछ। परियोजना लजिक मोडलले परियोजनाको क्रियाकलाप र सहायक क्रियाकलापहरूले कसरी परियोजनाको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याएका छन् भन्ने कुरा चित्रण गर्दछ। लजिक मोडलहरूले कार्यक्रमको नतिजा, उद्देश्य, परिणामहरूलाई संक्षिप्त रुपमा उल्लेख गर्दछ। प्रत्येक परियोजनाको लजिक विवरण निम्नानुसार छ:

### क) विद्युत प्रसारण सम्बन्धी परियोजना


नेपालमा विद्युतीय आपूर्तिको सुधार, उपलब्धता र विश्वसनीयतालाई ध्यानमा राखी विद्युतीय खपत बढाउनु र विद्युतीय व्यापारलाई प्रवर्धन गर्नु विद्युत प्रसारण सम्बन्धी परियोजनाको उद्देश्य रहेको छ। सम्झौताको लगानीले नेपालको प्रसारण सञ्जाल (नेटवर्क) र अन्तरदेशीय जडानलाई सहयोग पुऱ्याई ग्राहक समक्ष विद्युत आपूर्ति बढाउनेछ। यस उद्देश्यले नयाँ राष्ट्रिय विद्युत उत्पादन गर्ने क्षमताको साथै भारतसँगको विद्युत व्यापारमा सहयोग पुऱ्याउने छ। यस प्रसारणले प्राविधिक चुहावट कम गर्दै माग अनुसारको विद्युत आपूर्तिलाई सहज बनाउँदछ। यस परियोजनाले नयाँ ढङ्गले राष्ट्रिय विद्युत उत्पादनलाई मद्दत गर्नुका साथै सफलताका साथ भारतसँग विद्युत व्यापारमा नयाँ आयाम ल्याउनेछ।

नेपालमा सुख्खा मौसममा घरेलु विद्युत उत्पादन कम हुने हुनाले अन्तरदेशीय जडानले उक्त समयको मागलाई परिपूर्ति गर्दछ । यस परियोजनाले अपेक्षा गरे अनुरूप वर्षायाममा हुने अधिक विद्युत आपूर्ति भारतमा निकासी गर्न सहयोग गर्दछ । निकासी गरे बापत आएको राजस्वलाई राष्ट्रिय विद्युत उत्पादनको लागि सरकारी, निजी र स्वतन्त्र विद्युत उत्पादकहरू तथा विद्युत व्यापार गर्ने निकायहरूले लगानी गर्न सक्नेछन् । भारतसँगको विद्युत व्यापारले विद्युत व्यापार सम्झौताको लागि वार्ता गर्न उपयुक्त वातावरण सिर्जना गरी दुईपक्षीय विद्युत ग्रिडलाई सम्बोधन गर्दछ ।

विद्युतीय क्षेत्रमा प्राविधिक सहयोग (Power Sector Technical Assistance) को क्रियाकलापहरूले लगानीको क्षेत्रमा नयाँ मार्गनिर्देशन स्थापना गरी नेपाल सरकारलाई उच्चस्तरीय रणनीति बनाउन सहयोग, लागत फिर्ता तथा ग्रिड सञ्चालन गर्न सहयोग गर्दछ जसको नतिजा निम्नानुसार हुनेछः (१) विद्युतीय क्षेत्रले सरोकारवालाहरूको आर्थिक र वित्तीय हितलाई सन्तुलन, ग्रिड सञ्चालनको प्रवर्द्धन र सुरक्षा गर्दछ । (२) एमसिसिको पूर्वाधार संरचनामा भएको लगानीमा दीगो रुपमा सुधार गर्ने, नेपाल विद्युत प्राधिकरण (एनईए) ले नयाँ ४०० किलो भोल्ट ("kV") प्रणालीलाई सञ्चालन, व्यवस्थापन गरी कायम राख्ने । यस लगानीले अपेक्षा गरे अनुरूप वित्तीय र भौतिक पूर्वाधारहरूलाई दीगो राखी अगाडि बढाउने छ ।

नेपालको ग्रिडमा विद्युतको वृद्धिले उपभोक्ताहरू माझ विद्युतको आपूर्ति पनि वृद्धि हुनुको साथै भारतसँगको विद्युत व्यापार वृद्धि हुने अपेक्षा गरिएको छ । उपभोक्ताहरूले हालको भन्दा विद्युत खपत गरे वापत प्रति युनिट कम महसुल तिर्नुपर्नेछ । यसबाट हुने बचतको पुनः लगानी गरी उत्पादन र गरिबी निवारणमा योगदान पुऱ्याउनेछ ।

**विद्युत प्रसारण सम्बन्धी परियोजनाको विस्तृत कार्यक्रम तर्क देहायको चित्रमा प्रस्तुत गरिएको छ ।**




एमएण्डई योजनाले अनुमानित जोखिम र त्यस सम्बन्धी अवधारणाको बारेमा र कार्यक्रम लजिकको परिवर्तित सिद्धान्तलाई स्पष्ट पारेको छ । तर, लिखित रुपमा अन्यथा सहमति भएकोमा बाहेक सम्झौता भएको बाहेक पक्षहरूले यस अनुमानित जोखिमका कारण आफ्नो कर्तव्य र दायित्वबाट उन्मुक्ति पाउने छैनन् । विद्युत प्रसारण सम्बन्धी परियोजनाका ज्ञात जोखिम र अवधारणा देहाय बमोजिम छन्:

१)	कार्यान्वयनमा ढिलाइ,

२) भारतसँग विद्युत व्यापार बढाउनको लागि उपयुक्त प्राविधिक र व्यावसायिक व्यवस्था र  पूर्वाधारहरू,

३)	घरेलु विद्युत उत्पादन सम्बन्धी परोजनाहरूको सञ्चालनमा ढिलाइको कारणले विद्युत प्रसारण लाइनको उपयोगमा कमी आउन सक्ने,

४)	पूरक प्रसारण र वितरण सम्बन्धी परियोजनाको कार्यान्वयनमा ढिलाइ भएमा उपभोक्ताहरू माझ विद्युत वितरणलाई सीमित गर्न सक्ने,

५)	जग्गा प्राप्तिमा विलम्ब र कार्यान्वयन गर्न कठीन हुनसक्ने,

६)	समुदायहरूले एमसिसिका परियोजनाहरूलाई विरोध गर्न सक्ने,


७)	विद्युतीय नियमन सम्बन्धी कानून लागू गर्न र चालू प्रारम्भिक परियोजना सञ्चालन गर्नको लागि सहयोग असफल हुन सक्ने, र

८)	सस्तो विद्युतबाट भएको बचत अन्य क्षेत्रमा उत्पादन बढाउन लगानी गर्न सक्ने ।

**(ग) <u>सडक मर्मत सम्भार सम्बन्धी परियोजना</u>**

सडक मर्मत सम्भार सम्बन्धी परियोजनाको उद्देश्य रणनीतिक सडक नेटवर्क अन्तर्गतका सडकहरूको गुणस्तर कायम राख्नु हो । पहिलो, यस परियोजनाले सडक मर्मत सम्भार सम्बन्धी योजना, प्राविधिक सहयोग र मूल्याङ्कन सम्बन्धमा सडक विभाग र सडक बोर्ड नेपालको नियमित आवधिक योजनालाई कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्नेछ । दोस्रो, यो परियोजनाले सिक्दै काम गर्ने सम्बन्धी अवधारणामा आधारित छ । यस मर्मत सम्भारको कार्यले सडकमा सुधार र यातायात सञ्चालन खर्चमा कमी गराउनेछ । यस कोष म्याचिङ्ग इस्केम (Matching scheme) अनुरुप लागू हुन्छ र सडक मर्मत सम्बन्धी स्रोतमा खर्च गरिनेछ । सडक विभागलाई सडक मर्मत सम्बन्धी योजना बनाउन र कार्यान्वन गर्न, सडक मर्मत सुधार अन्तर्गत सहयोग गर्न तथ्याङ्क, क्षमता र अनुभव प्राप्त भएमा एसरएनले सडकको गुणस्तर कायम राख्न सक्नेछ ।

**सडक मर्मत सम्भार सम्बन्धी परियोजनाको विस्तृत कार्यक्रम तर्क चित्रमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।**



सडक मर्मत सम्भार सम्बन्धी परियोजनाका ज्ञात जोखिम र अवधारणाहरू निम्नानुसार रहेका छन् :

१) यस परियोजनाले दरो राजनीतिक र संरचनागत सहयोग पाउने छैन, फलतः परियोजनाको कार्यान्वयन अनिश्चित र जोखिमपूर्ण हुन सक्नेछ, र

२) गुणस्तरीय रुपमा समयमा नै काम गर्ने निर्माण क्षमता न्यून रहेको छ ।

## ३. अनुमानित आर्थिक लाभ र लाभग्राही

### ३.१ आर्थिक लाभ

(क) विद्युत प्रसारण परियोजना

विद्युत प्रसारण सम्बन्धी परियोजनाको मुख्य फाइदा तथा लाभ भनेको नेपाली उपभोक्ताहरू माझ विद्युतीय आपूर्ति बढ्नु हो । लोडसेडिङ्ग कम भई आवश्यकता अनुसार विद्युत उपलब्ध हुनु नै यस परियोजनाको मुख्य फाइदा हो । बढ्दो विद्युत आपूर्तिले राष्ट्रिय उत्पादनमा वृद्धि हुनेछ र नयाँ निर्माण भएको उच्च क्षमताको प्रसारण प्रणालीले प्राविधिक चुहावटमा कमी आउनेछ ।

निकासी एक भिन्न लाभ स्रोत हो जसको मूल्याङ्कन भारतलाई बेचेको विद्युत महसुल दरको आधारमा गरिएको छ (तर, यसमा भारतीय उपभोक्ताहरूको Economic rate of return ("ERR") अनुमान गरिएको छैन)। ERR मा त्यसै कारण निर्यातलाई राष्ट्रिय उपभोगको मूल्याङ्कन भन्दा कम मूल्याङ्कनमा राखिएको छ र नेपालको निर्यातको लागत खर्च पनि कम रहेको छ, किनकि अन्यथा यस विद्युतको अधिक गिरावट हुने थियो । वर्षायाममा बचत भई बिक्री भएको विद्युतले स्वतन्त्र विद्युत लगानीकर्ताहरूलाई नयाँ लगानी गर्न प्रोत्साहन गर्दछ ।

एमसिसिको लागतका अतिरिक्त, ERR मोडलमा सरकारको तर्फबाट भएको लागत, उपभोक्ताबाट भुक्तान भएको लागत र नयाँ उत्पादनमा अन्य लगानीकर्ताहरूको अनुमानित लागत समावेश गरिएको छ । सन् २०२३ र २०३० सम्म अनुमानित गरिएका लाभहरू हुन्: बिजुली खपत, पैठारी, निकासी र प्रसारण चुहावटमा कमी । आर्थिक विश्लेषणले २०१६ देखि २०२३ सम्म नेपालको विद्युत उत्पादन गर्ने क्षमतामा ३६० प्रतिशतले (८५६ मेगावाटदेखि ३,९४६ मेगावाटसम्म) वृद्धि हुने अनुमान गरेका छन् ।

विद्युत प्रसारण सम्बन्धी परियोजनाको अनुमानित ERR १२ प्रतिशत रहेको छ ।

(ख) सडक मर्मत सम्भार परियोजना

सडक मर्मत सम्भार सम्बन्धी परियोजनाको मुख्य उद्देश्य रणनीतिक सडक नेटवर्कको सडकहरूको मर्मत सम्भार सम्बन्धी अभ्यासमा सुधार गरी गुणस्तरीय सडक कायम राख्नु हो । यस परियोजनाले सडक विभाग र सडक बोर्ड नेपाललाई प्राविधिक सहयोग प्रदान गरी ३०५ किलोमिटर सडक मर्मतमा सहयोग पु¥याउँदछ । सडकको अस्फाल्ट कालोपत्रे निकालेर त्यसमा नयाँ अस्फाल्ट र अन्य रसायनहरू थप्ने, सुरक्षामा ध्यान दिने, सडकमा उबडखाबड हुने समस्यामा सुधार्न गर्ने, सवारीको बढी चाप पर्ने उकालो र ओरालो र चिसोका कारण दलदल हुने क्षेत्रमा 'सिमेन्ट स्टाबिलिटी' प्रविधि अपनाई सडकको तल्लो भागमा सिमेन्ट हालेर माटोलाई स्थायी बनाउन यसले सहयोग गर्नेछ ।

समय समयमा मर्मत सम्भार हुने सडकहरू यस परियोजना अन्तर्गत त्यसको आर्थिक दक्षताको आधारमा मर्मत सम्भार हुन छनोट भएका हुन् । रणनीतिक सडक नेटवर्क अन्तर्गत छनोट प्रक्रियामा सडक विभागले प्रस्ताव गरेको २००० किलोमिटर सडकबाट छनोट प्रक्रिया सुरू भएको थियो । HDM-4 Model प्रयोग गरी यस २००० किलोमिटरको सडक मर्मतको आर्थिक लाभ निकालिएको थियो । सडक मर्मतले उपभोक्तालाई फाइदा भई यातायात सञ्चालन लागत र यात्रा समयमा कमी ल्याउँछ । आर्थिक लाभ र प्राप्त बजेट अनुसार मर्मत हुने आधारमा सडकहरूलाई यस सम्झौता अन्तर्गत मर्मत

गर्न छनोट गरिएको हो। यस प्राथमिकताको परिणाम स्वरूप नेपालको पूर्वाञ्चल विकास क्षेत्र, मध्यमाञ्चल विकास क्षेत्र, र मध्य-पश्चिमाञ्चल विकास क्षेत्रका पाँच वटा सडक छनौट भएका छन्, जसको लम्बाई करिब ३०५ किलोमिटर रहेको छ ।

आवधिक मर्मतका लागि छनौट भएका पाँच वटा सडकहरूमा अन्य सडकको तुलानामा अत्यधिक सवारी चाप हुने भएकोले र सडकहरू जीर्ण अवस्थामा (high international roughness index ("IRI") values) रहेको हुँदा सडक मर्मत योजनामा परेका हुन् । यद्यपि, सडकहरूको अवस्था नाजुक स्थितिमा पुगी पुनर्स्थापित गर्नुपर्ने नभए तापनि भविष्यमा आउनसक्ने मर्मत खर्चलाई ध्यानमा राखी अहिले नै मर्मत सम्भार गर्ने योजना राखिएको हो। आर्थिक विश्लेषणका अनुसार "परियोजना अन्तर्गत" वा "परियोजना बाहेक" पनि सवारीको चाप भने एउटै कायम हुने अनुमान छ्। अर्को शब्दमा भन्नु पर्दा यस HDM-4 Model मा साधारण वा भइरहेको सवारी चापको अनुमान गरिएको छ तर हुन सक्ने अतिरिक्त सवारी चापको अनुमान भने गरिएको छैन ।

HDM-4 Model ले अनुमान गरेको २० वर्षको अवधिमा सडक मर्मत सम्भारबाट हुने आर्थिक लाभलाई परियोजना लागतसँग तुलना गर्दा, हालको लागत अमेरिकी डलर ३८,४००,०००, हालको लाभ अमेरिकी डलर १५८,५००,००० र कुल परियोजना लागत १२०,१००,००० रहेको छ ।

सडक मर्मत सम्भार सम्बन्धी परियोजनाको अनुमानित ईआरआर २९ प्रतिशत रहेको छ ।

### ३.२ लाभग्राही विश्लेषण

एमएण्डई योजनामा यस कार्यक्रमबाट लाभ हुने व्यक्ति वा निकायहरूको विस्तृत व्याख्या गरिएको छ । ईआरआर समीक्षा लाभग्राही समीक्षाको विस्तृत रुप हो। ईआरआर समीक्षाले कुल वृद्धि भएको आम्दानीलाई अलग गरेर विशेष गरी समाजको कुन वर्गलाई यस कार्यक्रमबाट लाभ प्रदान गर्ने भन्ने निर्धारण गर्दछ। यस कार्यक्रमको परिणामस्वरूप उच्च वास्तविक आय मार्फत राम्रो जीवनस्तर हुनेलाई नै एमसिसिले लाभग्राही मानेको छ[1] ।

यस कार्यक्रमको लाभग्राहीलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ

| **परियोजना** | **अनुमानित लाभग्राहीहरू** |
|---|---|
| विद्युत प्रसारण परियोजना | २३ लाख* |
| सडक मर्मत परियोजना | ०.९२ लाख* |
| *लाभग्राहीमा दोहोरोपना रहेको हुँदा परियोजना लाभग्राहीहरूलाई सम्झौताको लाभग्राहीसँग जोड्न सकिँदैन । | |

### ४. अनुगमन अवयव

एमसिसिको एमएण्डई योजनाले व्याख्या गरे बमोजिम अनुगमन एक निरन्तर, निर्दिष्ट सूचकहरूमा उद्देश्यहरूको प्रगतिको बारेमा सूचक दिने व्यवस्थित तथ्याङ्क (डाटा) सङ्कलन र परिणामहरूको उपलब्धि हो। यस सम्झौताको प्रगतिलाई मापन र अनुगमन गर्न, एमएण्डई योजनाको अनुगमन अवयवले देहायका कुराहरूको पहिचान गर्दछः (१) सूचकहरू (देहायमा परिभाषा गरिए बमोजिम), (२) सूचकहरूको

[1] यस सम्झौतामा प्रयोग भएको "लाभग्राही" शब्दको अर्थ एमसिसिको आर्थिक र लाभग्राहीहरू सम्बन्धी विश्लेषण निर्देशिकामा उल्लेख गरिएको छ ।

परिभाषा, (३) तथ्याङ्क सङ्कलन गर्ने स्रोत र विधिहरू, (४) तथ्याङ्क सङ्कलनको आवृत्ति, (५) तथ्याङ्क सङ्कलन र विश्लेषणको जिम्मेवारी रहेको पक्ष वा पक्षहरू, (६) एमसिसिलाई प्रतिवेदन पेश गर्ने प्रत्येक सूचकको समयसीमा । प्रस्तुत सम्झौता अवधि पछि पनि केही सूचकहरूलाई आवश्यकतानुसार पछ्याउन सकिने कुरा उल्लेखनीय छ ।

## ४.१ लक्ष्य, परिणाम, र प्रक्रिया सूचकहरू

एमएण्डई योजनाले संख्यात्मक, उद्देश्य र विश्वसनीय तथ्याङ्कको परिणामहरूलाई मापन गर्नेछ । ( यसपछि "***सूचकहरू***" भनिएको) ।

(क) एमएण्डई योजनाले प्रत्येक सूचकको लागि आधार रेखा स्थापना गर्नेछ (प्रत्येकको "***आधार रेखा***") । आधार रेखाहरू परियोजना, क्रियाकलापहरू र/वा सहायक क्रियाकलापहरू शुरू हुनु पूर्व बनाइसकेको हुनुपर्ने । आधार रेखाले समस्याहरूलाई मापनयोग्य रुपमा प्रस्तुत गरेको हुन्छ र त्यस्ता मापनयोग्य समस्याहरू पर्याप्त इन्टरभेन्शन डिजाइनको लागि आवश्यकता पर्दछ । सरकारले छानेका सूचकहरूको आधारमा आधार रेखा सङ्कलन गर्नुपर्ने वा सङ्कलन भएका आधार रेखालाई प्रमाणित गर्नुपर्नेछ ।

(ख) एमएण्डई योजनाले नतिजा प्राप्त हुने र अनुमानित मूल्य र अनुमानित समयलाई उल्लेख गर्ने प्रत्येक सूचकको बेंचमार्क तय गरेको हुनेछ (यसपछि "***लक्ष्य***" भनिएको) ।

(ग) एमएण्डई योजनाले प्रयोगात्मक र लागू हुने अवस्थासम्म लिङ्ग, आय स्तर, उमेर, र लाभग्राहीको प्रकारबाट अलग हुने सूचकहरूलाई सङ्केत गर्दछ ।

(घ) एमसिसिको एमएण्डई योजनामा व्याख्या भएको एमसिसिको सान्दर्भिक साझा सूचकहरू पनि समावेश गरिनेछ जसलाई साझा सूचक सङ्केतले जनाइएको छ ।

(ङ) एमसिसिको पूर्व लिखित स्वीकृतिको अधीनमा रही एमसिसि एमएण्डई योजना अनुसार सरकारले थप सूचकहरू थप्न सक्दछ वा भएका सूचकहरूको परिभाषा र लक्ष्य परिमार्जन गर्न सक्दछ ।

(च) एमएण्डई योजनामा उल्लेख भएका अनुगमन सूचकहरूको बारेमा एमसिए-नेपालले एमसिसिलाई सूचक ट्र्याकिङ्ग टेबल (यसपछि "***आईटिटि***" भनिएको) को आधारमा एमसिसिको फारम प्रयोग गरेर त्रैमासिक रुपमा प्रतिवेदन पठाउनु पर्दछ । एमएण्डई योजनाले स्वीकृत नगरेसम्म आईटिटिको सूचक, आधार रेखाहरू वा लक्ष्यमा परिवर्तन गर्न मिल्दैन । एमसिसिको निर्देशन अनुसारको एमसिएको त्रैमासिक खर्च वितरण अनुरोध र प्रतिवेदनमा त्यस बाहेक अतिरिक्त सूचक निर्देशनको बारे उल्लेख गरेको हुनेछ । एमसिए-नेपालले अर्धवार्षिक खर्च वितरण अनुरोध गरेको अवस्थामा पनि आईटिटि त्रैमासिक रुपमा नै पेश गर्नुपर्दछ ।

त्रैमासिक अनुगमन सूचक प्रतिवेदनमा वार्षिक रुपमा पेश हुने मुख्य सूचकहरू समावेश हुनेछन् । तर सर्वेक्षण तथ्याङ्क र लामो अवधि चाहिने सूचकहरू मूल्याङ्कन उद्देश्यको लागि ट्र्याकिङ्ग हुनेछ ।

एमएण्डई योजना अनुसार देहाय बमोजिमको तालिका अनुसारका अनुगमन सूचकहरूको बारेमा उल्लेख गरेको छ ।

| **विद्युत प्रसारण परियोजना** | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| **परिणाम सूचकहरू** | | | | | |
| लोड-शेडिङ्गमा कमी | लोड-शेडिङ्ग | विद्युतीय प्रसारणको आपूर्ति माग भन्दा कम रहेको अवस्थामा र सम्पूर्ण विद्युतीय प्रणालीको | गिगावाट घण्टा ("GWh") | ३,१६१ (२०१६) स्रोतः सन् २०१४।१५को | १,७२६.४ (२०२३) स्रोतः टिटि |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| | | विफलतालाई रोक्नको लागि इलेक्ट्रिक फिडरहरूले सूचना दिई विद्युतीय प्रसारण बन्द गर्ने । वार्षिक आपूर्तिलाई वितरण प्रणाली र अनुमानित लोड अनुसार गणना गर्ने । | | एनईएको वार्षिक प्रतिवेदन पृष्ठ १०९ ( अनुमानित खपत) सन् २०१५।१६ को एनईएको वार्षिक प्रतिवेदन पृष्ठ १२४ (कुल उपलब्ध भएको विद्युतमा घाटा घटाउने) | सम्भाव्यता अध्ययनमा पिएसएसई (अंक १, तालिका ३.२३) |
| पैठारीमा वृद्धि | आयातित विद्युत | वार्षिक रुपमा भारतबाट खरिद गरेको विद्युतको मात्रा | जिगावाट प्रति घण्टा (GWh) | १,७५८.४१ (२०१६) स्रोतः सन् २०१५।१६ को एनईएको वार्षिक प्रतिवेदन पृष्ठ १२०, १२४ | ५,८२३.२ (२०२३) स्रोतः टिटि सम्भाव्यता अध्ययनमा पिएसएसई (अंक १, तालिका ३.२३) |
| निर्यातमा वृद्धि<br>निर्यातबाट भएको राजस्व वृद्धि | निर्यातित विद्युत | वार्षिक रुपमा भारतमा बिक्री भएको विद्युतको मात्रा | जिगावाट प्रति घण्टा (GWh) | ३.२५ (२०१६) स्रोतः सन् २०१५।१६ को एनईएको वार्षिक प्रतिवेदन पृष्ठ १२४ | २,८९५.८ (२०२३) स्रोतः टिटि सम्भाव्यता अध्ययनमा पिएसएसई (अंक १, तालिका ३.२३) |
| प्राविधिक प्रसारणले भएको घाटामा कमी | प्रसारण प्रणालीमा भएको प्राविधिक | १-(प्रसारण सब स्टेशनबाट प्रसारण भएको | प्रतिशत | ४.८२% (२०१६) स्रोतः सन् | १.८९% (२०२३) स्रोतः टिटि |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| | घाटा (%) | कुल मेगावाट घण्टा/ प्रसारण सब स्टेशनबाट उत्पादन र प्राप्त भएको कुल मेगावाट घण्टा | | २०१५।१६ को एनईएको वार्षिक प्रतिवेदन पृष्ठ ३८ (आ.व. ०७२।७३) | सम्भाव्यता अध्ययनमा पिएसएसई (अंक १, तालिका ३.२३) |
| प्रसारण नेटवर्कको उपयोगमा वृद्धि | क्षमता उपयोग प्रसारण लाइनको कारक तत्व हो | प्रसारण लाइन (एम्पेर)मा भएको अधिक चापको अनुपात, क्वाटर र डिजाइन क्षमतामा खण्डीकृत लाइन । (प्रसारण लाइन अवयवको खण्डीकृत व्यवस्था) | प्रतिशत | ०% | पछि निर्धारण गरिने |
| फाइदा बढेमा निर्माण समय टेबल अनुसार नै रहनेछ । | छुटेको कामको दिन | निर्माण कम्पनीले टिपोट गरेको सामुदायिक कलहको कारणले काम रोक्नु परेका दिनहरूको संख्या | संख्या | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| आर्थिक/ इआरसिः सरोकारवालाहरू बीच वित्तीय र आर्थिक हित सन्तुलन गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| प्राविधिक/ इरसिः सुरक्षित र विश्वसनीय प्रणालीको सञ्चालन तथा प्रोत्साहन गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| इजाजत पत्र/इआरसिः कुशल विद्युत क्षेत्र सञ्चालनका लागि कानूनी रूपरेखा स्थापना गरी अनुगमन गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| सरोकारवाला/ इआरसिः इजाजतपत्र वाला, उभोक्ता र अन्य सरोकारवालाहरू लाई विवाद समाधान गर्ने संयन्त्र र सार्वजनिक परामर्श प्रदान गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| एनईएलाई प्रसारण सम्बन्धी नियमहरू प्रतिको आफ्नो दायित्वहरूलाई पालना र कार्यान्वयन गर्न सहयोग गर्ने । | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| एनईएको प्रसारण प्रणाली सम्बन्धी योजना र परियोजनाको क्रियाकलाप हरूको तयारीमा सुधार गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| एनईएको प्रसारण प्रणाली सञ्चालन र व्यवस्थापन गर्ने क्षमतामा सुधार गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| विद्युत विकास विभाग को विद्युत व्यवस्थापन र त्यस क्षेत्रको निगरानी सम्बन्धी कार्यमा सुधार गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| **परिणाम सूचकहरू** | | | | | |
| प्रसारणको पूर्वाधारहरू | थप गरिएको प्रसारण क्षमता | क्षमतामा वृद्धिको अर्थ एमसिसि सहायता द्वारा हेरि जाँच गरिएको आधिकारिक, मेगावाट मा मापन भएका र पुनर्निर्माण र उन्नत नयाँ प्रसारणको लाइनहरू हुन् ।<br>*पाँच खण्डको हरेक प्रसारण लाइनमा क्षमता वृद्धि*<br>*नयाँ हेटौंडा- रातमाटे ४०० के.भी डि/सि (kV D/C*<br>*रातमाटेदेखि लप्सीफेदी४०० के.भी डि/सि (kV D/C)*<br>*रातमाटेदेखि नयाँ दमौली ४०० के.भी डि/सि (kV D/C)*<br>*नयाँ दमौलीदेखि नयाँ बुटवल४०० के.भी डि/सि (kV D/C)*<br>*नयाँ बुटवलदेखि भारतको सीमानासम्म*<br>*(थप गोरखपुर, भारतसम्म)* | मेगावाट | ० | ३,९२०<br>स्रोतः WSP<br>प्राविधिक निर्देशिका ६,<br><br>मिसन रिपोर्ट, मार्च २०१७, अनुसूची इ(E), पृष्ठ २<br>तालिका २ |
| सब-स्टेसनको पूर्वाधारहरू | सब-स्टेसनकोप्रसारणमा क्षमता<br>थप | एमसिसिको सहायता र आधिकारिक ईन्जिनियरद्वारा जाँच गरिएको आधिकारिक,भोल्ट एमपियरमा मापन भएका र पुनर्निर्माण र उन्नत नयाँ<br>सब-स्टेसनर सब-स्टेसनको प्रसारणमा थप गरिएको कुल क्षमता ।<br>*नेपालको सन्दर्भमा, यसमा* | मेगा<br>भोल्ट एमपियर | ० | जम्माः२,३३०<br>रातमाटे (६४०)<br>नयाँ दमौली (६४०)<br>नयाँ बुटवल( १,०५०)<br><br>स्रोतः WSP<br>प्राविधिक निर्देशिका ६, |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| | | *३ वटा ४००/२२० के.भी (kV) को सब-स्टेसनहरू रहेका छन् नयाँ बुटवल, नयाँ दमौली, र रातमाटे ।* | | | मिसन रिपोर्ट, मार्च २०१७, अनुसूची इ(E),पेज. १ |
| प्रसारणको पूर्वाधारहरू | निर्माण र स्तरोन्नति गरिएको किलोमिटर प्रसारण लाइन | एमसिसिको सहायतामा पुनर्निर्माण, पुनर्स्थापित स्तरोन्नति गरिएको र नयाँ प्रसारण लाइनको कुल किलोमिटर<br>*नेपालको सन्दर्भमा, यसमा पूर्वदेखि पश्चिमसम्म र नयाँ बुटवलदेखि भारतको सीमाना सम्म ४०० के.भी (kV) को प्रसारणलाइन ।*<br>*लक्ष्य सम्बन्धी सूचकले दुबै NR1 र XB1 सम्बन्धी परियोजनाहरूलाई प्रष्टाउँदछ, NR1 र XB1 परियोजना मा २ वटा सर्किट रहेका छन् । त्यसैले लाइनको लम्बाईलाई दोब्बर गरिएको छ ।* | किलोमिटर | ० | NR1- नयाँ दमौलीदेखि रातमाटेः ८८.२३ कि.मि<br>NR1- रातमाटेदेखि लप्सीफेदीः ५७.८३ कि.मि<br>NR1-- रातमाटेदेख नयाँ हेटौंडाः ५५.५९ कि.मि<br>नयाँ दमौलीदेखि नयाँ बुटवलः ८४ कि.मि<br>XB1/ नयाँ बुटवलदेखि भारतको सीमानासम्मः २३ कि.मि.<br>जम्माः ६१७.३ किलोमिटर<br>स्रोतः टिटिडिएफएस प्रतिवेदन, |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| | | | | | अंक. ९,पृष्ठ ४ (B1र एन बुटवल-एन दमौली), पृष्ठ ११६ (बाँकी रहेको ३ खण्ड) |
| सब-स्टेसनको पूर्वाधारहरू | सब-स्टेसन निर्माण भएको सडकको लम्बाइ | सब-स्टेसनलाई छुने निर्माण भएको सडकको लम्बाइ | किलोमिटर | ० | ३.३<br>स्रोतः टिटिडिएफएस प्रतिवेदन, अंक. ९,पृष्ठ १२५ परिशिष्ट ३ |
| लभको हिस्सेदारी सम्बन्धी क्रियाकलाप हरूको कार्यान्वयन | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने ( जडान वा थप विद्युतको प्रावधान) | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| आर्थिक/<br>इआररसिः<br>क्षेत्रीय सरोकारवाला हरू बीच वित्तीय र आर्थिक सन्तुलन राख्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| प्राविधिक/<br>इआरसिः<br>सुरक्षित र विश्वसनीय सञ्चालन प्रणालीको प्रचार गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| इजाजत पत्र/इआरसिः<br>कुशल पावर क्षेत्र सञ्चालनका लागि कानूनी रूपरेखा स्थापना गरि | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| अनुगमन गर्ने | | | | | |
| सरोकारवाला/ इआरसिः इजाजत लिने व्यक्तिहरू, उपभोक्ताहरू र अन्य सरोकारवालहरू लाई विवाद समाधान गर्ने संयन्त्र र सार्वजनिक परामर्श प्रदान गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| एनईएलाई स्वतन्त्र नियामक निकायद्वारा निर्धारित प्रसारण सम्बन्धी नियमहरू प्रतिको आफ्नो दायित्व पालना र कार्यान्वयन गर्न सहयोग गर्ने । | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| एनईएको प्रसारण प्रणाली सम्बन्धी योजना र परियोजनाको क्रियाकलाहरूको तयारीमा सुधार गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| एनईएको प्रसारण प्रणाली सञ्चालन गर्ने र व्यवस्थापन गर्ने क्षमतामा सुधार गर्ने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |
| विद्युत विकास विभागको विद्युत व्यवस्थापन र | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने | पछि निर्धारण गरिने |

| विद्युत प्रसारण परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **नतिजा** | **सूचक** | **परिभाषा** | **यूनिट** | **आधाररेखा** | **सम्झौताको लक्ष्य** |
| त्यस क्षेत्रको निगरानी सम्बन्धी कार्य सम्पादनमा सुधार गर्ने | | | | | |

| सडक मर्मत सम्भार सम्बन्धी परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **परिणाम** | **सूचक** | **परिभाषा** | **एकाई** | **बेसलाइन** | **सम्झौताको लक्ष्य** |
| **परिणामका सूचकहरू** | | | | | |
| एसआरएनमा हुने ढुवानी खर्चमा हुने बृद्धि हटाइने | एसआरएन को रफनेस पफर्मेन्स | एसआरएनको नेपाली मापदण्ड अनुसार रोड रफनेसको खराब श्रेणी (आइआरआई ८ भन्दा कम), नराम्रो श्रेणी (आइआरआई ६ देखि ८ सम्म), ठिकैको श्रेणी (आइआरआई ४ देखि ६ सम्म) र राम्रो श्रेणी (आइआरआई ४ भन्दा कम) मा पर्ने हिस्साहरू । रोड रफनेस अन्तर्राष्ट्रिय रफनेस सूचीका आधारमा नापिनेछ । | प्रतिशत | २०१५/१६<br>खराब : ४४%<br>नराम्रो : ३४%<br>ठिकै : १५%<br>राम्रो : ६%<br><br>स्रोत : आईएमसी टास्क १ रिपोर्ट, सारांश | सिईडि :<br>खराब : ४३%<br>नराम्रो : ३३%<br>ठिकै : १५%<br>राम्रो : ९%<br><br>स्रोत : ३०५ कि.मि.मा खराब/नराम्रोबाट ठीक/राम्रो देखिएको सुधारका आधारमा गरिएको गणना |
| सडक पुनर्स्थापना / सुधारमा हुने खर्च घटाइने | एसआरएन को सर्फेस डिस्ट्रेस पफर्मेन्स | एसआरएनको नेपाली मापदण्ड अनुसार रोड सर्फेस डिस्ट्रेसको नराम्रो श्रेणी (एसडिआई ३.१ देखि ५ सम्म), ठिकै श्रेणी (एसडिआई १.८ देखि ३ सम्म) र राम्रो श्रेणी (एसडिआई १.८ भन्दा कम)मा पर्ने हिस्साहरू । रोड सर्फेस डिस्ट्रेस सर्फेस (एस डि आई) डिस्ट्रेस सूचीका आधारमा नापिनेछ । | प्रतिशत | २०१५/१६<br>नराम्रो : १८%<br>ठिकै : ७७%<br>राम्रो : ४%<br><br>स्रोत : आईएमसी टास्क १ रिपोर्ट, सारांश | सिईडि :<br>नराम्रो : १८%<br>ठिकै : ७७%<br>राम्रो : ४%<br><br>स्रोत : आईएमसी टास्क १ रिपोर्ट, सारांश |

| सडक मर्मत सम्भार सम्बन्धी परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **परिणाम** | **सूचक** | **परिभाषा** | **एकाई** | **बेसलाइन** | **सम्झौताको लक्ष्य** |
| मर्मत सम्भार कार्यान्वयनमा सुधार | सडक विभागको वार्षिक मर्मत खर्च | सडक विभागले वार्षिक रुपमा नियमित आवधिक मर्मत सम्भार कार्यमा गर्ने खर्च | अमेरिकी डलर | २०१४/१५<br>३ करोड ५८ लाख (३ अर्ब ६९ करोड २० लाख) नेपाली रुपैयाँलाई १ डलर बराबर १०३.१६ रु. को दरमा परिवर्तन गरिएको)<br>स्रोत : आईएमसी टास्क १ रिपोर्ट, पृष्ठ १३ | सम्झौता अनुसारको सडक मर्मत कार्य शुरु हुनु अघि ३ वर्षभरिमा गरिएको २ करोड २५ लाख डलर भन्दा बढीको खर्च<br><br>स्रोतः सडक मर्मत परियोजना डिजाइन |
| **परिणाम सूचकहरू** | | | | | |
| मर्मत सम्भार कार्य | पूर्णता पाएका सडक खण्डहरू (कि.मि. मा) | नयाँ सडक निर्माण वा रहिआएको सडकको पुनर्निर्माण, पुनर्स्थापना, रिसर्फेसिङ वा सुधार कार्य समाप्त भएको (स्वीकृत भई प्रमाणपत्र बुझाइएको) सडक खण्ड (कि.मि. मा)<br>*लक्षित सडक खण्डहरूमा एच०२: हेटौंडादेखि भिमफेदी, एच०७: चारआलीदेखि फिदिम, एच०८: धरानदेखि बसन्तपुर/चित्रे, एच०९: कद्महादेखि गाईघाट र एच११: अमेलियादेखि तुल्सीपुर खण्डहरू पर्नेछन् ।* | कि.मि. | ० | जम्माः<br>३०५ सम्म (मर्मत सम्झौताहरूमा उल्लेख गरिए बमोजिम लक्ष्य परिवर्तन गर्न सकिनेछ)<br><br>स्रोतः आरएमपी डिजाइन र २०१७ आरएमपी सिबीए |
| मर्मत सम्भार कार्य | रफनेस | एक किलोमिटर दूरी पार गर्दा मिटरमा नापिने उचाईको आधारमा गरिने रोड सर्फेसको रफनेसको मापन । यस मापनले सम्झौताको लगानी रहेको सडक मर्मत कार्यको समाप्तिका बखतको आइआरआइ | मिटर प्रति किलो मिटर | एच०७: (चारआली देखि फिदिम) : ८.०<br>एच०८: (धरान देखि बसन्तपुर/चित्रे): ८.९<br>एच०९: (कद्महा देखि गाईघाट): ९.०<br>एच०२: (हेटौंडा देखि | सम्झौता समापन हुने समयमा (२०२२ अनुमानित):<br><br>एच०७: ३.५<br>एच०८: ३.५<br>एच०९: ३.५<br>एच०२: ४.१ |

| सडक मर्मत सम्भार सम्बन्धी परियोजना | | | | | |
|---|---|---|---|---|---|
| **परिणाम** | **सूचक** | **परिभाषा** | **एकाई** | **बेसलाइन** | **सम्झौताको लक्ष्य** |
| | | लाई जनाउँछ । *प्रति किलोमिटर आइआरआइमा देखिएको परिमाणको जम्मा योगफल/जम्मा सडक खण्डको आधारमा हिसाब गरिएको ।* | | भिमफेदी): ९.८ एच११: (अमेलिया देखि तुल्सीपुर): ७.१ (२०१६) स्रोत:२०१७ आरएमपी सिबिए | एच११: ३.५ स्रोत: २०१७ आरएमपी सीबिए |
| प्राविधिक सहायता | राजमार्ग व्यवस्थापन सूचना प्रविधि डाटावेसको संख्या | राजमार्ग व्यवस्थापन सूचना प्रविधि डाटावेसले पूर्णता प्राप्त गरी सम्पूर्ण नेटवर्कको लागि विल्ट एण्ड डिफ्लेक्सन डाटाको रुपमा अध्यावधिक गरिएको मिति | मिति | लागू नहुने | पछि निर्धारण गरिने |
| मिलान कोष | सडक विभागको वार्षिक मर्मत बजेट | सडक विभागले वार्षिक रुपमा नियमित आवधिक रुपमा गर्ने मर्मत कार्यको लागि छुट्याएको बजेट | अमेरिकी डलर | आ.व. २०१६: ४ करोड (४ अर्व २८ करोड नेपाली रुपैयालाई १ डलर बराबर १०३.१६ रुपैयाको दरमा परिवर्तन गरिएको) स्रोत : आईएमसी टास्क १ रिपोर्ट, पृष्ठ ९ | सम्झौता अनुसारको सडक मर्मत कार्य शुरु हुनु अघि ३ वर्षभरिमा गरिएको २ करोड २५ लाख डलर भन्दा बढीको खर्च स्रोत: आरएमपी डिजाइन |

## ५. मूल्याङ्कन अवयव

कार्यक्रम व्यवस्थापनको लागि कार्यक्रमको राम्रो अनुगमन आवश्यक भए तापनि अन्तिम परिणाम निर्धारण गर्नको लागि अनुगमन मात्र पर्याप्त हुँदैन । तसर्थ, एमसिसिले कार्यक्रमको प्रभावकारिता मापन गर्नको लागि विभिन्न मूल्याङ्कनका विधिहरूलाई पूरक उपायको रुपमा समेट्नु पर्ने धारणा राख्दछ । एमसिसि एमएण्डई नीतिमा उल्लेख गरिए जस्तै मूल्याङ्कन कार्यक्रमको डिजाइन, कार्यान्वयन र परिणामको मुख्य र व्यवस्थित आँकलन हो । कार्यक्रमहरूको अपेक्षित परिणामका असरहरू बुझ्न र लागत प्रभावकारिता मूल्याङ्कन गर्न मूल्याङ्कनलाई आवश्यक भए अनुसार सवल बनाउन एमसिसि प्रतिबद्ध छ । एमएण्डई योजनामा तीन अवयवहरू समावेश हुन सक्नेछन्: (१) स्वतन्त्र मूल्याङ्कन (असर र/वा कार्यसम्पादन मूल्याङ्कन), (२) स्वमूल्याङ्कन, र (३) विशेष अध्ययन, जसलाई विस्तृत रुपमा एमसिसि एमएण्डई नीतिमा उल्लेख गरिएको छ ।

(क) स्वतन्त्र मूल्याङ्कन

प्रत्येक परियोजनाको विस्तृत रुपमा एमसिसि एमएण्डई नीति अनुसार स्वतन्त्र मूल्याङ्कन (असर र/वा कार्यसम्पादन) गर्नु पर्नेछ । एमएण्डई नीतिको मूल्याङ्कन अवयवले मूल्याङ्कनको उद्देश्य, कार्यप्रणाली, समय तालिका, आवश्यक एमसिसिका स्वीकृतिहरू र प्रत्येक मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्को सङ्कलन र समीक्षाको बारेमा उल्लेख गर्नेछ । प्रत्येक स्वतन्त्र मूल्याङ्कनलाई स्वतन्त्र तेस्रो पक्षहरूद्वारा डिजाइन र कार्यान्वयन गराइनु पर्दछ । सरकारले मूल्याङ्कनकर्ताको सेवा लिन चाहेमा एमसिसिको पूर्व स्वीकृति आवश्यक पर्नेछ । साथै, सम्झौताका शर्तहरू एमसिसिलाई स्वीकार्य हुनुपर्छ र त्यस्ता शर्तहरूले परिणाम पूर्वाग्राही नभएको र परिणाम प्रकाशित गर्ने कुराको सुनिश्चितता गर्नुपर्छ ।

प्रत्येक स्वतन्त्र मूल्याङ्कनको सम्बन्धमा, एमसिए-नेपालले स्वतन्त्र मूल्याङ्कनकर्तालाई प्रस्तावित मूल्याङ्कनका क्रियाकलापहरूको सम्भाव्यता, र मूल्याङ्कनको अन्तिम परिणाम प्राविधिक रुपमा र तथ्यगत आधारमा सही भएको सुनिश्चित गर्नको लागि डिजाइन प्रतिवेदन, मूल्याङ्कन सामग्री (प्रश्नोत्तर समेत), बेसलाइन प्रतिवेदन, र अन्य अन्तरिम/अन्तिम प्रतिवेदनको समीक्षा गरी प्रतिक्रिया दिनेछ ।

(ख) विद्युत प्रसारण परियोजनाः

विद्युत प्रसारण परियोजनाको मूल्याङ्कन एक संख्यात्मक तथ्याङ्कमा आधारित कार्यसम्पादन मूल्याङ्कन हुने अपेक्षा गरिएको छ । यसले एमसिसिको लगानीको परिणामले गर्ने असरको मूल्याङ्कन गर्नको लागि उत्पादन, लोड फ्लो, र पैठारी, निकासी तथ्याङ्कको प्रयोग गर्नेछ । यसले उच्चस्तरका असरहरू (जस्तै ग्रिड ग्राहकहरूको प्रत्येक युनिट बापत हुने विद्युत खपत र खर्च) को मापन गर्नको लागि सम्भवतः घरायसी वा व्यापारिक तथ्याङ्क सङ्कलन अवयव पनि समावेश गर्नेछ । मूल्याङ्कनले प्रकृयाको अध्ययन, सक्कल डिजाइनको कार्यान्वयनको विश्वसनियताको निर्धारण, र तार्किक क्रमका अघिल्ला परिणामको मूल्याङ्कनका लागि गरिने पूर्व तयारीलाई समेत समेट्नेछ । देहायका प्रश्नहरूले डिजाइनलाई मार्गनिर्देश गर्नेछः

- विद्युत प्रसारण परियोजना योजना अनुसार नै कार्यान्वयन गरिएको थियो? कार्यको गुणस्तर प्रारम्भमै निर्धारित स्पेसिफिकेसन बमोजिम छ ?
- विद्युत प्रसारण परियोजनाको कारण नेपालमा लोडसेडिङ घटेको छ ? यो प्रश्न देहाय बमोजिमको लोडसेडिङको परिणाम सूचकसँग सम्बन्धित छ ।
- सीमापार विद्युत व्यापारलाई विद्युत प्रसारण परियोजनाले कसरी परिवर्तन गरेको छ ? यो प्रश्न परियोजनाको देहाय अनुसारको पैठारी भएको विद्युत र निर्यात गरिएको विद्युत परिणाम सूचकसँग सम्बन्धित छ ।
- प्रसारण परियोजनामा विकासको सन्निकर्षले नेपाली ग्राहस्थ्य र व्यापारिक संस्थाहरूले गर्ने ग्रिडमा रहेको विद्युतको प्रयोगमा वृद्धि गरेको छ ? यो प्रश्न देहाय अनुसारको परियोजनाको उद्देश्य रहेको प्रति व्यक्ति विद्युत उपयोगको परिणाम सूचकसँग सम्बन्धित छ ।
- प्रसारण परियोजनाको विकास (BIKAS) उपायले परियोजनामा स्थानीयको अवरोध र निर्माणमा हुने ढिलाईलाई घटाएको छ ? यो प्रश्न देहाय अनुसारको कार्य अवरोध भएको दिनको परिणाम सूचकसँग सम्बन्धित छ ।
- क्रियाकलाप १.३ को मार्फत प्राविधिक सहयोगसँग सम्बन्धित थप मूल्याङ्कनका प्रश्नहरूलाई लक्षित परिणामको बुझाई पश्चात समावेश गरिनेछ ।

अनुगमन तथा मूल्याङ्कन (एमएण्डई) योजनाले देहायको मूल्याङ्कन सूचकहरूलाई समेट्नेछः

| विद्युत प्रसारण परियोजना | | | | | | |
|---|---|---|---|---|---|---|
| **परिणाम** | **सूचक** | **परिभाषा** | **एकाई** | **बेसलाइन** | **लक्ष्य** | **लक्षित मिति** |
| **परिणाम सूचकहरू** | | | | | | |
| गार्हथ्य र व्यापारमा खर्च जोगिने<br><br>परियोजनाको उद्देश्यः विद्युत खपतमा बृद्धि<br><br>वितरणको लागि आपूर्तिमा बृद्धि | प्रति व्यक्ति हुने विद्युत खपत | नेपालमा वार्षिक रुपमा प्रति व्यक्तिले खपत गर्ने विद्युतको मात्रा | किलो वाट आवर/ क्यापिटा | १३३ (२०१६)<br>स्रोतः नेविप्राको वार्षिक प्रतिवेदन २०१५/६<br>(विद्युतको जम्मा बिक्री), नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग, जनसंख्या आँकलन २०११-२०३१, राष्ट्रिय घरधुरी जनगणना २०११, अंक ८ एनएचपीसी २०११ ( सन् २०१६ जनसंख्या अनुमान) | ३९४<br><br>स्रोतः टिटि व्यवहारिकता अध्ययनमा पीएसएसइ (अंक १ टेबल ३.२३, खपतमा १५% प्राविधिक क्षती घटाउँदा), लाई अनुमानित जनसंख्या ३,२७,५९,३०२ ले भाग गर्ने | २०२३ |

(ग) सडक मर्मत सम्भार सम्बन्धी परियोजना

सडक मर्मत सम्भार सम्बन्धी परियोजनाको मूल्याङ्कन संख्यात्मक र गुणात्मक अवयव प्रयोग गरी गरिने कार्यसम्पादन मूल्याङ्कन हुनेछ भनी अपेक्षा गरिएको छ। ती अवयवहरू मध्ये एकः एचडिएम - ४ ( HDM-4) मोडेल प्रयोग गरिने आर्थिक मोडलिङ्ग हुनेछ। एमसिसिको लगानी हुनु पूर्व र लगानी भए पश्चातका दुवै समयमा एसआरएनमा पर्ने सम्पूर्ण सडक खण्डहरूको एक स्वतन्त्र विश्लेषणद्वारा निर्धारण गरिएको गुणस्तरको तथ्याङ्क आवश्यक पर्नेछ। परियोजनाको कार्य समाप्त भएको कम्तीमा २-३ वर्ष पश्चात एचडिएम-४ मोडल र अन्तिम स्वतन्त्र मूल्याङ्कन गरिनुपर्नेछ। स्वतन्त्र मूल्याङ्कनकर्ताले लगानी निर्णयमा प्रयोग गरिएको एचडिएम-४ को हिसाबको विश्लेषण गर्नेछ र मोडलमा सुधार गर्न बेसलाइन तथ्याङ्क सङ्कलन आवश्यक छ वा छैन भनी निर्धारण गर्नेछ। एसआरएनमा यातायात लागतमा नियन्त्रण गर्ने परियोजनाको उद्देश्यको परिणामलाई मूल्याङ्कन गर्ने भएको कारण यस गुणात्मक अवयवले प्राविधिक सहायता र मर्मत कार्य दुबैको प्रभावकारिताको बारेमा स्पष्ट गर्नेछ। सडक विभागको मर्मत योजना र कार्यान्वयनमा सुधार गर्न प्राविधिक सहयोगको प्रभावकारितालाई मूल्याङ्कनको गुणात्मक पक्षले सम्बोधन गर्ने प्रयत्न गर्नेछ। प्रकृयाहरू आधार रेखाबाट अन्तिम रेखामा परिवर्तन भएको लेखाङ्कन र/वा कागजातहरूको समीक्षा र निरीक्षण गर्नको लागि गरिने प्रकृयागत मूल्याङ्कनलाई पनि यसले समेट्न सक्नेछ। देहायका प्रश्नहरू समेतले मूल्याङ्कनको डिजाइनलाई मार्गनिर्देश गर्नेछः

- सडकको मर्मतमा गरिएको लगानीको आर्थिक प्रतिफल के हो (सवारी परिचालन लागत बचत र यात्रा समय बचतको आधारमा गणना गरिएको) ? यो प्रश्नले निम्न परिणाम सूचकहरूसँग जोड्दछः सडकको रुखोपना (रफनेस) र सर्फेस डिस्ट्रेस सूचकाङ्क।

- सडक प्राधिकरणको वर्तमान सम्बद्ध मर्मत सम्भार कार्यहरू के के हुन् र एमसिसिको लगानी पर्याप्त हुने सम्भावना कत्तिको रहेको छ ? सुधारिएको मर्मतमा गरिने लगानीका प्रभावहरू के के हुन् ? के सम्पूर्ण नेटवर्कको मर्मत सम्भार सुधिएको छ ? यी प्रश्नहरू परिणाम सूचकः सडक मर्मत सम्भार खर्चको ट्र्याकिङ्ग र सुधारिएका मर्मत योजना र कार्यान्वयनसँग सम्बन्धित विचाराधीन सूचकसँग जोडिएका छन् ।

| सडक मर्मत परियोजना | | | | | | |
|---|---|---|---|---|---|---|
| **परिणम** | **सूचक** | **परिभाषा** | **इकाई ( यूनिट )** | **बेसलाइन** | **लक्ष्य** | **लक्षित मिति** |
| **परिणाम सूचक** | | | | | | |
| परियोजनाको उद्देश्य : एसआरएनमा यातायात लागत वृद्धि नियन्त्रण गर्ने । सडक पुनस्थापना / सुधारमा हुने खर्च जोगाउने । | रफनेस | एक किलोमिटर दूरी पार गर्दा मिटरमा नापिने उचाईको आधारमा गरिने रोड सर्फेसको रफनेसको मापन । (*प्रति किलोमिटर आइआरआइमा देखिएको परिमाणको जम्मा योगफल /जम्मा सडक खण्ड को आधारमा हिसाब गरिएको)* । | मिटर प्रति किलोमिटर | एच०७: ८.० एच०८: ८.९ एच०९: ९.० एच०२: ९.८ एच११:७.१ (२०१६) स्रोतः २०१७ आरएमपी सीबिए | एच०७: ३.७ एच०८: ३.८ एच०९: ३.७ एच०२: ४.४ एच११: ३.७ स्रोतः २०१७ आरएमपी सीबिए | कार्य समापन भएको ३ वर्ष पछि |

(घ) स्वमूल्याङ्कन

सम्झौता अवधिको समापनसँगै, एमसिसि र एमसिए-नेपाल दुवै पक्षले ३ मुख्य प्रश्नहरूको मूल्याङ्कन गर्नेछन्: १) कार्यक्रमले परियोजनाको उद्देश्य प्राप्त गर्‍यो वा गरेन ?, २) कार्यक्रमले परियोजनाका उद्देश्यलाई किन पूरा गर्‍यो वा किन गरेन ?, ३) कार्यान्वयन (सारभूत र कार्यविधिगत) अनुभवबाट के पाठ सिक्न सकिन्छ ? एमसिए-नेपालका कर्मचारीले यी मुख्य प्रश्नहरूलाई र कार्यक्रमको कार्यसम्पादनका अन्य पक्षहरूलाई मूल्याङ्कन गर्न सम्झौताको अन्तिम वर्षको कार्यान्वयन प्रतिवेदन ( “सि.सि.आर.”) मस्यौदा गर्नेछन् । प्रत्येक एमसिए-नेपालका विभाग आफूले तयार गरेको सि.सि.आर. को लागि अन्तरविभागीय समीक्षाको अधीनमा रहने गरी जिम्मेवार हुनेछन् । एमसिए-नेपालका कर्मचारीले सि.सि.आर. तयार गरे पश्चात् एमसिसिका सम्बन्धित कर्मचारीले सम्झौता कार्यसम्पादन समीक्षा तयार गर्नेछन् । सि.सि.आर. सरह प्रत्येक एमसिसिको विभाग पनि आफ्नो उल्लेखित कार्यको लागि अन्तरविभागीय समीक्षाको अधीनमा रहने गरी जिम्मेवार हुनेछ ।

(ङ) विशेष अध्ययन

एम एण्ड ई योजनाको स्वीकृति पूर्व सरकार र एमसिसिले संयुक्त रुपमा विशेष अध्ययनको सञ्चालन गर्नको लागि निर्णय गर्नेछन् । एमएण्डई योजनाले सम्झौताको निरीक्षण र मूल्याङ्कनको लागि विशेष अध्ययन, अन्तरिम मूल्याङ्कन र अनुसन्धान पहिचान गरी आवश्यक प्रावधानहरू बनाउन सक्दछ ।

सम्झौताको अवधि समाप्त हुनु पूर्व नै सरकार वा एमसिसिले विशेष अध्ययन, परियोजना, कार्य वा पूरा कार्यक्रमको अन्तरिम मूल्याङ्कनको लागि अनुरोध गर्न सक्दछन् ।

एमसिसिको एमएण्डई नीति अनुसार सम्पूर्ण मूल्याङ्कनहरूको नतिजा सार्वजनिक रुपमा उपलब्ध गराइनेछ ।

## ६. तथ्याङ्क गुणस्तर समीक्षा (डाटा क्वालिटि रिभ्यु)

कार्यसम्पादनको सूचनाको उपयोगिता, निष्पक्षता र सम्पूर्णताको समीक्षा गर्ने विधिहरूमध्ये तथ्याङ्क गुणस्तर समीक्षा (डिक्युआर) पनि एक हो । डिक्युआरले (क) तथ्याङ्कको गुणस्तर, (ख) तथ्याङ्क सङ्कलनका माध्यमहरू (ग) सर्वे स्याम्पलिङ मेथोडोलोजी, (घ) तथ्याङ्क सङ्कलनका प्रक्रियाहरू, (ङ) तथ्याङ्कको दस्तावेजीकरण र पुनः प्राप्तिका प्रक्रियाहरू, (च) तथ्याङ्क मिलान तथा विश्लेषण, (छ) तथ्याङ्क वितरणलाई समेट्नु पर्नेछ । डिक्युआर एक स्वतन्त्र संस्था (समीक्षा गरिनु पर्ने कार्यक्रमको आकारको आधारमा निहित हुने गरी स्थानीय वा अन्तर्राष्ट्रिय फर्म वा अनुसन्धान संस्था, वा एक व्यक्तिगत सल्लाहकार) द्वारा गरिनु एमसिसिको आवश्यकता हो । तथ्याङ्कको गुणस्तरको समीक्षाको नियमितता र समय तय गर्दा एम एण्ड ई नीति अनुसार गरिनुपर्छ । यद्यपि एमसिसिले डिक्युआरको लागि जुनसुकै समयमा पनि अनुरोध गर्न सक्दछ । समीक्षाले प्रदान गर्ने कुनै अर्थपूर्ण रोकथामका उपायहरू/समाधानहरू (कुनै भएमा) को लागि समय सान्दर्भिक होस् भनी डिक्युआरको समय तय गर्दा सम्झौताको अवधिको शुरु अवस्थामा नै तय गरिनुपर्छ । समीक्षाको मेथोडोलोजीले दस्तावेज र रेकर्ड समीक्षाहरू, स्थलगत भ्रमणहरू, अन्तर्वार्ताहरू र फोकस समूहहरूको मिश्रण समावेश गरेको हुनुपर्दछ ।

## ७. एमएण्डई योजनाका अन्य पक्षहरू

अनुगमन र मूल्याङ्कनका अतिरिक्त, एमएण्डई योजनाले निम्न पक्षहरूलाई समेट्ने छ :

(क) व्यवस्थापन सूचना प्रणाली

एम एण्ड ई योजनाले तथ्याङ्क सङ्कलन गर्न, भण्डार गर्न, सरोकारवालालाई सूचना प्रदान गर्न प्रयोग गरिने सूचना प्रणालीलाई एम एण्ड ई योजना बमोजिम सङ्कलन र प्रमाणित गरिएका सूचनाहरू प्रयोग गर्न चाहनेहरूले जुनसुकै समयमा प्राप्त गर्न सक्ने कुरा उल्लेख गर्नेछ । सो प्रणालीको विकास गर्दा कार्यक्रमका विभिन्न पक्षको आवश्यकता र तथ्याङ्कको आवश्यकतालाई ध्यानमा राखिनेछ र एमसिसिका अन्य प्रणाली, सेवाप्रदायक र मन्त्रालयहरूसँग सम्बद्ध हुनेछ ।

(ख) बजेट

एमएण्डई योजनाका सबै अवयवहरूको विस्तृत लागत अनुमान ।

## ८. एमएण्डई योजना बनाउने जिम्मेवारी

एमसिसि राष्ट्रहरूको राष्ट्रिय विकास रणनीतिसँग बाझिने किसिमका कार्यसम्पादन सूचकहरू निर्धारण गर्न अनुरोध गर्ने छैन ।[१] यसर्थ, एमएण्डई योजनाको विकासको मुख्य जिम्मेवारी एमसिसिको एमएण्डई र अर्थशास्त्री कर्मचारीको सहकार्यमा एमसिए-नेपालको एमएण्डई योजना निर्देशनालयको हुनेछ । एमएण्डई योजनाको विकास गर्दा मुख्य सरोकारवालाहरू, एमसिए-नेपालको नेतृत्व र क्षेत्रीय नेतृत्वसहित एमसिसि रेजिडेन्ट कन्ट्री डाईरेक्टर, अन्य कर्मचारी (जस्तै वातावरणीय र सामाजिक कार्यसम्पादन र लैङ्गिक र सामाजिक समावेशीकरण) का साथै अन्य सरोकारवालालाई समेत समावेश गर्नुपर्नेछ । सम्पूर्ण एमएण्डई योजना सहकार्यमा विकास गर्दै गर्दा एमसीसी र एमसिए-नेपाल परियोजना/कार्यक्रमको नेतृत्वले परियोजना र कार्यक्रमहरूको व्यवस्थापन र निरीक्षणमा उपयोगी हुने प्रक्रिया र परिणाम तहमा सूचकको चयन गर्न मद्दत गर्नेछ ।

## ९. एमएण्डई योजनाको स्वीकृति र कार्यान्वयन

[१] प्रभावकारी विकास सहयोगको लागि बुसान साझेदारी, बुसान परिणाम दस्तावेज, १ डिसेम्बर २०११, पृ.५

एमएण्डई योजनाको स्वीकृति र कार्यान्वयन (समय समयमा हुने संशोधन समेत) कार्यक्रम कार्यान्वयन सम्झौता, कुनै अन्य प्रासंगिक पूरक सम्झौता र एमसीसी एमएण्डई नीति अनुसार हुनेछ। एमसिए-नेपालद्वारा प्रस्तावित सबै एमएण्डई योजना संशोधन पूर्व लिखित स्वीकृतिको लागि एमसीसी समक्ष पेश गर्नु पर्नेछ। औपचारिक स्वीकृति प्रक्रियाको सुरुवात अघि एमसीसीभित्र एमएण्डई योजनाको सहकर्मी समीक्षा गर्न सकिनेछ।

**१०. सम्झौता पश्चातको एम एण्ड ई योजना**

सम्झौताको अवधिको अन्त्यमा कार्यक्रमलाई समापन गर्ने प्रकृयाको एक हिस्साको रूपमा, एमसीसी र एमसिए-नेपालले यस सम्झौताले सिर्जना गरेका निरन्तर फाइदा/लाभहरूको निरीक्षण गर्न एक 'सम्झौता पश्चात्को एमएण्डई योजना' को निर्माण गर्नेछन्। त्यस योजनाले भविष्यमा गरिने अनुगमन र निरीक्षणका क्रियाकलापको व्याख्या गर्नेछ भने यी क्रियाकलाप सञ्चालन गर्ने व्यक्ति र सङ्गठनलाई पहिचान गरी सोको लागि बजेट ढाँचा प्रदान गर्नेछ। सम्झौता पश्चातको एम एण्ड ई योजना यस सम्झौताको एम एण्ड ई योजना बमोजिम नै निर्माण गर्नुपर्नेछ।

## अनुसूची ४

## सम्झौता सिडिएफको भुक्तान गर्ने शर्तहरू

यस अनुसूची ४ ले सम्झौता सिडिएफको भुक्तानीको लागि लागू हुने शर्तहरू निर्धारण गर्दछ (प्रत्येकलाई यसपछि ***"सम्झौता सिडिएफको भुक्तानी"*** भनिएको)। सम्झौता कार्यान्वयनको अवस्थामा सबै सम्झौता सिडिएफ भुक्तानीका अवस्था र नमूनाहरूको सम्झौता कार्यान्वयन यसै अनुसूची ४ बमोजिम हुनेछ।

**१. प्रारम्भिक सम्झौता सिडिएफको भुक्तानी गर्ने शर्तहरू**

सुरुको सम्झौता सिडिएफ भुक्तानीका लागि देहायका कार्य भएको हुनु पर्दछ।

(क) नेपाल सरकारले (एमसिए-नेपाल) एमसिसि लाई पठाएको हुनुपर्नेः

१. एमसिसि लाई स्वीकार्य हुने अन्तरिम वित्तीय उत्तरदायित्वको योजना, र

२. एमसिसि लाई स्वीकार्य हुने सम्झौता सिडिएफको खरिद योजना।

ख) सरकारले यस सम्झौताको दफा २.८ को कार्यान्वयन गर्नको लागि आवश्यक नियमावली तर्जुमा गरेको हुनुपर्नेछ।

ग) सरकारको योगदानको पहिलो अमेरिकी डलर ४०,०००,००० को भुक्तानीको लागि सरकारले एमसिसि लाई स्वीकार्य ढाँचा र विषयमा एक तालिका र प्रक्रिया उपलब्ध गराउनेछ।

**२. सबै सम्झौता सिडिएफ भुक्तानीका शर्तहरू (प्रारम्भिक सम्झौता सडिएफ भुक्तानी समेत)**

प्रत्येक सम्झौता सिडिएफ भुक्तानी भन्दा अगाडि देहायका विषय पूरा भएको हुनुपर्नेछः

(क) एमसिसिलाई चित्त बुझ्ने गरी सरकार (वा एमसिए-नेपाल) ले निम्न कागजातहरू एमसिसिलाई पठाएको हुनुपर्नेछ।

१. रिपोर्टिङ निर्देशिका बमोजिम एक पूर्ण भुक्तानी अनुरोध, भुक्तानी अवधिको लागि लागू हुने आवधिक प्रतिवेदन,

२. एमसिसिद्वारा उपलब्ध गराइएको फाराम बमोजिम सम्झौता सिडिएफ अनुरोध भएको मितिको सरकारको (वा एमसिए-नेपालको) प्रमाणपत्र,

३. वित्तीय एजेन्ट नियुक्त भएमा वित्तीय एजेन्टको भुक्तानी प्रमाणपत्र, र

४. खरिद एजेन्सी नियुक्त भएमा खरिद एजेन्टको भुक्तानी प्रमाणपत्र ।

(ख) सम्झौता सिडिएफ भुक्तानीको कुनै पनि आय बैंक खातामा जम्मा गर्नु परेमा एमसिसिले सन्तोषजनक प्रमाण प्राप्त गरेकामाः १. बैंक सम्झौता कार्यान्वयन भएको, र २. अनुमति दिइएको खाता स्थापित गरिएको ।

(ग) एमसिसिले स्वीकार गरेको वित्तीय एजेन्ट सेवा प्रदान गर्ने निकाय वा व्यक्तिलाई नियुक्त गर्दा सरकारले एमसिसिलाई सही र पूर्ण रुपमा कार्यान्वयनमा आउने वित्तीय एजेन्ट सम्झौता उपलब्ध गराउनुपर्नेछ र त्यसपछि नियुक्त गरिएको वित्तीय एजेन्ट परिचालन हुनेछ ।

(घ) एमसिसिले स्वीकार गरेको खरिद एजेन्ट सेवा प्रदान गर्ने निकाय वा व्यक्तिलाई नियुक्त गर्दा सरकारले एमसिसिलाई सही र पूर्ण रुपमा कार्यान्वयनमा आउने खरिद एजेन्ट सम्झौता उपलब्ध गराउनुपर्नेछ र त्यसपछि नियुक्त गरिएको वित्तीय एजेन्ट परिचालन हुनेछ ।

(ङ) एमसिसि निम्न कुराहरूमा सन्तुष्ट हुनुपर्नेछ. १) प्रस्तुत सम्झौता सिडिएफको खर्च वितरण बमोजिम लगानी भएका क्रियाकलापहरू प्रस्तुत सम्झौताको कार्यान्वयन सम्बन्धी उद्देश्यसँग र कुनै पनि प्रचलित कानून वा नियमसँग बाझिने नभएको, २) सरकार, एमसिए-नेपाल वा अन्य कुनै सरकारी निकायले प्रस्तुत सम्झौताको प्रतिज्ञा, दायित्व वा जिम्मवारीको सारभूत उल्लंघन नगरेको र त्यस्तो कुनै उल्लंघन प्रस्तुत सम्झौता वा कुनै पूरक सम्झौता अन्तर्गत निरन्तर नभएको, ३) प्रस्तुत सम्झौताको दफा २.७ मा वा कुनै लागू हुने कानून वा नियमावलीमा उल्लेख भएको एमसिसि कोषको प्रयोग वा व्यवहार सम्बन्धी सीमाहरूको उल्लंघन नभएको र जुन उद्देश्यको लागि कोष प्राप्त गर्न अनुरोध गरिएको हो सो उद्देश्यमा त्यस्तो कोष प्रयोग गर्दा त्यस्ता सीमाहरूको उल्लंघन हुने छैन, ४) खर्च वितरण हुनुभन्दा ९० दिन अगाडि यस एमसिसि कोष मार्फत भुक्तानी भएको कर प्रस्तुत सम्झौताको दफा २.८ (ग) बमोजिम फिर्ता गर्नु पर्नेछ, ५) सरकारले प्रस्तुत सम्झौता र कुनै पूरक सम्झौता अन्तर्गतको बीमा, क्षतिपूर्ति, कर भुक्तानी, वा अन्य दायित्व लगायतका भुक्तानी सम्बन्धी सबै दायित्वहरू पूरा गरेको हुनुपर्छ ।

(च) धारा ७ बमोजिम यो सम्झौता लागू भए पश्चात हुन आउने कुनै पनि सम्झौता सिडिएफको खर्च सम्बन्धी विवरणमा एमसिसि सन्तुष्ट रहेको हुनु पर्दछ । एमसिसि निम्न कुराहरूमा सन्तुष्ट रहेको हुनुपर्ने छः (१) एमसिसिले प्राविधिक परामर्शदाताबाट एवं एमसिए-नेपालको वातावरणीय लेखापरीक्षकबाट प्राप्त गर्नुपर्ने पहिलो भुक्तानी अनुरोध पश्चात्को प्रतिवेदनको प्रतिलिपि एमसिसिले प्राप्त गरेको । यस्ता सबै प्रतिवेदनहरूको सार र रुपमा एमसिसि सन्तुष्ट हुनुपर्नेछ, (२) योजना कार्यान्वयन सम्बन्धी कागजात र आर्थिक उत्तरदायित्व सम्बन्धी योजनाहरू अद्यावधिक भएको हुनु पर्दछ र एमसिसिले तोकिएको ढाँचा अनुरूप भएको, (३) एमएण्डई योजना र एकीकृत सामाजिक र लैङ्गिक योजना सम्बन्धी कार्यक्रम वा परियोजना वा क्रियाकलापहरूमा प्रगति भएको, (४) पहिले दुई त्रैमासिक (वा लेखा योजना आवश्यक भएमा) प्रस्तुत सम्झौता र लेखा योजना अन्तर्गत प्रदान गरिएको लेखापरीक्षण प्रतिवेदनमा कुनै पनि नकारात्मक निष्कर्ष नआएको, (५) एमसिएले खर्च वितरण प्रमाणपत्र, वित्तीय एजेन्ट वितरण प्रमाणपत्र वा खरिद एजेन्ट वितरण प्रमाणपत्रमा उल्लेख भएको विवरणलाई प्रमाणित भएको छैन भनी भन्न नपाउने, (६) एमसिए-नेपालको कुनै पनि अधिकारी वा कर्मचारीलाई हटाइएमा वा कर्मचारीले राजीनामा दिएमा, एमसिए नेपालले उक्त रिक्त पद परिपूर्ति गर्ने।

(छ) प्रस्तुत सम्झौताको दफा ५.१ बमोजिम एमसिसिले प्रस्तुत सम्झौता वा यस सम्झौताको कुनै व्यवस्था वा एमसिसि कोषलाई निलम्बन वा समाप्त गर्ने कुनै पनि कार्य वा अवस्थालाई निर्धारण गरेको छैन ।

(ज) तेस्रो सम्झौता सिडिएफको खर्च वितरण हुनु भन्दा अगाडि विद्युत प्रसारण सम्बन्धी योजनालाई राष्ट्रिय गौरवको योजनाको रुपमा लिइनेछ ।

(झ) माथि उल्लिखित दफा १ (ग) बमोजिमको अनुसूची र कार्यविधिलाई सरकारले पालना गर्नुपर्दछ ।

## अनुसुची ५
## लागू हुनका लागि अतिरिक्त पूर्व शर्तहरू

प्रस्तुत सम्झौताका शर्तहरूलाई कार्यान्वयनमा ल्याउन निम्नानुसारका थप पूर्व शर्तहरू अनिवार्य रुपमा पालना गरिएको हुनुपर्दछ ।

(क) सरकारले एमसिसिलाई सार र रुपमा चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना पठाउँदा, भारत सरकारले सो योजनाको समर्थन गरेको हुनुपर्नेछ । त्यस्तो योजनाले (१) नयाँ बुटवल अन्तरसीमा गोरखपुर प्रसारण लाइन निर्माणको लागि आवश्यक प्रमुख वित्तीय तथा प्राविधिक कार्ययोजना र (२) सोको परिचालनका लागि आवश्यक सिद्धान्त समेटेको हुनुपर्ने,

(ख) सरकारले संघीय संसदमा विद्युतीय नियमन आयोग सम्बन्धी विधेयक पारित भएको वा विधेयक पारित गर्ने काममा एमसिसि सन्तुष्ट हुने गरी प्रगति भएको कुराको प्रमाण सरकारले एमसिसि समक्ष पेश गरेको हुनुपर्ने,

(ग) सम्झौता अन्त्य हुने मिति अगावै परियोजना सम्पन्न भएको सुनिश्चित गर्न नेपाल सरकारले जग्गा प्राप्ति, निर्माणस्थलमा पहुँच र वनक्षेत्र उपयोगको स्वीकृति सम्बन्धी सबै आवश्यक कार्य समयमै सम्पन्न भएको सुनिश्चित गर्न आवश्यक भएको भनी एमसिसिले पहिचान गरे बमोजिमका स्वीकृति, अनुमति र निर्णय दिइसकेको वा गरिसकेको लागि आवश्यक पर्ने स्वीकृति, ईजाजतपत्र आदि नेपाल सरकारले प्रदान गरिसकेको हुनुपर्ने,

(घ) सरकारले विद्युतीय प्रसारण परियोजनालाई राष्ट्रिय गौरवको परियोजनाको रुपमा तोकेको हुनुपर्ने ।

## अनुसुची ६
## परिभाषा

**क्रियाकलाप**को अर्थ अनुसुची १ को दफा ख मा उल्लेख भए बमोजिम हुनेछ ।

**अतिरिक्त प्रतिनिधि**को अर्थ दफा ४.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**लेखापरीक्षण निर्देशिका**को अर्थ दफा ३.८(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**बेसलाइन**को अर्थ अनुसूची ३ को प्रकरण ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**विकास**को अर्थ अनुसूची १ को दफा ख.१(क)(१)(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**सञ्चालक समिति**को अर्थ अनुसूची १ को दफा ग.१(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्झौता**को अर्थ प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्झौता सिडिएफ**को अर्थ दफा २.२(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्झौता सिडिएफको खर्चहरूको वितरण**को अर्थ अनुसुची ४ को प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्झौताको उद्देश्य**को अर्थ दफा १.१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्झौताको अभिलेख**को अर्थ दफा ३.७(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्झौताको अवधि**को अर्थ दफा ७.४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**सिओएस**को अर्थ अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**समेटिएको प्रदायक**को अर्थ लेखापरीक्षण निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

**डिएफआईडि**को अर्थ अनुसूची १ को दफा ख.१(ङ) मा उल्लेख भए बमोजिम हुनेछ ।

**खर्चहरूको वितरण**को अर्थ दफा २.४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**डिओसी**को अर्थ अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**डिओआर**को अर्थ अनुसूची १ को दफा क २(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**डिक्यूआर**को अर्थ अनुसूची ३ को प्रकरण ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

**विद्युत्त प्रसारण परियोजना**को अर्थ अनुसूची १ को दफा ख.१(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**ईआरसी**को अर्थ अनुसूची १ को दफा ख.१(क)(३) मा उल्लेख भए बमोजिम हुनेछ ।

**ईआरआर**को अर्थ अनुसूची ३ को दफा ङ.१.क मा उल्लेख भए बमोजिम हुनेछ ।

**मूल्याङ्कन अवयव**को अर्थ अनुसूची ३ को प्रकरण क. मा उल्लेख भए बमोजिम हुनेछ ।

**अधिक सम्झौता सिडिएफ रकम**को अर्थ दफा २.२ (घ) मा उल्लेख भए बमोजिम हुनेछ ।

**छुट पाउने संस्थाहरू**को अर्थ अनुसूची ७ को खण्ड क मा उल्लेख भए बमोजिम हुनेछ ।

**छुट पाउने कर्मचारीहरू**को अर्थ अनुसूची ७ को खण्ड ङ मा उल्लेख भए बमोजिम हुनेछ ।

**छुट पाउने व्यक्ति**को अर्थ अनुसूची ७ को खण्ड क मा उल्लेख भए बमोजिम हुनेछ ।

**छुट पाउने व्यक्तिगत आय**को अर्थ अनुसूची ७ को खण्ड ङ मा उल्लेख भए बमोजिम हुनेछ ।

**वित्तीय एजेण्ट**को अर्थ अनुसूची १ को दफा ग.३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**सुशासन निर्देशिका** भन्नाले एमसिसिको जवाफदेही संस्था तथा कार्यान्वयन संरचनाको लागि निर्देशिका सम्झनुपर्छ ।

**सरकार**को अर्थ प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**सरकारी योगदान**को अर्थ दफा २.६ मा उल्लेख भए बमोजिम हुनेछ ।

**अनुदान**को अर्थ दफा ३.६(ख)मा उल्लेख भए बमोजिम हुनेछ ।

**गिगावाट**को अर्थ अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**आईएफसी पफर्मेन्स स्ट्याण्डर्ड**को अर्थ अनुसूची १ कोदफा ख.१(ग)मा उल्लेख भए बमोजिम हुनेछ ।

**कार्यान्वयनपत्र**को अर्थ दफा ३.५ मा उल्लेख भए बमोजिम हुनेछ ।

**आयकर छुट पाउने संस्थाहरू**को अर्थ अनुसूची ७ को खण्ड घ मा उल्लेख भए बमोजिम हुनेछ ।

**आयकर छुट पाउने व्यक्ति**को अर्थ अनुसूची ७ को खण्ड घ मा उल्लेख भए बमोजिम हुनेछ ।

**सूचकको अर्थ** अनुसूची ३ को प्रकरण ३.क. मा उल्लेख भए बमोजिम हुनेछ ।

**महानिरीक्षक**को अर्थ दफा ३.७(ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

**बौद्धिक सम्पत्ति** भन्नाले दर्ता भएका र नभएका सबै ट्रेडमार्क, सर्भिस मार्क, लोगो, नाम, व्यापारिक नाम (ट्रेडनेम) र अन्य ट्रेडमार्क सम्बन्धी सबै अधिकारहरू, दर्ता गरिएका र नगरिएका प्रतिलिपि अधिकार, सबै पेटेन्ट, आविष्कार, सोप राईट्स, नो हाउ, ट्रेड सित्तःरेट, डिजाइन, ड्रईङ्ग, आर्ट वर्क्स, योजना, प्रिन्ट, म्यानुअल, कम्प्युटर फाइल, सफ्टवेयर, हार्ड कपी फाईल, क्याटलग, स्पेसिफिकेसन र अन्य प्रोपाइटरी टेक्नोलोजी र त्यस्तै सूचना र एमसिसिको कोषबाट आंशिक तथा पूर्ण रुपमा आर्थिक सहायता पाएका उल्लिखित कुनै अधिकारको दर्ता र दर्ताको लागि दिइएको निवेदन सम्झनुपर्छ ।

**आन्तरिक नियमहरू**को अर्थ अनुसूची १ को दफा ग.१(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**आन्तरिक राजस्व विभाग**को अर्थ अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**आईआरआई**को अर्थ अनुसूची ३ को प्रकरण १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**आईटिटि**को अर्थ अनुसूची ३ को प्रकरण ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**किलो भोल्ट**को अर्थ अनुसूची ३ को प्रकरण २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**स्थानीय कर**को अर्थ अनुसूची ७ को खण्ड ट मा उल्लेख भए बमोजिम हुनेछ ।

**एलआरओ/मालपोत कार्यालय**को अर्थ अनुसुची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**एमएण्डई योजना**को अर्थ अनुसूची ३ पहिलो प्रकरणमा उल्लेख भए बमोजिम हुनेछ ।

**व्यवस्थापकीय इकाई**को अर्थ अनुसूची १ को दफा ग.१(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिए एक्ट**को अर्थ दफा २.२(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिए-नेपाल**को अर्थ दफा ३.२(ख) मा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिसि**को अर्थ प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिसि वातावरणीय निर्देशिका**को अर्थ दफा २.७(ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिसि कोष**को अर्थ दफा २.३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिसि लैङ्गिक नीति**को अर्थ एमसिसि लैङ्गिक नीति (उक्त नीतिसँग सम्बन्धित निर्देशिकाहरू समेत)लाई जनाउँछ ।

**एमसिसि एमएण्डई नीति**को अर्थ अनुसूची ३ को पहिलो अनुच्छेदमा उल्लेख भए बमोजिम हुनेछ ।

**एमसिसि कार्यक्रम समापन निर्देशिका** भन्नाले एमसिसि कार्यक्रम समापन निर्देशिका (उक्त निर्देशिकासँग सम्बन्धित अन्य कागजातहरू समेत) सम्झनुपर्छ ।

**एमसिसि कार्यक्रम खरिद निर्देशिका**को अर्थ दफा ३.६ मा उल्लेख भए सम्झनुपर्छ ।

**एमसिसि वेभसाइट** भन्नाले www.mcc.gov लाई जनाउँछ ।

**अनुगमन अवयव**को अर्थ अनुसूची ३ को प्रकरण १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**बहुवार्षिक आर्थिक योजना सारांश**को अर्थ अनुसूची २ को दफा १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**मेगावाट**को अर्थ अनुसूची ३ को प्रकरण २.१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**नेविप्रा (नेपाल विद्युत प्राधिकरण)** को अर्थ अनुसूची १ को दफा ख.१(क)(३) मा उल्लेख भए बमोजिम हुनेछ ।

**नेपाल**को अर्थ प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**अन्य राष्ट्रिय कर**को अर्थ अनुसूची ७ को खण्ड ञ मा उल्लेख भए बमोजिम हुनेछ ।

**पक्ष र पक्षहरू**को अर्थ प्रस्तावनामा उल्लेख भए बमोजिम हुनेछ ।

**पेभमेन्ट रिसाईक्लिङ सहायक क्रियाकलाप**को अर्थ अनुसूची १ को दफा ख.२(क)(२) मा उल्लेख भए बमोजिम हुनेछ ।

**स्वीकृत खाता**को अर्थ दफा २.४ उल्लेख भए बमोजिम हुनेछ ।

**व्यक्तिगत आयकर**को अर्थ अनुसुची ७ को खण्ड ङ मा उल्लेख भए बमोजिम हुनेछ ।

**व्यक्तिगत आयकर छुट पाउने व्यक्ति**को अर्थ अनुसुची ७ को खण्ड घ मा उल्लेख भए बमोजिम हुनेछ ।

**पेट्रोलियम कर**को अर्थ अनुसूची ७ को खण्ड च मा उल्लेख भए बमोजिम हुनेछ ।

**प्रमुख प्रतिनिधि**को अर्थ दफा ४.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**खरिद एजेन्ट**को अर्थ अनुसूची १ को दफा ग.४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**कार्यक्रम**को अर्थ प्रस्तुत सम्झौताको प्रारम्भिक कथनमा उल्लेख भए बमोजिम हुनेछ ।

**कार्यक्रम सम्पत्ति** भन्नाले एमसिसिको कोषबाट व्ययभार हुने गरी पूर्ण वा आंशिक रुपमा खरिद वा लगानी गरिएको कुनै पनि जायजेथा, मालवस्तु वा सम्पत्ति (वास्तविक, भौतिक, अभौतिक) सम्झनुपर्छ ।

**कार्यक्रम वित्तीय व्यवस्था**को अर्थ दफा २.१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**कार्यक्रम निर्देशिका** भन्नाले एमसिसिका सबै निर्देशिकाहरू जस्तै लेखापरीक्षण निर्देशिका, एमसिसि वातावरणीय निर्देशिका, प्रशासकीय निर्देशिका, एमसिसि कार्यक्रम खरिद निर्देशिका, रिपोर्टिङ निर्देशिका, एमसिसि एमएण्डई नीति, प्रस्तुत सम्झौता कार्यान्वयनमा संलग्न सरकारी सम्बद्ध निकायका लागि एमसिसि लागत सिद्धान्त, एमसिसि लैङ्गिक नीति निर्देशिका, एमसिसि कार्यक्रम समापन निर्देशिका, एमसिसि आर्थिक तथा लाभग्राही विश्लेषण निर्देशिका, एमसिसि ग्लोबल मार्किङ स्ट्याण्डर्ड, र एमसिसिले प्रायोजन गरेका कार्यक्रमहरूसँग सम्बन्धित अन्य नीति, नियम, निर्देशिका लगायतका एमसिसिको वेवसाइटमा समय समयमा राखिएका निर्देशिका सम्झनुपर्छ ।

**कार्यक्रम कार्यान्वयन सम्झौता र पिआईए**को अर्थ दफा ३.१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**परियोजना(हरू)**को अर्थ दफा १.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**परियोजनाका उद्देश्यहरू**को अर्थ दफा १.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**परियोजना सहकारिता सम्झौता**को अर्थ अनुसूची १ को दफा ग.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**परियोजनाका साझेदार**को अर्थ अनुसूची १ को दफा ग.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**सम्पत्ति कर**को अर्थ अनुसूची ७ को खण्ड ज मा उल्लेख भए बमोजिम हुनेछ ।

**प्रदायक** भन्नाले (१) प्रस्तुत सम्झौता कार्यान्वयनका लागि क्रियाकलाप सञ्चालन गर्न एमसिसि कोष वा अन्य कार्यक्रम सम्पत्ति प्राप्त वा प्रयोग गर्ने सरकारको कुनै निकाय वा (२) प्रस्तुत सम्झौताको अवधिमा एमसिसि वित्तीय व्यवस्थाको कम्तीमा कुल ५०,००० अमेरिकी डलर (सरकारको कुनै निकायको कर्मचारीको हैसियतले तलब वा भत्ता बापत प्राप्त गरेको रकम) प्राप्त गर्ने कुनै तेस्रो पक्ष ।

**आरबीएन**को भन्नाले अनुसूची १ को दफा क.२(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**रिपोर्टिङ निर्देशिका** भन्नाले एमसिसिको त्रैमासिक एमसिए लागत अनुरोध एवं रिपोर्टिङ प्याकेज सम्बन्धी निर्देशिका सम्झनुपर्छ ।

**सडक मर्मत परियोजना**को अर्थ अनुसूची १ को दफा ख.२(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**एसडिआई**को अर्थ अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**एसईपी**को अर्थ अनुसूची १ को दफा ग.१(घ) मा उल्लेख भए बमोजिम हुनेछ ।

**सेवा कर**को अर्थ अनुसूची ७ को खण्ड १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**एसआरएन**को अर्थ अनुसूची १ को दफा ख.२(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**सरोकारवालाहरूको समिति**को अर्थ अनुसूची १ को दफा ग.१(घ) मा उल्लेख भए बमोजिम हुनेछ ।

**पूरक सम्झौता** भन्नाले (क) सरकार (वा एमसिए-नेपाल लगायतका सरकारी सम्बद्ध) निकाय र एमसिसि ( पिआईए समेत) बीच हुने कुनै सम्झौता वा (ख) एमसिसि र/वा सरकार (वा एमसिए- नेपाल समेतका सरकारी सम्बद्ध निकाय) एक पक्षमा र अर्को पक्षमा तेस्रो पक्ष (कुनै प्रदायक वा कुनै पक्ष) बीच प्रस्तुत सम्झौतालाई कार्यान्वयन गर्न वित्तीय व्यवस्था वा अन्य व्यवस्थापन गर्न सम्पन्न गरिने सम्झौता सम्झनुपर्छ ।

**लक्ष्य**को अर्थ अनुसूची ३ को प्रकरण ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**कर विभाग**को अर्थ अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**कर**को अर्थ दफा २.८(क) मा उल्लेख भए बमोजिम हुनेछ ।

**दूरसञ्चार कर**को अर्थ अनुसूची ७ को खण्ड छ मा उल्लेख भए बमोजिम हुनेछ ।

**मु.अ.कर**को अर्थ अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**अमेरिकी डलर** भन्नाले संयुक्त राज्य अमेरिकाको कानून बमोजिमको मुद्रा सम्झनुपर्छ ।

**युएसएड**को अर्थ अनुसूची १ को दफा क.१(ख) मा उल्लेख भए बमोजिम हुनेछ ।

# अनुसुची ७
# कर सूची

एमसिए-नेपाल, सबै प्रदायक, समेटिएका प्रदायक, परियोजनाका साझेदार, ठेकेदार (मुख्य र सहायक), परामर्शदाता र प्रस्तुत सम्झौतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यान्वयन गर्न एमसिसि वित्तीय व्यवस्था प्राप्त गर्ने अन्य निकाय वा व्यक्तिहरूलाई नेपाल सरकारले कर छुट वा दफा २.८ बमोजिम एमसिसि वित्तीय व्यवस्थाको आधारमा तिरेको कर बापतको रकम फिर्ता गर्नेछ ।

प्रस्तुत सम्झौता अन्तर्गतका विशिष्ट कर र कर छुट व्यवस्ता कार्यान्वयन गर्ने संयन्त्र वा प्रणाली देहायका अनुसूचीहरूमा उल्लेख गरिएको छ । सरकारले देहायका तालिका लगायत प्रस्तुत सम्झौताको एक प्रति संलग्न गरी आन्तरिक राजस्व विभाग (“**आईआरडि**”), भन्सार विभाग (“**डिओसी**”), मालपोत कार्यालयहरू (“**एलआरओ**”), भन्सार कार्यालयहरू (“**सिओएस**”) र कर सङ्कलन तथा प्रशासनसँग सम्बन्धित अन्य स्थानीय तथा प्रदेश तहका अधिकारी/निकायहरू (संयुक्त रुपमा “**कर विभागहरू**”) लाई प्रस्तुत सम्झौतामा सहमत भए बमोजिमको वा प्रस्तुत सम्झौता अन्तर्गत अन्यथा स्वीकार गरिएका कर छुटको व्यवस्था कार्यान्वयन गर्ने संयन्त्र तथा प्रस्तुत सम्झौताका शर्तहरू कर कार्यालयहरूले कार्यान्वयन गरेको सुनिश्चित गर्न परिपत्र जारी गर्नेछ ।

एमसिए-नेपालले प्रदायक, समेटिएका प्रदायक, परियोजनाका साझेदार, ठेकेदार (मुख्य र सहायक), परामर्शदाताहरू र प्रस्तुत सम्झौतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यान्वयन गर्न एमसिसि वित्तीय व्यवस्था प्राप्त गर्ने अन्य निकाय र व्यक्ति लगायतका करहरूका अन्य सबै लाभग्राहीहरूलाई प्रस्तुत सम्झौता बमोजिमका कर छुट वा फिर्तासँग सम्बन्धित व्यवस्थाको परिपालना सुनिश्चित गर्न सहजीकरण वा सहयोग गर्नेछ ।

एउटै कारोवारका सम्बन्धमा एक भन्दा बढी कर छुट वा फिर्ता प्राप्त गर्नुपर्ने भएमा (जस्तै एकै वस्तु वा सेवामा लागेको मूल्य अभिवृद्धि कर (“**मु.अ.कर**”), अन्तः शुल्क र भन्सार महसुल) प्रत्येकको लागि छुट्टाछुट्टै निवेदन वा सिफारिसपत्र आवश्यक पर्ने छैन ।

छुट दिइने कर तथा फिर्ता गरिने करहरू देहाय बमोजिम छन्:

| अनुसूची | कर | संयन्त्र (प्रणाली) |
|---|---|---|
| क | मु.अ.कर | छुट र फिर्ता |
| ख | भन्सार महसुल | छुट र फिर्ता |
| ग | अन्त:शुल्क | छुट र फिर्ता |
| घ | कर्पोरेट आयकर तथा श्रोतमा कर कट्टी | छुट |
| ङ | व्यक्तिगत आयकर | छुट |
| च | पेट्रोलियम कर | छुट र फिर्ता |
| छ | दूरसञ्चार सेवा कर | छुट र फिर्ता |
| ज | सम्पत्ति कर | छुट र फिर्ता |
| झ | सेवा कर | छुट र फिर्ता |
| ञ | अन्य राष्ट्रिय करहरू | छुट र फिर्ता |
| ट | स्थानीय कर | छुट र फिर्ता |

## परिशिष्ट क

## मूल्य अभिवृद्धि कर

**छुटको कानुनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

२. मूल्य अभिवृद्धि कर ऐन, २०५३, दफा २५(१) ।

**छुटको लाभग्राही**

१. एमसिए-नेपाल ।

२. प्रत्येक परियोजनाका साझेदार, प्रदायक, समेटिएको प्रदायक वा अन्य कुनै निकाय एवं मुख्य ठेकेदार वा मुख्य ठेकेदारसँग प्रत्यक्ष रुपमा काम गर्ने प्रस्तुत सम्झौताको कार्यान्वयनको क्रममा मालवस्तु, कार्य वा सेवा पैठारी गर्ने वा उपलब्ध गराउने सब-प्राकृतिक व्यक्तिहरू (कानूनी व्यक्तिको हकमा “**छुट पाउने संस्था**” वा प्राकृतिक व्यक्तिको हकमा “**छुट पाउने व्यक्ति**”) ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपालले खरिद गरेको मालवस्तु तथा सेवा वा छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले खरिद गरी आपूर्ति गरेका मालवस्तु तथा सेवामा मु.अ. कर छुट हुनेछ वा मु.अ.कर तिरिसकेको अवस्थामा मु.अ. कर फिर्ता हुनेछ । एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले मु.अ.कर नतिरी वा नउठाईकन नै प्रस्तुत सम्झौतासँग सम्बन्धित मालवस्तु तथा सेवा बिक्री, खरिद वा पैठारी गर्न सक्नेछन् । लाभग्राहीले मु.अ.कर तिरिसकेको आन्तरिक राजस्व विभागले अनुसूचीमा उल्लेख भए बमोजिमको कार्यविधि र समयसीमा अनुसार मु.अ.कर फिर्ता गर्नेछ ।

२. *एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति स्वयंले पैठारी गरेको मालवस्तु तथा सेवा वा अन्य आपूर्तिकर्ताले तिनको तर्फबाट पैठारी गरेका मालवस्तु:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट

पाउने व्यक्ति वा तिनको तर्फबाट अन्य आपूर्तिकर्ताले पैठारी गरेको मालवस्तु तथा सेवामा मु.अ.कर लाग्ने छैन । प्रस्तुत सम्झौता कार्यान्वयन गर्न तथा अगाडि बढाउनको लागि एमसिए नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले सेवा पैठारी गर्दाका बखत मु.अ.कर तिर्नु पर्ने छैन । देहायका शर्तहरू पूरा भएको अवस्थामा सम्बन्धित सिओएसले उक्त पैठारीमा मु.अ.कर लगाउने छैन । लाभग्राहीले अर्थ मन्त्रालयमा एमसिए-नेपाल मार्फत कर छुटको पत्रको लागि निवेदन दिनेछ । एमसिए-नेपालले सर छुटको लागि त्यस्तो निवेदन गर्दा निम्नानुसारका कागजात समेत संलग्न गरी अर्थ मन्त्रालयमा पेश गर्नेछ । निवेदन प्राप्त भएको ५ कार्य दिनभित्र अर्थ मन्त्रालयले कर छुटको पत्र जारी गर्नेछ ।

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले पैठारी गरिएका मालवस्तु प्रस्तुत सम्झौताको कार्यान्वयनको लागि नै पैठारी गरिएको प्रमाणित गरी आफ्नो आधिकारिक लेटरहेडमा लेखेको पत्र,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा) ।

अर्थ मन्त्रालयबाट कर छुट दिएको प्रमाणित गरेको पत्र प्राप्त भए पछि लाभग्राहीले सम्बन्धित सिओएस समक्ष निवेदन दिनेछ । निम्नानुसारका कागजात प्राप्त गरेपछि सम्बन्धित सिओएसले त्यस्तो पैठारीमा लाग्ने मु.अ.कर लगाउने छैनः

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट हुने भनी प्रमाणित गरी सिओएसलाई मु.अ.कर नलगाउन प्रेषित गरेको पत्र,
- मालवस्तुको बिजक,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा),
- बैकिङ्ग र भुक्तानी सम्बन्धी कागजात, र
- ढुवानीका कागजात ।

३. *भुक्तानी गरिएको मु.अ.कर फिर्ता सम्बन्धी प्रकृयाः* प्रस्तुत अनुसूची क को प्रकरण २ मा उल्लिखित प्रकृया व्यावहारिक नभएमा वा लागू गर्न नसकिने भएमा मु.अ.कर फिर्ता गरिनेछ । एमसिए नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले मु.अ.कर तिरी मुलुकभित्र खरिद गरेका मालवस्तु वा सेवासँग सम्बन्धित कर बिजकहरू बिक्रेताबाट प्राप्त गरी वा पैठारी गरिएका समानहरूको हकमा कर निर्धारण गरिएका रसिदहरू प्राप्त गरी देहायका कागजात संलग्न गरी भुक्तानी गरिएको मु.अ.कर फिर्ता पाउन निवेदन दिन सक्नेछः

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- एमसिए-नेपालले पैठारी गरिएका मालवस्तु प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै पैठारी गरिएको प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ता वा वितरकको नाम उल्लेख गरी आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- खरिद आदेश वा सम्झौताको प्रतिलिपि (उपलब्ध भएमा), र
- आपूर्तिकर्ताले जारी गरेको कर बिजक वा कर बुझाएको रसिदको सक्कल प्रति ।

आन्तरिक राजस्व विभागले लाभग्राहीबाट अनुरोध प्राप्त गरेको ३० कार्य दिनभित्र मु.अ.कर फिर्ता गर्नेछ ।

# परिशिष्ट ख

## भन्सार महसुल

**छुटको कानूनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

२. भन्सार ऐन, २०६४ को दफा ९(४) ।

**छुटको लाभग्राही**

१. एमसिए-नेपाल ।

२. प्रत्येक छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति वा तिनका लागि मालवस्तु (अस्थायी रुपमा समेत) पैठारी गर्ने व्यक्तिलाई यस सम्झौता कार्यान्वयन गर्न आयत गरिएका वस्तुहरूमा भन्सार महसुल लागू हुने छैन ।

२. *एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति वा तिनको तर्फबाट अन्य आपूर्तिकर्ताले पैठारी गरेका मालवस्तु सम्बन्धमा:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति वा तिनको तर्फबाट अन्य आपूर्तिकर्ताले पैठारी गरेका मालवस्तुमा भन्सार महसुल लगाइने छैन। लाभग्राहीले अर्थ मन्त्रालयमा एमसिए-नेपाल मार्फत कर छुटको लागि निवेदन दिनेछ। एमसिए-नेपालले त्यस्तो निवेदनसँग देहायका कागजात संलग्न गरी अर्थ मन्त्रालयमा पेश गर्नेछ। निवेदन प्राप्त भएको ५ कार्य दिनभित्र अर्थ मन्त्रालयले कर छुटको पत्र जारी गर्नेछ।

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले पैठारी गरिएका मालवस्तु प्रस्तुत सम्झौताको कार्यान्वयनको लागि नै पैठारी गरिएको प्रमाणित गरी आफ्नो आधिकारिक लेटरहेडमा लेखेको पत्र,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा) ।

अर्थ मन्त्रालयको कर छुट सम्बन्धी पत्र प्राप्त गरेपछि लाभग्राहीले सम्बन्धित सिओएस समक्ष निवेदन दिनेछ। निम्नानुसारका कागजातहरू प्राप्त भएपछि सम्बन्धित सिओएसले उल्लिखित पैठारीमा लाग्ने भन्सार महसुल लगाउने छैन ।

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट गरेको प्रमाणित गरी सिओएसलाई भन्सार महसुल नलगाउन प्रेषित गरेको पत्र,
- मालवस्तुको बिजक,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा),
- बैकिङ्ग तथा भुक्तानी सम्बन्धी कागजात, र
- ढुवानीका कागजात ।

सिओएसले अविलम्ब मालवस्तुको जाँचपास गरी पाँच कार्य दिनभित्र उल्लिखित पैठारीमा भन्सार महसुल छुट दिनेछ ।

३. *एमसिए नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले खरिद गरेका कालवस्तुमा पैठारीकर्ताले बुझाएको भन्सार महसुल फिर्ता सम्बन्धी:* आपूर्तिकर्ताले पैठारी गरेको मालवस्तुमा आपूर्तिकर्ताले तिरेको भन्सार महसुल एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले फिर्ता लिन पाउनेछन् । लाभग्राहीले आन्तरिक राजस्व विभागमा देहाय बमोजिमका कागजातसहित भन्सार महसुल फिर्ता लिन निवेदन दिनेछ ।

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- एमसिए-नेपालले पैठारी गरिएका मालवस्तु प्रस्तुत सम्झौता कार्यान्वयनको लागि नै पैठारी गरिएको प्रमाणित गरी, परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ता वा वितरकको नाम उल्लेख गरी आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- खरिद आदेश वा सम्झौताको प्रतिलिपि (उपलब्ध भएमा),
- सम्बन्धित मालवस्तुको भन्सार महसुल तिरेको रसिदको प्रतिलिपि,
- आपूर्तिकर्ताले जारी गरेको कर बिजक वा कर तिरेको रसिदको सक्कल प्रति,
- पैठारी गर्दा कर तिरेको प्रमाण ।

आन्तरिक राजस्व विभागले लाभग्राहीबाट त्यस्तो निवेदन प्राप्त गरेको ३० कार्य दिनभित्रमा त्यस्तो भन्सार महसुल फिर्ता दिनेछ ।

## परिशिष्ट ग

## अन्तःशुल्क

**छुटको कानुनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

**छुटको लाभग्राही**

१. एमसिए-नेपाल ।

२. प्रत्येक छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले खरिद गरेका मालवस्तु तथा सेवामा अन्तःशुल्क छुट हुने वा फिर्ता गरिनेछ । एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले उत्पादन वा पैठारी गर्दाका बखत अन्तःशुल्क नतिरी नै मालवस्तु तथा सेवा खरिद वा पैठारी गर्न सक्नेछन् ।

२. *एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति वा तिनको तर्फबाट अन्य आपूर्तिकर्ताले पैठारी गरेका मालवस्तु सम्बन्धमा:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति वा तिनको तर्फबाट अन्य आपूर्तिकर्ताले पैठारी गरेको मालवस्तुमा अन्तःशुल्क लगाइने छैन । लाभग्राहीले अर्थ मन्त्रालयमा एमसिए-नेपाल मार्फत कर छुटको पत्र प्राप्त गर्न निवेदन दिनेछ । एमसिए-नेपालले त्यस्तो निवेदन साथ

देहायका कागजात अर्थ मन्त्रालयमा पेश गर्नेछ। त्यस्तो निवेदन प्राप्त भएको ५ कार्य दिनभित्र अर्थ मन्त्रालयले कर छुटको पत्र जारी गर्नेछ।

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले पैठारी गरिएका मालवस्तु प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै पैठारी गरिएको प्रमाणित गरी आफ्नो आधिकारिक लेटरहेडमा लेखेको पत्र,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा)।

अर्थ मन्त्रालयको कर छुट पत्र प्राप्त गरेपछि लाभग्राहीले सम्बन्धित सिओएस समक्ष निवेदन दिनेछ। देहायका कागजात प्राप्त गरेपछि सम्बन्धित सिओएसले त्यस्तो पैठारीमा लाग्ने अन्तःशुल्क लगाउने छैन।

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट गरेको प्रमाणित गरी सिओएसलाई अन्तःशुल्क नलगाउन प्रेषित गरेको पत्र,
- मालवस्तुको बिजक,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा),
- बैकिङ्ग तथा भुक्तानी सम्बन्धी कागजात, र
- ढुवानीका कागजात।

सिओएसले अविलम्ब मालवस्तुको जाँचपास गरी पाँच कार्य दिनभित्र त्यस्तो पैठारीमा लाग्ने अन्तःशुल्क छुट दिनेछ।

३. *एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले वा तिनको लागि खरिद गरिएका स्थानीय मालवस्तु तथा सेवामा अन्तःशुल्क छुट सम्बन्धमाः* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले खरिद गरेका वा तिनलाई बिक्री गरिएका स्थानीय रुपमा उत्पादन गरिएका अन्तःशुल्क लाग्ने मालवस्तु वा सेवामा अन्तःशुल्क छुट हुनेछ। लाभग्राहीले अन्तःशुल्क छुट पाउने मालवस्तु र सेवाका सम्बन्धमा देहायका कागजात आन्तरिक राजस्व विभागमा पेश गर्नुपर्नेछः-

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले उल्लिखित मालवस्तु र सेवा प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै उपलब्ध गराइएको प्रमाणित गरी, परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ता वा वितरकको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- आपूर्तिकर्ताले जारी गरेको प्रो फर्मा बिजकको २ प्रति,
- खरिद आदेश वा सम्झौताको प्रतिलिपि (उपलब्ध भएमा), र
- आपूर्तिकर्ताको कर दर्ता प्रमाणपत्र।

आन्तरिक राजस्व कार्यालयले लाभग्राहीबाट उल्लिखित कागजातहरू प्राप्त गरेको ५ कार्य दिनभित्र पेश गरिएको प्रो फर्मा बिजकमा छाप लगाई सम्बन्धी छुट प्रमाणपत्र जारी गर्नेछ। यसरी छाप लागेको प्रो फर्मा बिजक प्राप्त भएपछि आपूर्तिकर्ताले मालवस्तु तथा सेवा अन्तःशुल्क नलगाई आपूर्ति गर्नेछ।

## परिशिष्ट घ

## संस्थागत आयकर र स्रोतमा कर कट्टी

**छुटको कानूनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

२. आयकर ऐन २०५८, दफा १०(क) ।

**छुटको लाभग्राही**

१. एमसिए-नेपाल ।

२. नेपालको कानून बमोजिम दर्ता भएका कानूनी निकाय मानिने कानूनी व्यक्ति बाहेकका प्रत्येक छुट पाउने संस्था (**"आयकर छुट पाउने संस्था"**) । नेपालमा बसोवास भएको कारणले नेपालको आयकरको दायरामा पर्ने कुनै पनि कानूनी निकाय वा कानूनी व्यक्ति (प्राकृतिक व्यक्ति बाहेक) ले प्रस्तुत सम्झौता कार्यान्वयन गर्ने क्रममा सम्पादन गरिएको कामको सम्बन्धमा एमसिसि वित्तीय व्यवस्थाबाट प्राप्त आय नेपालमा करयोग्य आय मानिने वा कर सम्बन्धी व्यवस्थाको अधीनमा रहने छैन ।

**कार्यविधि**

१. एमसिए-नेपाल र आयकर छुट पाउने सबै संस्थाहरूले प्रस्तुत सम्झौता कार्यान्वयन गर्दा मालवस्तु, काम, वा सेवा आपूर्ति गरी आर्जन गरेको आयमा नेपाली आयकर र सम्बद्ध कर छुट पाउनेछन् ।

२. एमसिए-नेपालले एमसिसि वित्तीय व्यवस्थाबाट आयकर छुट पाउने व्यक्तिलाई गर्ने भुक्तानीमा स्रोतमा कर कट्टी गर्नुपर्ने छैन ।

३. प्रस्तुत सम्झौता कार्यान्वयन गर्न मालवस्तु, काम, वा सेवा खरिद गर्दा एमसिसि वित्तीय व्यवस्थाबाट वा तत्सम्बन्धमा गरिएको भुक्तानीमा स्रोतमा कट्टा गर्नुपर्ने कर कट्टी गर्नुपर्ने छैन ।

४. नेपालको कानून बमोजिम दर्ता नभएका तर नेपालमा स्थायी संस्थापन भएका आयकर छुट पाउने संस्थाले आफूलाई करयोग्य आय भएको व्यक्तिका रुपमा नेपालमा दर्ता गराउनेछन् । एमसिए-नेपालले आन्तरिक राजस्व विभाग अन्तर्गतका कर कार्यालयमा तिनको दर्ताको व्यवस्था मिलाइनेछ ताकि आयकर छुट पाउने संस्था (तिनका स्थायी संस्थापन समेत) ले र एमसिसि वित्तीय व्यवस्थाबाट आर्जित आयमा कर छुट प्राप्त गर्न सकियोस् ।

५. एमसिसि वित्तीय व्यवस्थाबाट प्राप्त सम्पूर्ण आयलाई आयकर छुट हुने आयको रुपमा अभिलेख गरिनेछ । आयकर छुट पाउने संस्थाले त्यस्तो आयका सम्बन्धमा लाग्ने कर एवं त्यस्तो आय स्थानान्तरण गर्दा लाग्ने कुनै पनि कर तिनुपर्ने छैन ।

६. आयकर छुट पाउने संस्था बाहेकका अन्य संस्थाले एमसिसि वित्तीय व्यवस्थाबाट प्राप्त गरेको आयमा लाग्ने करको सम्बन्धमा आय विवरण पेश गर्न र कर चुक्ता गर्न ती संस्था स्वयम् जिम्मेवार हुनेछन् ।

## परिशिष्ट ङ

## व्यक्तिगत आयकर

**छुटको कानुनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

२. आयकर ऐन २०५८, दफा १०(क) ।

**छुटको लाभग्राही**

१. नेपाली नागरिक वा नेपालका बासिन्दाहरू बाहेकका प्रस्तुत सम्झौता कार्यान्वयन गर्न आन्तरिक वा बाह्य रुपमा तलब दिइएका सम्पूर्ण प्राकृतिक व्यक्तिहरू ("**आयकर छुट पाउने व्यक्ति**") । प्रस्तुत सम्झौता बमोजिम आय प्राप्त गर्नु अघि नेपाली नागरिक वा नेपालका बासिन्दा भई नसकेका व्यक्तिहरूलाई पनि आयकर छुट पाउने व्यक्तिका रुपमा लिइनेछ ।

**कार्यविधि**

१. आयकर छुट पाउने व्यक्तिले प्रस्तुत सम्झौता कार्यान्वयन गर्दा प्राप्त गरेको आयमा नेपालको कानून अनुसार लाग्ने कुनै पनि किसिमको आयकर, सामाजिक सुरक्षा, चिकित्सा बीमा, सञ्चय कोष वा अन्य अनिवार्य कर वा शुल्क ("**व्यक्तिगत आयकर**") छुट पाउने छन् ।

२. एमसिए-नेपाल, छुट पाउने संस्था, वित्तीय एजेन्ट, खरिद एजेन्ट र अन्य बिक्रेताहरू ("**छुट पाउने रोजगारदाता**") ले आयकर छुट पाउने व्यक्तिलाई रोजगारी दिएको अवस्थामा तिनलाई दिने भुक्तानीमा स्रोतमा कर कट्टी गर्नुपर्ने छैन र व्यक्तिगत आयकर तिर्नुपर्ने छैन ।

३. छुट पाउने व्यक्तिगत आयको सम्बन्धमा आयकर छुट पाउने व्यक्तिले नेपालमा कर विवरण पेश गर्नुपर्ने छैन ।

४. छुट पाउने व्यक्तिहरूको छुट पाउने आयको हकमा नेपालको कानून बमोजिम कर दाखिला गर्न, दर्ता गर्न वा प्रतिवेदन बुझाउन छुट पाउने रोजगारदाता बाध्य हुने छैन ।

५. आयकर छुट पाउने व्यक्ति बाहेकका अन्य व्यक्तिले एमसिसि वित्तीय व्यवस्थाबाट आर्जन गर्ने आयमा लाग्ने करको सम्बन्धमा आय विवरण पेश गर्न र कर तिर्न ती व्यक्तिहरू स्वयम् जिम्मेवार हुनेछन् ।

## परिशिष्ट च

## पेट्रोलियम पदार्थको कर

**छुटको कानूनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८.

**छुटको लाभग्राहीहरू**

१. एमसिए-नेपाल ।

२. प्रत्येक छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमिः* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले पेट्रोलियम पदार्थमा लाग्ने कुनै पनि किसिमको कर जस्तै भन्सार महसुल, अन्तःशुल्क, प्रदुषण नियन्त्रण शुल्क, पूर्वाधार विकास कर आदि ( "**पेट्रोलियम कर**") छुट पाउर्न छन् वा लाभग्राहीले तिरेको पेट्रोलियम कर फिर्ता दिइनेछ ।

२. *नेपाल आयल निगमबाट थोकमा खरिद गरिने पेट्रोलियम सम्बन्धमाः* एमसिए-नेपालले यस अनुसूची अन्तर्गत लाभग्राहीले यस अनुसूची अन्तर्गत खरिद गर्न सक्ने गरी आवश्यक प्रमाणीकरण उपलब्ध गराउने लगायत पेट्रोलियम पदार्थ थोक वा होलसेलमा खरिद गर्न र तत्सम्बन्धी दर्ता सम्बन्धी काममा सहजीकरण गर्नेछ। एमसिए-नेपालले निवेदन दिएपछि ५ कार्य दिनभित्र अर्थ मन्त्रालयले नेपाल आयल निगमलाई उपयुक्तानुसार सोझै वा आपूर्ति मन्त्रालय मार्फत लाभग्राहीलाई शुल्कमुक्त आधारमा उपलब्ध गराइएको पेट्रोलियम पदार्थमा पेट्रोलियम कर छुट प्राप्त गर्नेछ। पेट्रोलियम कर छुट पाउनको लागि लाभग्राहीले देहाय बमोजिमका कागजात नेपाल आयल निगममा पेश गर्नेछः-

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले मालवस्तु तथा सेवा प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै उपलब्ध गराइएको प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट हुने भनी प्रमाणित गरी सिओएसलाई कर नलगाउन प्रेषित गरेको पत्र,
- खरिद आदेश वा सम्झौताको प्रतिलिपि (उपलब्ध भएमा)।

३. *खुद्रा बिक्रेताबाट गरिएको खरिद सम्बन्धमाः* पेट्रोलियम पदार्थको खुद्रा बिक्रेताबाट गरिएको खरिदका सम्बन्धमा तिरिएको कर फिर्ता दिइनेछ। एमसिए-नेपाल, छुट पाउने संस्था, वा छुट पाउने व्यक्तिले खुद्रा बिक्रेताबाट पेट्रोलियम कर भुक्तानी गरिएको पेट्रोलियम पदार्थको सम्बन्धमा पेट्रोलियम कर सम्बन्धी बिजक र/वा बिल, भर्पाई स्थानीय आपूर्तिकर्ताबाट प्राप्त गर्नेछ। लाभग्राहीले आन्तरिक राजस्व विभागमा पेट्रोलियम कर फिर्ताको लागि देहायका कागजात समेत संलग्न गरी निवेदन दिनेछः-

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले पेट्रोलियम पदार्थ प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै उपलब्ध गरिएको प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ताको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- सक्कल कर बिजक वा आपूर्तिकर्ताले जारी गरेको कर रसिद, र,
- खुद्रा खरिदको हकमा भुक्तानी गरिएको पेट्रोलियम करको विवरण।

आन्तरिक राजस्व विभागले कर फिर्ताको निवेदन प्राप्त गरेको ३० कार्य दिनभित्र भुक्तानी गरिएको पेट्रोलियम कर बापतको रकम लाभग्राहीलाई फिर्ता दिनेछ।

## परिशिष्ट छ

## दूरसञ्चार सेवा कर

**<u>छुटको कानुनी आधार</u>**

१. प्रस्तुत सम्झौताको दफा २.८.

**छुटको लाभग्राहीहरू**

१. एमसिए-नेपाल।

२. प्रत्येक छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिलाई दूरसञ्चार स्वामित्व कर, दूरसञ्चार सेवा शुल्क, मु.अ.कर र दूरसञ्चार सेवामा लाग्ने अन्य कुनै पनि कर र शुल्क ("**दूरसञ्चार कर**") लगाइने छैन वा लाभग्राहीले तिरेको त्यस्तो कर फिर्ता दिइनेछ ।

२. *दूरसञ्चार कर छुट सम्बन्धमा:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिलाई दूरसञ्चार करमा छुट दिइनेछ । एमसिए-नेपालले निवेदन दिए पश्चात ५ कार्य दिनभित्र अर्थ मन्त्रालयले त्यस्तो छुट पाउने कुराको जानकारी आन्तरिक राजस्व विभागलाई दिनेछ । छुट पाउने दूरसञ्चार सेवाको सम्बन्धमा लाभग्राहीले देहायका कागजात समेत संलग्न गरी आन्तरिक राजस्व विभागमा पेश गर्नेछ:-

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले मालवस्तु र सेवा प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै उपलब्ध गराइएको प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ताको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट हुने भनी प्रमाणित गरिदिएको र सम्बद्ध अधिकारीलाई कर नलगाउन जारी गरेको पत्र,
- सेवा प्रदायकले जारी गरेको प्रो फर्मा ईन्भोइसको प्रतिलिपि २ थान,
- खरिद आदेश वा सम्झौताको प्रतिलिपि (उपलब्ध भएमा),
- सेवा प्रदायकको कर दर्ताको प्रमाणपत्र ।

आन्तरिक राजस्व विभागले उल्लिखित कागजात प्राप्त गरेको ५ कार्य दिनभित्र पेश गरिएको प्रो फर्मा ईन्भोइसमा छाप लगाई छुट सम्बन्धी प्रमाणपत्र जारी गर्नेछ । त्यसरी छाप लगाइएको प्रो फर्मा ईन्भोइस प्राप्त गरेपश्चात् लाभग्राहीले छुट पाउनेछ र त्यस्तो लाभग्राहीलाई उपलब्ध गराउने सेवामा दूरसञ्चार सेवा प्रदायकले कुनै पनि दूरसञ्चार कर लगाउने छैन ।

३. *दूरसञ्चार कर फिर्ता सम्बन्धी प्रकृया:* परिशिष्ट छ को दोस्रो प्रकरणमा उल्लिखित प्रकृया लागू गर्न अव्यावहारिक भएमा वा लागू भएमा सेवा खरिद गर्दा तिरेको दूरसञ्चार कर फिर्ता दिइनेछ । एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले स्थानीय आपूर्तिकर्ताबाट दूरसञ्चार कर तिरेको दूरसञ्चार सेवा सम्बन्धी बिजकहरू प्राप्त गर्नेछ । एमसिए-नेपालले निवेदन दिएपछि अर्थ मन्त्रालयले आन्तरिक राजस्व विभागलाई छुट दिएको प्रमाणित गरी पत्र पठाउनेछ । लाभग्राहीले देहायका कागजात समेत संलग्न गरी दूरसञ्चार कर फिर्ता पाउन आन्तरिक राजस्व विभागमा निवेदन दिनेछ:-

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- एमसिए-नेपालले दूरसञ्चार सेवा प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै उपलब्ध गराइएको प्रमाणित गर्दै, परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र सेवा प्रदायकको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- अर्थ मन्त्रालयले छुट दिएको प्रमाणित गरी दिएको पत्र,
- सेवा प्रदायकबाट जारी भएको कर बिजकको सक्कल प्रति वा रिचार्ज कार्ड,
- त्यस्तो बिजकमा लाग्ने दूरसञ्चार करको विवरण ।

आन्तरिक राजस्व विभागले फिर्ताको लागि निवेदन प्राप्त गरेको १० कार्य दिनभित्र दूरसञ्चार कर लाभग्राहीलाई फिर्ता दिनेछ ।

## परिशिष्ट ज

## सम्पत्ति कर

**छुटको कानुनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

**छुटको लाभग्राहीहरू**

१. एमसिए-नेपाल ।

२. प्रत्येक छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क, चार्ज फि र घर, जग्गा र सम्पत्तिको स्वामित्व, स्वामित्व हस्तान्तरण, बन्धकी तथा सम्पत्ति सम्बन्धी कानूनी लिखत दर्तामा कुनै पनि किसिमको कर (“**सम्पत्ति कर**”) लगाइने छैन ।

२. *सम्पत्ति कर छुट सम्बन्धमा:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिलाई सम्पत्ति करमा छुट दिनको लागि एमसिए-नेपालले सरकारको सम्बन्धित विभागमा पत्राचार गर्नेछ । एमसिए-नेपालले निवेदन दिएपछि अर्थ मन्त्रालयले छुट पाउने प्रमाणित गरी पत्र जारी गर्नेछ । लाभग्राहीले छुट लागू हुने सम्पत्ति करका सम्बन्धमा देहायका कागजात मालपोत कार्यालय वा कर कार्यालयमा पेश गर्नेछः-

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले उल्लिखित कारोबार प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै गरिएको भनी प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ताको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट दिएको प्रमाणित गरी प्रेषित गरेको पत्र,
- सम्पत्ति कर लाग्ने कारोवारको प्रकृति खुल्ने अन्य कागजात (लागू हुने भएमा) ।

त्यस्तो कर उठाउने जिम्मेवारी भएका मालपोत कार्यालय र कर कार्यालयले उल्लिखित कागजात प्राप्त गरेपछि लाभग्राहीलाई सम्पत्ति कर छुट दिनेछ ।

## परिशिष्ट झ

## सेवा कर

**छुटको कानूनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

**छुटको लाभग्राहीहरू**

१. एमसिए-नेपाल ।

२. प्रत्येक छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले मालवस्तु वा सेवाको बिक्रीमा लाग्ने स्वास्थ्य सेवा कर, शिक्षा सेवा कर तथा अन्य कुनै पनि किसिमको कर वा शुल्क (**"सेवा कर"**) छुट दिइनेछ ।

२. *एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले मालवस्तु खरिद गर्दा पाउने कर छुट सम्बन्धमा:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिलाई सेवा करमा छुट दिइनेछ । एमसिए-नेपालले निवेदन दिएपछि अर्थ मन्त्रालयले लाभग्राहीले पाउने छुट प्रमाणित गरी आन्तरिक राजस्व विभागलाई पत्र प्रेषित गर्नेछ । लाभग्राहीले देहायका कागजात आन्तरिक राजस्व विभागमा पेश गरी छुट उपयोग गर्न सक्नेछन्:

- लाभग्राहीले कर छुटको लागि दिएको निवेदन,
- एमसिए-नेपालले उल्लिखित मालवस्तु तथा सेवा सम्झौताको कार्यान्वयन गर्नको लागि नै कर छुट दिइएको भनी प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ताको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,
- अर्थ मन्त्रालयले आफ्नो आधिकारिक लेटरहेडमा कर छुट गरेको प्रमाणित गरी प्रेषित गरेको पत्र,
- आपूर्तिकर्ताले जारी गरेको प्रो फर्मा ईन्भोइसको प्रतिलिपि २ थान,
- खरिद आदेश वा सम्झौता (उपलब्ध भएमा),
- आपूर्तिकर्ताको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

आन्तरिक राजस्व विभागले उल्लिखित कागजात प्राप्त गरेको ५ कार्य दिनभित्र प्रो फर्मा ईन्भोइसमा छाप लगाई छुट पत्र जारी गर्नेछ । लाभग्राहीले छाप लागेको प्रो फर्मा ईन्भोइस प्राप्त गरे पछि सेवा कर छुट पाउनेछ र सेवा प्रदायकले कुनै सेवा कर लगाउने छैन ।

३. *एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले मालवस्तु वा सेवा स्थानीय रुपमा खरिद गर्दा:* परिशिष्ट झ को दोस्रो प्रकरणमा उल्लिखित प्रकृया लागू गर्न नसकिने भएमा सेवा उपभोगमा तिरेको कर बिजकहरू फिर्ता पाउनेछ । एमसिए-नेपालले निवेदन गरेपछि अर्थ मन्त्रालयले आन्तरिक राजस्व विभागलाई त्यस्तो लाभग्राहीलाई छुट दिएको भनी प्रमाणित गरेर पत्राचार गर्नेछ । लाभग्राहीले देहायका कागजात संलग्न गरी सेवा कर फिर्ताको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिनेछ:-

- लाभग्राहीले कर फिर्ताको लागि दिएको निवेदन,
- एमसिए-नेपालले प्रस्तुत सम्झौताको कार्यान्वयन गर्नको लागि नै सेवा उपलब्ध गरिएको भनी प्रमाणित गरी परियोजनाको नाम, कर छुट पाउने लाभग्राहीको नाम र आपूर्तिकर्ताको नाम खुलाई आफ्नो आधिकारिक लेटरहेडमा जारी गरेको पत्र,

- अर्थ मन्त्रालयले कर छुट दिएको भनी प्रमाणित गरी प्रेषित गरेएको पत्र, र
- आपूर्तिकर्ताले जारी गरेको बिल बिजकको सक्कल प्रति ।

  आन्तरिक राजस्व विभागले लाभग्राहीबाट उल्लिखित कागजात प्राप्त गरेको १० कार्य दिनभित्र त्यस्तो कर फिर्ता गर्नेछ ।

## परिशिष्ट ञ

## अन्य राष्ट्रिय कर

**छुटको कानूनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

**छुटको लाभग्राहीहरू**

१. एमसिए-नेपाल ।

२. प्रत्येक छुट पाउने संस्था वा व्यक्ति ।

**कार्यविधि**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिलाई अनुसूची ७ को परिशिष्ट क देखि झ मा नसमेटिएका नेपालको संघीय सरकारले लगाएका अन्य कुनै पनि राष्ट्रिय कर छुट दिइनेछ ।

२. *अन्य राष्ट्रिय करमा छुट:* अन्य राष्ट्रिय कर लाग्ने अन्य विषयमा एमसिए-नेपालले सम्बन्धित निकायलाई कर छुट गर्न निवेदन गर्नेछ । ती करहरूमा लाभग्राहीले एमसिए मार्फत प्राप्त गरेको अर्थ मन्त्रालयको आधिकारिक पत्रका आधारमा छुट दिइनेछ । त्यस्तो आधिकारिक पत्र सम्बन्धित कर कार्यालयलाई कर निर्धारण र सङ्कलनका बखत छुट प्रदान गर्नको लागि बुझाइनेछ ।

३. *अन्य राष्ट्रिय कर फिर्ता:* परिशिष्ट ञ को दोस्रो प्रकरणमा उल्लिखित प्रकृया लागू गर्न नसकिने वा अव्यावहारिक भएमा एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले अन्य राष्ट्रिय कर तिरेको बिजक प्राप्त गर्नेछ । लाभग्राहीले एमसिए र अर्थ मन्त्रालयको पत्र र सक्कल कर रसिद संलग्न गरी आन्तरिक राजस्व विभागमा छुट पाउने अन्य राष्ट्रिय कर फिर्ताको लागि निवेदन गर्नेछ ।

   आन्तरिक राजस्व विभागले लाभग्राहीबाट उल्लिखित कागजात प्राप्त गरेको १० कार्य दिनभित्र त्यस्तो कर फिर्ता गर्नेछ ।

## परिशिष्ट ट

## स्थानीय कर

**छुटको कानूनी आधार**

१. प्रस्तुत सम्झौताको दफा २.८ ।

**छुटको लाभग्राही**

१. प्रस्तुत सम्झौता कार्यान्वयन गर्दा नेपालका् कानून अन्तर्गत सम्पत्ति कर, व्यापार कर, क्षेत्रीय कर, नगर कर, ग्रामीण कर, सामुदायिक कर वा अन्य स्थानीय कर र अनुसूची ७ को परिशिष्ट क देखि ञ मा

नसमेटिएका अन्य कुनै पनि कर ("**स्थानीय कर**") तिर्नुपर्ने कुनै काम वा कारवाही गर्ने एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्ति ।

**<u>कार्यविधि</u>**

१. *पृष्ठभूमि:* एमसिए-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिलाई स्थानीय करबाट छुट दिइनेछ ।

२. *स्थानीय करमा छुट:* स्थानीय कर लाग्ने विषयहरूमा एमसिए-नेपालले कर उठाउने सम्बन्धित निकायलाई एमसिसि वित्तीय व्यवस्था वा त्यस्तो व्यवस्थाका लाभग्राहीलाई कर छुट उपलब्ध गराउनमो लागि अनुरोध गर्नेछ । लाभग्राहीले एमसिए मार्फत प्राप्त गरेको अर्थ मन्त्रालयको आधिकारिक पत्रको आधारमा त्यस्तो निकायले त्यस्तो कर छुट दिनेछ । त्यस्तो आधिकारिक पत्र कर निर्धारण गर्ने वा उठाउने सम्बन्धित कर कार्यालयलाई छुट पाउने कुरा पुष्टि गर्नको लागि उपलब्ध गराइनेछ ।

३. *स्थानीय कर फिर्ता:* परिशिष्ट ट को दोस्रो प्रकरणमा उल्लिखित प्रकृया अव्यावहारिक हुने वा लागू गर्न नसकिने भएमा एमसिसि-नेपाल, छुट पाउने संस्था वा छुट पाउने व्यक्तिले स्थानीय कर तिरेको कर बिजकहरू प्राप्त गर्नेछन् । लाभग्राहीले एमसिए-नेपाल र अर्थ मन्त्रालयको पत्र र कर रसिद वा बिजकको एक प्रति संलग्न गरी आन्तरिक राजस्व विभागमा कर फिर्ताको लागि अनुरोध गर्नेछ । आन्तरिक राजस्व विभागले लाभग्राहीबाट त्यस्तो अनुरोध प्राप्त गरेको १० कार्य दिनभित्र त्यस्तो कर फिर्ता दिनेछ ।

# अनुसूची २

## The Indo-Pacific Report, June and November, 2019

**(हिन्द-प्रशान्त प्रतिवेदन, जून र नोभेम्बर, २०१९)**

https://media.defense.gov/2019/Jul/01/2002152311/-1/-1/1/DEPARTMENT-OF-DEFENSE-INDO-PACIFIC-STRATEGY-REPORT-2019.PDF

## अनुसूची ३

## कार्यदलको काम अगाडि बढाउनेसम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का माहासचिवद्वारा प्रेषित पत्र

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

२०७६ माघ २०

कमरेड झलनाथ खनाल
वरिष्ठ नेता,
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**विषय : कार्यदल गठन गरिएको सम्बन्धमा ।**

यही २०७६ माघ १५-१९ मा सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले सन् २०१७ सेप्टेम्बर १४ मा नेपाल र अमेरिकाको बीचमा भएको मिलेनियम च्यालेञ्ज कर्पोरेशन अन्तार्गतको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौता र अमेरिकाको इन्डो-प्यासिफिक स्ट्राटेजीका सम्बन्धमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेश गर्न तपाईको संयोजकत्वमा कमरेड भीमबहादुर रावल र कमरेड प्रदीप ज्ञवाली सदस्य रहनुभएको तीन सदस्यीय कार्यदल गठन गरेको व्यहोरा कमरेडलाई अवगत नै छ । तदनुरुप १० दिनभित्र प्रतिवेदन प्रस्तुत गर्नुहुन हार्दिक अनुरोध गर्दछु । क्रान्तिकारी अभिवादनसहित,

**विष्णुप्रसाद पौडेल**
**महासचिव**

**बोधार्थ तथा कार्यार्थ :**

१. कमरेड भीमबहादुर रावल, सदस्य स्थायी कमिटी
२. कमरेड प्रदीप ज्ञवाली, सदस्य स्थायी कमिटी

• घुम्बाराहीः फोन +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्सः +९७७ १ ४०१५९८० • पेरिसडाँडाः फोनः +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्सः +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेजः www.ncp.org.np

# अनुसूची ४

## कार्यदलको कार्यावधि बढाउनेसम्बन्धमा कार्यदलका संयोजक कमरेड झलनाथ खनालले माहासचिव विष्णु प्रसाद पौडेललाई लेख्नुभएको पत्र

मितिः २०७६।१०।२९

कमरेड अध्यक्ष
केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
धुम्बाराही, काठमाण्डौ ।

**विषयः कार्यदलको कार्यावधि थप गर्नेबारे ।**

प्रिय कमरेड,

२०७६ साल माघ १५ देखि १९ गते सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्दीय कमिटीको दोस्रो पूर्ण बैठकले नेपाल र अमेरिका बीचमा भएको मिलेनियम च्यालेञ्च कर्पोरिशन अन्तर्गत मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौता र अमेरिकाको इण्डो-प्यासिफिक स्ट्राटेजीका सम्बन्धमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेश गर्न तीन सदस्यीय कार्यदल गठन गरेकोमा कार्यदलले आफ्नो कार्य तीव्रताका साथ अगाडि बढाइरहेको छ । यस विषयमा धेरै दस्तावेज र लिखतहरुको गम्भीर रुपमा अध्ययन-विश्लेषण गर्नुपर्ने भएकोले पूर्वनिर्धारित १० दिनको समय अप्रयाप्त हुनगएको छ । अतः कार्यदललाई सुम्पिएको जिम्मेवारी पूरा गर्न २०७६।११।१ देखि लागु हुनेगरी थप १० दिन कार्यावधि बृद्धि गर्न अनुरोध छ ।

धन्यवाद ।

झलनाथ खनाल
संयोजक
एमसिसि अध्ययन कार्यदल

## अनुसूची ५

## कार्यदलको कार्यावधि बढाइएको सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्षद्वारा प्रेषित पत्र

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

६ फागुन २०७६

कमरेड झलनाथ खनाल
संयोजक
एमसीसी तथा इन्डो–प्यासिफिक स्ट्राटेजीसम्बन्धी अध्ययन कार्यदल ।

**विषय : म्याद थप सम्बन्धमा ।**

उक्त सम्बन्धमा, कार्यदलका तर्फबाट म्याद थपका लागि प्रेषित पत्र प्राप्त भयो । कार्यदल गठन भएको मितिदेखि गणना हुनेगरी १० दिनका लागि म्याद थप गरिएको व्यहोरा अवगत गराउँदछु । थप गरिएको निर्धारित समयभित्र कार्यदलले कार्यसम्पन्न गर्ने विश्वास व्यक्त गर्दछु ।

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष

• धुम्बाराही: फोन +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

# अनुसूची ६

## आवश्यक दस्तावेजहरु उपलब्ध गराइदिनका लागि कार्यदलका संयोजक झलनाथ खनालले महासचिव विष्णुप्रसाद पौडेललाई लेख्नुभएको पत्र

मिति: २०७६।११।५

कमरेड महासचिव
केन्द्रीय कार्यालय, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
धुम्बाराही, काठमाण्डौ ।

**विषय: दस्तावेजहरु उपलब्ध गराइदिने ।**

प्रिय कमरेड,
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को २०७६ साल माघ १५ देखि १९ गतेसम्म काठमाण्डौमा सम्पन्न केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकले सन् २०१७ सेप्टेम्बर १४ मा नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्च कर्पोरेशन बीच भएको सम्झौता र इण्डो-प्यासिफिक स्ट्राटेजीका सम्बन्धमा अध्ययन गरी सुझावसहित प्रतिवेदन पेश गर्न गठित कार्यदलले दिइएको जिम्मेवारी अनुरुप काम तीब्रताका साथ अगाडि बढाइरहेको छ । यस कामका सन्दर्भमा निम्नलिखित लिखत दस्तावेजहरुको अध्ययन आवश्यक भएकोले ती सामग्रीहरु उपलब्ध गराउनका लागि कार्यदलका सदस्य तथा परराष्ट्र मन्त्री कमरेड प्रदीप कुमार ज्ञवालीले पटक-पटक प्रयत्न गर्नुभएको जानकारी गराउनु भएको तर अँझै कार्यदललाई प्राप्त नभएकाले अर्थमन्त्रालयको समेत कार्यभार सम्हाल्नु भएको केन्द्रीय कमिटीका सदस्य कमरेड डा. युवराज खतिवडा वा अन्य सरोकारवाला व्यक्तिको माध्यमबाट दुईदिन भित्र उक्त सामाग्रीहरु कार्यदललाई उपलब्ध गराउनका लागि आवश्यक पहल गरिदिनहुन अनुरोध छ । धन्यवाद ।

**आवश्यक लिखत दस्तावेजहरु**

१) एमसीसी सम्झौता अन्तर्गत निर्माण हुने विद्युत् प्रसारण लाइन र सडक मरमतको विस्तृत परियोजना प्रतिवेदन ।
२) इनभाइरनमेण्टल एण्ड सोसल म्यानेजमेण्ट प्लान
३) सोसल एण्ड जेण्डर इन्टिग्रेशन प्लान
४) प्रोक्युरमेण्ट एजेण्ट अग्रिमेण्ट
५) प्रोजेक्ट कोअपरेशन अग्रिमेण्ट
६) नेपाल र अमेरिका बीच भएको स्टेट पार्टनरसिप (कार्यक्रम) सम्झौता ।

झलनाथ खनाल
संयोजक

# अनुसूची ७

## २०७६ साल माघ ३ गते काठमाण्डौ स्थित अमेरिकी दूतावासद्वारा सार्वजनिक गरिएको एमसीसीबारे १० बुँदे स्पष्टोक्ति

१) नेपालको नेतृत्वको आग्रहमा अमेरिकी सरकारले सन् २०१२ मा नेपालसँग सहकार्य गर्दै एमसीसी कम्प्याक्टको योजना विकास गर्ने कार्यको थालनी गरेको हो ।

२) प्रत्येक सरकार र प्रत्येक नेपाली राजनीतिक दलले सत्तामा छँदा आर्थिक विकासका लागि नेपालमा एमसीसी कम्प्याक्ट सम्पन्न गर्ने इच्छा व्यक्त गरेका थिए ।

३) एमसीसी परियोजना विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित छ । विद्युत्को लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासलाई सघाउने परियोजनाको लक्ष्य छ ।

४) एमसीसीमा कुनै पनि सैन्य मामिला जोडिएको छैन । वास्तवमा अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेधित गरेकोछ ।

५) एमसीसीमा सहभागी हुनका लागि नेपालले कतै पनि सम्मिलित हुनु पर्दैन वा हस्ताक्षर गर्नु पर्दैन ।

६) यो ५० करोड डलर एक अनुदान हो, जसमा कुनै स्वार्थ छैन, ब्याजदर छैन, वा कुनै लुकेको प्रावधान छैन । नेपालले गर्नुपर्ने भनेको सहमति भइसकेका परियोजनाहरूमा उक्त रकम पारदर्शी रूपमा खर्च गर्न प्रतिबद्ध हुनु मात्र हो ।

७) एमसीसीले नेपालमा कुन परियोजनाहरूमा खर्च गर्ने भन्ने विषय नेपालको आफ्नै प्राथमिकताहरूका आधारमा नेपालीहरूले नै प्रस्ताव र निर्क्योल गरेका हुन् ।

८) एमसीसीको प्रावधान अनुसार यी परियोजनाहरूको कार्यान्वयनको नेतृत्व गर्न नेपालले नेपालीलाई नै काममा लगाउनु आवश्यक छ ।

९) एमसीसी परियोजनाका टेन्डरहरू खुला, पारदर्शी, र सबैका लागि उपलब्ध छन् ।

१०) एमसीसीले काम गर्ने प्रत्येक मुलुकमा झैँ नेपालमा पनि संसदीय अनुमोदन जरुरी छ । यसबाट पारदर्शिता स्थापित हुन्छ र नेपालीहरूलाई परियोजनाका बारेमा बुझ्ने अवसर पनि प्राप्त हुन्छ ।

# सन्दर्भ सामाग्री


१) २०७४ साल भाद्र २९ गते (सेप्टेम्बर १४, २०१७) नेपाल सरकार तथा मिलेनियम च्यालेन्ज कर्पोरेशनका बीच भएको अनुदान सहायता सम्झौता ( Millennium Challenge Compact)।

२) Millennium Challenge Compact between the United States of America Acting through The Millennium Challenge Corporation and the Federal Democratic Republic of Nepal Acting through the Ministry of Finance, September 2017.

३) नेपाल सरकारव्दारा जारी मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४ ।

४) Program Implementation Agreement, September 2019.

५) Amended and Restated Initial Engagement Technical Grant Agreement between the Millennium Challenge Corporation and the Government of Nepal Acting through the Ministry of Finance for the Development of a Millennium Challenge Compact, July 20, 2016.

६) मिलेनियम च्यालेन्ज एकाउण्ट नेपालको कार्यालयको संरचना एवं संचालन विधि ।

७) नेपाल र अमेरिका बीच मिलेनियम च्यालेन्ज कर्पोरशसंग सम्झौताका सन्दर्भमा भएका पत्राचारहरु थान २३ ।

८) नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णय प्रतिलिपि थान ७ ।

९) नेपाल सरकारका मन्त्रालयहरुका बीच भएका पत्राचार थान ९ ।

१०) संयुक्त बैठकका निर्णय, थान २ ।

११) अर्थ मन्त्रालयको वक्तव्य (कार्तिक १५, २०७०; नोभेम्बर १, २०१३ ।

१२) Nepal Growth Diagnostic, May 2014.

१३) Millennium Challenge Act of 2003 (मिलेनियम च्यालेन्ज कर्पोरशनसम्बन्धी ऐन (अमेरिकी))।

१४) मिलेनियम च्यालेञ्ज कर्पोरशनको अन्य देशमा भएका केही सम्झौता र त्यसको प्रभाव (उदाहरणको रुपमा मिलेनियम च्यालेञ्ज कर्पोरेशनसंग सबभन्दा पहिले सम्झौता गर्ने म्याडागास्कर, अफ्रिकी देशहरु बेनिन, घाना, माली, बुर्किनाफासो तथा एशियाका मंगोलिया, श्रीलंका र फिलिपिन्स) ।

१५) The National Security Strategy, 2002 (अमेरिकी राष्ट्रिय सुरक्षा रणनीति, २००२)

१६) The National Security Strategy (अमेरिकी राष्ट्रिय सुरक्षा रणनीति, २०१७)।

१७) The Defence Strategy, 2018, (अमेकिी रक्षा रणनीति, २०१८) ।

१८) The Indo-Pacific Report, June and November, 2019 (इण्डो-प्यासिफिक रिपोर्ट, जून र नोभेम्बर, २०१९)।

१९) A Free and Open Indo–Pacific: Advancing a Shared Vision. https://georgewbush-whitehouse.archives.gov/nsc/nss/2002/nss7.html

२०) अमेरिकी सामरिक रणनीतिसंग सम्बन्धित Acquisition and Cross Servicing Agreement (ACSA) and Status of Force Agreement (SOFA).

२१) नेपालको विद्युत प्रसारण प्रणाली गुरु योजनाको रुपरेखा ।

२२) Millennium Challenge Account-Nepal Internal Conduct Bylaws, 2019.

२३) The US's Millennium Challenge Corporation: (MCC) Turning African farmland over to big business - by GRAIN | 13 April 2010 https://www.grain.org/article/entries/4062-turning-african-farmland-over-to-big-business